# सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा

## कक्षा ८

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि.सं. २०८०
परिमार्जित संस्करण : वि.सं. २०८२

मुद्रण : जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर

मूल्य रु. :

*पाठ्यपुस्तकसम्बन्धी पाठकका कुनै पनि प्रकारका सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनहुन अनुरोध छ । पाठकबाट आउने सुझावलाई केन्द्र हार्दिक स्वागत गर्छ ।*

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षणसिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विकास गरिएको आधारभूत शिक्षा (कक्षा ८) को सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको पाठ्यक्रमअनुरूप परीक्षणबाट प्राप्त सुझावसमेत समायोजन गरी यो पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखनकार्य श्री नारायणप्रसाद नेपाल, श्री राधा ढकाल, श्री होमनाथ पौडेल, श्री मनकुमार राई र श्री हेमराज खतिवडाबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री युवराज पौडेल, श्री वैकुण्ठप्रसाद अर्याल, विषय समितिका पदाधिकारी प्रा.डा. रामकृष्ण तिवारी, श्री टीकाराम गौतम, श्री दिनानाथ गौतम, श्री युवराज ढकाल, श्री दिपिका शर्मा, श्री ज्ञानबहादुर अधिकारी, श्री रेणुका पाण्डे भुसाल र श्री सरस्वती भट्टराईलगायतका महानुभावको योगदान रहेको छ । यसको भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरे, श्री कुमार घिमिरे र श्री चिनाकुमारी निरौलाबाट भएको हो । यसको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । परिमार्जित संस्करणको लेआउट डिजाइन श्री भक्तबहादुर कार्कीबाट भएको हो । यस पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकको भूमिका सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**

वि.सं. २०८२

# विषयसूची


| एकाइ | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| **एकाइ–एक** | **हामी र हाम्रो समाज** | **१–१७** |
| पाठ १ | विकास र नेपाल | २ |
| पाठ २ | विकासका पूर्वाधार | ६ |
| पाठ ३ | सङ्घीय राज्यको अवधारणा | ९ |
| पाठ ४ | स्थानीय, प्रादेशिक र सङ्घीय सरकार | १२ |
| पाठ ५ | मेरो प्रदेश | १४ |
| **एकाइ–दुई** | **हाम्रो मानव मूल्यमान्यता** | **१८–४६** |
| पाठ १ | हाम्रा आदर्श व्यवहार | १९ |
| पाठ २ | नेपालमा प्रचलित सामाजिक परम्परा र प्रचलन | २३ |
| पाठ ३ | नेपालमा जातिगत परम्परा र संस्कार | २६ |
| पाठ ४ | हाम्रा धार्मिक एवम् सांस्कृतिक क्रियाकलाप | २९ |
| पाठ ५ | विविधतामा एकता | ३२ |
| पाठ ६ | नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता | ३५ |
| पाठ ७ | नेपालका राष्ट्रिय सम्पदाहरू | ३८ |
| पाठ ८ | अन्तर्राष्ट्रिय व्यक्तित्वहरू | ४१ |
| पाठ ९ | स्काउट र अनुशासन | ४४ |
| **एकाइ–तीन** | **नागरिक चेतना, कर्तव्य र अधिकार** | **४७–७२** |
| पाठ १ | संविधानको परिचय | ४८ |
| पाठ २ | सङ्घीय संसद् | ५० |

| | | |
|---|---|---|
| पाठ ३ | सङ्घीय सरकार | ५४ |
| पाठ ४ | न्यायपालिका | ५७ |
| पाठ ५ | समावेशीकरण | ६१ |
| पाठ ६ | लोकतान्त्रिक गणतन्त्र | ६५ |
| पाठ ७ | सुशासन | ६८ |
| **एकाइ–चार** | **सामाजिक समस्या र विकृतिहरू** | **७३–८९** |
| पाठ १ | सामाजिक विकृति अन्त्य गरौँ | ७४ |
| पाठ २ | सामाजिक समस्या | ७७ |
| पाठ ३ | सामाजिक विकृति र समस्या समाधानका उपाय | ८१ |
| पाठ ४ | सामाजिक समस्या र अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका | ८४ |
| पाठ ५ | द्वन्द्व व्यवस्थापन | ८६ |
| **एकाइ–पाँच** | **हाम्रो विगत ९०–११८** | |
| पाठ १ | नेपाल शब्दको अर्थ र उत्पत्ति | ९१ |
| पाठ २ | प्राचीन नेपाल : आर्थिक र सामाजिक अवस्था | ९३ |
| पाठ ३ | काठमाडौँ उपत्यकाको सभ्यता | ९७ |
| पाठ ४ | हाम्रा वीर सहिद | १०० |
| पाठ ५ | लोकतान्त्रिक गणतन्त्र र यसका उपलब्धिहरू | १०५ |
| पाठ ६ | ग्रिस र रोमको सभ्यता | १०८ |
| पाठ ७ | सिन्धु उपत्यकाको सभ्यता | ११२ |
| पाठ ८ | पुनर्जागरण र यसको प्रभाव | ११५ |
| **एकाइ–छ** | **हाम्रो आर्थिक क्रियाकलाप** | **११९–१३५** |
| पाठ १ | मौद्रिक कारोबार | १२० |
| पाठ २ | नेपालका वित्तीय संस्थाहरू | १२४ |

| | | |
|---|---|---|
| पाठ ३ | नेपालमा पर्यटन | १२६ |
| पाठ ४ | वैदेशिक व्यापार | १३० |
| पाठ ५ | वैदेशिक रोजगारी | १३३ |
| **एकाइ-सात** | **हाम्रो पृथ्वी** | **१३६-१६५** |
| पाठ १ | पृथ्वीको दैनिक र वार्षिक गति | १३७ |
| पाठ २ | मौसम र हावापानी | १४१ |
| पाठ ३ | जलवायु परिवर्तन | १४४ |
| पाठ ४ | नेपालका छिमेकी देशहरू | १४७ |
| पाठ ५ | सार्क राष्ट्रहरू र नेपाल | १५१ |
| पाठ ६ | विपत् व्यवस्थापन | १५६ |
| पाठ ७ | नक्सा तथा प्रयोगात्मक कार्य | १६१ |
| **एकाइ-आठ** | **जनसङ्ख्या र यसको व्यवस्थापन** | **१६६-१८५** |
| पाठ १ | जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू | १६७ |
| पाठ २ | नेपालको जनसङ्ख्या | १७३ |
| पाठ ३ | नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व | १७७ |
| पाठ ४ | नेपालमा बसाइँसराइ | १८३ |
| **एकाइ-नौ** | **अन्तर्राष्ट्रिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि** | **१८६-२०३** |
| पाठ १ | कूटनीतिक नियोग | १८७ |
| पाठ २ | बिमस्टेक र नेपाल | १९० |
| पाठ ३ | संयुक्त राष्ट्रसङ्घ | १९३ |
| पाठ ४ | साइबर अपराध | १९७ |
| पाठ ५ | समसामयिक घटना | २०१ |

एकाइ
१

# हामी र हाम्रो समाज

## सिकाइ उपलब्धि

१. विकासको अवधारणा र नेपालमा विकासका सम्भावनाहरू उल्लेख गर्न

२. विकासका पूर्वाधारका रूपमा खानेपानी, ऊर्जा र जनशक्तिको महत्त्व एवम् वर्तमान अवस्था वर्णन गर्न

३.. नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गर्न

४. आफू बसेको प्रदेशको परिचय, संरचना र त्यहाँको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्था बताउन

५. आफ्नो प्रदेशका प्रमुख विकास कार्यक्रम र आयोजनाको पहिचान गरी तिनका विशेषता र प्रभाव बताउन

# १ विकास र नेपाल

शिक्षक र विद्यार्थीबिच 'विकास र नेपालमा यसको सम्भावना' विषयमा कक्षामा भएको छलफल अध्ययन गरौँ ।

शिक्षक : आज हामी विकास र नेपालमा यसको सम्भावना सम्बन्धमा छलफल गर्दैछौँ । तपाईँहरूले आआफ्ना जिज्ञासा राख्न सक्नुहुन्छ ।

सोनाम : गुरुआमा, हिजोआज समुदायमा विकासको चर्चा हुने गर्छ । साँच्चै यो विकास भनेको के हो ?

शिक्षक : तपाईँले राम्रो जिज्ञासा राख्नुभयो । यसका लागि धन्यवाद ! तपाईँहरूमध्ये कसैले विकास सम्बन्धमा केही कुरा बताउन सक्नुहुन्छ त ?

मतिना : गुरुआमा, हाम्रो गाउँमा सडक, पुल बनेका छन् । खानेपानीका धारा बनेका छन् । विद्यालय र स्वास्थ्यचौकी खोलिएका छन् । हाम्रा गाउँमा भएका विकास यिनै हुन्, होइन र गुरुआमा ?

शैलेस : हाम्रो टोलमा ढल पनि बनेको छ । त्यस्तै अस्पताल, उद्योग, रङ्गशाला र प्रहरी कार्यालय पनि निर्माण भएका छन् । यिनै विकास हुन जस्तो लाग्छ मलाई त ।

अब्दुल : गुरुआमा, हाम्रो समाजमा कुनै प्रकारको भेदभाव र विभेद छैन । बिरामीले धामीझाँक्रीको सट्टा चिकित्सककहाँ गएर उपचार गर्न थालेका छन् । आफ्नो विचार स्वतन्त्र रूपमा राख्न थालेका छन् । यी पनि त विकासका उदाहरण होइनन् र ?

शिक्षक : धेरै राम्रो ! तपाईँहरूले भनेका सबै विकासका उदाहरण हुन् । समाजमा सडक, विद्यालय, अस्पताल, रङ्गशाला आदि बन्नु र मानिसको सोचाइ र व्यवहारमा सकारात्मक परिवर्तन आउनु नै विकास हो । विकास समाजको आर्थिक, सामाजिक, सांकृतिक पक्षमा आएका सकारात्मक परिवर्तनको निरन्तर चलिरहने प्रक्रिया हो । यसले समाजका सबै पक्षको सुधारको अपेक्षा राख्दै मानव जीवनलाई सहज बनाउन सहयोग गर्छ ।

दीक्षित : गुरुआमा, विकासको महत्त्व वा आवश्यकता सम्बन्धमा पनि बताइदिनुहुन्छ कि ?

शिक्षक : मानव जीवनका लागि विकास आवश्यक पर्छ । मानिसको जीवनस्तर सुधार गर्न विकास चाहिन्छ । आफ्नो अधिकार सुनिश्चित गर्न, शान्ति सुरक्षाको प्रत्याभूति गर्न र स्रोतसाधनको उचित प्रयोग गर्न पनि विकासको आवश्यकता पर्छ । सामाजिक न्याय स्थापना गर्न पनि विकास चाहिन्छ ।

रामप्रित : गुरुआमा, विकसित, विकासोन्मुख र अल्पविकसित शब्द रेडियो समाचारमा सुनेको थिएँ । यिनीहरूका बारेमा प्रस्ट पारिदिनुभए अझ राम्रो हुन्थ्यो कि ?

शिक्षक : हो नि, यी शब्दहरू विकासमा प्रचलित शब्द हुन् । विश्वका देशलाई विकसित, विकासोन्मुख र अल्पविकसित गरी तीन समूहमा विभाजन गरिएको छ ।

फुर्वा : गुरुआमा, विकसित देश बन्नलाई के के विकास भएको हुनुपर्छ ?

शिक्षक : विकसित देश बन्नलाई औद्योगिक विकास, रोजगारीको सुनिश्चितता, विज्ञान र प्रविधिको उच्चतम प्रयोग भएको हुनुपर्छ । सबै नागरिकलाई शिक्षा, स्वास्थ्यको सुविधा हुनुपर्छ । शान्ति सुरक्षा कायम र राजनीतिक स्थिरता भएका देशहरू विकसित देशको श्रेणीमा पर्छन् । अमेरिका, जापान, फ्रान्स जस्ता देशहरू विकसित देशका उदाहरण हुन् ।

आदित्य : अनि गुरुआमा, कस्ता देशलाई विकासशील देश भनिन्छ त ?

शिक्षक : विकासको क्रममा अगि बढिरहेका तर तीव्र विकास भइनसकेका देशहरू विकासशिल देश हुन्, जस्तै : भारत, भुटान, नेपाल, ब्राजिल आदि ।

लुमन्ति : त्यसो भए अल्पविकसित देशको श्रेणीमा परेका देशहरूमा कुनै पनि विकास भएको हुँदैन त ?

शिक्षक : विकास निरन्तर चलिरहने प्रक्रिया हो । त्यसैले अल्पविकसित देशमा पनि विकास त भएको हुन्छ तर विकसित र विकासशील देशको तुलनामा विकास न्यून हुन्छ । यस्ता देशहरूमा जनसङ्ख्या वृद्धिदर, राजनीतिक अस्थिरता, बेरोजगारी र परनिर्भरता उच्च हुन्छ । साथै यस्ता मुलुकको शिक्षा, स्वास्थ्य एवम् शान्ति सुरक्षाको अवस्था कमजोर हुन्छ, जस्तै : बुरुन्डी, बुर्किनाफासो, सोमालिया आदि ।

सोफिया : हाम्रो देश नेपाल विकसित देशको स्तरमा पुग्नलाई के के सम्भावना रहेका छन्, गुरुआमा ?

शिक्षक : नेपालमा विकासको सम्भावना प्रशस्तै छ । नेपालको तराई, उपत्यका र नदीका फाँटमा भएको मलिलो माटो खाद्यन्न उत्पादनका लागि धेरै उपयोगी हुन्छ । पशुपालनका लागि हिमाली क्षेत्रमा पर्याप्त मात्रामा घाँसे खर्कहरू छन् । त्यसैले यहाँ कृषिको विकास गर्न सकिन्छ ।

सगुन : नेपालका नदीनालाबाट विद्युत् उत्पादन र सिँचाइ गर्न पनि सकिन्छ नि, होइन र ?

शिक्षक : हो, हाम्रो देशमा भएको जलस्रोतलाई तपाईंले भने जसरी नै उपयोग गर्न सकिन्छ । यहाँका नदीनालाबाट बिजुली निकाल्न सकिन्छ । त्यस्तै सिँचाइ तथा खानेपानीमा पनि यिनीहरूको उपयोग गर्न सकिन्छ । त्यसैले नेपालमा जलविद्युत् विकासको उच्च सम्भावना छ ।

प्रकृति : गुरुआमा, नेपालमा कृषि र जलस्रोतबाहेक अन्य विकासका सम्भावना के के छन् ?

शिक्षक : नेपाल प्राकृतिक र सांस्कृतिक सम्पदामा समृद्ध भएकाले यहाँ पर्यटन विकासको सम्भावना पनि रहेको छ । त्यस्तै नेपालमा जनशक्ति विकासको पनि सम्भावना छ । प्राकृतिक स्रोतलाई मानवीय स्रोतसाधनको परिचालनले मात्र विकास गर्न सम्भव हुन्छ ।

रोहित : मलाई त नेपालको विकासका लागि उद्योगको पनि महत्त्वपूर्ण भूमिका हुन्छ जस्तो लाग्छ, होइन र ?

शिक्षक : हो नि, देश विकसित बन्ने नै उद्योग र कलकारखानाको विकासले हो । नेपालमा कृषि, वन र खनिजमा आधारित उद्योग विकासको सम्भावना प्रचुर छ ।

सबै विद्यार्थी : हाम्रो जिज्ञासालाई स्पष्ट पारिदिनुभएकामा गुरुआमालाई धन्यवाद ।

शिक्षक : मेरो पनि सबैलाई धन्यवाद ।

## क्रियाकलाप

१. **नेपाल विकासशील देशको श्रेणीमा पर्नाका कारणहरू तथा नेपाललाई विकसित देशको श्रेणीमा पुऱ्याउने उपायहरू समूह छलफलबाट पत्ता लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालका प्राकृतिक स्रोतसाधनको अधिकतम परिचालनका लागि उपयुक्त सुझाव तयार गरी बुलेटिन बोर्डमा प्रस्तुत गर्नुहोस् ।**

३. **हाम्रो देशमा भएको जनशक्तिलाई कसरी उचित तरिकाले प्रयोग गर्न सकिन्छ, छलफल गरी कक्षमा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **विकास भनेको के हो ?**

२. **विकासको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **विकसित र अल्पविकसित देशबिच फरक छुट्याउनुहोस् ।**

४. **“विकास बहुआयामिक हुन्छ ।” यस भनाइलाई प्रस्ट पार्नुहोस् ।**

## सामुदायिक कार्य

तपाईंको समुदायमा भएका विकास निर्माणका कार्यहरू कत्तिको गुणस्तरीय र टिकाउ खालका छन्, अवलोकन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# २ विकासका पूर्वाधार

विकास भनेको मानिसको जीवनमा आउने सकारात्मक परिवर्तन हो । विकासका लागि आवश्यक पर्ने स्रोतसाधन, सेवा सुविधाहरू विकासका पूर्वाधार हुन् । समाजको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न आवश्यक सबै तत्त्वलाई विकासका पूर्वाधार भनिन्छ, जस्तै : शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी, ऊर्जा, जनशक्ति आदि । यीमध्ये केही पूर्वाधारबारे यहाँ अध्ययन गरौँ ।

## (क) खानेपानी



खानेपानी विकासको पूर्वाधार हो । खानेपानी मानव जीवनका लागि अति आवश्यक छ । मानिस स्वस्थ्य रहन शुद्ध खानेपानी आवश्यक हुन्छ । शुद्ध खानेपानी प्रयोग गरेमा मात्र मानिस शारीरिक र मानसिक रूपमा स्वस्थ्य, स्फूर्त र तन्दुरुस्त रहन सक्छ । शुद्ध खानेपानी प्रयोग गर्ने व्यक्ति नै स्वस्थ्य रहन्छ भने स्वस्थ्य व्यक्तिले मात्र समाजको विकासमा बढी योगदान गर्न सक्छ ।

नेपाल जलस्रोतमा धनी देश हो । यहाँ स्वच्छ पानीका स्रोतहरू धेरै छन् तर खानेपानीको उचित व्यवस्थापन गर्न सकिएको छैन । केही ग्रामीण क्षेत्रमा घर घरमा खानेपानी पुऱ्याउन सकिएको छैन । एकातिर धेरै टाढाबाट पानी बोकेर जीवन निर्वाह गर्नुपरेको छ भने अर्कोतिर घर घरमा पुगेको पानी पनि सिधै पिउनयोग्य छैन । सहरी क्षेत्रमा आवश्यकताअनुरूप खानेपानीको व्यवस्था गर्न सकिएको छैन । तराईका कतिपय स्थानमा आर्सेनिकयुक्त खानेपानीका कारण स्वास्थ्य समस्याहरू देखापरेका छन् । आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार आधारभूत खानेपानीको सेवामा पहुँच पुगेको जनसङ्ख्या करिब ९६.८५ प्रतिशत रहेको छ ।

## (ख) ऊर्जा

ऊर्जा एक प्रकारको शक्ति हो । दाउरा, कोइला, पानी, घाम, पेट्रोल, ग्यास आदिबाट ऊर्जा प्राप्त हुन्छ । खाना पकाउनका लागि दाउरा, कोइला, ग्यास, मटीतेल, विद्युत्

आदिको प्रयोग गरिन्छ । यातायातका साधन चलाउन पेट्रोल, डिजेल र विद्युत् चाहिन्छ । घट्ट र मिल चलाउन पानी, विद्युत् र डिजेल चाहिन्छ । यसले मानिसका दैनिक कार्यहरूमा मात्र मदत गर्ने होइन आधुनिक यन्त्र र औजारहरू सञ्चालनमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । ऊर्जाका मुख्य स्रोत दाउरा, पानी, हावा, सूर्य, खनिज, आणविक शक्ति आदि हुन् ।



नेपालमा सबैभन्दा बढी सम्भावना भएको ऊर्जाको स्रोत जलस्रोत हो । नेपालमा वि.सं. २०८१ फागुनसम्म जलविद्युत्, सोलार, विद्युत्, थर्मल विद्युत् र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रद्वारा उत्पादित विद्युत्समेत गरी जम्मा ३६०२ मेगावाट विद्युत् उत्पादन गरिएको छ । यही अवधिसम्म ९९ प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ । हाल नेपालमा ठुला ठुला जलविद्युत् आयोजनाहरू निर्माणधीन छन् । वर्षायाममा नेपालमा जलविद्युत्को उत्पादन बढी हुन्छ भने सुक्खायाममा कम हुन्छ । नेपालले भारततर्फ विद्युत् निर्यात गर्न सुरु गरेको छ । क्षमताअनुरूप जलविद्युत् उत्पादन गर्न सकेमा राष्ट्रिय आम्दानी वृद्धि भई व्यापार घाटा पनि कम गर्न सकिन्छ ।

### (ग) जनशक्ति

कुनै पनि कामका लागि आवश्यक पर्ने मानवीय शक्ति नै जनशक्ति हो । यसअन्तर्गत सिप, श्रम, प्रविधि आदि पर्छन् । जनशक्तिलाई सिप र दक्षताका आधारमा दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन समूहमा वर्गीकरण गरिन्छ । कुनै विषय वा क्षेत्रमा सिप र योग्यता वा दक्षता हासिल गरेको मानवस्रोत दक्ष जनशक्ति हो । मध्यम स्तरको सिप र दक्षता भएका वा दक्षउन्मुख जनशक्तिलाई अर्धदक्ष जनशक्ति भनिन्छ । आधारभूत सिप र दक्षता मात्र प्रयोग गर्ने जनशक्ति अदक्ष जनशक्ति हो । देश विकासका लागि यी तीनै किसिमका जनशक्तिको आवश्यक पर्छ ।

नेपालमा जनशक्ति विकास र व्यवस्थापनको प्रयास भइरहेको छ । प्राविधिक शिक्षा, तालिमका कार्यक्रम सञ्चालन गरी प्राविधिक जनशक्ति विकास भइरहेको छ । तथापि देशमा उपलब्ध जनशक्तिलाई देशमै व्यवस्थापन गर्न नसक्दा जनशक्ति पलायन बढ्दो छ । जसले हाम्रो देशको विकासमा असर परेको छ । कतिपय चाहिने क्षेत्रमा

दक्ष जनशक्तिको अभाव छ भने कतिपय जनशक्तिको विकास भए पनि उपयोग गरिने क्षेत्र थोरै छन् । त्यसकारण आवश्यकताअनुरूपको जनशक्ति विकासको योजना गर्नु आजको आवश्यकता हो । देशमा रोजगारीका अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको प्रयोग गर्न सकिएमा देशको समग्र विकास हुन सक्छ ।

## क्रियाकलाप

१. **तपाईँको समुदायमा खानेपानीको अवस्था कस्तो रहेको छ ? त्यसले त्यहाँको जनजीवनमा कस्तो प्रभाव पारेको छ, समूहमा छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **समूहमा विभाजन भई विकासमा ऊर्जा र जनशक्तिको महत्त्व सम्बन्धमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **विकासका पूर्वाधार भनेको के हो ?**


२. **नेपालमा खानेपानीका वर्तमान अवस्था उल्लेख गर्नुहोस् ।**

३. **नेपालको जनशक्ति पलायनलाई रोक्ने उपायहरूको सूची बनाउनुहोस् ।**

४. **दक्ष, अर्धदक्ष र अदक्ष जनशक्तिको उदाहरणसहित परिचय दिनुहोस् ।**

५. **नेपालमा ऊर्जाको विकासले परनिर्भरतालाई कसरी घटाउन सकिन्छ, लेख्नुहोस् ।**

# ३ सङ्घीय राज्यको अवधारणा




सङ्घीयता एउटा शासन प्रणाली हो । सङ्घीय व्यवस्थामा एउटै देश र राजनीतिक प्रणालीभित्र दुई वा दुईभन्दा बढी तहका सरकारको व्यवस्था गरिएको हुन्छ । नेपालमा केन्द्रमा रहेको शक्ति, अधिकार र स्रोतलाई सङ्घ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरिएको छ । यस्तो प्रबन्ध संविधानमा नै उल्लेख गरिएको छ । सङ्घीय राज्य अवलम्बन गरेका संयुक्त राज्य अमेरिका र भारतमा दुई तहका सरकार छन् भने नेपाल र स्विजरल्यान्डमा तीन तहका सरकार छन् ।

## सङ्घीय राज्यको महत्त्व

सङ्घीय राज्यमा जनताका लागि आवश्यक सेवाहरू आफू नजिकका सरकारबाट उपलब्ध गराउने व्यवस्था हुन्छ । साधनस्रोत र अधिकारमा जनताको पहुँच बढ्छ । त्यस्तै अधिकारको विकेन्द्रीकरण हुने हुँदा विकासमा जनताको सहभागिता वृद्धि हुन्छ । सङ्घीय राज्यको आवश्यकता र महत्त्व सम्बन्धमा तल चर्चा गरिएको छ :

### (क) सामाजिक विविधताको सम्मान

विभिन्न विचार, धर्म, जातजाति, भाषा, लिङ्ग, पेसा आदि जस्ता सामाजिक पक्षहरूको संयोजनबाट समाज बनेको हुन्छ । यस व्यवस्थामा सामाजिक सांस्कृतिक विविधतालाई राज्यको मूल धारमा समाहित गरिएको हुन्छ । यसबाट समान अधिकार र पहुँचको सुनिश्चितता हुन्छ र राज्य व्यवस्था लोकतान्त्रिक बन्न पुग्छ ।

### (ख) सन्तुलित र समानुपातिक विकास

सङ्घीय राज्यमा सबै तहका सरकारले आआफ्नो संवैधानिक अधिकार प्रयोग गरी शासन सञ्चालन गर्छन् । उदाहरणका लागि नेपालमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आफ्नो अधिकार प्रयोग गरी आआफ्ना भौगोलिक क्षेत्रभित्र विकासका कार्यहरू गर्छन् । यसरी देशका सबै क्षेत्रमा विकास हुन गई सन्तुलित र समानुपातिक विकास हुन्छ ।

### (ग) सामाजिक न्याय

सङ्घीय राज्यमा सबै वर्ग, धर्म, लिङ्ग, क्षेत्र, जातजाति तथा अपाङ्गता भएका व्यक्ति समान रूपमा सांस्कृतिक, राजनीतिक र आर्थिक अधिकारको हकदार हुन्छन् । सङ्घीय राज्य व्यवस्थामा कोही पनि विभेदमा पर्दैनन् । सबै नागरिकलाई समान अवसर प्रदान गरिएको हुन्छ । विशेष आवश्यकता भएका नागरिकका लागि आरक्षणको व्यवस्था गरिएको हुन्छ । यसरी सबैको समान अवसर र सहभागिताले सामाजिक न्याय कायम हुन्छ ।

### (घ) अवसरको न्यायोचित वितरण

सङ्घीय राज्यमा सबै तहका सरकारले सबै वर्ग, क्षेत्र, भाषा, धर्म, जाति आदिको सम्बोधन गर्छ । समाजमा रहेका सबैले शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, सञ्चार आदि सेवा सुविधाको अवसर प्राप्त गर्छन् । यसरी सङ्घीय राज्यले विभिन्न अवसरको न्यायोचित वितरण गर्छ ।

### (ङ) सेवा सुविधाको सहज पहुँचमा वृद्धि

सङ्घीयताले जनताले पाउने सेवा सुविधाको पहुँच तल्लो तहसम्म पुऱ्याएको छ । कतिपय सेवा र सुविधा स्थानीय तह र प्रदेश तहबाट प्राप्त गर्न सकिन्छ । यसले गर्दा मिहिनेत, समय र खर्चमा मितव्ययिता हुन्छ ।

### (च) शासन प्रणालीमा समानुपातिक सहभागिता

सङ्घीयताले देशको शासन प्रणालीमा विभिन्न क्षेत्र, वर्ग, लिङ्ग, जातजाति, धर्म, अपाङ्गता भएका व्यक्तिहरूको समानुपातिक सहभागिता सुनिश्चित गर्छ ।

## क्रियाकलाप

१. **सङ्घीय राज्यमा जनता र सरकारबिचको सम्बन्ध नजिक हुन्छ भन्ने विषयमा साथीबिच हुने संवादको नमुना तयार पारी कक्षामा अभिनयसमेत गर्नुहोस् ।**

२. **सङ्घीय राज्यको महत्त्व शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।**

## अभ्यास

१. **सङ्घीय राज्य भन्नाले के बुझिन्छ, लेख्नुहोस् ।**

२. **सङ्घीय राज्यको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **सङ्घीयताले नागरिकमा राष्ट्रप्रति अपनत्व बढाउँछ, कसरी ? आफ्नो विचार लेख्नुहोस् ।**

# ४ स्थानीय, प्रादेशिक र सङ्घीय सरकार

**एउटा टेलिभिजनको सवालजबाफ कार्यक्रममा संविधानविद् र पत्रकारबिच 'नेपालको सङ्घीय राज्यको स्वरूप' विषयमा बहस चलिरहेको छ ।**

पत्रकार : नमस्कार आदरणीय दर्शकवृन्द ! आजको हाम्रो सवालजबाफ कार्यक्रममा उपस्थित हुनुभएका अतिथि संविधानविद्लाई हार्दिक स्वागत छ ।

संविधानविद् : नमस्कार, आजको कार्यक्रममा अतिथिका रूपमा मलाई सहभागी हुने सुअवसर प्रदान गर्नुभएकामा यस कार्यक्रम सञ्चालक टिमलाई धन्यवाद दिन चाहन्छु ।

पत्रकार : कार्यक्रमको सुरुआत नेपालको सङ्घीय राज्यको स्वरूपबाट गरौँ । यस सम्बन्धमा केही कुरा स्पष्ट पारिदिनुहुन्छ कि ?

संविधानविद् : नेपालमा तीन तहको सङ्घीय संरचना रहेको छ । ती तीन तह सङ्घ, प्रदेश र स्थानीय तह हुन् । तिनले संविधान तथा कानुनबमोजिम नेपालको राज्य शक्तिको प्रयोग गर्छन् । । सङ्घीय सरकार केन्द्रमा हुन्छ । सङ्घीय सरकारले नेपाल राज्यभरि शासन गर्छ । यस सरकारले रक्षा, परराष्ट्र, वैदेशिक सम्बन्ध, राष्ट्रिय सरोकारका विषयमा सन्धिसम्झौता गर्ने, ठुला ठुला विकासका आयोजनाहरू सञ्चालन गर्ने काम गर्छ ।

पत्रकार : अब प्रदेश सरकारका सम्बन्धमा पनि प्रकाश पारिदिनुहोस् न ।

संविधानविद् : प्रदेश सरकार प्रत्येक प्रदेशमा रहन्छ । प्रदेश सरकारले आफ्नो प्रदेशभित्र मात्र राज्य शक्तिको प्रयोग गर्छ । नेपालमा सातओटा प्रदेशबाट प्रादेशिक सरकारले आआफ्नो क्षेत्रभित्र शासन गरिरहेका छन् । प्रदेश सरकारले आफ्नो प्रदेशभित्र संविधान र कानुनले तोकेबमोजिमका कामकारबाही गर्छन् ।

पत्रकार : स्थानीय सरकार कस्तो सरकार हो ? यस सम्बन्धमा केही कुरा राखिदिनुहुन्छ कि ?

संविधानविद् : स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । यसले जनताका आवश्यकता र सेवा सुविधा पूरा गर्न सहयोग गर्छ । प्रत्येक स्थानीय तहमा

स्थानीय सरकार हुन्छ । नेपालमा गाउँपालिका र नगरपालिकाले स्थानीय सरकारको अभ्यास गरिरहेका छन् । नेपालमा ७५३ ओटा स्थानीय सरकारले आआफ्नो स्थानीय तहभित्र संविधान र कानुनबमोजिम काम गर्छन् ।

पत्रकार : यहाँको भनाइबाट के बुझियो भने देशमा तीन तहका सरकार छन्, तिनीहरूको क्षेत्राधिकार संविधानमा उल्लेख गरेबमोजिम हुन्छ । जनताको हितलाई सर्वोपरि ठानी सबै तहका सरकारले समन्वय, सहकार्य र साझेदारीमा कार्य गर्नुपर्छ भन्ने निष्कर्ष हो, होइन त ?

संविधानविद् : हो, हजुरले निकालेको निष्कर्ष सही छ ।

पत्रकार : व्यस्तताका बाबजुद पनि यहाँले हामीलाई समय उपलब्ध गराउनुभयो त्यसका लागि धेरै धेरै धन्यवाद । यो सँगै आजको कार्यक्रम यहीँ समाप्त हुन्छ । यस्तै यस्तै कार्यक्रममा फेरि हाम्रो अवश्य भेट हुने नै छ, धन्यवाद ।

## क्रियाकलाप

१. **विभिन्न पत्रपत्रिका, पुस्तक, इन्टरनेटबाट खोज गरी तल दिइएको तालिका भरी कक्षामा प्रस्तुत गर्नुहोस् :**

| प्रदेशको नाम | प्रदेश राजधानी | जिल्ला सङ्ख्या | स्थानीय तह सङ्ख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| जम्मा | | | |

२. **नेपालको नक्सा बनाई सात प्रदेश छुट्याउनुहोस् । त्यसलाई कक्षाकोठामा प्रदर्शन गर्नुहोस् र प्रयोगात्मक फाइलमा सुरक्षित गरी राख्नुहोस् ।**

## अभ्यास

१. **नेपालमा संविधानअनुसार कति तहका सरकार छन् ? ती कुन कुन हुन् ?**

२. **सङ्घीय सरकारको कुनै चारओटा काम लेख्नुहोस् ।**

३. **यदि तपाईँ स्थानीय सरकारको प्रमुख हुनुभयो भने के के काम गर्नुहुन्छ, ती कामको सूची बनाउनुहोस् ।**

# ५ मेरो प्रदेश

मिति : २०७९/०३/११

तारकेश्वर, काठमाडौँ

प्रिय मित्र सदीक्षा

सप्रेम नमस्कार !

म यहाँ आरामै छु । तपाइँ पनि त्यहाँ आराम हुनुहुन्छ होला भन्ने आशा गर्छु । तपाइँले पठाउनुभएको पत्रमा मेरो प्रदेशका बारेमा जिज्ञासा राख्नुभएको रहेछ । तपाइँको जिज्ञासालाई पूरा गर्ने प्रयास गर्दै यो पत्र लेख्दै छु ।

म बागमती प्रदेशमा बस्छु । यस प्रदेशको राजधानी मकवानपुरको हेटौँडामा पर्छ । यस प्रदेशको पूर्वमा कोसी प्रदेश, दक्षिणमा मधेस प्रदेश र भारत, उत्तरमा चीन र पश्चिममा गण्डकी प्रदेश रहेको छ । यस प्रदेशमा १३ ओटा जिल्ला रहेका छन् । यस प्रदेशमा ७४ गाउँपालिका, ४१ नगरपालिका, १ उपमहानगरपालिका र ३ महानगरपालिका गरी कुल ११९ स्थानीय तह रहेका छन् ।




बागमती प्रदेशको कुल क्षेत्रफल २०३०० वर्ग किलोमिटर रहेको छ । यसले नेपालको कुल क्षेत्रफलको १३.७९ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको अधिकांश भूभाग पहाडी र हिमाली क्षेत्रमा पर्छ । दक्षिणतर्फको केही भूभाग भित्री मधेसमा पर्छ । यहाँ हिमालय, महाभारत र चुरेपर्वत शृङ्खला रहेका छन् । त्यसै गरी नदीबेँसी, उपत्यका, समथर भूभाग, टार जस्ता भूस्वरूप पनि छन् । यस प्रदेशका प्रमुख हिमचुचुराहरू जुगल, गौरीशङ्कर, गणेश, लाङटाङ आदि हुन् । यस प्रदेशका मुख्य नदीहरू सुनकोसी, तामाकोसी, इन्द्रावती, त्रिशुली, नारायणी, बागमती आदि हुन् । यहाँ इन्द्रसरोवर, च्छो रोल्पा, गोसाइँकुण्ड, नन्दभाउजू, बिसहजारी आदि तालतलैयाहरू छन् ।

बागमती प्रदेशमा सामाजिक तथा सांस्कृतिक विविधता छ । यस प्रदेशको हिमाली क्षेत्रमा शेर्पा, तामाङ आदिको बसोबास छ भने पहाडी र भित्री मधेस क्षेत्रमा ब्राह्मण, क्षेत्री, दलित, तामाङ, नेवार, मगर, थारू, चेपाङ, माझी, दनुवार आदिको बसोबास छ । अहिले बसाइँसराइले गर्दा सहरी क्षेत्रमा सबै जातिका मानिस बसोबास गर्छन् । जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जम्मा जनसङ्ख्या ६१,१६,८६६ रहेको छ । यो नेपालको कुल जनसङ्ख्याको २०.९७% हो । यस प्रदेशमा बोलिने भाषाहरूमा नेपाली, तामाङ, नेवारी, मगर, थारू, मैथिली, गुरुङ र चेपाङ आदि हुन् । यस प्रदेशमा हिन्दु, बौद्ध, इस्लाम, इसाई, जैन आदि धर्मावलम्बीहरूको बसोबास रहेको छ ।

बागमती प्रदेशका मानिसको मुख्य पेसा कृषि हो । यहाँ धान, गहुँ, मकै उत्पादन हुन्छ । पशुपालन, तरकारी खेती, फलफूल खेती, कुखुरापालन यस प्रदेशका आयस्रोतका प्रमुख क्षेत्रहरू हुन् । यस प्रदेशका केही मानिस पर्यटन व्यवसायमा पनि संलग्न छन् । काठमाडौँ उपत्यकाका ऐतिहासिक र सांस्कृतिक सम्पदाहरू तथा लाङटाङ र चितवन राष्ट्रिय निकुञ्ज यहाँका प्रमुख पर्यटकीय स्थानहरू हुन् । यस प्रदेशमा बालाजु, पाटन, हेटौँडा आदि औद्योगिक क्षेत्रहरू रहेका छन् । यस प्रदेशका प्रमुख व्यापारिक केन्द्रहरू काठमाडौँ, पाटन, हेटौँडा, नारायणगढ, बनेपा आदि हुन् । अरनिको, पृथ्वी, पूर्वपश्चिम, बी.पी. र पासाङ ल्हामु राजमार्गले यस प्रदेशको आर्थिक गतिविधिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशको काठमाडौँमा रहेको छ ।

मित्र, तपाईंको जिज्ञासालाई पूरा गर्न मैले लेखेको यो चिठी जानकारीमूलक नै हुन्छ भन्ने अपेक्षा गरेको छु । तपाईंले पनि मलाई आफ्नो प्रदेशबारे जानकारी गराउँदै चिठी लेख्नुहुन्छ होला भन्ने आशाका साथ मेरो यो छोटो लेखाइ यहीँ बन्द गर्छु, धन्यवाद !

तपाईंको प्रिय मित्र
आर्यन

## क्रियाकलाप

१. **यदि तपाईँ माथिको चिठी प्राप्त गर्ने व्यक्ति हुनुभएको भए आर्यनको जिज्ञासालाई पूरा गर्न आफ्नो प्रदेशको जानकारी पत्रमा कसरी उल्लेख गर्नुहुन्थ्यो, पत्र तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीले कोसी प्रदेश र सुदूरपश्चिम प्रदेशका मुख्य विकास कार्यक्रम/आयोजनाको सम्बन्धमा तयार पारेको विवरण अध्ययन गरौँ र सोधिएका प्रश्नमा केन्द्रित भई छलफल गरौँ ।**

### कोसी प्रदेश

कोसी प्रदेशमा सञ्चालित आयोजनाहरूमध्ये 'तमोर करिडोर सडक आयोजना' एक महत्त्वपूर्ण आयोजना हो । यो सडक सुनसरीको चतराबाट धनकुटाको मूलघाट, पाँचथरको माझीटार हुँदै ताप्लेजुङको तिप्ताला नाकासम्म जम्मा २५४ कि.मि. छ । यो आयोजना पूर्ण सञ्चालनमा आएपछि नेपालको सडकले चीन र भारतलाई जोड्ने दुरी घट्ने छ । यस आयोजनाको मुख्य उद्देश्य कोसी प्रदेशका पहाडी जिल्लालाई छोटो दुरीमा तराईका जिल्लासँगको पहुँच स्थापित गर्नु हो । यस आयोजना सम्पन्न भएपछि पूर्वी पहाडी जिल्लाहरूको आर्थिक सामाजिक विकासमा धेरै सुधार आउने देखिन्छ ।

### सुदूरपश्चिम प्रदेश

'सानै छु म बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ' अभियान सञ्चालन कार्यक्रम सुदूरपश्चिमलाई चिनाउने मुख्य कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य बालविवाहरहित समाज निर्माणका लागि पहल गर्नु हो । यस कार्यक्रमलाई प्रदेश सरकारले स्थानीय सरकारसँगको साझेदारीमा सञ्चालन गर्छ । यस अभियानअन्तर्गत स्थानीय बाल अधिकार समिति गठन र विद्यालयमा साथी शिक्षा कार्यक्रम सञ्चालन हुन्छ ।

**प्रश्नहरू**

(क) माथिको प्रस्तुतिमा कुन कुन आयोजना/ कार्यमक्रको उल्लेख गरिएको छ ?

(ख) कोसी प्रदेशमा सञ्चालित विकास आयोजनाको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) सुदूरपश्चिम प्रदेशमा सञ्चालित कार्यक्रमले पार्ने प्रभावको सूची तयार पार्नुहोस् ।

३. **तपाईंको प्रदेशमा सञ्चालन भएका मुख्य मुख्य विकास कार्यक्रम/आयोजनाको खोजी गरी त्यसको महत्त्व र त्यसले पार्ने प्रभाव पहिचान गर्नुहोस् ।**

४. **तपाईंको प्रदेशमा शिक्षासँग सम्बन्धित के के आयोजना वा कार्यक्रम सञ्चालित छन्, तिनको खोजी गरी प्रभाव उल्लेख गर्नुहोस् ।**

५. **तपाईंको प्रदेशमा भएको सांस्कृतिक विविधतालाई कक्षामा छलफल गरी तल दिइएको तालिकालाई आधार मानी तालिका बनाई प्रस्तुत गर्नुहोस् :**

## मेरो प्रदेश ........................................को सांस्कृतिक विविधता

| प्रदेश | जातजाति | धर्म | धार्मिक स्थान | चाडपर्व | पोसाक | विशेष खाना | विविध |
|---|---|---|---|---|---|---|---|
| बागमती | क्षेत्री, ब्राह्मण, ... | हिन्दु, ... | चन्द्रागिरी, ... | दसैँ तिहार, .... | दौरा सुरुवाल, चौबन्दी चोली,... | दाल, भात, तरकारी, रोटी,... | |
| | | | | | | | |
| | | | | | | | |

## अभ्यास

१. तपाइँको प्रदेशको भौगोलिक अवस्थिति सम्बन्धमा एक अनुच्छेद तयार गर्नुहोस् ।

२. तपाइँको प्रदेशको प्रशासनिक संरचना कस्तो छ, लेख्नुहोस् ।

३. तपाइँको प्रदेशका मुख्य आर्थिक गतिविधिहरू के के हुन्, लेख्नुहोस् ।

४. 'सामाजिक सांस्कृतिक विविधतामा एकता, मेरो प्रदेशको विशेषता' शीर्षकमा वक्तृता तयार पार्नुहोस् ।

एकाइ
२

# हाम्रो मानव मूल्यमान्यता

## सिकाइ उपलब्धि

१. न्याय, शान्ति र अहिंसाको परिपालन गर्न

२. नेपालको सामाजिक र धार्मिक परम्परा तथा प्रचलनको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन

३. विविधतामा एकताका रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न

४. नेपालका राष्ट्रिय सम्पदाको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सहभागी हुन

५. विभिन्न अन्तर्राष्ट्रिय प्रेरणादायक व्यक्तित्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूका कामबाट प्रेरणा लिन

६. सिर्जनशीलता र चरित्र निर्माणमा स्काउटको भूमिकाको खोजी तथा अभ्यास गर्न

# १ हाम्रा आदर्श व्यवहार

सन्तलाल काका वितलब गाउँमा समाजसेवीका रूपमा चिनिन्छन् । गाउँघरमा हुने सानातिना विवाद र झगडा हुँदा उनलाई सम्झिनेहरू धेरै हुन्छन् । उनले गाउँमा हुने सानातिना विवाद, जस्तै : साँध मिचिएको, गाईबाख्राले बाली खाँदा हुने विवाद र सामान्य कुटपिटका घटना गाउँघरमै मिलाउँछन् । समुदायमा हुने विवादमा कसैको पक्ष नलिई वास्तविक समस्यामा परेकाका पक्षमा अडिक रहने र अर्को पक्षलाई विश्वासमा लिएर समाधान गर्छन् । उनको यो न्यायिक व्यवहारले गाउँले उनीदेखि धेरै प्रभावित छन् । गाउँमा एकता, शान्ति र सद्भाव कायम गर्न उनको भूमिका महत्त्वपूर्ण छ ।

**शान्त र संयमित रहने उपायहरू**

- *योग र ध्यान गर्ने*
- *गीत सङ्गीतमा रमाउने*
- *विवादलाई होसियारसाथ समाधान गर्ने*
- *हँसमुख रहने*
- *अरूलाई सहयोग गर्ने र समानुभूति राख्ने*
- *सकारात्मक सोच राख्ने*
- *टिभी मोबाइलमा कम समय दिने*
- *अरूका राम्रा विचारलाई सम्मान गर्ने*
- *सिर्जनात्मक काममा आफूलाई व्यस्त राख्ने*

एकचोटि उनको घरमा पालेको बाख्रो फुकेर छिमेकीको बारीमा पसेर बाली नस्ट गरेछ । छिमेकी कराउँदै घरमा आउँदा उनकी श्रीमतीले उल्टै गाली गरेर पठाएकी रहिछिन् । पछि सन्तलाल काका घर फर्केपछि फेरि छिमेकी कराउँदै आएछन् । उनकी श्रीमतीले पुनः गाली गर्न थालिन् । यी दुईको हल्लखल्ल सुनेर सन्तलाल काकाले वास्तविकता बुझ्न चाहे । उनले दुबैका कुरा सुने र आफ्नी श्रीमतीको गल्ती पत्ता लगाए । आफ्नै बाख्राले अरूको बाली नस्ट गर्दासमेत श्रीमतीले छिमेकीलाई गाली गरेको उनलाई मन परेन । उनले श्रीमतीलाई छिमेकीसँग माफी माग्न भने । बाली नस्ट गरेको क्षतिपूर्ति तिर्नेसमेत कुरा गरे । उनको न्यायिक व्यवहार देखेर छिमेकी धेरै खुसी भए । तर यसले घरमा द्वन्द्वको बीजारोपण गऱ्यो । सन्तलाल काका र उनकी श्रीमतीको कैयौँ दिन बोलचालसमेत भएन । दुबै जनामा चिन्ता थपियो । बुहारी तनावमा रहेको कुरा सन्तलालका दाजुले थाहा पाए । भाइ बुहारीबिच किन खटपट भइरहेको छ भनी बुझ्न चाहे । उनले भाइ र बुहारी

दुबैका कुरा सुने । दुबैको कुरा सुनिसकेपछि बुहारीलाई सम्झाउन थाले । यति सानो कुरामा पनि भाइसँग रिसाएको सुहाएन नि बुहारी नानी ! परिवारमा मिलेर बस्दा शान्त र संयमित वातावरण तयार हुन्छ । शान्त र संयमित वातावरणमा परिवारका सबै खुसी हुन्छन् । जेठाजुले सम्झाएपछि बुहारीलाई पनि चित्त बुझ्यो । बुहारीसँग यत्रो दिन किन नबोलेको, घरलाई व्यवस्थित बनाउने जिम्मेवार व्यक्ति नै परिवारका अरूसँग मनमुटाव गर्ने काम राम्रो होइन भनी भाइलाई सम्झाए । तनावबाट बच्न मानसिक शान्तिको विभिन्न अभ्यास गर्न सम्झाए । आफूले तनाव व्यवस्थापन गर्न योग, ध्यान, व्यायाम गर्ने गरेकाले भाइलाई पनि यस्ता अभ्यास गर्न सल्लाह दिए । मानसिक शान्ति कायम गर्न यस्ता क्रियाकलापले मदत गर्ने कुरा पनि दाजुले भाइलाई सम्झाए । सन्तलालको परिवारमा त्यस दिनपछि आपसी मेलमिलाप र विश्वासको वातावरण क्रमशः बढ्दै गएको छ ।

## क्रियाकलाप

१. **दिइएको कथा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

विक्रम र शोभा साथी हुन् । उनीहरू सँगै विद्यालय जाने आउने गर्छन् । विक्रमको स्वभाव छुचो र चकचके छ । विद्यालय जाँदा पनि बाटामा साथीहरूसँग झगडा गर्ने, साथीहरूलाई तथानाम गाली गर्ने र अपमान गर्ने गर्छ । ऊ कहिलेकाहीँ गुलेलीले चरालाई हान्ने, अरिङ्गालको गोलामा ढुङ्गा हान्ने, बाटामा चरिरहेका गाई भैँसीको पुच्छर तान्ने आदि व्यवहार प्रदर्शन गर्छ । प्राणीहरूलाई दुःख दिँदा ऊ रमाइलो मान्छ । साथीलाई पीडा हुँदा पनि कुनै चासो राख्दैन । मैले रमाइलो पो गरेको भनेर साथीहरूलाई भन्ने गर्छ । शोभालाई साथीको बानी मन परिरहेको छैन । उनले आफ्नो साथीलाई धेरैचोटि सम्झाउँदा पनि साथीको बानी सुध्रिएन् । एक दिन शोभाले विक्रमका अभिभावकलाई उसको बानी व्यवहार बताइन् । घरमा पनि यसले विवादको अवस्था सिर्जना भयो । बुबाले विक्रमलाई गाली गर्न थाले । आमा बालक छोरालाई किन गाली गरेको भनेर प्रतिवाद गर्न थालिन् । एक दिन विक्रमकी सानिमा आएको समयमा पनि यही कुरामा विवाद भयो । अब यसको समाधान निकाल्नुपर्छ घरमा झगडा गर्ने होइन भनेर उनले दिदी भिनाजुलाई सम्झाइन् । विद्यालयमा नै गएर प्रधानाध्यापक र कक्षा शिक्षकसँग पनि छलफल गर्ने सल्लाह भयो । विद्यालयमा प्रधानाध्यापकले अभिभावक र विक्रमलाई पनि साथमा राखेर छलफल गर्नुभयो । विमक्रलाई धेरै सम्झाएर अब यस्तो व्यवहार नगर्न सुझावसमेत दिनुभयो । अरूलाई गाली गर्न, छुच्चो बोली बोल्न नहुने कुरा सम्झाउनुभयो । मिठो बोलीवचनले नै अरूसँगको सम्बन्ध र आत्मीयतामा वृद्धि हुने कुरा पनि सम्झाउनुभयो । बोल्दा

संयमित हुनुपर्ने, कटुवचन बोल्न नहुने आदि कुरासमेत विक्रमलाई सुझाव दिनुभयो । प्राणीहरूलाई कुट्ने, दुःख दिने काम पनि राम्रो होइन भनी अबदेखि प्राणीलाई कष्ट दिन नहुने कुरा बताउनुभयो । विक्रमले अबदेखि यस्ता गल्ती नगर्ने कुरा गरे र साथीहरूसँग माफी मागे । हिजोआज विक्रममा सकारात्मक व्यवहार देखिन थालेका छन् । हिजोआज उनी साथीहरूलाई दिएको पीडाले आफूलाई नमज्जा लागेको बताउँछन् । प्राणीलाई कष्ट दिने काम मानिसले गर्नुहुँदैन, उनीहरू पनि विनाकष्ट बाँच्न पाउनुपर्छ भन्ने कुरा साथीहरूलाई बताउँछन् । उनको आनीबानी र सद्व्यवहारले अभिभावक र शिक्षक पनि अचेल खुसी हुनुहुन्छ ।

**प्रश्नहरू**

(क) विक्रमका स्वभावमा कसरी परिवर्तन आयो ?

(ख) विक्रमले प्राणीलाई दिएका विभिन्न कष्ट हैरानीलाई कसरी सच्याउन सकिन्छ ?

(ग) बोलीवचनले अरूलाई पीडा दिँदा पीडित व्यक्तिमा के के असर पर्छ ?

२. **दिइएको कविता अध्ययन गरी कवितामा उल्लिखित मानवमूल्यका विभिन्न पक्षहरू पहिचान गरी कक्षामा प्रस्तुत गर्नुहोस् :**

*हुनुपर्छ मानवमा प्रेम, इमान र दया*
*जसले वृद्धि गराउँछ विश्वास र सत्यता ।*
*हुनुपर्छ व्यवहारमा समता र निष्पक्षता*
*मानिसमा हुने गुण शान्त र संयमितता ।*
*सकारात्मक सोच राखी परोपकारी बनौँ साथी*
*दया करुणाको सिँढी चढ्नुपर्छ अरे माथि ।*
*बोली वचन व्यवहारले दुःख पनि दिन्छौँ अरे*
*आत्मग्लानी, मनमा बेचैन, आउँदैन है निद्रा भरे*
*रिस राग कुभलोलाई मनैबाट फाले जाति*
*मिठो वचन सत्कर्म फलिफाप कति कति*
*सबैलाई समान व्यवहार गर्ने बानी राम्रो*
*ईर्ष्या अहित नगर्नु नि कर्तव्य हो हाम्रो*

३. **अरूको दुःख पीडालाई कम गर्न तल दिइएका कुन कुन व्यवहार तपाईँसँग मिल्दा छन्, तिनमा ठिक चिह्न (✓) लगाउनुहोस् :**

| क्र.स. | व्यवहारहरू | ✓ |
|---|---|---|
| १. | अरूको दुःख कष्टलाई आफ्नै जस्तो सम्झनुपर्छ, जस्तै : साथी लडेर चोट लाग्दा आफूलाई नै चोट लागे जस्तो लाग्छ । | |
| २. | दुःख र कष्टमा परेकासँग नम्र र सभ्य बोलीवचन गर्नुपर्छ । | |
| ३. | दुःख र कष्टमा परेकालाई सहयोग गर्नुपर्छ । | |
| ४. | अरूको दुःख र कष्टमा खुसी हुनुहुँदैन । | |
| ५. | अरूको दुःख र कष्टमा सान्त्वना दिनुपर्छ । | |

## अभ्यास

१. **न्यायिक व्यवहार भनेको के हो ?**

२. **न्यायिक व्यवहार पालना गर्ने तरिकाको सूची बनाउनुहोस् ।**

३. **मानसिक शान्ति भनेको के हो ?**

४. **शान्त र संयमित व्यवहार भएको व्यक्तिलाई किन सबैले मन पराउँछन्, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

५. **अरूको ईर्ष्या गर्ने र अहित सोच्ने बानी राम्रो होइन, किन ? आफ्नो विचार दिनुहोस् ।**

६. **जीवजन्तुलाई दुःख कष्ट दिने कुरा मानवका लागि राम्रो होइन, यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

७. **परिवारमा उत्पन्न विवादको समाधान कसरी गर्न सकिन्छ, लेख्नुहोस् ।**

# २ नेपालमा प्रचलित सामाजिक परम्परा र प्रचलन

**कक्षा ८ का विद्यार्थीलाई नेपालमा प्रचलित सामाजिक परम्परा र प्रचलन शीर्षकमा परियोजना कार्य दिइएको थियो । उनीहरूले तयार पारेको परियोजना कार्यको प्रस्तुति यसप्रकार छ :**

## गुठी

नमस्कार, म मैयाकेशरी कोजू, गुठी नेवारी समुदायमा बढी प्रचलित महत्त्वपूर्ण परम्परा हो । यसको सुरुआत लिच्छविकालदेखि भएको मानिन्छ । गुठीले नेवार समुदायमा हुने जन्मदेखि मृत्युसम्मका सबै संस्कारहरूको व्यवस्थापन गर्छ । नेवारी समुदायमा मनाइने जात्रा, पर्व, संस्कारको सञ्चालन, रेखदेख र प्रवर्धन गर्ने काम गुठीको हो । गुठीले नेवारी जीवनशैलीका सामाजिक, धार्मिक र सांस्कृतिक पक्षलाई जीवित राख्ने काम गरिरहेको छ । यो हाम्रो समुदायको सांस्कृतिक पहिचान हो । धार्मिक तथा सामाजिक कार्यका लागि अन्य समुदायमा पनि यस्तै परम्परा प्रचलित रहेको पाइन्छ, धन्यवाद !

## भेजा

म तेरिया रानामगरको तर्फबाट सबैलाई हार्दिक अभिवादन । भेजा मगर समुदायको पहिचान दिने मौलिक परम्परा हो । भेजाको खास अर्थ भनेको म मेरो दाजुभाइ खलकसँगै छु (सरोभाइ) भन्ने हो । मगर समुदायका परम्परागत संस्कारको प्रचलनलाई निरन्तरता दिन भेजाले महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । यसमा सरोभाइ (तेह्रदिने दाजुभाइ) ले सम्बन्धित परिवारलाई विभिन्न संस्कार गर्न आवश्यक नगद तथा जिन्सी गच्छेअनुसार सङ्कलन गरी दिइन्छ । यसरी भेजा संस्कारले मगर समुदायमा सञ्चालन हुने सांस्कृतिक, धार्मिक र सामाजिक कार्य गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । सहयोग, सहकार्य र आपसी मेलमिलापको अनुपम सङ्गम यस प्रचलनमा रहेको देखिन्छ, धन्यवाद !

## पर्म र पैँचो

नमस्कार, म विकास खनाल, पर्म र पैँचो नेपाली ग्रामीण समाजका महत्त्वपूर्ण प्रचलन हुन् । पर्म विशेष गरी कृषि कार्यमा श्रम सहयोग लिने र दिने एक प्रकारको अभ्यास हो । यस

परम्पराअनुसार समुदायमा कसैको कुनै कार्य गर्नु छ भने त्यो कार्य गर्न समुदायका अन्य परिवारका सदस्यले श्रम सहयोग गर्छन् । आफूलाई जुन कार्य गर्न जति जना र समयमा श्रम सहयोग गरेका छन् उनीहरूको त्यस्तै वा अन्य काम गर्न आफूले त्यति नै जनाले त्यति नै समय श्रम सहयोग गर्नुपर्छ ।

घरायसी कार्यका लागि कुनै पनि वस्तु वा सामग्री सापटी लिने परम्परालाई पैँचो भनिन्छ । यस परम्परामा सामान जति मात्रामा पैँचो लिएको छ, त्यती नै मात्रामा फिर्ता गर्नुपर्ने हुन्छ । यी परम्पराले सामाजिक सहयोग, सद्भाव र एकतालाई जीवन्त राख्न मदत पुऱ्याएका छन्, धन्यवाद !

## ढिकुर

नमस्कार म कृष्ण हिराचन ढिकुर थकाली समुदायको आर्थिक सहकारी सञ्चालन गर्ने परम्परागत प्रचलन हो । यसमा थकाली समुदायका व्यक्तिहरूबाट तोकिएको रकम सङ्कलन गरिन्छ । सङ्कलन गरिएको एकमुष्ट रकमलाई आवश्यकता र सहमतिका आधारमा तोकिएको सदस्यले प्रयोग गर्छ । यो प्रक्रिया निश्चित समयभित्र सबै सदस्यहरूले एकमुष्ट तोकिएको रकम पाउने गरी सञ्चालन भइरहन्छ । यस प्रचलनले थकाली समुदायमा पुँजी निर्माण गरी आर्थिक क्रियाकलाप सञ्चालन गर्न ठुलो सहयोग गर्छ । सहयोग, समानता, सदासयता यस प्रचलनका मुख्य विशेषता हुन्, धन्यवाद !

## बडघर

नमस्कार म सिमान्तसिंह थारू बडघर नेपालको पश्चिम तराईमा बसोबास गर्ने थारू समुदायको परम्परागत सामाजिक प्रचलन हो । बडघरले थारू समुदायको नेतृत्व गर्छ । प्रत्येक वर्ष माघी पर्वका दिन थारू समुदायका सदस्यहरूको सहमतिमा बडघरको छनोट गरिन्छ । समुदायमा हुने झैझगडाको मेलमिलाप, विकास निर्माण, विवाह संस्कार, पूजापाठ आदिको व्यवस्थापन बडघरले गर्छन् । यसले थारूको परम्परा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ, धन्यवाद !

## माइजन

सबैमा प्रणाम, म श्वेताकुमारी मण्डल माइजन विशेष गरेर मधेस प्रदेशमा प्रचलित परम्परागत प्रचलन हो । यस प्रचलनअनुसार समुदायका सम्बन्धित जातिको भेलाले सहमतिका आधारमा माइजन चुनिन्छ । सम्बन्धित जातिको सहमति रहुन्जेल माइजनले

आफ्नो भूमिका सम्पन्न गर्छ । माइजन सम्बन्धित जातिको मुख्य अगुवा व्यक्तिका रूपमा रहन्छ । यसको मुख्य कार्य आफ्नो जातिभित्रका झैझगडाहरू मिलाउने, जन्मदेखि मृत्युसम्मका संस्कारका साथै विभिन्न चाडपर्वमा भोजभतेरको व्यवस्थापन गर्ने हो । यसरी माइजनले सम्बधित जातिको सामाजिक, धार्मिक, सांस्कृतिक र न्यायिक कार्यमा नेतृत्व गर्छ, धन्यवाद !

## रोदी

म पृथकमान गुरुङ सबैमा मेरो हार्दिक अभिवादन । गुरुङ समुदायमा प्रचलित परम्परामध्ये रोदी पनि एक महत्त्वपूर्ण परम्परा हो । यो परम्पराअनुसार साँझपख गुरुङ युवायुवतीहरू रोदीघरमा भेला हुन्छन् । रोदीघरमा उनीहरूले अभिभावकका साथमा गीत र नाच प्रस्तुत गरी मनोरञ्जन गर्छन् । यसका साथै भोलि हुने कामको बाँडफाँट गर्ने, मेलापर्वमा सहभागी हुने सल्लाह गर्नेसमेत काम हुन्छ । यसरी गुरुङ समुदायमा प्रचलित रोदीले मनोरञ्जन दिनका साथै सामाजिकीकरणलाई बलियो बनाउन सहयोग गर्छ, धन्यवाद !

## क्रियाकलाप

१. **नेपालमा प्रचलित सामाजिक प्रचलनको महत्त्व र यिनीहरूको संरक्षणका लागि गर्नुपर्ने कार्य समेटी तालिकामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा प्रचलित परम्परागत प्रचलनको सकारात्मक र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **भेजा कस्तो परम्परा हो ?**

२. **पर्म परम्पराको महत्त्व लेख्नुहोस् ।**

३. **गुठी र रोदी परम्पराबिच तुलना गर्नुहोस् ।**

४. **"ढिकुर थकालीहरूको आर्थिक गतिविधि सञ्चालन गर्ने परम्परागत प्रचलन हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

५. **माइजन परम्पराका कुनै तीन फाइदा लेख्नुहोस् ।**

६. **बडघर परम्पराका कुनै तीनओटा राम्रा पक्ष उल्लेख गर्नुहोस् ।**

# ३ नेपालमा जातिगत परम्परा र संस्कार

नेपाल बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यहाँका जातजातिका आआफ्नै परम्परा र संस्कार छन् । यिनै परम्परा र संस्कार उनीहरूले मान्ने धर्मबाट निर्देशित छन् । यहाँका जातिगत परम्परा र संस्कार नेपालको भौगोलिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय पहिचान बनेका छन् । यहाँका जातजातिका जन्मदेखि मृत्युसम्म अपनाइने संस्कार फरक फरक छन् । यी फरक फरक संस्कारले आआफ्नै जातीय पहिचान बोकेका छन् । नेपालका केही जातजातिका जातिगत परम्परा र संस्कार सम्बन्धमा अगिल्लो कक्षामा अध्ययन गरिसकेकाले यस पाठमा थप केही जातजातिमा हुने जन्म, मृत्यु र विवाह संस्कारको चर्चा गरिएको छ ।

| जातजाति /समुदाय | जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार |
|---|---|---|---|
| छन्त्याल | जन्मको ७-११ दिनभित्र न्वारान ब्राह्मण पुरोहितद्वारा गरिने | आफ्नै जातिभित्र विवाह गरिने, मामाचेली, फुपूचेलाबिच विवाहको हक लाग्ने, मागी र प्रेम विवाह दुबै हुने | मृत्युको १०–१३ दिनमा ब्राह्मणद्वारा किरिया कर्म गरिने, शवलाई जलाइने, वर्ष दिनसम्म बरखी बार्ने |
| मुसलमान | ७ वा २१ दिनपछि नामकरण संस्कार गरिने | मागी विवाह | इस्लाम संस्कारअनुसार मृत शरीर गाड्ने |
| कुसुन्डा | बच्चा जन्मेको ११ औँ दिनमा परिवारलाई शुद्धीकरण गरिने | मामाचेली, फुपूचेलाबिच, मागी, चोरी विवाह | शवलाई जङ्गलनजिक गाड्ने |
| यादव | जन्मको छैटौँ दिनमा छटियार गरिने | एउटै जातिको फरक गोत्रमा मागी विवाह | मृत्युको १३ दिनमा किरिया कर्म गरिने, सेतो कपडा लगाई कपाल खौरने, शवलाई जलाउने |

| | | | |
|---|---|---|---|
| मुसहर | बच्चा जन्मेको ६ दिनमा शुद्धीकरण | आफ्नै जातिमा मागी विवाह | शव जलाउने, १३ दिनमा मृत्यु संस्कार |
| चेपाङ | एघारौँ दिनमा न्वारान गर्ने | मामाचेली, फुपूचेला बिचमा विवाह हुने, केटी माग्न जाँदा मङ्गलवार जाने, विवाह गर्दा तीन पटक टाउको ठोकाएर विवाह गर्ने, विवाहमा छोरीलाई चिउरीको बोट दाइजो दिने | तीन, पाँच, सात दिनमा मृत्यु संस्कार पूरा गर्ने, लासलाई गाड्ने वा जलाउने संस्कार, पुरोहित पाँडे (झाँक्री) ले मृत्यु संस्कार पूरा गराउने |
| सुनुवार | एघारौँ दिनमा न्वारान गर्ने | मागी विवाह र प्रेम विवाह, अन्तरजातीय विवाह गर्दा भोज खुवाउनुपर्ने | शवलाई जलाउने र गाड्ने दुबै संस्कार गर्ने, आफ्नै जातिको पुरोहित नासोद्वारा धार्मिक कार्य सम्पन्न गराउने |

## क्रियाकलाप

१. **आफ्ना जातिगत परम्परा र संस्कारका बारेमा अभिभावकसँग सोधी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **आफ्ना जातिगत परम्परा र संस्कारको संरक्षणका उपाय समेटी साथीलाई चिठी लेख्नुहोस् ।**

## अभ्यास

१. नेपाललाई बहुसांस्कृतिक देश किन भनिएको हो ?

२. यादव र ब्राह्मण जातिको जन्म, विवाह र मृत्यु संस्कारबिच तुलना गर्नुहोस् ।

३. जातिगत परम्परा र संस्कारको महत्त्व उल्लेख गर्नुहोस् ।

४ नेपाली परम्परा र संस्कार संरक्षणमा तपाईँले खेल्ने भूमिका उल्लेख गर्नुहोस् ।

# ४ हाम्रा धार्मिक एवम् सांस्कृतिक क्रियाकलाप

नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक देश हो । यहाँ दशभन्दा बढी धर्म मान्ने मानिस छन् । जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू आआफ्ना धार्मिक मान्यताअनुसार नै गरिन्छन् । हिन्दुहरू पूजापाठ गर्न मठमन्दिर जान्छन् । उनीहरूका प्रमुख देवता ब्रह्मा, विष्णु र महेश्वर हुन् । यस समुदायका मानिसले मनाउने चाडपर्वहरू दसैँ, तिहार, तिज, होली, छठ आदि हुन् । परोपकार गर्नु, दान गर्नु, व्रत बस्नु यस धर्मका मुख्य धार्मिक क्रियाकलाप हुन् ।

बौद्ध धर्मावलम्बीहरू पूजा आराधना गर्न गुम्बा र चैत्य जान्छन् । बौद्ध धर्ममा हिनयान, महायान र वज्रयान गरी तीन सम्प्रदायका मानिस छन् । बौद्ध धर्मावलम्बीको मुख्य चाड बुद्धजयन्ती हो । अहिंसाको पक्षपोषण गर्नु, सत्यको पालना गर्नु, बुद्धको सन्देश प्रवाह गर्नु यस धर्मका मुख्य धार्मिक क्रियाकलाप हुन् ।

किरात धर्मावलम्बीहरू प्रकृतिको पूजा गर्छन् । यस समुदायमा मनाइने प्रमुख चाडहरू उँधौली र उँभौली हुन् । धार्मिक पर्वहरूमा यिनीहरू धान नाच र साकेला नाच नाच्छन् ।

यहाँ इस्लाम सम्प्रदायका मानिस पनि बसोबास गर्छन् । उनीहरू अल्लाहको प्रार्थना गर्छन् । मस्जिदमा गई नमाज पढ्छन् । इस्लाम धर्मावलम्बीले एक महिनासम्म रमजान मनाउँछन् । इस्लाम धर्मावलम्बीले मनाउने प्रमुख चाडपर्व इद उल फित्र, इद उल अजा, मोहरम आदि हुन् । दान गर्नु, रोजा बस्नु, हज गर्नु यस धर्मका मुख्य धार्मिक गतिविधि हुन् ।

सिख सम्प्रदायका मानिस पनि यहाँ बसोबास गर्छन् । उनीहरू भजन कीर्तन गर्न गुरुद्वारा जान्छन् । यस सम्प्रदायमा मनाइने मुख्य चाडपर्व वैशाखी, गुरु नानक जयन्ती आदि हुन् ।

नेपालमा जैन धर्मावलम्बीहरू पनि छन् । जैन धर्म मान्ने मानिसको पवित्र स्थानलाई अग्नि मन्दिर भनिन्छ । यस सम्प्रदायमा मनाइने मुख्य चाडपर्वहरू महावीर जयन्ती, दिवाली, परयुसना आदि हुन् ।

इसाई धर्मावलम्बीहरू एउटा मात्र ईश्वरमा विश्वास गर्छन् । इसाई धर्मावलम्बी चर्चमा गई प्रार्थना गर्छन् । यस सम्प्रदायमा मनाइने मुख्य चाडपर्व क्रिसमस, इस्टर आदि हुन् । माथि उल्लेख गरिएका धर्मबाहेक बहाई, प्रकृति र बोन धर्म मान्ने सम्प्रदायहरू पनि यहाँ रहेका छन् । यी धार्मिक सम्प्रदायका मानिसले आआफ्नो धार्मिक परम्पराअनुसार विभिन्न

धार्मिक तथा सांस्कृतिक क्रियाकलाप गर्छन् । नेपालमा धार्मिक र सांस्कृतिक विविधता छ । यहाँ विविधतामा एकता रहेको छ । यी विविधतामा एकता हुनु नै नेपाली समाजको चिनारी हो । नेपाल सिङ्गो शरीर हो भने यहाँका धार्मिक र सांस्कृतिक विविधताहरू शरीरका अङ्ग हुन् । धार्मिक र सांस्कृतिक विविधताले नेपाललाई जोड्ने काम गरेको छ । यही विविधतालाई सम्मान र संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।

## क्रियाकलाप

१. **नेपालमा प्रचलित कुनै पाँच धर्मसँग सम्बन्धित रहेर दिइएको तालिका पूरा गर्नुहोस् :**

| धर्म | मुख्य चाडपर्व | धार्मिक ग्रन्थ | मुख्य धार्मिक स्थलहरू |
|---|---|---|---|
| | | | |

२. **तपाईँको कक्षामा भएका विद्यार्थीमध्ये कुन कुन धर्म मान्ने कति कति जना छन्, पत्ता लगाउनुहोस् । उक्त तथ्याङ्कलाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **नेपालमा प्रचलित धर्महरूको सूची बनाउनुहोस् ।**

२. **बौद्ध र हिन्दु धर्ममा गरिने सांस्कृतिक र धार्मिक क्रियाकलापबिच तुलना गर्नुहोस् ।**

३. **किरात धर्मावलम्बीको धार्मिक र सांस्कृतिक क्रियाकलाप सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।**

४. **तपाईँको समुदायमा प्रचलित धार्मिक क्रियाकलापले आपसी सद्भाव र भाइचारा बढाउन कसरी मदत पुऱ्याएको छ, लेख्नुहोस् ।**

## परियोजना कार्य

**विद्यालय नजिकको धार्मिक स्थलको भ्रमण गरी दिइएको शीर्षकमा प्रतिवेदन तयार गर्नुहोस् :**

परिचय :

उद्देश्य :

विधि :

पत्ता लागेका कुरा :

निष्कर्ष र सुझाव :

# ५ विविधतामा एकता

नेपाल भौगोलिक विविधताले भरिपूर्ण मुलुक हो । नेपालको दक्षिणमा पूर्वदेखि पश्चिमसम्म फैलिएको समथर भूभाग छ । तराईको उत्तरी भागमा होचा पहाडहरूको शृङ्खला भएको चुरे क्षेत्र छ । चुरेको उतरपट्टि महाभारत पहाड शृङ्खला रहेको छ । चुरे पर्वत र महाभारत पर्वतबिचमा भित्री मधेस रहेको छ । पहाडी क्षेत्रमा लेक, बेँसी, पाखा, खोँच, उपत्यका, नदी, फाँट आदि रहेका छन् । महाभारत पर्वत क्षेत्रभन्दा उत्तरतर्फ अग्ला हिमशृङ्खला भएको क्षेत्र छ । यसलाई हिमाली प्रदेश भनिन्छ । यस क्षेत्रमा वर्षभरि हिँउले ढाकिने अग्ला हिमाल पनि छन् । यस क्षेत्रको भूबनोट एकनासको छैन । यस क्षेत्रमा पनि अग्ला अग्ला पहाड, लेक, बेँसी, खोँच, गल्छी र भञ्ज्याङहरू रहेका छन् ।

नेपालमा हिन्दु, बौद्ध, किरात, इस्लाम, इसाई, शिख, जैन, बहाई, प्रकृति, बोन आदि धर्म मानिन्छन् । यी धर्म मान्ने सम्प्रदायबिच एकआपसमा सांस्कृतिक मेलमिलाप परम्परादेखि नै रहँदै आएको छ । यी धार्मिक समुदायमा आआफ्नै प्रकारका संस्कार छन् । यहाँ १४२ जातिहरू छन् । यहाँ क्षेत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, कामी, मुसलमान, यादव, राई आदि जातिहरू रहेका छन् । यहाँ घुमन्ते राउटेदेखि लोपोन्मुख र सीमान्तकृत कुसुन्डा, नुराङ, मुसहर आदि जातिहरू पनि छन् । यी सबै जातिका आआफ्नै जन्म, विवाह र मृत्यु संस्कार छन् । उनीहरूसँग आफ्नै जाति विशेषका पहिचान दिने प्रथा पनि छन् । उनीहरूका आआफ्नै जातिगत र क्षेत्रगत रूपमा मनाइने चाडपर्व छन् । जाति फरक भए जस्तै नेपालीको लवाइखवाइ, कला, जीवनशैली पनि फरक फरक रहेका छन् । यहाँ १२४ मातृभाषा बोल्ने भाषिक समूह छन् । मातृभाषा बोल्नेका आधारमा क्रमशः छ ठुला भाषा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, बज्जिका र नेपाल भाषा (नेवारी) हुन् ।

नेपालमा आर्थिक स्थितिका आधारमा धनी, गरिब र मध्यम आयस्तर भएका मानिस छन् । हाम्रो समाजमा वर्गीय असमानता भए पनि सहयोग र दान गर्ने परम्परा कायम रहेको छ । यहाँ परम्परागत विभिन्न पेसा व्यवसायमा संलग्न मानिस छन् । अहिले पेसा व्यवसायमा धेरै विविधता र आधुनिकता आएको छ । यहाँका मानिसले फरक फरक व्यवसायमा संलग्न भई जीविकोपार्जन गरिरहेका छन् ।

नेपालमा पुरुषभन्दा महिलाको सङ्ख्या बढी छ । यहाँ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पनि पहिचान स्थापित हुँदै गएको छ ।

नेपालमा भौगोलिक, क्षेत्रीय, धार्मिक, भाषिक, वर्गीय, लैङ्गिक, सांस्कृतिक, पेसा आदिमा विविधता छ । यो नेपालको मौलिक पहिचान हो । यही विविधताले नेपाललाई समृद्ध बनाएको छ । यो विविधतालाई सम्मान र संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो । विविधताको पनि आपसमा सहयोग र सद्भाव कायम छ । विविधताका बिचमा पनि हामी सबै नेपाली हौँ भन्ने मान्यता छ । यसले विविधतामा एकता भन्ने मान्यतालाई आत्मसात गरेको छ । त्यसैले हामी सबैले नेपालको विविधताको सम्मान र संरक्षण गर्दै सामाजिक एकता कायम गर्नुपर्छ ।

## क्रियाकलाप

१. **दिइएको नेपालको राष्ट्रिय गानको अध्ययन र छलफल गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली**
**सार्वभौम भई फैलिएका मेची महाकाली ।**
**प्रकृतिका कोटी कोटी सम्पदाको आँचल**
**वीरहरूका रगतले स्वतन्त्र र अटल**
**ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल**
**अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल**
**बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल**
**अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।**

**प्रश्नहरू**

(क) हाम्रो राष्ट्रिय गानमा कुन कुन विविधता उल्लेख गरिएको छ ?

(ख) नेपाल राष्ट्र कसरी बनेको छ ?

(ग) विविधतामा एकता कसरी सुदृढ गर्न सकिन्छ ?

२.	नेपालको विविधतालाई सम्मान गर्न के के कार्य गर्नुपर्ला, साथीसँग छलफल गरी निष्कर्ष चार्टमा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१.	विविधता भनेको के हो ?

२.	"नेपाल बहुभाषिक, बहुधार्मिक र बहुजातीय देश हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३.	नेपालका कुनै आठओटा राष्ट्रभाषाको सूची बनाउनुहोस् ।

४.	'विविधतामा एकता नेपालको विशेषता' भन्ने भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

# ६ नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता

**जनकल्याण आधारभूत विद्यालयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको थियो । उक्त प्रतियोगिताको शीर्षक 'नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता' थियो । यस कार्यक्रममा सहभागी भएका विद्यार्थीले प्रस्तुत गरेको वक्तृतालाई यहाँ प्रस्तुत गरिएको छ :**

सञ्जीवनी : यस कार्यक्रममा उपस्थित हुनुभएका आदरणीय गुरु, गुरुआमालगायत सम्पूर्ण विद्यार्थी साथीहरूलाई नमस्कार ! नेपालमा परापूर्वकालदेखि नै विभिन्न धार्मिक सम्प्रदायहरू एकै ठाउँमा सद्भाव र सम्मानका साथ बसिरहेका छन् । राजा मानदेवको परिवारमा शैव र वैष्णव दुबै धर्मको अभ्यास थियो । प्रताप मल्लले पादरीहरूलाई काठमाडौँमा बस्नका लागि अनुमति दिएका थिए । पृथ्वीनारायण शाहले हतियार बनाउन मुस्लिम कालिगढ ल्याएका थिए । जानकी मन्दिर परिसरमा मस्जिद पनि छ । स्वयम्भू र पशुपतिनाथलाई बौद्ध र हिन्दु दुबै सम्प्रदायले पूजा गर्ने गर्छन् । यहाँ धार्मिक सम्प्रदायबिच झैझगडा भएको कुनै इतिहास छैन । यी उदाहरणले नेपालमा धार्मिक सहिष्णुता छ भन्ने प्रस्ट पार्छ । हामी सबैले एक अर्काको धर्मलाई सम्मान गर्दै सहिष्णुता बचाउनु हाम्रो जिम्मेवारी हो, धन्यवाद !

सल्मा : आदरणीय गुरु, गुरुआमा तथा साथीहरू सबैमा मेरो नमस्कार ! हाम्रो देशमा धेरै जातजाति बसोबास गर्छन् । उनीहरूका आआफ्नै चाडपर्व, वेशभूषा र भाषाहरू छन् । यहाँ सबै जातजातिहरू एकआपसमा मिलेर बसेका छन् । यहाँका जातजातिबिच उनीहरूका चाडपर्वमा एकअर्काले शुभकामना आदानप्रदान गर्दै सहभागिता पनि जनाउँछन् । अहिले त सबै जातजातिले एकअर्काका चाडपर्व मनाउने चलन बढिरहेको छ । नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् । अहिले आफ्नो मातृभाषामा शिक्षा पाउने व्यवस्था संविधानमा उल्लेख छ । हाम्रो देशमा जातीय, सांस्कृतिक विविधता भए पनि सबैले एकआपसमा सद्भाव कायम गर्दै बसिरहेका छन् । यो जातीय,

सांस्कृतिक र भाषिक विविधतालाई सम्मान गरिएकाले नै हामी एकतामा बाँधिएका छौँ, धन्यवाद !

रामएकवाल : सबै गुरु वर्ग र उपस्थित मित्रहरूलाई प्रणाम ! नेपाल हिमाल, पहाड र तराई मिली बनेको मुलुक हो । तराईले हामीलाई खाद्यान्न प्रदान गरेको छ । हिमाल र पहाडले मनोरम सुन्दरताका साथै स्वच्छ हावापानी दिएको छ । सुदूरपश्चिम भन्नु नै सुन्दर पश्चिम हो । यहाँको प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले नेपाललाई समृद्ध बनाएको छ । कर्णाली प्रदेशले खस सभ्यताको पहिचान दिएको छ । यहाँ जडीबुटीको प्रचुर सम्भावना रहेको छ । नेपालको उत्तरमा रहेका हिमशृङ्खलाहरू जल सम्पदाका अटुट स्रोत हुन् । कोसी प्रदेशमा विश्वलाई चिनाउने सगरमाथा छ । मधेसले हामीलाई मिथिला सभ्यता दिएको छ । धार्मिक र ऐतिहासिक सम्पदाहरूले बागमती प्रदेशलाई अद्वितीय बनाएका छन् । गण्डकी प्रदेश पर्यटनको सम्भावना बोकेको प्रदेश हो । लुम्बिनी विश्वमा शान्ति फैलाउने बुद्धको पावन जन्मभूमि हो । यसरी भौगोलिक र क्षेत्रीय विविधताले नेपाललाई समृद्ध र एकताबद्ध बनाएको छ । भौगोलिक र क्षेत्रीय विविधतालाई सम्मान गर्नु हामी सबैको कर्तव्य हो, धन्यवाद !

अन्त्यमा सभाध्यक्षले आफ्नो धारणा राख्दै कार्यक्रमको समापन गर्नुभयो । "हामी जुनसुकै भाषा, धर्म र जातजातिका भए पनि हामीले अरू धर्म, भाषा र जातजाति, पेसा, पहिरन, खानपानलगायत अन्य विविधताको सम्मान गर्ने, एकआपसमा सहिष्णु व्यवहार गर्ने र विविधतामा रमाउने गर्दा नै राष्ट्रिय एकता सुदृढ हुन्छ ।"

## क्रियाकलाप

१. **नेपालमा हुने सहिष्णुताका गतिविधिलाई समेटेर संवादको नमुना तयार पार्नुहोस् र कक्षामा संवाद पनि गर्नुहोस् ।**

२. **सामाजिक सद्भाव कायम राख्न तपाईँका तर्फबाट गर्न सक्ने योगदानको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. सामाजिक सद्भाव कायम गर्ने कुनै पाँच उपाय लेख्नुहोस् ।

२. सामाजिक एकता कायम गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।

३. नेपालका धार्मिक सहिष्णुताका उदाहरणहरू दिनुहोस् ।

४. 'धार्मिक सहिष्णुताले नेपाली समाज एकताबद्ध भएको छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

# ७ नेपालका राष्ट्रिय सम्पदाहरू

परियोजना कार्यअन्तर्गत कक्षा ८ का विद्यार्थीलाई एउटा अध्ययन प्रतिवेदन तयार गर्न लगाइएको थियो । उनीहरूले सामूहिक रूपमा अध्ययन प्रतिवेदन तयार गरेका थिए । उक्त प्रतिवेदनलाई यहाँ प्रस्तुत गरिएको छ :

**शीर्षक : नेपालको राष्ट्रिय सम्पदाको अध्ययन**

**परिचय**

कक्षा ८ को राष्ट्रिय सम्पदा पाठ अध्ययनका लागि शिक्षकले हामीलाई पुस्तकालयबाट अध्ययन गर्न वा इन्टरनेटबाट खोजी गरी प्रतिवेदन तयार गर्न लगाउनुभयो । सोअनुसार अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको छ ।

**उद्देश्य :** यस अध्ययनका निम्नलिखित उद्देश्य रहेका छन् :

(क) राष्ट्रिय सम्पदाहरू पहिचान गर्न

(ख) राष्ट्रिय सम्पदाको महत्त्व र संरक्षणका उपायहरू खोजी गर्न

**विधि**

पुस्तकालय तथा इन्टरनेटबाट अध्ययन

**पत्ता लागेका कुराहरू**

यस अध्ययनबाट पत्ता लागेका कुराहरू निम्नप्रकार छन् :

**नेपालका सम्पदाहरू**

राष्ट्रिय स्तरमा आर्थिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्त्व राख्ने सम्पदाहरू राष्ट्रिय सम्पदाहरू हुन् । नेपाल प्राकृतिक स्रोतसाधनमा सम्पन्न देश हो । प्रकृतिमा उपलब्ध स्रोतसाधनलाई प्राकृतिक सम्पदा भनिन्छ । नदी, खोला, ताल, वनजङ्गल, पहाड आदि प्राकृतिक सम्पदाका उदाहरण हुन् । सांस्कृतिक सम्पदामा पनि नेपाल धनी छ । विगतदेखि

प्रचलन र प्रयोगमा रहेका संस्कार, संस्कृति र मूल्यमान्यतामा आधारित रहेका सम्पदा सांस्कृतिक सम्पदाहरू हुन् । नेपालमा धेरै प्राकृतिक र सांस्कृतिक सम्पदाहरू छन् । भौतिक स्वरूप भएका सम्पदाहरूलाई मूर्त सम्पदा भनिन्छ, जस्तै : वनजङ्गल, धार्मिक स्थल, गढी आदि । त्यस्तै कतिपय सम्पदाहरू भौतिक उपस्थिति नहुने तर अनुभूत गर्न सकिने पनि हुन्छन् । त्यस्ता सम्पदालाई अमूर्त सम्पदा भनिन्छ, जस्तै : परिकार बनाउने तरिका, पूजा विधि, विभिन्न संस्कार मनाउने पद्धति र प्रचलन आदि । सम्पदाहरू हाम्रा राष्ट्रिय पहिचान र गौरव पनि हुन् ।

### सम्पदाको महत्त्व

१. नेपालको पहिचान स्थापित हुने

२. नेपाल सामाजिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक तथ्यको जानकारी प्राप्त हुने

३. सम्पदाको विश्वभर चिनारी हुने

४. पर्यटन क्षेत्रको विकास हुने

५. आर्थिक विकासमा टेवा पुग्ने

६. वातावरणीय सन्तुलन कायम हुन मदत पुग्ने

७. संरक्षण र संवर्धनमा मदत पुग्ने

### सम्पदा संरक्षणका उपायहरू

१. सम्पदाको विवेकपूर्ण उपयोग गर्नुपर्छ ।

२. सम्पदाको अतिक्रमण गर्नुहुँदैन ।

३. सम्पदाको महत्त्वबारे जनचेतना फैलाउनुपर्छ ।

४. जीर्ण सम्पदाको समयमै जीर्णोद्धार र पुनःनिर्माण गर्नुपर्छ ।

५. सम्पदा वरपर सरसफाइ गर्नुपर्छ ।

६. सम्पदा आसपासका क्षेत्रमा प्रदूषण हुन दिनुहुँदैन ।

### निष्कर्ष

सम्पदाहरू हाम्रा अमूल्य निधि हुन् । यिनको संरक्षण र प्रवर्धनमा हामी सबैको चासो र सक्रियता रहनुपर्छ । तब मात्र हाम्रा पहिचानलाई सदैव जीवन्त राख्न सकिन्छ ।

## क्रियाकलाप

१. **विभिन्न सम्पदा झल्किने चित्र सङ्कलन गरी चार्ट पेपरमा प्रस्तुत गर्नुहोस् ।**

२. **'हाम्रा सम्पदा हाम्रा पहिचान' विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।**

३. **हाम्रा सम्पदालाई बचाइराख्न विद्यालयमा सामूहिक रूपमा गर्न सकिने परम्परागत मौलिक परिकार वा अन्य सामग्री बनाउने वा कुनै एक मौलिक बाजा बजाउने वा स्थानीय खेल वा स्थानीय चाडपर्वसँग सम्बन्धित कुनै एक मौलिक अभ्यास गर्नुहोस् ।**

४. **तपाईँको समुदायमा रहेका मूर्त र अमूर्त सम्पदाहरूको खोजी गरी सूची तयार पार्नुहोस् ।**

## अभ्यास

१. **सम्पदा भनेको के हो ?**

२. **प्राकृतिक र सांस्कृतिक सम्पदाको फरक छुट्याउनुहोस् ।**

३. **राष्ट्रिय सम्पदाको संरक्षणका उपायहरू लेख्नुहोस् ।**

४. **'नेपालका सांस्कृतिक सम्पदा नेपालका पहिचान हुन्' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।**

५. **नेपालका प्राकृतिक सम्पदाको महत्त्व लेख्नुहोस् ।**


## सामुदायिक कार्य

आफ्नो समुदायको नजिकको सांस्कृतिक सम्पदाको भ्रमण गरी प्रतिवेदन तयार गर्नुहोस् ।

# ८ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू

आफ्नो व्यक्तिगत फाइदामा सिमित नभई समग्र मानव जातिका लागि जीवनभर योगदान गर्ने व्यक्तिहरू विश्वमा छन् । उनीहरू विश्वभरका मानवका लागि प्रेरणाका स्रोत हुन् । उनीहरूका कार्यले विश्व मानव समुदायलाई फाइदा पुऱ्याएको हुन्छ । यी व्यक्तिहरूलाई अन्तराष्ट्रिय व्यक्तित्त्वहरू भनिन्छ । विश्वको इतिहासमा यस्ता धेरै व्यक्तित्त्वहरू रहेका छन् । तीमध्ये जाँ हेनरी ड्युना र मदर टेरेसाका सम्बन्धमा यहाँ चर्चा गरिएको छ ।

## हेनरी ड्युना




हेनरी ड्युना एक मानवतावादी समाज सुधारक थिए । उनको जन्म सन् १८२८ मे ८ मा स्विजरल्यान्डको जेनेभामा भएको थियो । उनको परिवार आर्थिक रूपमा सम्पन्न थियो । पेसाले उनी उद्यमी थिए । व्यापारका सिलसिलामा ड्युना सन् १८५९ मा इटलीको भ्रमणमा गएका थिए । भ्रमणको क्रममा उनले अस्ट्रिया र फ्रान्सबिचको सोल्फेरिनोको युद्ध नजिकबाट अवलोकन गर्ने मौका पाए । त्यस युद्धमा सैनिकहरूले ज्यान गुमाएका, घाइतेहरू उपचारको अभावमा छटपटाएर मरिरहेको देखे । यस घटनाले ड्युनालाई अत्यन्त दु:खी बनायो ।

ड्युना स्विजरल्यान्ड फर्किएपछि 'अ मेमोरी अफ सोल्फेरिनो' किताब प्रकाशन गरे । उनले यस किताबमार्फत युद्धमा घाइते सैनिकहरूलाई औषधी उपचार गर्ने संस्था खोल्नुपर्ने विचार व्यक्त गरे । उनको प्रस्तावलाई स्विजरल्यान्ड सरकारले सहमति जनायो । सन् १८६३ फेब्रुअरी १७ मा ड्युना र उनका साथीहरू मिलेर (International Committee of the Red Cross, ICRC) स्थापना गरे । रेडक्रस स्थापनापछि उनले आफ्नो सम्पूर्ण

जीवन मानव सेवामा समर्पित गरे । उनको अथक प्रयासपछि रेडक्रस जस्तो अन्तर्राष्ट्रिय संस्थाको स्थापना भयो ।

रेडक्रसले युद्धमा घाइतेलाई औषधी उपचार, विपत्बाट पीडितलाई आपतकालीन सेवा र गत भण्डारण तथा वितरण आदि जस्ता विभिन्न सामाजिक सेवा गरिरहेको छ। यस संस्थाका शाखाहरू विश्वमै खोलिएका छन् । नेपालमा पनि वि.सं. २०२० मा यो संस्था स्थापना भई मानव सेवाका कार्य गर्दै आएको छ। हेनरी ड्युनाको योगदानलाई कदर गर्दै सन् १९०२ मा नोबेल शान्ति पुरस्कारद्वारा सम्मान गरियो । विश्व मानव समाजका लागि महान कार्य गर्ने ड्युनाको मृत्यु सन् १९१० अक्टोबर ३० मा हेइडेन स्विजरल्यान्डमा भयो । उनी यस संसारमा भौतिक रूपमा नरहे पनि उनको अतुलनीय योगदानका कारण संसारभर अविस्मरणीय छन् । हरेक वर्ष उनको जन्मदिनको अवसर पारी सम्मानस्वरूप मे ८ मा अन्तर्राष्ट्रिय रेडक्रस दिवस मनाइन्छ ।

## मदर टेरेसा



मदर टेरेसाको जन्म २६ अगस्ट सन् १९१० मा स्कोप्जे मेसोडोनियामा भएको थियो । उनका बुबा सामान्य व्यापारी थिए। उनी ८ वर्षको हुँदा उनका बुबाको मृत्यु भयो । त्यसपछि उनको हेरचाह गर्ने जिम्मेवारी आमाले पूरा गरिन् । उनी सानैदेखि धर्म र समाजसेवाका कथाहरू सुन्नमा रुचि राख्थिन् । उनले १२ वर्षको उमेरमा आफ्नो जीवन मानव सेवामा समर्पित गर्ने निर्णय गरिन् । उनी १८ वर्षको उमेरमा सिस्टर अफ लरेटोमा आबद्ध भइन् ।

सन् १९२९ मा टेरेसा भारतको दार्जिलिङ आइन् । त्यहाँ एक मिसिनरी विद्यालयमा अध्ययन गर्नुका साथै गरिब अनाथ र असहाय बालबालिकालाई शिक्षा पनि दिइन् । त्यहाँ रहँदा उनले गरिब, असहाय, अनाथ र दुःखीको कथा राम्ररी देख्न र बुझ्न पाइन् । यसले गर्दा उनलाई अझ मानव सेवा गर्न प्रेरित गऱ्यो । सन् १९४६ मा कलकत्तामा भएको हिंसात्मक धार्मिक दङ्गाबाट पीडित भएकालाई आपत्कालीन सेवा प्रदान गरिन् । सन् १९५० मा उनको सक्रियतामा भारतको कलकतामा मिसिनरी अफ च्यारिटी स्थापना भयो । यस संस्थामार्फत गरिब, अनाथ, असहाय र दुःखीलाई आवास, शिक्षा, स्वास्थ्यलगायत विभिन्न मानव सेवा उपलब्ध गराइएको थियो । यस संस्थाले आफ्नो सेवालाई निरन्तरता दिइरहेको छ ।

यस्तो महान् कार्यका लागि उनलाई सन् १९७९ मा नोबेल शान्ति पुरस्कार, सन् १९६२ मा पद्मश्री र सन् १९८० मा भारतको सर्वोच्च पदक भारत रत्न पदकद्वारा पुरस्कृत तथा सम्मान गरिएको छ । पुरस्कारबाट प्राप्त रकम पनि उनले मिसिनरी संस्थामै राखिन् । गरिब, असहाय र दुःखीका ढुकढुकी बनेकी महान् समाजसेवी मदर टेरेसाको मृत्यु सन् १९९७ सेप्टेम्बर ५ मा भारतको कलकत्तामा भएको थियो । उनको निःस्वार्थ कार्यबाट आज विश्व समाज प्रेरित भएको छ । उनको देहान्तपछि मिसिनरी अफ च्यारिटीको उत्तराधिकारीका रूपमा सिस्टर निर्मलाले कार्य गरिरहेकी छन् । सिस्टर निर्मलाको जन्म नेपालमा भएको थियो ।

## क्रियाकलाप

१. **दुई समूहमा विभाजन भई हेनरी ड्युना र मदर टेरेसाको योगदानबाट प्राप्त गर्ने प्रेरणाका कुरा सम्बन्धमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा मानवसेवामा संलग्न व्यक्ति वा संस्थाहरू हुन सक्छन् । उहाँलाई भेटेर वा सम्पर्क गरेर जानकारी सङ्कलन गर्नुहोस् । त्यस कार्यबाट तपाईँलाई प्राप्त भएको प्रेरणा कक्षामा सुनाउनुहोस् ।**

## अभ्यास

१. **हेनरी ड्युनाको जन्म तथा मृत्यु कहाँ र कहिले भएको थियो ?**

२. **हेनरी ड्युनाको कामबाट हामीले के के सिक्न सक्छौँ, सूची बनाउनुहोस् ।**

३. **मदर टेरेसा महान् समाजसेवी हुन् भन्ने कुरालाई प्रस्ट पार्नुहोस् ।**

४. **तपाईँका स्थानीय स्तरमा सामाजिक सङ्घसंस्था हुन सक्छन् । ती संस्थामा आबद्ध भई कसरी समाजसेवा गर्न सक्नुहुन्छ, किन ?**

# १ स्काउट र अनुशासन

**(नर्मदा कक्षा ८ मा पढ्ने इमानदार र जेहेनदार विद्यार्थी हुन् । उनी विद्यालयको स्काउटमा आबद्ध छिन् । उनी हरेक सामाजिक गतिविधिमा सहभागी भई क्षमताअनुसार सहयोग गर्छिन् । स्काउटमा संलग्न भई कार्य गरेको अनुभवलाई उनले यसरी स्मरण गरिन् ।)**

(बिजुली बत्ती बालेर घडी हेर्दै) ओहो ! आज कस्तो निद्रा नपरेको होला ! (कोल्टे फेर्दै) आधा रात बित्न लागिसक्यो । आज पहिरोमा परेकालाई उद्धार गर्न कति कठिन भएको नि । उद्धारपछि पहिरो पीडितहरू कति खुसी भएका थिए । मलाई पनि धेरै खुसी र आनन्द लाग्यो । (पानी पिउँदै) यसरी सहयोग गरेर खुसी दिँदा त आफू पनि पो खुसी बन्न सकिँदो रहेछ । भन्न त भन्छन्, खुसी बाँड्न सके बढ्छ रे । आज त्यस्तै अनुभव भयो । पहिला म अरूलाई सहयोग गर्ने काममा अगाडि बढ्न हिचकिचाउँथे । यस्तो सेवामूलक कार्यले त समूहमा काम गर्न सजिलो पो बनाउँदो रहेछ । अगिल्लो हप्ता वृक्षरोपण कार्यक्रममा सहभागी भएर बिरुवाहरू रोप्न पाउँदाको आनन्द छुट्टै थियो । अब ती बिरुवाहरू बढेपछि पक्कै पनि त्यहाँ पहिरो जाँदैन र जनजीवन सुरक्षित हुने छ । यस कार्यक्रमले मलाई भूसंरक्षण र प्राथमिक स्रोतको उपयोग गर्नुपर्छ भन्ने ज्ञान पो दियो । (निश्चिन्त हुँदै) साँच्चै स्काउटमा आबद्ध हुनु मेरो सही निर्णय नै रहेछ ।

बालदिवसका दिन बालबालिका शिक्षा कार्यक्रममा संलग्न भएर शिक्षाको महत्त्वबारे विचार राख्न पाउँदा मेरो आत्मविश्वास

**नेपाल स्काउटको उद्देश्य**

- *विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मान्यता र भावनासँग नेपालका बालबालिका तथा युवा वर्गलाई परिचित गराउँदै बालबालिका तथा युवा वर्गलाई जनसेवी बनाउने*
- *बालबालिका तथा युवा वर्गलाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान् तथा सुयोग्य नागरिक बनाउने*
- *दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिको उद्धार तथा सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने, गराउने*
- *सामुदायिक सेवा तथा जनहितसम्बन्धी कार्य गर्ने गराउने*
- *समाजका हरेक वर्ग तथा समूहलाई शिक्षित पार्न प्रौढ शिक्षालगायत विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने*
- *स्वास्थ्य, वातावरण, भूसंरक्षण तथा प्राकृतिक स्रोतको उपयोगसम्बन्धी विभिन्न जनउपयोगी कार्यक्रम सञ्चालन गर्ने युवा जनशक्ति परिचालन गर्ने, गराउने*

निक्कै बढेको थियो । भर्खरै सम्पन्न भएको स्वास्थ्य शिविरमा भिड व्यवस्थापन गर्न पाउँदा झनै आनन्द लागेको थियो । दूरदराजका बुढापाका, बालबालिका, अपाङ्गता भएकाले घरनजिकै सेवा पाउँदा उनीहरूको मुहारमा खुसी प्रस्टै देखिन्थ्यो । (मनमनै उत्साहित हुँदै) यो कामले त अझ बढी तन, मन र वचनले लागिरहन पो प्रेरित गरायो त । (घडी हेर्दै) सोच्दा सोच्दै रात पनि निक्कै पो गइसकेछ त ! जे होस् यस्ता सेवामूलक कार्यमा खटिँदा आत्मसन्तुष्टि मिल्दो रहेछ ।

स्काउटमा सम्मिलित नहुँदा त कहाँ म यस्तो थिएँ र ! अहिले समुदायमा आफ्नो कर्तव्य पूरा गर्न र अनुशासित भई सामुदायिक सेवामा पनि सहयोग गर्न सक्ने भएकी छु । अब त म एउटा कर्तव्यनिष्ठ र असल नागरिक पो बनेँ जस्तो लाग्दै छ । म यस्ता सेवामूलक कार्यमा जीवनभर लागिरहने छु । अझै कति मनभरि कुराहरू खेलाउनु ! अब त निदाउनुपर्ला ।

## क्रियाकलाप

१. **स्काउटको सङ्क्षिप्त परिचयसहित मुख्य मुख्य कार्यहरूका सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **दिइएको नेपाल स्काउटको नियम अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**स्काउटका नियमहरू**

*स्काउट विश्वासयोग्य हुन्छ ।*

*स्काउट भक्त हुन्छ ।*

*स्काउट उपयोगी र सहयोगी हुन्छ ।*

*स्काउट सबैको मित्र हुन्छ र परस्परमा भ्रातृत्व तथा भगिनीत्व कायम राख्छ ।*

*स्काउट विनम्र हुन्छ ।*

*स्काउट प्राणीप्रति दयालु हुन्छ ।*

*स्काउट अनुशासित र आज्ञाकारी हुन्छ ।*

*स्काउट बहादुर हुन्छ र सधैँ प्रसन्न हुन्छ ।*

*स्काउट मितव्ययी हुन्छ ।*

*स्काउट मन, वचन र कर्ममा पवित्र हुन्छ ।*

**प्रश्नहरू**

(क) स्काउट विनम्र हुन्छ किन भनिएको होला, आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

(ख) स्काउटको नियममा तपाईंले कुनै नियम थप गर्ने अवसर पाएमा कुन कुन नियम थप्नुहुन्छ र किन ?

(ग) माथि दिइएका नियम तपाईंले पालना गर्दा हुने फाइदा छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

१. **स्काउटका संस्थापक को हुन् ?**

२. **नेपाल स्काउटको स्थापना कहिले भएको हो ?**

३. **तपाईंको विद्यालयमा स्काउट छ कि छैन, छ भने कुन कुन क्रियाकलाप सञ्चालित छन्, उल्लेख गर्नुहोस् ।**

४. **स्काउटले चरित्र निर्माणमा कसरी सहयोग गर्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

एकाइ

३

# नागरिक चेतना, कर्तव्य र अधिकार

## सिकाइ उपलब्धि

१. संविधान र कानुन निर्माण प्रक्रियाको परिचय दिन

२. सङ्घीय सरकारको गठन प्रक्रिया र यसका कार्यहरू उल्लेख गर्न

३. नेपालका न्यायपालिकाको परिचय दिई यसका कार्यहरू वर्णन गर्न

४. विभेदको स्वरूप र समावेशीकरणको अवधारणा एवम् महत्त्व बताउन

५. लोकतान्त्रिक गणतन्त्रमा नागरिकको भूमिकाको पहिचान गर्न

६. सेवा प्रवाह र सुशासनमा राष्ट्रसेवकको भूमिका प्रस्ट पार्न

# १ संविधानको परिचय




संविधान देशको मूल कानुन हो । यसले राज्य सञ्चालन प्रक्रिया कस्तो हुने र कसरी शासन सञ्चालन गर्ने भन्ने विषय समेटेको हुन्छ । संविधानले राज्यको संरचना निर्धारण गर्छ । यसले सरकारको शक्ति र नागरिकको अधिकार तथा दायित्व निर्धारण गर्छ । जनताको हक तथा अधिकार सुरक्षित गर्छ । देशमा शान्ति, सुरक्षा कायम गर्न संविधानको आवश्यकता पर्छ । संविधानका आधारमा अन्य कानुन निर्माण हुन्छन् । संविधानसँग बाझिएको कानुन बाझिएको हदसम्म अमान्य वा बदर हुन्छ । त्यसैले संविधानलाई देशको मूल कानुन मानिएको हो ।

संविधान निर्माण गर्दा जनभावना र सहभागितालाई ध्यान दिनुपर्छ । जनभावनाको कदर गरी जनसहभागितामा संविधान निर्माण गर्दा जनताले संविधानको सम्मान तथा पालना गर्छन् । संविधानमा देशको भौगोलिक बनावट, जनसङ्ख्या, धर्म, संस्कृति, कला र परम्परालाई समेटिएको हुन्छ । जनभावनाको कदर गर्दै विश्वमा संविधान निर्माण हुने गरेका छन् । बेलायतमा अहिलेसम्म लिखित संविधान छैन । बेलायतमा परम्परादेखि चल्दै आएको संस्कार, परम्परा, नीति, नियम र व्यवहार निर्देशित संविधान कार्यान्वयनमा छ । अदालतका पुराना फैसला र निर्णयहरूका आधारमा नयाँ फैसला गर्ने प्रचलन छ । समय र परिस्थितिअनुसार उक्त नीति, नियम र व्यवहारहरू परिमार्जित र विकसित हुँदै गएका छन् । विश्वको पहिलो लिखित संविधान संयुक्त राज्य अमेरिकामा बनेको हो । नेपालमा वि.सं. २००४ मा पहिलो पटक संविधान बनेको थियो ।

सङ्घात्मक शासन प्रणाली भएको देशको संविधानमा सङ्घीय सरकार र प्रान्तीय सरकारका काम कर्तव्य र अधिकार संविधानमा नै व्यवस्था गरिएको हुन्छ । नेपाल, भारत, अमेरिकालगायतका देशमा सङ्घीय शासन व्यवस्था समेटिएको संविधान छ । चीन, श्रीलङ्का, भुटानलगायत देशमा एकात्मक शासन व्यवस्थासहितको संविधान छ । एकात्मक शासन व्यवस्थामा तल्लो निकायले केन्द्रीय सरकारले तोकेका वा निर्धारण गरेका अधिकार तथा जिम्मेवारीमा रहेर कार्य सम्पादन गर्नुपर्छ ।

विश्वमा संविधान विभिन्न प्रक्रियाबाट निर्माण भएको पाइन्छ । संविधानको निर्माण आयोग, समिति तथा संविधान सभाबाट गरिन्छ । नेपाल अधिराज्यको संविधान २०४७, संविधान सुधार सुझाव आयोग गठन गरी उक्त आयोगले तयार गरेको मसौदाका आधारमा जारी गरिएको थियो । संविधानसभाद्वारा निर्मित नेपालको संविधान वि.सं. २०७२ असोज ३ गते जारी भएको हो । यो संविधान जनताबाट निर्वाचित प्रतिनिधिले निर्माण गरेकाले जनताको चाहनाअनुसार निर्माण भएको मानिन्छ । संविधान सभामा सबै जाति, भाषा, धर्म, क्षेत्र, लिङ्गको प्रतिनिधित्व रहन्छ । यसले गर्दा संविधानप्रति सबैको अपनत्व कायम हुन्छ ।

संविधान संसोधन गर्ने व्यवस्था संविधानमा नै उल्लेख गरिएको हुन्छ । नेपालको संविधान संसोधन गर्न सङ्घीय संसदको दुबै सदन (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को कम्तीमा दुई तिहाइ बहुमतद्वारा पारित हुनुपर्छ । सङ्घीय संसद्बाट पारित भई राष्ट्रपतिले प्रमाणीकरण गरेपछि संविधान संशोधन हुन्छ ।

## क्रियाकलाप

**कक्षाकोठामा विभिन्न समूह निर्माण गर्नुहोस् । प्रत्येक समूहलाई संविधानको विभिन्न भागमा के कस्ता क्षेत्र समावेश गरिएको छ, समूहकार्य गरी चार्ट तयार गर्नुहोस् । तयार गरेका चार्ट कक्षाकोठाको भित्तामा टाँसी पालैपालो समूहमा अध्ययन गर्नुहोस् ।**

## अभ्यास

१. **संविधानको परिचय लेख्नुहोस् ।**

२. **'संविधान देशको मूल कानुन हो ।' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।**

३. **नेपालको संविधान कसरी कसरी निर्माण भएका थिए ?**

४. **'संविधान सभाबाट निर्माण गरिएको संविधानमा जनताको अपनत्व रहन्छ ।' प्रस्ट पार्नुहोस् ।**

५. **संविधानको पालना गर्नु हाम्रो कर्तव्य हो, किन ? आफ्ना विचारहरू राख्नुहोस् ।**

# २ सङ्घीय संसद्




देशको शासन व्यवस्था सुचारु रूपले सञ्चालन गर्नका लागि कानुनको आवश्यकता पर्छ । राष्ट्रका लागि आवश्यक पर्ने कानुन संसद्ले निर्माण गर्छ । संसद्ले निर्माण गरेको कानुनको परिधिमा रही राष्ट्रको शासन व्यवस्था सञ्चालन हुन्छ । नेपालको सङ्घीय कानुन निर्माण गर्नका लागि गठन गरिएको सभालाई सङ्घीय संसद् भनिन्छ । सङ्घीय संसदलाई सङ्घीय व्यवस्थापिका पनि भनिन्छ । नेपालको संविधानअनुसार सङ्घीय संसद् प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक रहेको छ ।

## (क) प्रतिनिधि सभाको गठन

प्रतिनिधि सभामा २७५ जना सदस्य हुन्छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम १६५ जना सदस्य निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणालीबमोजिम ११० जना सदस्य निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणालीमा राजनीतिक दललाई मतदान गरिन्छ । प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ । प्रतिनिधि सभामा सभामुख र उपसभामुख रहन्छन् । प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्छ । साथै सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधित्व गरेको हुनुपर्छ ।

## (ख) राष्ट्रिय सभाको गठन

राष्ट्रिय सभामा ५९ जना सदस्य रहन्छन् । प्रत्येक प्रदेशबाट आठ जनाको दरले छपन्न जना निर्वाचित हुन्छन् । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट तीन जना मनोनित हुन्छन् जसमा एक जना महिला अनिवार्य हुनुपर्छ । राष्ट्रिय सभा स्थायी सदन हो । राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुन्छ । प्रत्येक दुई वर्षमा एकतिहाइ सदस्यको कार्यकाल समाप्त हुन्छ । राष्ट्रिय सभामा अध्यक्ष र उपाध्यक्ष रहन्छन् । साथै अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने व्यवस्था छ ।

## (ग) कानुन निर्माण प्रक्रिया

कानुन निर्माण गर्नका लागि संसद्मा छलफलका लागि प्रस्तुत गरिने मसौदा कानुनलाई विधेयक भनिन्छ, जस्तै : शिक्षासम्बन्धी विधेयक, स्वास्थ्यसम्बन्धी विधेयक आदि । सङ्घीय संसद्को कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ । अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत हुन्छ । प्रतिनिधि सभा जननिर्वाचित संस्था भएकाले यसले जनभावनाअनुसार काम गर्छ । प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रस्तुत गरिएको विधेयकमाथि विधायकद्वारा छलफल गरिन्छ र बहुमतबाट पारित गरिन्छ । यसरी सङ्घीय संसद्को एउटा सदनले पारित गरेको विधेयक अर्को सदनमा पठाइन्छ । उक्त सदनले पारित गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिन्छ । राष्ट्रपतिसमक्ष पेस भएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने प्रावधान छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक कानुन बन्छ । अर्थ विधेयकबाहेक अन्य विधेयक पुनर्विचार गर्न आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा एक पटकलाई फिर्ता गर्न सक्ने प्रावधान संविधानमा छ । राष्ट्रपतिले फिर्ता गरेको खण्डमा दुबै सदनमा पुनः छलफल गरी राष्ट्रपति समक्ष पेस गरिन्छ । पुनः पेस भएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि उक्त विधेयक कानुन बन्छ ।

## (घ) सङ्घीय संसदका कार्यहरू

सङ्घीय संसद्का सदस्यहरू जनताबाट निर्वाचित संस्था भएकाले यसले जनभावनाअनुसार कार्य गर्छ । सङ्घीय संसद्ले गर्ने प्रमुख कार्यहरू निम्नानुसार छन् :

(क) सङ्घीय कानुनहरू निर्माण गर्छ ।

(ख) देशको वार्षिक बजेट पारित गर्छ ।

(ग) सरकारका काम कारबाहीको निगरानी र नियन्त्रण गर्छ ।

(घ) आवश्यक परेमा संविधान संशोधन गर्छ ।

(ङ) प्रतिनिधि सभाले प्रधानमन्त्रीको छनोट गर्छ ।

(च) सरकारले गरेका सन्धिसम्झौता अनुमोदन गर्छ ।

सङ्घीय संसद्ले उल्लिखित विभिन्न कार्य गरे तापनि सङ्घीय संसद्को प्रमुख कार्य कानुन निर्माण गर्नु हो । सङ्घीय संसद्ले कानुन निर्माण गर्दा जनताको इच्छा, चाहना र भावना समेटेको पाइन्छ ।

## क्रियाकलाप

१. **नेपालको संविधानअनुसार सङ्घीय संसद्को सदस्य हुनका लागि आवश्यक पर्ने योग्यता दिइएको छ । उक्त योग्यताको सम्बन्धमा समूहमा छलफल गरी अन्य कुनै योग्यता थप गर्नुपर्ने भए सुझाव दिनुहोस् ।**

**सङ्घीय संसद्को सदस्य हुन आवश्यक पर्ने योग्यता**

(क) नेपाली नागरिक हुनुपर्छ ।

(ख) प्रतिनिधि सभाका लागि २५ वर्ष पूरा भएको हुनुपर्छ ।

(ग) राष्ट्रिय सभाका लागि ३५ वर्ष पूरा भएको हुनुपर्छ ।

(घ) कुनै सङ्घीय कानुनले अयोग्य नभएको हुनुपर्छ ।

(ङ) कुनै लाभको पद धारण नगरेको हुनुपर्छ ।

(च) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको हुनुपर्छ ।

२. **नेपालको वर्तमान प्रतिनिधिसभाका सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षको नाम खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **कक्षाकोठालाई सङ्घीय संसद्को कुनै एउटा सदन मानी सङ्घीय संसद्बाट शिक्षासम्बन्धी कानुन निर्माण प्रक्रियाको भूमिका अभिनय गर्नुहोस् ।**

## अभ्यास

१. नेपालको सङ्घीय संसद्को गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

२. राष्ट्रिय सभा र प्रतिनिधि सभाको समानता र असमानताबिच तुलना गर्नुहोस् ।

३. सङ्घीय संसद्ले गर्ने कार्यहरूको सूची तयार गर्नुहोस् ।

४. सङ्घीय संसद्बाट कानुन बन्ने प्रक्रिया समावेश गरी संवाद तयार गर्नुहोस् ।

५. प्रतिनिधिसभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष छनोट गर्दा किन फरक लिङ्गको हुनुपर्ने व्यवस्था गरिएको होला, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

# ३ सङ्घीय सरकार



नेपालको संविधानअनुसार केन्द्रमा सङ्घीय सरकार, प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार रहने व्यवस्था छ । सङ्घीय सरकारले देशको सङ्घीय कानुन कार्यान्वयन गर्छ । सङ्घीय सरकारलाई सङ्घीय कार्यपालिका पनि भनिन्छ । यसलाई नेपाल सरकार वा मन्त्रीपरिषद्को नामले पनि चिनिन्छ । सङ्घीय सरकारले संविधान र कानुनको अधीनमा रही देशको शासन व्यवस्था सञ्चालन गर्छ ।

नेपालको संविधानको भाग ७ मा सङ्घीय सरकारसम्बन्धी व्यवस्था रहेको छ । नेपालको कार्यकारिणी अधिकार संविधान र कानुनबमोजिम सङ्घीय सरकारमा निहित रहन्छ । सङ्घीय सरकारले गरेका सम्पूर्ण काम नेपाल सरकारको नाममा हुन्छ ।

## सरकार गठन गर्ने विभिन्न आधारहरू

(क) प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्ति गर्ने व्यवस्था छ ।

(ख) यदि प्रतिनिधि सभामा कुनै दलको बहुमत (५० प्रतिशतभन्दा बढी) कम्तीमा १३८ सदस्य नभएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ ।

(ग) 'ख' अनुसारको सरकार बन्न नसकेमा वा सरकारले विश्वासको मत प्राप्त गर्न नसकेमा संसदको सबैभन्दा ठुलो संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुन सक्छन् ।

(घ) 'ग' अनुसारको सरकार गठन हुन नसकेमा संसदबाट बहुमत जुटाउन सक्ने जुनसुकै प्रतिनिधि सभा सदस्य प्रधानमन्त्रीमा नियुक्त हुन सक्छन् ।

जुनसुकै आधारबाट सरकार गठन भए पनि ३० दिनभित्र संसदबाट विश्वासको मत लिनुपर्ने हुन्छ । प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रीपरिषद् गठन हुन्छ । मन्त्रीपरिषद् समावेशी हुनुपर्छ । सङ्घीय सरकारमा प्रधानमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रीपरिषद् रहने व्यवस्था छ । मन्त्रीपरिषद्ले आफ्नो कामहरूलाई विभिन्न मन्त्रालय, आयोग र कार्यालयमार्फत व्यवस्थित गर्छ ।

सङ्घीय सरकारले देशको संविधान र कानुनको अधीनमा रहेर आफ्ना कार्य गर्छ । सङ्घीय सरकारले गर्ने प्रमुख कार्यहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) देशमा शान्ति सुरक्षा कायम गर्छ ।

(ख) दैनिक प्रशासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्छ ।

(ग) देशको वार्षिक बजेट तयार र कार्यान्वयन गर्छ ।

(घ) कूटनीतिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध व्यवस्थित गर्छ ।

(ङ) नेपाली सेनाको परिचालन तथा सेनासँग सम्बन्धित विविध कार्य गर्छ ।

(च) विकास निर्माणका ठुला ठुला परियोजना सञ्चालन गर्छ ।

(छ) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण गर्छ ।

(ज) अन्तर्राष्ट्रिय सन्धिसम्झौतासम्बन्धी कार्य गर्छ ।

## क्रियाकलाप

१. **तपाईँको समुदायमा कुनै विकास आयोजना सञ्चालनका लागि बजेट माग गर्दै सङ्घीय सरकारका मन्त्रीलाई पठाउने चिठीको नमुना तयार गर्नुहोस् ।**

२. **विभिन्न स्रोतबाट विवरण सङ्कलन गरी सङ्घीय सरकारअन्तर्गत मन्त्रालय र मन्त्रीको नाम खोजी तालिकामा देखाउनुहोस् ।**

| क्र.स. | पद | नाम |
|---|---|---|
| १. | प्रधानमन्त्री | |
| २. | उपप्रधानमन्त्री | |
| ३. | अर्थमन्त्री | |
| ४. | शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री | |
| ५. | स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री | |
| ६. | खेलकुदमन्त्री | |

## अभ्यास

१. सङ्घीय सरकार कसको नेतृत्वमा गठन हुन्छ ?

२. नेपालमा कति तहका सरकार छन्, तिनीहरू कुन कुन हुन् ?

३. नेपालको कार्यकारिणी अधिकार कसमा निहित हुन्छ ?

४. सङ्घीय सरकारको गठनका आधारहरू उल्लेख गर्नुहोस् ।

५. सङ्घीय सरकारका कार्यहरू जनमुखी हुनुपर्छ, आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

# ४ न्यायपालिका




आजको कक्षामा शिक्षकले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका केही तस्बिरहरू स्लाइडका माध्यमबाट देखाउँदै पाठको सुरुआत गर्नुभयो ।

### पहिलो स्लाइड

**न्यायपालिकाको परिचय**

(क) न्यायपालिका राज्यका तीन अङ्गमध्ये एक महत्त्वपूर्ण अङ्ग हो ।

(ख) यसले संविधान र कानुनको व्याख्या गर्छ । यसले कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई सजायसमेत दिन्छ ।

(ग) नेपालको संविधानको भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था छ ।

(घ) न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुनुपर्छ ।

(ङ) अन्याय परेको व्यक्तिलाई न्याय दिने र कानुनको रक्षा गर्ने राज्यको महत्त्वपूर्ण अङ्ग न्यायपालिका हो ।

(च) नेपालको संविधानअनुसार सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालत रहेका छन् ।

शिक्षकले न्यायपालिकाको परिचय सम्बन्धमा छलफलपश्चात् कक्षाकोठाका विद्यार्थीको विभिन्न समूह निर्माण गर्नुभयो । विद्यार्थीहरूलाई नेपालको संविधान र अन्य सन्दर्भ सामग्रीहरू दिनुभयो । विद्यार्थीका समूहले तयार गरेको समूहकार्य पालैपालो कक्षामा प्रस्तुत गरे । विद्यार्थीहरूले तयार गरेको समूहकार्यसँग सम्बन्धित प्रस्तुति दिइएको छ :

### समूह – क

#### सर्वोच्च अदालत

(क) सर्वोच्च अदालत सबैभन्दा माथिल्लो तहको अदालत हो । नेपालका सबै अदालत सर्वोच्च अदालतको मातहातमा रहन्छन् ।

(ख) सर्वोच्च अदालतबाट सम्पादित न्यायिक कारबाही र निर्णयहरू लिपिबद्ध गरी अभिलेख गरिने हुनाले यसलाई अभिलेख अदालत पनि भनिन्छ । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुन्छ ।

(ग) सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत वा न्यायिक निकायको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन्छ ।

(घ) सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीशहरू हुन्छन् ।

(ङ) संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा प्रधान न्यायाधीशको नियुक्ति हुन्छ ।

(च) न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुन्छ ।

(छ) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधान न्यायाधीश पदमा नियुक्तिका लागि योग्य हुन्छ ।

(ज) प्रधान न्यायाधीशको पदावधि छ वर्षको हुन्छ ।

### समूह – ख

#### उच्च अदालत

(क) प्रत्येक प्रदेशमा एउटा उच्च अदालत रहन्छ । नेपालको सातओटा प्रदेशमा एक एकओटा उच्च अदालत रहेका छन् ।

(ख) प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त कानुनमा व्यवस्था भएअनुसार न्यायाधीश रहन्छन् ।

(ग) न्याय परिषद्को सिफारिसमा उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति प्रधान न्यायाधीशबाट हुन्छ ।

(घ) जिल्ला अदालतको न्यायाधीश पदमा कम्तीमा ५ वर्ष काम गरेको व्यक्ति उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदमा नियुक्तिका लागि योग्य हुन्छ ।

(ङ) उच्च अदालतले मौलिक हकको संरक्षणका लागि आदेश जारी गर्छ ।

(च) उच्च अदालतले सङ्घीय कानुनबमोजिम मुद्दा हेर्ने र पुनरावेदन सुन्ने गर्छ ।

### समूह – ग

### जिल्ला अदालत

- नेपालको प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत हुन्छ ।
- स्थानीय स्तरका न्यायिक निकायहरू जिल्ला अदालतको मातहतमा रहन्छन् ।
- जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन्छ ।
- न्याय परिषद्को सिफारिसमा जिल्ला अदालतको न्यायाधीशको नियुक्ति प्रधान न्यायाधीशबाट हुन्छ ।
- स्थानीय स्तरका न्यायिक निकायले गरेका निर्णयको पुनरावेदन सुन्ने गर्छ ।

### समूह – घ

### न्यायपालिकाका कार्यहरू

(क) कानुनअनुसार नागरिकलाई न्याय प्रदान गर्ने

(ख) मुद्दाहरू फैसला गरी अपराधीलाई सजाय दिने

(ग) संविधान र कानुनको व्याख्या गर्ने

(घ) मौलिक हक र अधिकारको संरक्षण गर्ने

(ङ) कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई दण्ड सजाय दिने

(च) बन्दी प्रत्यक्षीकरण, परमादेशलगायतका आदेशहरू जारी गर्ने

(छ) संसद् र सरकारले परामर्श मागेको खण्डमा परामर्श दिने

(ज) आफू मातहतका अदालत तथा न्यायिक निकायको सुपरिवेक्षण गर्ने

## क्रियाकलाप

१. **कक्षाका विद्यार्थीको चारओटा समूह निर्माण गर्नुहोस् र निम्नानुसारको समूह कार्य गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :**

(क) सर्वोच्च अदालत

(ख) उच्च अदालत

(ग) जिल्ला अदालत

(घ) न्यायपालिकाका कार्यहरू

२. **न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भन्ने विषयमा दुई साथीबिचको संवादको नमुना तयार पार्नुहोस् ।**

## अभ्यास

१. **न्यायपालिका भनेको के हो ?**

२. **नेपालमा कति तहका अदालत छन्, प्रत्येकको परिचय दिनुहोस् ।**

३. **न्यायपालिकाले गर्ने प्रमुख कार्यहरूको सूची तयार गर्नुहोस् ।**

४. **न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष राख्न के के गर्नुपर्ला, सुझाव दिनुहोस् ।**

# ९ समावेशीकरण

**(कक्षाकोठामा समावेशीकरणसम्बन्धी विषयमा शिक्षक र विद्यार्थीबिच भएको छलफल)**

शिक्षक : आजको कक्षामा हामी नेपालमा रहेका भिन्न भिन्न प्रकारका जाति, भाषा, धर्म, वर्ग र लिङ्गका मानिसको समावेशिता सम्बन्धमा छलफल गर्छौं । हाम्रो छलफल अपाङ्गता, वर्गीय र विविध क्षेत्रका नागरिकलाई राज्यका हरेक क्षेत्रमा समावेश गराउन के कस्ता प्रयास भएका छन् भन्ने विषयका बारेमा पनि हुने छ ।

मधुकान्त : नेपाल कस्तो प्रकारको विविधता रहेको देश हो, सर ?

शिक्षक : नेपाल भौगोलिक, जातिगत, धार्मिक र भाषिक विविधता भएको देश हो । नेपालमा धरातलीय हिसाबले हिमाल, पहाड, तराई, भित्री मधेस, उपत्यकालगायतका भौगोलिक क्षेत्र छन् । यहाँ जातीय एवम् भाषिक विविधता पनि रहेको छ । यहाँ १४२ जातजातिका मानिस बसोबास गर्छन् । यहाँ नेपाली, मैथली, भोजपुरी, तामाङ, बज्जिका र नेवारीलगायत भाषा बोल्ने मानिस छन् । धार्मिक हिसाबले हिन्दु, बौद्ध, किरात, इस्लाम, इसाई जैनलगायत धर्म मान्ने मानिस छन् । यसरी नेपालमा विभिन्न जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्रलगायत सांस्कृतिक रूपमा विविधता छ ।

राकेश : यी विविधता बिचमा सबै नेपालीलाई कसरी समान अवसर सुनिश्चित गर्न सकिएला त, सर ।

शिक्षक : सबै जाति, वर्ण, धर्म, लिङ्ग, क्षेत्र वर्गका मानिसलाई समान रूपमा सहभागिता र अवसर सुनिश्चित गर्न समावेशीकरणको नीति र कार्यक्रम ल्याउनुपर्छ ।

रितिका : समावेशीकरण भनेको के हो, सर !

शिक्षक : सार्वजनिक निकाय र सरोकारका क्षेत्रमा एवम् सामाजिक गतिविधिमा समाजका सबै वर्ग, क्षेत्र, लिङ्ग, अपाङ्गतालगायतका विविध पक्षहरूलाई सहभागी गराउने तथा समेट्ने प्रक्रियालाई समावेशीकरण भनिन्छ ।

समाजमा विभिन्न कारणले पछि परेका वा वञ्चितीकरणमा परेका वर्ग एवम् समुदायलाई शासन व्यवस्था तथा विकासका कार्यमा सहभागी गराउने प्रक्रिया समावेशीकरण हो । उक्त अवसर सबै जाति, वर्ग, धर्म, लिङ्ग, क्षेत्र वा पृष्ठभूमिका नागरिकलाई उपलब्ध गराउनुपर्छ । राज्यले पछाडि परेका वर्ग र समुदायलाई मूल प्रवाहीकरण गर्न उपयुक्त नीति र कार्यक्रमहरू ल्याउनुपर्छ । सकारात्मक विभेदको प्रावधानलाई अझ प्रभावकारी बनाउनुपर्छ ।

युनिसा : सकारात्मक विभेद भनेको के हो, सर !

शिक्षकः आर्थिक, सामाजिक र राजनीतिक दृष्टिकोणले पछि परेका जाति, वर्ग, क्षेत्र र समुदायका लागि राज्यको तर्फबाट गरिने विशेष व्यवस्थालाई सकरात्मक विभेद भनिन्छ । नेपालको संविधान तथा कानुनले महिला, मधेसी, आदिवासी, जनजाति, दलित, मुस्लिम अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्रका लागि विशेष अवसर उपलब्ध गराएको छ ।

दिपेश : हाम्रो देशमा समावेशीकरणको आवश्यकता किन पर्छ, सर !

शिक्षक : ध्यान दिएर सुन्नुहोस्, शासन व्यवस्थामा सबैको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न, समानुपातिक विकासमा सहयोग गर्न, सामाजिक न्याय कायम गर्नका लागि समावेशीकरणको आवश्यकता पर्छ । राष्ट्रिय एकता र अखण्डता कायम गर्न तथा सामाजिक सद्भाव कायम गर्न पनि समावेशीकरणको आवश्यकता पर्छ ।

रितिका : समावेशीकरणसम्बन्धी विषयवस्तु यति नै हुन् कि अरू पनि छन्, सर !

शिक्षक : अरू पनि छन् नि, स्रोतसाधनको न्यायोचित वितरण गर्न, शासन प्रणालीमा सहभागितामार्फत आफ्नो स्वामित्व विस्तार गर्न र समृद्ध, शान्त एवम् न्यायपूर्ण राष्ट्र निर्माण गर्न पनि समावेशीकरणको आवश्यकता पर्छ ।

उषा : देशका हरेक क्षेत्रमा समावेशीकरण गर्न के के गर्नुपर्छ त, सर !

शिक्षक : राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । राज्यका हरेक तहमा पिछडिएका वर्गको स्थान सुरक्षित गर्नुपर्छ । विकास निर्माण कार्यमा सबैको सहभागिता सुनिश्चित गर्नुपर्छ । देशका हरेक क्षेत्रमा समावेशीकरण गर्न राजनैतिक स्थिरता कायम हुनुपर्छ ।

मधुकान्त : समावेशीकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारलगायतका क्षेत्रमा अवसर वृद्धि गर्नु पनि त पर्छ होला ? हैन र सर ।

शिक्षक : हो, तपाईँले ठिक भन्नुभयो । त्यसैगरी सबै नागरिकलाई सामाजिक न्यायको अनुभूति दिलाउनुपर्छ । असक्त र अपाङ्गता भएका व्यक्तिका लागि विशेष अवसर प्रदान गर्नुपर्छ । धार्मिक र सांस्कृतिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्नुपर्छ ।

युनिसा : सर, हाम्रो देशको संविधानमा राज्यलाई समावेशी बनाउन के कस्ता प्रावधान राखिएको छ त ?

शिक्षक : नेपालको संविधान समावेशी किसिमको छ । संविधानको धारा ३ मा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता भएको राष्ट्रका रूपमा परिभाषित गरिएको छ । महिलाको हकको व्यवस्था गरिएको छ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था गरिएको छ । दलितसम्बन्धी हकको व्यवस्था पनि संविधानमा छ । त्यस्तै विभिन्न संवैधानिक आयोग, जस्तै : मधेशी, थारू, समावेशी आयोगको व्यवस्था गरिएको छ । महिला, जनजाति, मधेसी, दलित, पिछडिएका क्षेत्र, अपाङ्गता भएका व्यक्तिका लागि आरक्षणको व्यवस्था गरिएको छ ।

रितिका : नेपालमा बोलिने सबै मातृभाषालाई पनि राष्ट्र भाषा भनिएको छ, हैन त सर ?

शिक्षक : हो, तपाईँले ठिक भन्नुभयो, नेपालको संविधानको धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषा भनिएबाट पनि नेपालमा समावेशितालाई महत्त्व दिएको प्रस्ट हुन्छ ।

## क्रियाकलाप

१. **नेपालको संविधानमा समावेशीकरणका लागि भएका व्यवस्थाहरू खोजी गरी समूहगत रूपमा कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा सञ्चालन हुने विभिन्न गतिविधिहरूमा समावेशिताको अवस्था कस्तो छ, सोधखोज गरी विवरण सङ्कलन गर्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. समावेशीकरण भनेको के हो ?

२. राज्यका हरेक क्षेत्रलाई समावेशी बनाउन के के उपायहरू अपनाउनुपर्छ, उल्लेख गर्नुहोस् ।

३. समावेशीकरणको आवश्यकता पर्नुका कारणहरू उल्लेख गर्नुहोस् ।

४. सकारात्मक विभेद भन्नाले के बुझिन्छ ?

५. विभिन्न जाति र समुदायको भाषिक तथा धार्मिक पहिचानलाई सम्मान गर्न नेपालको संविधानमा के कस्तो व्यवस्था रहेको छ, उल्लेख गर्नुहोस् ।

६. 'समावेशिताले सबै वर्ग, जातजाति, धर्म, क्षेत्र, लिङ्गका व्यक्तिको आफ्नो पहिचान र सम्मान कायम हुन्छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

# ६ लोकतान्त्रिक गणतन्त्र

**(गणतन्त्र दिवसको अवसरमा आयोजित विचार गोष्ठीमा लोकतान्त्रिक गणतन्त्रका बारेमा वक्ताहरूले राखेको विचार यसप्रकार छन् ।)**

**पहिलो वक्ता :** राजनीतिशास्त्री भावना पोखरेल

सभाका सभाध्यक्षज्यू,

प्रमुख अतिथि तथा अतिथि गण र उपस्थित सम्पूर्ण महानुभावहरू

गणतन्त्र दिवसको अवसर पारेर आयोजना गरिएको यस विचार गोष्ठीमा मलाई पनि वक्ताका रूपमा आमन्त्रण गरी आफ्नो विचार राख्ने अवसर दिनुभएकामा आयोजक प्रति धन्यवाद दिन्छु । सबैभन्दा पहिला लोकतान्त्रिक गणतन्त्रका विषयमा आफ्नो विचार प्रस्तुत गर्दै छु । लोकतन्त्र संसारको सबैभन्दा उत्कृष्ट शासन व्यवस्था मानिन्छ ।

लोकतान्त्रिक गणतन्त्रमा जनताले आफूले छानेका प्रतिनिधिहरूले शासन गर्छन् । उनीहरूले जनभावनाअनुसार शासन गर्छन् । लोकतन्त्र जनतामा आधारित शासन प्रणाली पनि हो । यस व्यवस्थामा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सरकार हुन्छ । उक्त सरकार जनताप्रति उत्तरदायी हुन्छ । जनताबाट निर्वाचित प्रतिनिधिहरू आम जनताको अपेक्षा पूरा गर्ने दिशामा सक्रिय हुन्छन् । यस व्यवस्थामा कानुनी शासनको अपेक्षा गरिन्छ । कानुन सर्वोपरि हुने भएकाले सबैले संविधान र कानुनको अधीनमा गरी आफ्नो अधिकार र कर्तव्य पूरा गर्नुपर्छ । संविधानद्वारा जनताका मौलिक हकको व्यवस्था गरिएको हुन्छ । उक्त मौलिक हक उल्लङ्घन भएमा त्यसको संरक्षण गर्ने व्यवस्था पनि संविधानमा नै रहेको हुन्छ । लोकतन्त्रमा फरक विचारको सम्मान गरिन्छ । लोकतान्त्रिक गणतन्त्रमा जनताबाट निर्वाचित व्यक्ति राष्ट्र प्रमुख हुन्छन् । राष्ट्र प्रमुख जनताले वा जनताका प्रतिनिधिहरूको मतदानबाट चुनिन्छन् । नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । यहाँ वि.सं. २०६५ जेष्ठ १५ गते गणतन्त्र घोषणा भएको हो ।

**वक्ता :** राजनीतिक विश्लेषक चेतन मिश्र

यस सभाका सभाध्यक्ष महोदय, अतिथि गण तथा उपस्थित महानुभावहरू,

आजको यस कार्यक्रममा मलाई वक्ताका रूपमा आफ्नो विचार राख्ने अवसर दिनुभएकामा आयोजकप्रति धन्यवाद प्रकट गर्छु । पूर्व वक्ता मित्रले लोकतन्त्रान्त्रिक गणतन्त्रको सैद्धान्तिक विषयलाई समेटेर आफ्नो विचार राख्नुभयो । म लोकतान्त्रिक गणतन्त्रका व्यावहारिक पक्षमा आफ्नो धारणा राख्दै छु ।

अब्राहम लिङ्कनले भनेका छन् "लोकतन्त्र जनताले जनताका लागि जनताद्वारा गरिने शासन हो ।"

त्यसैले लोकतन्त्रमा जनताको सर्वोपरि हितलाई ध्यानमा राखी शासन सञ्चालन गर्नुपर्छ । लोकतान्त्रिक शासन व्यवस्थालाई मजबुत बनाउनका लागि विभिन्न जातजाति, भाषा, धर्म संस्कृति र परम्परा भएका मानिसलाई पनि शासन प्रणालीमा संलग्न भएको अनुभूति हुनुपर्छ । लोकतान्त्रिक संस्कार र लोकतन्त्र संस्थागत गर्न नागरिक समाजलाई जागरुक बनाउनुपर्छ । नागरिक शिक्षा एवम् चेतनाका माध्यमबाट आम नागरिकलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराउनुपर्छ । नागरिकले आफ्नो जिम्मेवारी एवम् कर्तव्य पूरा गर्नुका साथै अधिकारको खोजी गर्नुपर्छ । नागरिकले निर्वाचन प्रक्रियालाई स्वतन्त्र र निष्पक्ष बनाउन सहयोग पुऱ्याउनुपर्छ । योग्य र सक्षम व्यक्तिलाई मतदान गरी प्रतिनिधिका रूपमा छनोट गर्नुपर्छ । आधारभूत मानव अधिकारको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुपर्छ । सबैले आफ्नो विचार राख्ने र फरक विचारलाई सम्मान गर्दै स्वस्थ तरिकाले आलोचना गर्ने वातावरणमा सहयोग पुऱ्याउनुपर्छ । देशमा सुशासन र कानुनी शासनका लागि आवश्यक सहयोग र सचेतना वृद्धि गर्नुपर्छ । लोकतान्त्रिक गणनन्त्रमा जनताको भूमिका महत्त्वपूर्ण हुने भएकाले उपयुक्त जनप्रतिनिधि छनोट गर्ने, राज्यका हरेक निकायमा सबैको प्रतिनिधित्व सुनिश्चित गर्ने र सुशासन कायम गर्नका लागि सशक्त भूमिका निर्वाह गर्नुपर्छ । मैले भनेका कुरालाई यहाँहरूले व्यवहारमा समेत आत्मसात् गर्नुभयो भने लोकतान्त्रिक गणतन्त्र सुदृढ हुने कुरामा सबै विश्वस्त हुन सक्छौ भन्दै मेरा भनाइ यही टुङ्ग्याउँछु । हवस् त धन्यवाद ।

## क्रियाकलाप

१. लोकतान्त्रिक गणतन्त्रमा नागरिकले निर्वाह गर्नुपर्ने भूमिका समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. शिक्षक तथा अभिभावकको सहयोगमा नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको पृष्ठभूमि खोजी गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. लोकतान्त्रिक गणतन्त्र भन्नाले के बुझिन्छ ?

२. नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना कहिले भएको हो ?

३. लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले कस्तो भूमिका निर्वाह गर्नुपर्छ, उल्लेख गर्नुहोस् ।

४. लोकतान्त्रिक शासनलाई किन जनताले, जनताद्वारा, जनताका लागि गरिने शासन भनिएको होला, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

# ७ सुशासन




सुशासन जनताको हितमा समर्पित र जनताप्रति उत्तरदायी शासन हो । असल, उत्कृष्ट र जनअपेक्षाअनुसारको विधिको शासन सुशासन हो । उत्तरदायी शासन र पारदर्शी कार्यपद्धति लागु हुने अवस्थामा सुशासन स्थापना हुन्छ । सुशासनको अवधारणा सन् १९९० को दशकबाट बढी प्रयोगमा आउन थालेको हो ।

सुशासनले कानुनी राज्यको पालना र विधिको शासनको स्थापना गर्न मदत गर्छ । भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँछ । सार्वजनिक सेवामाथि नागरिकको अधिकार सुनिश्चित गर्छ । साधनस्रोतको न्यायोचित वितरणमा मदत पुग्छ । विकास निर्माण कार्यमा जनसहभागिता वृद्धि हुन्छ । नागरिकलाई निष्पक्ष र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सहयोग पुऱ्याउँछ ।

देशमा सार्वजनिक सेवा उपलब्ध गराउने प्रमुख दायित्व सरकारको हुन्छ । सरकारले जनतालाई उपलब्ध गराउने वस्तु तथा सुविधालाई सेवा प्रवाह भनिन्छ । राज्यबाट नागरिकलाई विकासका पूर्वाधार, शान्ति सुरक्षा, वस्तु तथा सेवाको आपूर्ति, मानवीय विकास तथा कल्याणकारी सेवा उपलब्ध हुन्छन् । सार्वजनिक सेवा प्रवाह गर्दा सेवाग्राहीको आवश्यकता र चाहनाअनुरूप सरकारले कार्य गर्नुपर्छ । सेवा प्रवाह प्रणालीलाई छिटो छरितो बनाउनुपर्छ । सार्वजनिक सेवा प्रवाहमा जनसहभागिता अभिवृद्धि गर्नुपर्छ ।

सेवा उपभोगमा सेवाग्राहीलाई प्रयाप्त रूपमा छनोटको अवसर दिनुपर्छ । सेवा प्रवाह गुणस्तरीय हुनुको साथै जनताको पहुँच हुनुपर्छ । सार्वजनिक सेवा प्रवाह सामाजिक न्यायमा आधारित हुनुपर्छ । देशमा सुशासन र सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीको महत्त्वपूर्ण भूमिका रहन्छ । राष्ट्रसेवक कर्मचारीले प्रचलित मूल्य, मान्यता र संस्कृतिअनुसार सेवाग्राहीसँग शिष्ट व्यवहार गर्नुपर्छ । आफ्नो कार्यालयले प्रदान गर्ने सेवासँग सम्बन्धित पक्ष समावेश

गरेर नागरिक वडापत्र राख्नुपर्छ । आफूले सम्पादन गर्नुपर्ने कार्यहरू छिटोछरितो ढङ्गले सम्पादन गर्नुपर्छ । आफूलाई सेवाग्राहीको सेवकका रूपमा लिई सेवा प्रदान गर्नुपर्छ । सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गले अधिकतम सदुपयोग हुने गरी प्रयोग गर्नुपर्छ । सेवा प्रदान गर्दा सेवाग्राहीसँग कुनै उपहार, चन्दा वा आर्थिक लेनदेन गर्नुहुँदैन । सेवाग्राहीका कुनै काम गर्न नसकिने अवस्था भएमा स्पष्ट जानकारी गराउनुपर्छ साथै त्यसको जानकारी माथिल्लो निकायमा पनि पठाउनुपर्छ ।

## क्रियाकलाप

१. **तल दिइएको घटना अध्ययन गरी कक्षामा छलफल गर्नुहोस् :**

शेखर र विजया छिमेकी हुन् । उनीहरू दुबै जना सरकारी कर्मचारी हुन् । दुबै जनाको कार्यालयमा दैनिकजसो सेवाग्राहीको भिडभाड हुन्छ । शेखर आफ्नो कार्यालयमा आउने सेवाग्राहीसँग शिष्ट र नम्र व्यवहार गर्छन् । उनी आफूलाई जनताको सेवकका रूपमा लिन्छन् । उनी जतिखेर पनि कार्यालयको काममा व्यस्त हुन्छन् । उनी सेवाग्राहीहरूको काम छिटो छिटो गरेर पठाउँछन् । कार्यालयको स्रोतसाधनको प्रयोग गर्दा मितव्ययी ढङ्गले गर्छन् । कुनै काम त्यस दिन नहुने रहेछ भने पनि उक्त काम नहुनाको कारण स्पष्टसँग बताउँछन् । उनले गरेका सम्पूर्ण काम पारदर्शी हुन्छन् । असल सेवा प्रवाहका कारण यस वर्ष उनी उत्कृष्ट कर्मचारीका रूपमा पुरस्कृत भए । त्यसै गरी विजया पनि सोही कार्यालयकी कर्मचारी हुन् । उनी सेवाग्राहीसँग आफूलाई ठुलो मान्छे ठानेर कहिल्यै व्यवहार गर्दिनन् । उनी आफ्नो जिम्माको काम समयमा नै पूरा गर्छिन् । सेवाग्राहीको आजै हुने काम आजै सक्छिन् । भोलि वा पर्सि आउनुहोस् भनेर सेवाग्राहीलाई दुःख दिने काम गर्दिनन् । आर्थिक पारदर्शिता र सदाचारलाई उनले आफ्नो जीवनको मुख्य आदर्श बनाएकी छन् । त्यसैले उनी सफल, इमानदार र स्वच्छ कर्मचारीका रूपमा आफ्नो पहिचान बनाउन सफल भएकी छन् । मानिसको जीवनको सबैभन्दा ठुलो सम्पति इज्जत, इमानदार र सदाचार जीवनशैली अपनाउन सकेकामा उनी गर्व गर्छिन् ।

(क) तपाईंलाई शेखर र विजयाको व्यवहार कस्तो लाग्यो, कक्षामा छलफल गरी लेख्नुहोस् ।

(ख) शेखरले सेवाग्राहीसँग कस्तो व्यवहार गर्थे, कक्षामा छलफल गर्नुहोस् ।

(ग) शेखर र विजयमा सुशासनका कुन कुन गुण र व्यवहार छन्, तालिका बनाई देखाउनुहोस् ।

२. **दिइएको सूचनाको हकसँग सम्बन्धित विषयवस्तु अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको कुनै काम, कागजात तथा अभिलेखका बारेमा अध्ययन वा अवलोकन वा जानकारी प्राप्त गर्न पाइन्छ । डकुमेन्ट वा रेकर्डको टिपोट लिने, प्रमाणित प्रतिलिपि लिने, कुनै वस्तु वा सामानको प्रमाणित नमुना लिन पनि पाइन्छ। पेनड्राइभ, भिडियो क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक रूपमा वा मुद्रणमार्फत पनि सूचना प्राप्त गर्न सकिन्छ। कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचनासम्बन्धी सूचना माग्ने र पाउने अधिकार सूचनाको हक हो। नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने प्रकृतिका सूचना तथा अपराधको अनुसन्धानमा प्रत्यक्ष असर पार्ने सूचना माग गर्न पाइँदैन। विभिन्न जातजाति वा सम्प्रदायबिचको सुसम्बन्धमा असर पार्ने सूचना र व्यक्तिको जिउज्यान, सम्पत्ति, स्वास्थ्य र सुरक्षामा खतरा पुऱ्याउने सूचना पनि सूचनाको हकअर्न्तगत पर्दैनन्। नेपालको संविधानको धारा २७ मा मौलिक हकका रूपमा राखिएको सूचनाको हकअनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ। तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन।

लोकतान्त्रिक गणतन्त्रमा सूचनाको हकको महत्त्व धेरै हुन्छ। सूचनाको हकका माध्यमबाट सार्वजनिक निर्णय प्रक्रिया र निर्णयलाई प्रभावकारी बनाउन सहयोग पुग्छ। अधिकार दुरुपयोग, आर्थिक अनियमितता र अनुशासनहीनतामा कमी ल्याउँछ। सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुका साथै शासन प्रणालीमा जनताको सहभागिता वृद्धि हुन्छ।

सूचना प्रदान गर्न प्रत्येक कार्यालयले त्यहाँबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्ने प्रक्रियाको विवरण झल्किने नागरिक बडापत्र तयार पारी सबैले देख्ने र बुझ्ने गरी कार्यालय हातामा राख्नुपर्छ। सो बडापत्रमा प्रदान गरिने सेवा, शाखा जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि स्पष्ट उल्लेख गर्नुपर्छ।

साथै सार्वजनिक नियकाले सो कार्यालयको सूचना प्रदान गर्न सूचना अधिकारीको व्यवस्था गरी सूचना अधिकारीको फोटोसहितको नाम र सम्पर्क नम्बर कार्यालयमा सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्छ । नेपालमा सूचनाको हकको प्रवर्धन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ कार्यान्यनमा रहेको छ ।

सार्वजनिक निकायबाट सूचना प्राप्त गर्न विभिन्न प्रक्रिया अवलम्बन गर्नुपर्छ । सार्वजनिक निकायबाट सूचना चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्छ । निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल सूचना उपलब्ध गराउनुपर्छ । तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहित निवेदकलाई जानकारी गराउनुपर्छ । तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र उपलब्ध गराउनुपर्छ । कुनै व्यक्तिको जिउज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबिस घण्टाभित्र सूचना अधिकारीले निवेदकलाई उपलब्ध गराउनुपर्छ । नेपालमा सूचनाको हकको संरक्षण, संवर्धन र प्रचलन गर्ने कामका लागि राष्ट्रिय सूचना आयोगको व्यवस्था गरिएको छ । कसैले कानुनबमोजिम सूचना प्राप्त गर्न नसकेमा वा कुनै कार्यालय वा अधिकारीले सूचना दिन नमानेमा वा आनाकानी गरेमा सूचना आयोगमा उजुरी गर्न सकिन्छ । आयोगले सम्बन्धित उजुरीउपर छानबिन गरी हक दिलाउँछ । सूचनाको हकका बारेमा थप जानकारी लिन राष्ट्रिय सूचना आयोगको तल दिइएको इमेल तथा फोन नम्बरमा सम्पर्क गर्न सकिन्छ ।

वेबसाइट www.nic.gov.np

email: info@nic.gov.np

अडियो सूचना बोर्डः १६१८०७०७८२४२

फोन न. ०१–४४९६५४५

**प्रश्नहरू**

(क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ अध्ययन गरी उक्त ऐनमा भएका प्रमुख प्रावधान कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) सूचनाको हक भनेको के हो ?

(ग) नेपालको संविधानको मौलिक हकमा सूचनाको हकसम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?

(घ) सूचनाको हकको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) कस्ता खालका सूचना सार्वजनिक गर्न जरुरी छैन, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. सुशासन भनेको के हो ?**

**२. सेवा प्रवाह भन्नाले के बुझिन्छ ?**

**३. देशमा सुशासनको आवश्यकता किन पर्छ ?**

**४. सेवा प्रवाह गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ, उल्लेख गर्नुहोस् ।**

**५. "सुशासन र सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीको भूमिका महत्त्वपूर्ण हुन्छ" पुष्टि गर्नुहोस् ।**

एकाइ
४

# सामाजिक समस्या र विकृतिहरू

## सिकाइ उपलब्धि

१. विभिन्न सामाजिक विकृति र समस्याको पहिचान गर्न

२. सामाजिक समस्या समाधानका उपायहरू पत्ता लगाउन

३. सामाजिक समस्या समाधानमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको भूमिका उल्लेख गर्न

४. समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायहरू खोजी गरी त्यसको व्यावहारिक अभ्यास गर्न

# १ सामाजिक विकृति अन्त्य गरौँ

## सामाजिक विकृति सम्बन्धमा तल दिइएको घटनाको अध्ययन गरौँ र छलफल गरौँ :

### घटना १

सीता र रमिता एउटै समुदायमा बस्ने मिल्ने साथी थिए । सीता र उनका श्रीमान्‌ले आफ्नै घरमा सानो खुद्रा पसल राखेका छन् भने रमिताका श्रीमान् निजी कम्पनीमा काम गर्छन् । उनीहरू मिल्ने साथी भए तापनि बानी व्यवहार भने फरक थियो । सीतालाई अरूको देखासिकी गर्न मन पर्दैनथ्यो । उनी आफ्नो हैसियतभन्दा बढी खर्च गर्दिनथिन् । उनी अत्यावश्यक वस्तुमा मात्र खर्च गर्थिन् । फजुल खर्चले समस्यामा परेका छिमेकीको गुनासोले उनलाई सचेत बनाएको थियो । त्यही कारण उनीहरूले सानो व्यवसायबाट कमाएको पैसाले जमिन जोड्न सफल भएका थिए । छोराछोरीले पनि राम्रो शिक्षादीक्षा र असल बानी व्यवहार सिकेका छन् ।

रमिता भने खर्चालु स्वभावकी थिइन् । उनलाई आफन्त र साथीभाइहरूसँग सापटी लिएर भए पनि घुम्ने, बजारमा फेसनका रूपमा चलेका लुगा लगाउने गर्नुपर्थ्यो । आफ्ना र छोराछोरीको जन्मदिन र अन्य चाडपर्वमा पनि प्रशस्त खर्च गरेर रमाइलो गर्ने गर्थिन् । घरमा विलासिताका सामान जोड्न सौखिन थिइन् । अरूसँग अहिले रमाइलो नगरे कहिले गर्ने त भन्ने गर्थिन् । त्यसैले उनलाई श्रीमान्‌ले घर व्यवहारका लागि दिएको पैसाले कहिल्यै पुग्दैनथ्यो । उनलाई श्रीमान्‌ले फजुल खर्च नगर्न धेरैचोटि सम्झाए । साथी सीताले पनि उनलाई बारम्बार सम्झाउँने गर्थिन् । तर पनि उनको बानी व्यवहारमा सुधार आएन् । खर्चकै विषयलाई लिएर रमिता र उनका श्रीमान्‌बिच घरझगडासमेत हुने गर्थ्यो ।

घरझगडाले गर्दा कम्पनीका काममा उनका श्रीमान् नियमित हुन सकेनन् । कम्पनीको काममा असर पर्न थालेपछि उनलाई कम्पनीले जागिरबाट निकालिदियो । भन्नेबित्तिकै उनले अन्यत्र नोकरी पाउन सकेनन् । आम्दानीको स्रोत केही पनि नहुँदा अहिले उनीहरूलाई घर खर्च चलाउन र छोराछोरीलाई पढाउनसमेत धेरै समस्या परेको छ । रमिताले यस्तो दिन आउला भन्ने कहिल्यै सोचेकी थिइनन् । श्रीमान्‌को नोकरी भएका वेलामा फजुल खर्च नगरेर केही बचत गरेको भए पनि अहिलेलाई काम लाग्थ्यो भन्ने सम्झिन्छिन् । पहिले लिएको ऋणसमेत तिर्न बाँकी नै छ । उनी आफ्नो विगतको फजुल खर्च गर्ने बानी व्यवहार सम्झेर पछुतो मानिरहन्छिन् ।

## घटना २



डाँडागाउँमा विवाहको चहलपहल निकै थियो । केटा पक्ष गाउँ समाजमा नाम चलेको परिवार भएकाले विवाह धुमधामका साथ हुन्छ र प्रशस्त दाइजो ल्याउँछन् होला भनी गाउँमा चर्चा थियो । तर केटा पक्ष गाउँलेले सोचेभन्दा ठिक विपरीत थोरै जन्ती लिएर बेहुली लिन गए । उनीहरू विनादाइजो बेहुली लिएर आए । गाउँलेहरू आश्चर्य चकित भए । नगदमा दाइजो ल्याएका होलान् भन्ने अड्कल गाउँलेको थियो । विवाहको भोलिपल्ट भएको भोज कार्यक्रममा उनीहरूको त्यो अड्कल गलत साबित भयो ।

भोजको समयमा बेहुलाका बुबाले माइकबाट सम्बोधन गर्दै आफ्ना कुरा राखे । 'हामी समाजमा इज्जत र प्रतिष्ठाका लागि भए पनि विवाहमा दाइजो माग्नुपर्छ भन्ने सोचमा थियौँ । तर हाम्रो छोराले हामीलाई दाइजो लिनु र माग्नु अपराध हो भनी सम्झाए । उनले दाइजोभन्दा शिक्षा हासिल गरेकी केटीसँग विवाह गर्नाले जीवनमा खुसियाली आउन सक्ने कुरा बताए । आफू दाइजो लिएर विवाह नगर्ने पक्षमा रहेको जानकारी गराए । उनका कुरा हाम्रो परिवारलाई उचित लाग्यो । वास्तवमा दाइजो प्रथाले समाजमा धेरै समस्या र विकृति सिर्जना गरेको छ । विवाहमा छोरीलाई दाइजो दिनुपर्ने चलनले कति परिवारमा समस्या सिर्जना भएको छ । बेहुलाले मागेजति दाइजो दिन नसक्दा विवाहपश्चात् बेहुलीलाई विभिन्न प्रकारका हिंसा हुने गरेका घटनाहरू हामीले देखे सुनेका छौँ । कतिपय चेलीले त हिंसा, अपमान र बेइज्जती सहन नसकी मर्नुपरेका घटना पनि सुन्ने गरेका छौँ । त्यसैले दाइजो लिनु र दिनु दुबै सामाजिक विकृति हुन् । त्यसैले यहाँहरू सबैलाई मेरो अनुरोध छ । आजैदेखि हाम्रो समाजमा दाइजो लिने र दिने दुबै काम नगरौँ । कसैले यस्तो काम गरेमा सामाजिक बहिष्कार गरौँ । छोरीलाई दाइजो होइन शिक्षादीक्षा दिऔँ ।' सबै गाउँलेहरू उनका कुराबाट प्रभावित भएर खुसी व्यक्त गर्दै ताली बजाए ।

## क्रियाकलाप

१. देखासिकी र फजुल खर्चले समाजमा पारेको नकारात्मक प्रभाव समेटी कुनै दैनिक पत्रिकाका लागि लेख तयार गर्नुहोस् ।

२. छोरीको विवाहमा केटा पक्षले मागेजति दाइजो दिने तयारीमा रहेका तपाइँका छिमेकीलाई भेट्दा तपाइँ के सुझाव दिनुहुन्छ, जोडी जोडीमा छलफल गरी लेख्नुहोस् ।

३. दाइजो प्रथा, फजुल खर्च र देखासिकी नियन्त्रणका लागि भएका प्रयासहरूसँग सम्बन्धित समाचार सङ्कलन गरी कक्षामा बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

## अभ्यास

१. सीता र रमितामध्ये तपाइँलाई कसको बानी व्यवहार मन पऱ्यो, किन ?

२. फजुल खर्च गर्ने तपाइँका साथीलाई के सल्लाह दिनुहुन्छ ?

३. दाइजो लिनु दिनु राम्रो कार्य होइन, किन ?

४. पछिल्लो समयमा देखासिकीका कारण चाडपर्व बढी तडक भडक र भड्किला देखिन्छन्, यस्तो अवस्थालाई नियन्त्रणका लागि के गर्नुपर्ला, आफ्नो विचार लेख्नुहोस् ।

५. दाइजो विरुद्ध सचेतना जगाउने पोस्टर तयार पार्नुहोस् ।

६. फजुल खर्च नियन्त्रण गर्ने उपाय समेटिएका नारा तयार पारी कक्षामा सुनाउनुहोस् ।

## सामुदायिक कार्य

समुदायका विभिन्न स्थानमा सामाजिक समस्या र विकृति विरुद्ध सचेतना जगाउने नारा तयार पारी टाँस्नुहोस् ।

# २ सामाजिक समस्या

## (क) बौद्धिक पलायन

नेपालमा बौद्धिक पलायन सामाजिक समस्याका रूपमा बढ्दै गएको छ । नेपालबाट उच्च शिक्षा र रोजगारीका लागि बौद्धिक जनशक्ति विकसित देशमा जाने प्रचलन बढ्दै गएको छ । त्यहाँ शिक्षा, सिप र दक्षता हासिल गरिसकेपछि उनीहरू विकसित देशमा नै रोजगारी र बसोबास गर्ने प्रवृत्ति बढ्दो छ । देशमा कार्यरत कतिपय जनशक्ति पनि थप अवसरको खोजीमा विदेशिने प्रवृत्तिले बौद्धिक पलायन भई सामाजिक समस्या सिर्जना गरेको छ । यसबाट राज्यको लगानी खेर जाने, देशमा दक्ष जनशक्तिको अभाव हुने र उच्च शिक्षाका लागि ठुलो रकम बिदेसिने कारण देश विकासमा बाधा पर्न जान्छ । बौद्धिक पलायनका कारण देशले ठुलो नोक्सानी बेहोर्न बाध्य हुन्छ । बौद्धिक पलायनका कारण महत्त्वपूर्ण सिप र उच्च दक्षता भएका मानिस, जस्तै : डाक्टर, इन्जिनियर, वैज्ञानिक, अनुसन्धानकर्ता, अर्थशास्त्री र तथ्याङ्कशास्त्रीहरूको अभावमा राज्य विकासका उचित योजना तर्जुमा हुन सक्दैनन् । विकसित देशले कम विकसित देशबाट भइरहेको बौद्धिक पलायनको फाइदा लिएर उनीहरू झन् विकसित हुने र कम विकसित देश विकासमा पछि पर्ने हुन्छ ।

राज्यले बौद्धिक पलायनलाई न्यूनीकरण गर्न शिक्षालाई सिप/प्रविधिसँग, प्रविधिलाई विकाससँग र विकासलाई रोजगारीसँग जोड्न सक्ने शिक्षामा जोड दिनुपर्छ । विकसित देशमा विदेशिएका जनशक्तिलाई स्वदेशमा रोजगारीको उचित वातावरण सिर्जना गर्नुपर्ने हुन्छ । देशमा उद्योग कलकरखानाको विकास गरी दक्ष जनशक्ति पलायनलाई रोक्न सकिन्छ । नागरिकलाई आफ्नै देशमा केही गर्न अभिप्रेरित गर्ने र राष्ट्रियताको भावना सानैदेखि अभिवृद्धि गर्नुपर्छ ।

## (ख) लागुपदार्थ दुर्व्यसन

मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ लागुपदार्थ हो । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भनिन्छ । यस्ता पदार्थले मानिसको स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाइमा परिवर्तन ल्याउँछ । गाँजा, अफिम, हिरोइन मर्फिन, कोकिन आदि लागुपदार्थ हुन् ।

आजको समाजमा लागुपदार्थको दुर्व्यसन निकै भयावह समस्याका रूपमा देखा परेको छ । साथीभाइहरूको देखासिकी गर्दा, साथीहरूको अगाडि आफूलाई अब्बल देखाउन चुरोटलगायत अन्य सुर्तीजन्य पदार्थ तथा अन्य नसालु पदार्थको सेवन गर्न पुग्छन् । यसरी लहलहैमा गरिएको गल्ती कति वेला लतमा बदलिन्छ थाहा नै हुँदैन ।

घरपरिवारमा कसैको निगरानी नहुनु, माया ममता नपाउनु, परिवारमा झैझगडा हुनु जस्ता कारणले व्यक्ति लागुपदार्थको दुर्व्यसनमा फस्न पुग्छ । आनन्द दिन्छ, मजा आउँछ, मनोरञ्जन हुन्छ भन्ने भ्रमपूर्ण विश्वास, विभिन्न आकर्षक विज्ञापनले पनि लागुपदार्थ दुर्व्यसनमा आकर्षित गर्न सक्छ ।

लागुपदार्थ सेवनले शारीरिक र मानसिक असर पार्छ । लागुपदार्थ दुर्व्यसनका कारण व्यक्ति, परिवार र समाजबाट अलग्गिनुपर्ने हुन्छ । विभिन्न प्राणघातक रोग लाग्न सक्छन् । परिवारमा झगडा हुने र नैराश्यता देखा पर्ने हुन्छ । समाजले उसलाई हेर्ने दृष्टिकोण नै फरक हुन्छ । विद्यार्थी दुर्व्यसनमा फसेमा बिचैमा पढाइ छोड्नुपर्ने हुन्छ । दुर्व्यसनमा लागेकाहरूले पैसा जुटाउन चोरी गर्ने, गरगहना वा अन्य सरसामान बेच्ने गर्दा परिवारको आर्थिक स्थिति खस्किँदै जान्छ । समाजले दुर्व्यसनीको परिवारलाई नराम्रो दृष्टिले हेर्छ । लागुपदार्थ दुर्व्यसनीले गर्दा समाजमा हत्या, हिंसा, बलात्कार, लुटपाट, चोरी, डकैती जस्ता विकृति बढ्छन् । विकास निर्माणका काममा अवरोध आउँछ । फलस्वरूप परिवार, समाज र राष्ट्रको विकासमा असर पर्छ ।

परिवार र समाजबाट उचित सरसल्लाह र मायाबाट समयमै यसको प्रयोगलाई रोक्न सकिन्छ । बानीमा परिवर्तन ल्याउन सकिन्छ । यसको प्रयोगकर्तालाई जीवनको मूल्य, परिवार, समाज र राज्यका लागि आफ्नो कर्तव्य बुझाउनुपर्छ । लागुपदार्थको प्रयोग गरेको देखेमा सम्झाउने, बुझाउने गर्नुपर्छ । परिवारमा पनि लागुपदार्थको सेवन गर्नुहुँदैन भनेर छलफल हुनुपर्छ । घरपरिवारका सदस्यले पनि आफ्ना बालबालिकाको सङ्गत कस्तो छ, सोधखोज गर्नुपर्छ । विद्यालयमा शिक्षकले पनि बालबालिकाको व्यवहार अवलोकन गर्नुपर्छ । साथीहरूले पनि कुनै साथीले लागुपदार्थ गरेको जानकारी पाएमा माया र स्नेहले सम्झाउने गर्नुपर्छ । कसैले लागुपदार्थ सेवनमा कर गरेमा नाई भन्न सक्नुपर्छ । राज्यका विभिन्न निकाय र सङ्घसंस्थाबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी लागुपदार्थ दुर्व्यसनलाई कम गर्दै लैजान सकिन्छ ।

## (ग) भ्रष्टाचार

भ्रष्टाचार सामाजिक समस्या हो । व्यक्तिको व्यक्तिगत स्वार्थअनुसार काम गरे वा गराइदिएबापत कुनै पनि लाभ लिनु नै भ्रष्टाचार हो ।। भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ अनुसार नेपाल सरकार वा सार्वजनिक संस्थालाई आवश्यक पर्ने कुनै वस्तु वा सेवा खरिद गर्दा, भाडामा लिँदा वा दिँदा, ठेक्कापट्टा लिँदा वा दिँदा कुनै किसिमको कमिसन, पारिश्रमिक, दलाली दस्तुर, सुविधा वा लाभ प्राप्त गर्नुलाई भष्टाचार भनिन्छ । भ्रष्टाचारका कारणले राज्यको सम्पत्तिको दुरुपयोग गरी विकासका लागि भनेर छुट्याएको स्रोत र साधन लक्षित वर्गमा नपुग्ने खतरा हुन्छ । देशको आर्थिक सामाजिक विकासले गति लिन सक्दैन । भ्रष्टाचारका विभिन्न स्वरूपहरू रहेका छन् जुन निम्नानुसार छन् :

(क) **आर्थिक भ्रष्टाचार :** व्यक्तिगत स्वार्थका लागि आर्थिक लाभ लिने, नगद वा जिन्सी उपहार लिने वा काम गर्दा कमिसन लिने जस्ता कार्यहरू आर्थिक भ्रष्टाचार हुन् ।

(ख) **नैतिक भ्रष्टाचार :** कुनै पनि काम समयमा नगर्ने, काममा ढिलासुस्ती गर्ने, ठग्ने, काम गर्ने क्रममा अरूलाई दुःख हैरानी दिने जस्ता व्यक्तिगत आचरणलाई नैतिक भ्रष्टाचार भनिन्छ । त्यस्तै तोकिएको आचारसंहिताको पालना नगर्नु, गलत कामलाई प्रश्रय दिने जस्ता कार्यहरू पनि नैतिक भ्रष्टाचारमा पर्छन् ।

छिट्टै धनी हुने लालसा, राजनीतिक अस्थिरता, दण्डहीनता, महँगी सदाचार र नैतिकताको कमी, मिडियाको कमजोर उपस्थिति, आर्थिक पारदर्शिताको अभाव आदि भ्रष्टाचारका कारक तत्त्वहरू हुन् ।

महँगी नियन्त्रण, सचेतनामूलक कार्यक्रम सञ्चालन, सदाचार जीवनशैली अवलम्बनले भ्रष्टाचार नियन्त्रणमा मदत पुग्छ । त्यस्तै राज्यले राष्ट्रसेवकलाई दिने सेवासुविधामा यथोचित वृद्धि, भ्रष्टाचार नियन्त्रण गर्ने निकायको प्रभावकारी सक्रियताले पनि भ्रष्टाचार नियन्त्रणमा मदत पुग्छ । निष्पक्ष आमसञ्चार र सशक्त नागरिक समाजको भूमिका जस्ता कार्यले भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ ।

## क्रियाकलाप

१. लागुपदार्थ दुर्व्यसन विरुद्धको पोस्टर तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. भ्रष्टाचार विरुद्ध सचेतना जगाउने नारा लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

३. पढाइ र रोजगारीको सिलसिलामा विदेश जान लागेका आफ्ना छिमेकीलाई भेटमा तपाईँ के सुझाव दिनुहुन्छ, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. बौद्धिक पलायन भनेको के हो ?

२. लागुपदार्थ दुर्व्यसनबाट कसरी बच्न सकिन्छ, उल्लेख गर्नुहोस् ।

३. भ्रष्टाचार भनेको के हो ?

४. भ्रष्टाचारले समाज र व्यक्तिको जीवनमा कस्ता असर पार्न सक्छ, उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

लागुपदार्थ दुर्व्यसन विरुद्धका नाराहरू समेटिएका प्लेकार्ड निर्माण गरी विद्यालयको सहयोगमा समुदायमा ऱ्यालीको आयोजना गर्नुहोस् । सम्भव भए उक्त ऱ्यालीमा समुदायका मानिसलाई पनि सहभागी गराउनुहोस् ।

# ३ सामाजिक विकृति र समस्या समाधानका उपाय

(नमुना, महेश र मोहन एउटै कक्षामा पढ्ने साथी हुन् । उनीहरू प्रायः सँगै विद्यालय जाने गर्छन् । विद्यालय जाँदा उनीहरूले बाटामा 'सामाजिक विकृति न्यूनीकरण गर्न सहकार्य गरौँ', 'सामाजिक समस्या समाधानमा हातेमालो गरौँ' भन्ने नारा लेखेका ब्यानर र प्लेकार्डसहितको एउटा ऱ्याली आएको देखे । नमुना, महेश र मोहनसँगै सामाजिक पढाउने वसन्ती गुरुआमा सँगै हुनुहुन्छ ।)

गुरुआमा : ल महेश र मोहन उता हेर्नुहोस् त, एउटा ऱ्याली आइरहेको छ ।

महेश : यो ऱ्यालीमा प्रयोग भएको ब्यानरमा 'सामाजिक समस्या र विकृति हटाउँ' भन्ने लेखेको रहेछ । सामाजिक समस्या र विकृतिहरूका बारेमा जनचेतना फैलाउने किसिमको ऱ्याली जस्तो छ, गुरुआमा ।

गुरुआमा : हो नि, यस्ता ऱ्यालीहरूले सामाजिक समस्या र विकृति विरुद्ध जनचेतना जगाउने काम गर्छन् । समुदायका मानिसलाई सामाजिक समस्या र विकृति पहिचान गर्न, यसका कारण बुझ्न र समाधानका उपाय थाहा पाउन सकिन्छ । सामाजिक समस्या र विकृति विरुद्ध मानिसलाई एकताबद्ध भई अभियान सञ्चालन गर्न जिम्मेवार बनाउँछ ।

मोहन : ऱ्यालीमा मितव्ययिता कायम गरौँ भन्ने नारा पनि लेखिएको थियो । मितव्ययिताले सामाजिक समस्या समाधानमा कसरी मदत पुऱ्याउँछ, गुरुआमा ?

गुरुआमा : मितव्ययिता भनेको कम स्रोतसाधनको उपयोग गरी आवश्यकता पूरा गर्नु हो । यस्ता व्यवहारले अनावश्यक खर्च नियन्त्रण हुन्छ । वस्तुको सदुपयोग हुन्छ । तडकभडक र देखासिकी नियन्त्रण गर्छ । मितव्ययी हुँदा स्रोतसाधनको सही प्रयोग र परिचालन हुन्छ । यसरी मितव्ययिताले सामाजिक विकृति नियन्त्रण गर्न मदत पुग्छ ।

महेश : अनुशासनमा रहँदा पनि विकृति नियन्त्रण हुन्छ होला नि गुरुआमा ?

गुरुआमा : हो त महेश, अनुशासित हुनु, चरित्रवान् हुन, इमानदार हुनु जस्ता आत्मअनुशासित बानी व्यवहारले पनि सामाजिक विकृति र समस्या निराकरणमा मदत पुग्छ । अनुशासित हुनु भनेको सामाजिक नियमको पालना गर्नु हो । अरूलाई सम्मान र इज्जत गर्नु हो । यसले समाजमा विवाद हुन पाउँदैन । चरित्रवान् मानिस कुलतमा लाग्दैनन् । उनीहरू असल सङ्गत र सदाचारमा रहन्छन् । असल सङ्गतले प्रेम, विश्वास र समझदारी विकासमा मदत पुग्छ । सदाचारी व्यक्ति पारदर्शी हुन्छ । समाजका बेथिति र भ्रष्टाचारमा खबरदारी गर्छ । फजुल खर्च हुँदैन् । उसको व्यवहारले समाजमा मेलमिलाप र सद्भाव कायम हुन्छ । यसले पनि सामाजिक विकृतिलाई कम गर्दैन त ।

मोहन : गर्छ गुरुआमा अनि त्यहाँ ऱ्यालीमा त व्यावहारिक शिक्षामा जोड दिउँ लेखिएको थियो नि । व्यावहारिक शिक्षाले नि समाजिक समस्या निराकरणमा मदत पुग्छ र गुरुआमा ?

गुरुआमा : पुग्छ नि, व्यावहारिक शिक्षा भनेको गरिखाने शिक्षा हो । व्यावहारिक शिक्षाले सिप र रोजगारी प्राप्तिमा मदत गर्छ । अनुशासित र सदाचारी बनाउँछ । व्यावहारिक शिक्षा जीवनसँग जोडिएको हुन्छ । सिप र रोजगारी प्राप्त भएपछि व्यक्ति गलत क्रियाकलापमा संलग्न हुन पाउँदैन । त्यसले समाजमा विकृतिभन्दा पनि सामाजिक सद्भाव, सहयोग, मेलमिलापको वातावरण सिर्जना हुन्छ । त्यसैले सामाजिक विकृति निराकरणमा मदत पुग्छ ।

महेश : सामाजिक समस्या समाधानका लागि नियम कानुनको पालना पनि गर्नुपर्छ होला नि गुरुआमा ?

गुरुआमा : हो त, समाजमा अपराध नियन्त्रण गर्न कानुनको प्रभावकारी कार्यान्वयन महत्त्वपूर्ण हुन्छ । समाजमा विकृति फैलाउनेलाई नियन्त्रणमा लिने, कानुनले तोकेबमोजिमका सजाय दिने गरेमा यस्ता कामहरू निरुत्साहित भई समाजमा शान्ति सुव्यवस्था कायम गर्न मदत पुग्छ ।

महेश : गुरुआमा अनि यो ऱ्याली चाहिँ कहाँ गएको होला ?

गुरुआमा : आज हाम्रो विद्यालयनजिकै रहेको सभा हलमा “सामाजिक समस्या र विकृति” विषयमा विचार गोष्ठीको आयोजना हुँदै छ । त्यही कार्यक्रमको पूर्वसन्ध्यामा यो र्‍यालीको आयोजना गरिएका हो ।

मोहन : अनि हामी पनि त्यतै जाउँ न त गुरुआमा ?

गुरुआमा : हुन्छ हुन्छ, आज हाम्रो विद्यालयलाई पनि उक्त कार्यक्रममा सहभागिताको निमन्त्रणा छ । हामी पनि त्यतैतिर लागौँ न त (सबै जना सभा हलतर्फ लाग्छन्)

## क्रियाकलाप

**१. तपाईँको समाजमा देखिएका सामाजिक समस्या कस्ता कस्ता छन्, सूची तयार गर्नुहोस्, तिनीहरूको न्यूनीकरणका लागि कस्ता कस्ता क्रियाकलाप भएका छन्, सोधखोज गरी लेख्नुहोस् ।**

**२. कुनै एक सामाजिक समस्या विरुद्धमा चेतनामूलक पोस्टर वा नारा बनाएर आफ्नो विद्यालयका विभिन्न स्थानमा टाँस्नुहोस् ।**

**३. सामाजिक समस्या तथा विकृति सम्बन्धमा आफ्नो विद्यालयमा कविता लेखन, लोक गायन वा वक्तृत्वकला प्रतियागिताको आयोजना गर्नुहोस् ।**

## अभ्यास

**१. सामाजिक समस्या तथा विकृति भन्नाले केलाई बुझिन्छ ?**

**२. सामाजिक समस्या र विकृतिले समाजमा कस्ता असर पार्ने गर्छ, सूची तयार गर्नुहोस् ।**

**३. समाजमा रहेका समस्या र विकृतिलाई कसरी न्यूनीकररण गर्न सकिन्छ, उपायहरू लेख्नुहोस् ।**

**४. व्यावहारिक शिक्षाले सामाजिक विकृति निराकरणमा कसरी मदत पुग्छ ?**

**५. हामीले किन असल साथीको सङ्गत गर्नुपर्छ ?**

# ४ सामाजिक समस्या र अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

सामाजिक समस्या तथा विकृति न्यूनीकरणका लागि विभिन्न सङ्घसंस्थाले काम गरिरहेका छन् । समाजमा सचेतना अभिवृद्धि, सामाजिक उत्थान र विकासमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको योगदान रहेको छ । समाजका विभिन्न क्षेत्रमा कुनै न कुनै अन्तर्राष्ट्रिय संस्थाहरूले सहकार्य गरिरहेका हुन्छन् । उदाहरणका लागि ट्रान्सपरेन्सी इन्टरनेसनल, सेभ द चिल्ड्रेन, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, रेडक्रस, एमनेस्टी इन्टरनेसनल जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले सहकार्य गरिरहेका छन् । तीमध्ये केही संस्थाहरूको भूमिकालाई यहाँ अध्ययन गरिन्छ ।

## (क) एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल मानव अधिकारका श्वेत्रमा कार्य गर्ने एक विश्वव्यापी संस्था हो । यस संस्थाले विश्वको १५० भन्दा बढी देशमा आफ्ना गतिविधि सञ्चालन गरिरहेको छ । संसारका कुनै पनि कुनामा हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा एम्नेस्टी इन्टरनेसनलले खबरदारी गर्ने काम गर्छ । नेपालमा पनि यो संस्थाले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानव अधिकार उल्लङ्घन र ज्यादती रोक्न सम्बन्धित पक्षलाई दबाब सिर्जना गर्दै आएको छ । मानव अधिकारका विषयमा जनचेतना अभिवृद्धि गराउने काममा पनि यो संस्था क्रियाशील छ । मानव अधिकार संरक्षण अभियानमा राजनीतिक निष्पक्षता, पारदर्शिता र स्वतन्त्रता कायम गर्नु यस संस्थाको मूल उद्देश्य हो ।

## (ख) अन्तर्राष्ट्रिय श्रम सङ्गठन

अन्तर्राष्ट्रिय श्रम सङ्गठन संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्था हो । यसले विशेष गरी श्रम, श्रमिक र कार्य स्थलमा हुने गरेका अनियमितता तथा विभेदका विरुद्धमा काम गरिरहेको छ । यसको स्थापना सन् १९१९ मा भएको थियो । नेपालले सन् १९६६ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सदस्यता लिएको हो । यस संस्थाले नेपालमा सुरक्षित कार्यक्षेत्रका लागि सहकार्य गर्दै आइरहेको छ । बालश्रमलाई निरुत्साहित गर्न पहल गर्ने, मानव अधिकार र

श्रम अधिकारका बारेमा सचेतना अभिवृद्धि गर्ने कार्यमा पनि यो संस्था क्रियाशील छ । कार्यस्थलमा हुने विभेद र शोषणको अन्त्यका लागि पहल गर्दै आएको छ ।

### (ग) सेभ द चिल्डेन

यो संस्थाको स्थापना सन् १९१९ मा बेलायतमा भएको हो । यो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यो संस्था शिक्षा, स्वास्थ्य हेरचाह र आर्थिक अवसरका माध्यमबाट बालबालिकाको जीवनस्तर सुधारमा क्रियाशील छ । यसले विपत्, महामारी र द्वन्द्व प्रभावित क्षेत्रमा आकस्मिक सहयोग पनि उपलब्ध गराउँदै आएको छ ।

Save the Children

## क्रियाकलाप

१. **माथि उल्लिखित संस्थाहरूको भूमिकालाई समेटेर संवाद तयार पार्नुहोस् ।**

२. **एमनेस्टी इन्टरनेसनल र अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित थप जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **तपाईँको समुदायमा सामाजिक समस्या समाधानमा क्रियाशील विभिन्न सङ्घसंस्थाहरूका खाजी गरी उनीहरूका कार्यक्षेत्रसमेत पहिचान गर्नुहोस् ।**

## अभ्यास

१. **एम्नेस्टी इन्टरनेसनको स्थापना कहिले भएको हो ?**

२. **एम्नेस्टी इन्टरनेसनलले विशेष गरी कुन क्षेत्रमा काम गरेको छ ?**

३. **अन्तर्राष्ट्रिय श्रम सङ्गठनको स्थापना कहिले भएको हो ?**

४. **नेपालमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले विशेष गरी कस्ता काम गरिरहेको छ, व्याख्या गर्नुहोस् ।**

५. **सेभ द चिल्ड्रेन कुन कुन क्षेत्रमा क्रियाशील संस्था हो ?**

## सामुदायिक कार्य

तपाईँ बस्ने समाजमा पाँच जना मानिसलाई भेटी सामाजिक विकृति र समस्याका रूपमा रहेको बालश्रम शोषणको न्यूनीकरण गर्न कस्ता कस्ता काम गर्नुपर्छ भन्ने सम्बन्धमा सुझाव सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# ९ द्वन्द्व व्यवस्थापन



सबै मानिसको विचार एकै प्रकारको हुँदैन । फरक फरक विचारलाई सम्मान गरेर नै समाज चलिरहेको हुन्छ । समाजमा रहेका मानिसको विचार, चालचलन नमिल्दा विवाद उत्पन्न हुने गर्छ । विवादलाई सामान्य अवस्थामा छलफल गरेर हल गर्न सकियो भने यसले कसैलाई हानि गर्दैन । विवाद समाधान हुन नसक्दा मानिसमा असहमति बढ्दै जान्छ र द्वन्द्व निम्तिन पुग्छ । द्वन्द्व प्रायः गरी विनाशकारी हुन्छ । समाजमा असुरक्षा बढ्दै जाने हुन्छ । समाजमा रहेका मानिसमध्ये एकको विचार, धर्म संस्कार, विकास तथा विभिन्न आयामलाई अर्को पक्षले स्वीकार गर्न नसक्दा नै द्वन्द्वको बीजारोपण हुने देखिन्छ ।

द्वन्द्व मनमुटाब, निहित स्वार्थ र व्यवहारका कारण सिर्जना हुन्छ । द्वन्द्व समाजमा शक्ति, स्रोतसाधन र अवसरको समन्यायिक वितरण नहुँदा उत्पन्न हुन्छ । द्वन्द्व समाजमा निरन्तर चलिरहने प्रक्रिया भएको हुँदा यसलाई समाज विकासको अभिन्न अङ्गका रूपमा लिने गरिन्छ ।

द्वन्द्व व्यक्ति व्यक्तिबिच, दुई वा दुईभन्दा बढी व्यक्तिबिच, विभिन्न समूह र संस्थाहरूबिच हुने गर्छ । फरक विचार, सोच एवम् विचारधारा, कुण्ठा, निराशा, डर, त्रास तथा असुरक्षाको अनुभूति भएमा द्वन्द्व सिर्जना हुन्छ । त्यस्तै कसैलाई आफू हेपिएको वा विभेद भएको महसुस भएमा पनि द्वन्द्व उत्पन्न हुन सक्छ । त्यस्तै अरूप्रति नकारात्मक सोच, अविश्वास र शङ्का पनि द्वन्द्वका कारक तत्त्व हुन् । निर्णयमा एकाधिकार र स्वतन्त्रताको कमीले पनि द्वन्द्व हुन सक्छ । सामाजिक विभेदले पनि द्वन्द्व सिर्जना हुन सक्छ । विकासका लाभको असमान वितरण र स्रोतसाधनको उपभोग, वितरण तथा लाभको बाँडफाँटमा समन्यायिकता र पहुँच नहुँदा पनि द्वन्द्व उत्पन्न हुन्छ । राजनीतिक स्वार्थ र हस्तक्षेप पनि द्वन्द्वका कारक मानिन्छन् ।

विचार र कार्यशैलीमा सबैको सहमत हुन सकेन भने सामाजिक समस्या सिर्जना हुन्छन् । जसले समाजमा द्वन्द्वको सिर्जना गरेको हुन्छ । समाजमा उब्जिएका द्वन्द्वका घटनालाई सही तरिकाले व्यवस्थापन गर्न सकिएन भने यसले नकारात्मक परिणाम सिर्जना गर्छ । द्वन्द्व व्यवस्थापनमा मध्यस्थकर्ताको भूमिका महत्त्वपूर्ण हुने गर्छ । समाजमा देखिएका समस्यालाई समाधानको उपाय खोजेर संयमित भई समयमा नै व्यवस्थापन गर्नुपर्ने हुन्छ । आफूले बुझेका कुराहरू मात्र सही हुन्छन् भन्ने सोच राखियो भने द्वन्द्व समाधानतिर जाँदैन । अरूका कुरा पनि सुन्ने र सबैका कुराबाट मध्यमार्गी तरिकाले समस्याको समाधानतिर लाग्नुपर्छ । द्वन्द्व प्रायः गरी दुई वा दुईभन्दा बढी समूह वा व्यक्तिका बिचमा हुने गर्छ । त्यसैले यसको व्यवस्थापनका लागि मध्यस्थता गर्न सक्ने मानिसको आवश्यकता रहेको हुन्छ । द्वन्द्व व्यवस्थापनको मध्यस्थता गर्ने मानिस निष्पक्ष, पूर्वाग्रहरहित, सबैका कुरा सुन्ने, धैर्यशील, विवेकपूर्ण निर्णय लिन सक्ने, आफूभित्र सयंमता अपनाउन सक्ने गुण भएको हुनुपर्छ ।

**तलको घटनालाई अध्ययन गरौँ :**

**घटना १**

रामगोपालपुर गाउँमा कृषि सडक बनाउन स्थानीय सरकारबाट बजेट छुट्याइएको थियो । यो सडक बनाउन उपभोक्ता समिति पनि गठन गरियो । सडक कहाँ बनाउने भन्ने बारेमा स्थानीयहरूले फरक फरक विचार दिए । उपभोक्ता समितिमा पनि विवाद भयो । एक थरी उपभोक्ता सडक बस्तीको बिचबाट लैजानुपर्ने अडानमा थिए भने अर्का थरी उपभोक्ता सडक बस्तीभन्दा बाहिरपट्टिबाट लैजानुपर्ने जसले बस्तीमा कुनै संरचना पनि नभत्किने भन्ने विचार राख्थे । उपभोक्ता समितिका बहुमत सदस्यले विवादकै बिच बस्तीका बिचबाटै सडक बनाउने निधो गरे । केही स्थानीयले सडक बनाउन कुनै पनि हालतमा नदिने अड्डी कसे । यस विवादले गर्दा सिङ्गो गाउँ नै दुई समूहमा विभाजन भयो । गाउँमा दिनहुँ विरोध र समर्थनमा प्रदर्शन हुन थाले । द्वन्द्वले झडपको स्थितिमा पुऱ्यायो । केही व्यक्ति घाइतेसमेत भए । यस विवादको समाधानका लागि वडाध्यक्षले र गाउँका बुद्धिजीवीहरूले मध्यस्थता गरे । घाइतेहरूको उपचारमा वडाले सहयोग गर्ने, सडक निर्माणमा बस्तीका बिचबाट नै गर्ने तर संरचना भत्काउँदाको क्षतिपूर्ति स्थानीयलाई उपलब्ध गराउन वडाले पहल गर्ने, विकास निर्माणका काममा स्थानीयलाई प्राथमिकता दिने गरी मध्यमार्गी बाटो अवलम्बन गरियो । पछि सहमतिअनुसार गाउँमा सडक बन्यो । अहिले त्यस गाउँका मानिस खुसी छन् । गाउँमा सामाजिक सद्भाव पनि राम्रो छ ।

### द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

दुई पक्षहरूबिच सूचना आदानप्रदान गर्ने र अर्थ बुझ्ने प्रक्रियालाई सञ्चार भनिन्छ । विचार आदानप्रदानका लागि प्रभावकारी सञ्चार निकै महत्त्वपूर्ण हुन्छ । प्रभावकारी र दोहोरो सञ्चार नहुँदा द्वन्द्वको स्थिति सिर्जना हुन पुग्छ । द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका प्रभावकारी हुन्छ ।

मिति : २०७९/०७/१७
सानोठिमी, भक्तपुर

प्रिय साथी राधा !

हामी सबै परिवार आराम छौँ । तिमी पनि आराम छौँ होला । घरपरिवारमा पनि सबै जना आरामै हुनुहुन्छ होला । आमाबुबालाई मेरो नमस्कार सुनाइदिनू ।

खासमा पत्र लेख्नुको उद्देश्य तिमी मसँग नबोलेको धेरै भयो । तिम्रो बदलिएको व्यवहारबाट म निकै चिन्तित थिएँ । धेरै पटक बोलाए । तिमीले बेवास्ता गऱ्यौ । हामी यति धेरै मिल्ने साथी थियौँ तर तिमी के कारणले रिसाएकी हौ, मैले बुझेकी थिइनँ । साथी सुस्मितासँग तिमी मसँग रिसाएर नबोलेको कुरा सुनाएकी थिएँ ।

सुस्मिताले तिमी मसँग रिसाएको कारण सुनाई । तिमीलाई योभन्दा पहिला पनि दुई पटक विद्यालयमा बोलाएकी थिएँ । तिमी बोलिनौ । पछि सुस्मिता र साथीहरूसँग कुरा गरेर थाहा पाएँ । तिमी मसँग रिसाएकी रहिछौँ । आज सुस्मितासँग यो पत्र पठाएकी छु । मैले अस्ति शुक्रबारको कार्यक्रममा आफ्नो विचार राख्दा अपाङ्गता भएका मानिसले केही गर्न सक्दैनन् भन्न खोजेकी होइन । साङ्ग व्यक्तिभन्दा अपाङ्गता भएका व्यक्तिलाई धेरै अप्ठ्यारो छ । त्यसैले सबै ठाउँमा उनीहरूले सजिलै सेवा लिन सक्ने गरी सेवा प्रवाह गर्नुपर्छ भनेको हो । भवन निर्माण गर्दा अपाङ्गतामैत्री बनाउनुपर्छ । अपाङ्गता भएका मानिसलाई सेवा प्रवाहमा पनि प्राथमिकतामा राखिनुपर्छ भनेको हो । विद्यालयमा बोल्ने क्रममा समय अभावका कारण आफ्ना भनाइ पूरा राख्न नपाएकाले तिमीलाई राम्रोसँग मेरो कुरा बुझाउन सकिन । त्यसैले तिमीलाई पर्न गएको असरप्रति क्षमा माग्छु । आगामी दिनमा आफूले बोल्ने विषय सजिलै अरूले बुझ्ने गरी बोल्ने प्रयास गर्ने छु । बोल्दा समयको पनि ख्याल गर्ने छु । म तिम्रो साथी हुँ, मलाई माफ गर । यस घटनाबाट मैले पनि धेरै कुरा सिकेकी छु । आगामी दिनमा यस्ता अधुरा कुराहरू बोल्ने छैन भन्दै भोलि विद्यालयमा भेटेर तिमीसगँ माफी माग्न चाहन्छु । साथै हामीबिचमा भएको दुरीलाई मेटाउन सहयोग गर्ने साथी सुस्मिताप्रति पनि आभार प्रकट गर्छु ।

उही तिम्री साथी
रमा

माथिको चिठीबाट प्रभावकारी रूपमा सञ्चार हुन नसक्दा दुई जना साथीबिच द्वन्द्व सिर्जना भएको पाइन्छ । यसमा द्वन्द्व व्यवस्थापनका लागि अर्की एक जना सुस्मिता भन्ने साथीले मध्यस्थता गरेको देखिन्छ । द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका निकै अपरिहार्य रहेको छ । मध्यस्थता गर्ने मानिसले पनि स्पष्ट रूपमा कुरा बुझेर आफ्नो सुझबुझका साथ विवेक प्रयोग गर्नुपर्ने हुन्छ । मध्यस्थता गर्ने मानिसले निष्पक्ष भएर प्रभावकारी सञ्चारलाई जोड दिनुपर्छ । मध्यस्थता गर्ने मानिस पूर्वाग्रही हुनुहुँदैन । सकारात्मक रूपमा दुबैको कुरा सुनेर द्वन्द्व व्यस्थापनमा समन्वय गर्नुपर्छ ।

## क्रियाकलाप

१. **तपाईँको समुदायमा के कस्ता द्वन्द्वहरू हुने गरेका छन्, ती द्वन्द्वको समाधान कसरी गरिएको थियो, अभिभावकसँग सोधखोज गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **कक्षामा साथीहरूबिच द्वन्द्व हुँदा आफूले मध्यस्थता गरेर समस्या समाधान गरेको अनुभव सुनाउनुहोस् ।**

## अभ्यास

१. **द्वन्द्व भनेको के हो, द्वन्द्व उत्पन्न हुनाका कारण के हुन सक्छन् ?**

२. **द्वन्द्व व्यवस्थापनमा मध्यस्थकर्ताको भूमिका कस्तो हुनुपर्छ ?**

३. **प्रभावकारी सञ्चार किन आवश्यक छ ?**

४. **दोहोरो सञ्चारले द्वन्द्व व्यवस्थापनमा कसरी मदत गर्छ ?**

एकाइ
५

# हाम्रो विगत

## सिकाइ उपलब्धि

१. प्राचीन नेपालको राजनीतिक, सामाजिक अवस्थाको वर्णन गर्न

२. काठमाडौँ उपत्यकाको प्राचीन सभ्यता र यसले जनजीवनमा पारेको प्रभाव बताउन

३. नेपालमा लोकतान्त्रिक गणतन्त्रको प्राप्ति पछिका आर्थिक र सामाजिक सुधारका पक्ष खोजी गर्न

४. हाम्रा वीर सहिदहरूको परिचय र योगदान बताउन

५. सिन्धु उपत्यका र युनानी (ग्रिस र रोम) सभ्यता एवम् पुनर्जागरणको छोटो परिचय दिन तथा यसले मानव जीवनमा पारेको प्रभाव बताउन

# १ नेपाल शब्दको उत्पत्ति

नेपाल प्राचीनकालदेखि नै अस्तित्वमा थियो । प्राचीन र मध्यकालमा नेपाल भन्नाले काठमाडौँ उपत्यका र त्यस वरिपरिको क्षेत्रलाई मात्र चिनिन्थ्यो । तर अहिले भने 'नेपाल' भन्नाले सिङ्गो नेपाल राष्ट्रलाई चिनिन्छ । नेपाल शब्दको उत्पत्तिसम्बन्धी विभिन्न किंवदन्ती र भनाइ रहेको पाइन्छ ।

कुनै समयमा 'ने' नाम गरेका मुनिले यहाँ तपस्या गरेर बसेका थिए । उनै मुनिले यहाँका जनताको सुरक्षा र पालनपोषण गरेका थिए । यसरी 'ने' मुनिद्वारा 'पालन' गरिएको भूमि हुनाले यसको नाम 'नेपाल' रहन गएको हो भनी नेपाल महात्म्यमा उल्लेख छ । गोपालहरू नेपालका प्राचीन शासक हुन् र यिनीहरूलाई 'नीपः' जाति पनि भनिन्थ्यो । नीपःहरूको निवास यही भूमिमा भएको हुनाले नीपः मा 'आलय' प्रत्यय लागेर नेपाल बन्न गएको हो पनि भनिन्छ । प्राचीनकालमा नेपाल आउने चिनियाँ यात्रीहरूले यो भूमिलाई 'नि-पो-लो' भन्ने गर्थे । सोही 'नि-पो-लो' को अपभ्रंश हुँदै यस भूमिको नाम नेपाल रहन गएको विश्वास गरिन्छ । बौद्ध धर्मग्रन्थहरूमा 'नेवाल' शब्दको प्रयोग भएको छ । अतः किरात तथा बौद्ध धर्म मान्ने जातिहरूले प्रयोग गर्ने यस शब्दको अपभ्रंश भई नेपाल शब्दको उत्पत्ति भएको हो भन्ने अनुमान गर्न सकिन्छ ।

किरात भाषामा 'ने' को अर्थ 'मध्य' र 'पा' को अर्थ 'देश' हुन्छ । नेपाल पर्वतहरूको मध्य अर्थात् बिचमा रहेको हुनाले यसलाई "नेपा" भनियो र पछि 'ल' प्रत्यय लागेर नेपाल नाम रहन गएको हो । तिब्बती भाषामा 'ने' को अर्थ घर र 'पाल' को अर्थ ऊन हुन्छ । यहाँका मानिसले भेडापालन गरी "ऊन" को उत्पादन गर्ने हुनाले "ऊनको घर" भन्ने अर्थमा नेपालको नाम रहन गएको हुन सक्ने अनुमान गरिएको छ । नेपाल (नेवारी) भाषामा नेपाललाई 'नेपा' भनिन्छ । 'ने' भनेको 'मध्य वा बिचको" भन्ने अर्थ हुन्छ भने 'पा' को अर्थ 'देश' हुन्छ । नेपाल पहाडहरूका बिचमा रहेको हुनाले नेपाल भाषाको "नेपा" शब्दबाट नेपालको नाम रहन गएको अनुमान गर्न सकिन्छ । लिम्बू भाषामा नेपालको अर्थ समतल भूमि हो । नेपालमा मैदानी भाग तथा उपत्यका रहेका हुनाले यसको नाम लिम्बू भाषाबाट रहन गएको हो भन्ने पनि विश्वास छ । त्यसैगरी लेप्चा भाषामा 'ने' भनेका पवित्र र 'पाल' भनेको गुफा हो । नेपालमा पहिलेदेखि नै ऋषिहरूले गुफामा बसेर ध्यान गरेका हुनाले

पवित्र रहेको र यहाँ गुफा तथा ओडारसमेत रहेका हुनाले लेप्चा भाषाबाट नेपालको नाम रहन गएको हो भन्ने कुरालाई पनि मान्न सकिन्छ ।

नेपाल शब्दको उत्पत्तिका लागि संस्कृत भाषाको पनि आधार लिने गरिन्छ। संस्कृत भाषाका 'नीपः' र 'आलयः' हरूको मेलबाट 'नेपाल' शब्दको उत्पत्ति भएको अनुमान छ। यस भाषामा नीपः को अर्थ पहाडको फेदी र आलयः को अर्थ निवास हो । नेपाल पहाड र हिमालको खोँच तथा फेदीमा रहेको हुनाले नीप र आयलबाट नेपाल बन्न गएको हो भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

नेपालको नाम कसरी रहन गएको हो भन्ने सम्बन्धमा माथि भनिएका बाहेक अन्य आधार पनि हुन सक्छन् । ती आधारको खोजी गरी प्रमाणित गर्न सकेमा नेपालको उत्पत्तिसम्बन्धी थप जानकारी प्राप्त हुन सक्छ ।

## क्रियाकलाप

१. **तपाईँ बसोबास गरिरहेको स्थानको नाम कसरी रहन गएको होला, आफ्ना अभिभावक वा जानकार व्यक्तिसँग सोधखोज गरेर लेख्नुहोस् ।**

२. **कुन भाषाका कुन कुन शब्दबाट नेपालको नाम रहन गएको हो, तलको जस्तै तालिका बनाई लेख्नुहोस् :**

| **भाषा** | **शब्द** | **नेपाली अर्थ** |
|---|---|---|
| किरात | ने+पा | मध्य +देश |

## अभ्यास

१. **प्राचीनकालमा नेपाल भन्नाले कुन क्षेत्रलाई चिनिन्थ्यो ?**

२. **नेपालको नामकरणसम्बन्धी विभिन्न भाषिक आधारमध्ये तपाईँलाई कुन चाहिँ आधार उपयुक्त लाग्यो, कारण दिनुहोस् ।**

३. **नेपालको भूमि पहिलेदेखि नै पवित्र थियो भन्ने तथ्यलाई विभिन्न आधार दिएर प्रमाणित गर्नुहोस् ।**

# २

# प्राचीन नेपाल : आर्थिक र सामाजिक अवस्था

शिक्षकले कक्षालाई तीन समूहमा विभाजन गरेर नेपालको प्राचीनकालको आर्थिक तथा सामाजिक अवस्थाका विषयमा अध्ययन गर्न भन्नुभयो । विद्यार्थीले सो विषयमा अध्ययन गरेपछि प्राप्त विवरण यसरी प्रस्तुत गरे ।

## समूहको नाम : गोपाल वंश

### प्रस्तोता : प्रतिमा

सबैलाई नमस्कार । हामीले गोपाल वंशको शासनकाल र यस कालका आर्थिक तथा सामाजिक गतिविधिका विषयमा सामग्री तयार पारेका छौँ । हामीले यो सामग्री तयार पार्न इन्टरनेट, पत्रपत्रिका र पुस्तकालयबाट विभिन्न पुस्तकको अध्ययन गरेका थियौँ । सोहीअनुसार तयार पारेको विवरण म यहाँ प्रस्तुत गर्छु ।

'गो' भन्नाले गाई र 'पाल' भन्नाले पालन गर्ने मानिस बुझिन्छ । गोपाल वंश गाई पाल्नेहरूको वंश हो । प्राचीनकालमा नेपालमा गोपालवंशको शासन थियो । नेपालमा यस वंशका आठ जना राजाले शासन चलाएका थिए । त्यसमध्ये प्रथम राजा भूमि गुप्त र अन्तिम राजा विष्णु गुप्त हुन् । गोपालहरू धार्मिक स्वभावका थिए । यिनीहरूले मातातीर्थ, मत्स्यनारायण र गोपालेश्वर मन्दिरको स्थापना गरेका हुन् । पशुपतिनाथको ज्योतिर्लिङ्ग पनि गोपालहरूले नै स्थापना गरेका थिए । त्यस कालमा विभिन्न देवीदेवता र पितृहरूको पूजा अर्चना गरिन्थ्यो । त्यस वेलाको समाज हिन्दु धर्ममा आधारित थियो ।

यस वंशको सामाजिक र आर्थिक अवस्था कस्तो थियो भनेर स्पष्ट प्रमाण पाइँदैन । त्यस समयको प्रमुख पेसा पशुपालन थियो । त्यसैले त्यस कालका मानिसले पशुहरूको व्यापारसमेत गरेर आफ्ना आवश्यकता पूर्ति गर्थे । गोपालहरूले पशुपालन सँगसँगै कृषि पनि गर्थे । कृषि र पशुपालन गर्ने भएकाले उनीहरूले आफैँले उब्जाएका खानेकुरा खान्थे । गोपालहरूको शासनकालमा सामूहिक कार्य गर्ने र समूहमा नै देवीदेवताको पूजा गर्नेसमेत गर्थे । त्यस कालका मानिस संयुक्त परिवारमा बस्थे ।

हवस् त । यति भन्दै म हाम्रो समूहको प्रस्तुति अन्त्य गर्छु, धन्यवाद ।

## समूहको नाम : महिषपाल

### प्रस्तोता : रञ्जित

सबै जनालाई मेरो नमस्कार । हाम्रो समूहले महिषपाल वंशको सम्बन्धमा अध्ययन गरेको छ । हामीले सामूहिक छलफल, विभिन्न पुस्तकको अध्ययन र इन्टरनेटबाट विभिन्न सामग्री खोजी गरेर यो निष्कर्ष निकालेका हौँ । आजको यस कक्षामा प्राप्त विवरणलाई म प्रस्तुत गर्न चाहन्छु ।

नेपालमा गोपाल वंशको शासनपछि महिषपालको शासन सुरु भएको थियो । महिषपालको अर्थ भैँसीपालन गर्ने हो । यस वंशलाई अहिर तथा आभिर वंश भनेर पनि चिनिन्छ । यस वंशमा वरसिंह, जयसिंह र भुवनसिंह गरी जम्मा तीन जना राजाले शासन गरेका थिए ।

महिषपालहरूले भैँसीपालन गर्ने भएकाले त्यस वेलाको पेसा पशुपालन थियो भन्ने बुझिन्छ । त्यस्तै त्यस वेलाका मानिसले कृषि पेसा पनि गर्ने गरेको पाइन्छ । महिषपालहरू धार्मिक स्वभावका थिए । त्यस वेलाको समाजमा प्रकृति, गाई, पितृ र देवीदेवताको पूजा हुन्थ्यो । मानिसले समूहमा मिलेर काम गर्थे । समाजमा सामूहिक भावना थियो । त्यस वेलाका मानिस संयुक्त परिवारमा बस्थे । परिवारका सदस्यको क्षमताका आधारमा कामको बाँडफाँट हुन्थ्यो । परिवारको मूल व्यक्तिले अन्य सदस्यलाई कामको जिम्मेवारी तोक्ने र सिकाउने गर्थे ।

हाम्रो समूहले तयार पारेको महिषपाल वंशको परिचय तथा त्यस वेलाको समाजका विषयमा यही कुरा भन्दै म यहाँबाट बिदा माग्छु, धन्यवाद ।

## समूहको नामः किरात समूह

### प्रस्तोताको नाम : रिजा श्रेष्ठ

आदरणीय गुरु तथा मेरा प्यारा साथीहरू । म किरात समूहको प्रतिनिधि रिजा श्रेष्ठ सबै जनालाई नमस्कार गर्छु । हाम्रो समूहले किराँत वंशका विषयमा विभिन्न तथ्य खोजेर प्रस्तुति तयार पारेको छ । म सोही कुरा यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालमा महिषपाल वंशलाई हराएर किरातहरूले शासन सुरु गरे । यस वंशका पहिला राजा यलम्बर हुन् । सातौँ किराती राजा जितेदास्ती हुन् । उनको समयमा भगवान् बुद्ध काठमाडौँ आएको अनुमान गरिन्छ । चौधौँ किराती राजा स्थुङ्कोको पालामा सम्राट अशोक र उनकी छोरी चारुमती नेपाल आएका थिए । उनले आफ्नी छोरीको विवाह राजकुमार देवपालसँग गरिदिएका थिए । यस वंशका अन्तिम राजा गस्ती हुन् ।

किरातकालीन समाज नारी प्रधान थियो । नारीको सल्लाहअनुसार पुरुषहरूले खेतीपाती गर्ने, देशविदेशको यात्रा गर्ने, व्यापार गर्ने आदि कार्य गर्थे । किरातहरू संयुक्त परिवारमा बस्ने गर्थे । यस कालमा विभिन्न चाडपर्व, मेला, जात्रा, नाचगान आदि क्रियाकलाप मनोरञ्जन र भेटघाटका लागि हुने गर्थे । यिनीहरू प्रकृतिप्रेमी भएका कारणले गर्दा हावापानी, पहाड, चट्टान, रुखबिरुवा, सूर्य चन्द्र, नदी, आगो आदिको पूजा गर्थे । उनीहरू सिकार खेल्थे ।

किरातकालको आर्थिक अवस्था राम्रो थियो । यिनीहरूले पशुपालन र कृषि कार्य गर्थे । जडीबुटी सङ्कलन पनि यस वेलाको एउटा पेसा थियो । यस कालमा घरेलु उद्योगको पनि विकास भएको थियो । किरातहरूले ऊनका कपडा उत्पादन गरी पाटलीपुत्रको बजारमा बेच्थे । पाटालीपुत्र भनेको हालको भारतको पटना हो । त्यस वेला ऊनका राडीपाखी मात्र नभएर जडीबुटी, कस्तुरी, चिराइतो, रक्तचन्दन, दुम्सीको काँडा आदिको पनि व्यापार हुन्थ्यो । हवस् त धन्यवाद ।

## क्रियाकलाप

१. **गोपाल, महिषपाल र किरातकालको सामाजिक तथा आर्थिक अवस्था झल्कने गरी एक संवाद तयारी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **तालिका बनाई प्राचीनकालको र अहिलको आर्थिक क्रियाकलापबिच तुलना गर्नुहोस् :**

| प्राचीनकालका आर्थिक क्रियाकलाप | हालका आर्थिक क्रियाकलाप |
|---|---|
| | |

## अभ्यास

१. **गोपाल र महिषपालको अर्थ लेख्नुहोस् ।**


२. **गोपाल, महिषपाल तथा किरात वंशका प्रथम र अन्तिम राजाको नाम तलको जस्तै तालिका बनाएर लेख्नुहोस् :**

| **वंश** | **प्रथम राजा** | **अन्तिम राजा** |
|---|---|---|
| गोपाल | | |
| महिषपाल | | |
| किरात | | |

३. **गोपाल र महिषपाल वंशको शासनकालमा नेपालमा हिन्दु धर्मको प्रभाव थियो भन्ने भनाइलाई उदाहरण दिएर पुष्टि गर्नुहोस् ।**

४. **किरातकालीन सामाजिक अवस्था र अहिलेको सामाजिक अवस्थामा कस्ता समानता र भिन्नता रहेका छन्, तुलना गर्नुहोस् ।**

# ३ काठमाडौँ उपत्यकाको सभ्यता



प्राचीन तथा मध्यकालमा हालको काठमाडौँलाई नेपाल भनेर चिनिन्थ्यो । यहाँका मुख्य तीन सहरलाई पहिला कान्तिपुर, पाटन र भादगाउँ भनिन्थ्यो । काठमाडौँ उपत्यकाको निर्माण कसरी भयो भन्ने विषयमा विभिन्न किंवदन्ती सुनिन्छन् । प्राचीनकालमा हालको काठमाडौँ उपत्यकामा ठुलो दह थियो । यसलाई नागदह भनिन्थ्यो । यो दहको उत्तर पश्चिममा रहेको नागार्जुन डाँडामा विपश्वी ऋषिको कुटी थियो । कुनै समय पूर्णिमाको दिन पारेर विपश्वी ऋषिले सो नाग दहमा कमलको बिउ छरिदिए । यसरी सो दहमा कमलको फूल फुल्यो र सोही फूलमा स्वयम्भूनाथको आकृति देखियो । विपश्वी ऋषिले सोही स्वयम्भूनाथको आकृतिको पूजा गर्न थाले । केही कालपछि चीनबाट मञ्जुश्री नेपाल आई स्वयम्भूनाथको पूजा गर्न थाले । उनै मञ्जुश्रीले नागदहको पानी बगाएपछि मानव बस्तीयोग्य उपत्यकाको निर्माण भएका कुरा स्वयम्भू पुराणमा उल्लेख छ । त्यसपछि मञ्जुश्रीले धर्माकर नाम गरेका आफ्ना भक्तलाई यहाँको राजा बनाएका थिए ।

प्राचीनकालमा उपत्यकालाई केन्द्र बनाई गोपाल, महिषपाल र किरातहरूले शासन गरे । किरातहरूको शासन चलिरहेका वेला हालको भारतको बिहारमा पर्ने वैशाली भन्ने स्थानबाट लिच्छविहरू नेपाल आए । ती लिच्छवि र यहाँका किरात शासकहरूका बिचमा युद्ध भयो । सो युद्धमा किरातहरूको हार भएपछि लिच्छवि वंशको शासन सुरु भयो । जयवर्मालाई नेपालको पहिलो लिच्छवि राजा मानिन्छ । राजा मानदेव अर्का प्रसिद्ध लिच्छवि राजा हुन् । यिनले चाँगुनारायणमा शिलालेख राख्न लगाएका थिए । यिनको शासनकालका केही प्रमाण पाइएका हुनाले मानदेवलाई पहिलो प्रामाणिक राजा मानिन्छ ।

लिच्छविहरूले पनि किरातले जस्तै राजतन्त्रात्मक व्यवस्था कायम राखेका थिए । यस कालमा प्रत्यक्ष र स्थानीय गरी दुई प्रकारले शासन चल्थ्यो । राजधानीबाट नजिकका स्थानमा

राजदरबारबाट प्रत्यक्ष शासन गरिन्थ्यो भने टाढाका स्थानको शासन व्यवस्था सञ्चालन गर्नका लागि सामन्त (राजाका प्रतिनिधि) हरूको नियुक्ति हुन्थ्यो । देशको शासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि विभिन्न पदको व्यवस्था गरिएको थियो ।

त्यस बेलाको समाज वर्णाश्रममा आधारित थियो । समाजमा १८ जातिका मानिस आपसमा मिलिजुली बस्थे । त्यसैले "अष्ठादश प्रकृति" भन्ने गरिन्थ्यो । समाजमा संयुक्त परिवारको चलन थियो । कुनै पनि सामाजिक काम समाजका मानिस मिलेर गर्थे । यसरी संयुक्त रूपमा काम गर्ने प्रणालीलाई गोष्ठी भनिन्थ्यो । सोही गोष्ठी शब्दबाट गुठी शब्द बन्न गएको हो । यस कालमा नारीलाई आफूले वर छानेर विवाह गर्ने अधिकार थियो । विधवा विवाह र पुनर्विवाहलाई मान्यता दिइएको थियो । उच्च वर्गका नारीले समेत शिक्षा आर्जन गर्थे । विभिन्न प्रकारका धार्मिक कार्यमा नारीको सक्रियता रहन्थ्यो ।

लिच्छविकालका मानिसले मनोरञ्जनका लागि विभिन्न प्रकारका खेल खेल्ने र नाचगान गर्ने गर्थे । यस कालका मानिसको मूल पेसा कृषि र पशुपालन भएकाले आफैँले उत्पादन गरेका अन्न र दुधका अनेक परिकार बनाई खान्थे । मासु तथा अन्डा पनि मानिसका भोजन थिए भने केही मानिस शाकाहारीसमेत थिए । धेरैजसो मानिसले हिन्दु धर्ममा विश्वास गर्थे । मानिसले गाई, पिपल, शिला, तुलसी, पन्छी, नदीलगायत प्रकृतिको पूजा गर्थे । पितृहरूको पूजा पनि यस कालका मानिसको एक संस्कार थियो । मानिस संयुक्त परिवारमा बस्ने र एउटै भान्सामा खाना खान्थे ।

लिच्छविकाललाई कलाका दृष्टिले स्वर्णकाल भनिन्छ । त्यस वेलामा कैलाशकुट र मानगृह जस्ता भवन बनेको कुरा विदेशी यात्रीले उल्लेख गरेका छन् । त्यस वेलाको चाँगुनारायण मन्दिर हाल पुनर्निमाण भएको छ । यीबाहेक पशुपति क्षेत्रमा रहेको विरूपाक्षलगायत केही मूर्ति पनि यसै कालमा बनेका मानिन्छन् ।

लिच्छविकालीन जातजाति विभाजनको व्यवस्थाले नेपाली समाजमा लामो समयसम्म प्रभाव पारेको देखिन्छ । त्यस समयको गोष्ठीको व्यवस्था परिमार्जित भई हाल गुठी परम्परा कायम भएको छ ।

## क्रियाकलाप

१. तपाइँ बसोबास गरेको स्थानमा कुनै ताल वा पोखरी पुरिएर जमिनको सतह बराबर भएको हुन सक्छन्। ती पोखरी वा ताल के कसरी पुरिएका होलान्, छलफल गर्नुहोस् ।

२. तपाइँ लिच्छविकालमा जन्मनुभएको भए अहिलेको भन्दा के के कुरामा फरक अनुभव गर्नुहुन्थ्यो होला, कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

१. प्राचीन तथा मध्यकालमा हालको काठमाडौँलाई के भनेर चिनिन्थ्यो ?

२. स्वयम्भूनाथको उत्पत्ति कसरी भएको हो ?

३. लिच्छविहरूले कसरी देशको शासन चलाउने गर्थे ?

४. प्राचीनकालमा नारीको स्थान कस्तो थियो, अहिलेको अवस्थासँग तुलना गर्नुहोस् ।

५. प्राचीन काठमाडौँको सामाजिक संरचना कस्तो थियो, छोटकरीमा लेख्नुहोस् ।

# ४ हाम्रा वीर सहिद

देश र जनताको हितका लागि आफ्नो ज्यानको बलिदान दिने व्यक्ति सहिद हुन् । नेपालमा निरङ्कुश शासनको अन्त्य गरी प्रजातन्त्र तथा लोकतन्त्र स्थापना गर्नका लागि कैयौँ व्यक्तिले आफ्नो ज्यानको बलिदान दिएका छन् । यिनै सहिदको योगदानका कारणले गर्दा हाम्रो देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । नेपालमा धेरै सहिद छन् । तीमध्ये केही सहिदका विषयमा छलफल गरौँ ।

## लखन थापा



लखन थापा मगर नेपालका प्रथम सहिद मानिन्छन् । यिनको जन्म वि.सं. १८९१ मा गोरखा जिल्लाको बुङ्कोटमा भएको थियो । यिनको वास्तविक नाम लक्ष्मणसिंह थापा हो । उनी वि.सं. १९११ मा नेपाली सेनामा भर्ना भए र पछि कप्तानसम्म भएका थिए । त्यस वेला नेपालमा जङ्गबहादुर राणाको निरङ्कुश शासन थियो । कुनै पनि व्यक्तिले जङ्गबहादुरको निरङ्कुशता र अत्याचारका विरुद्धमा बोल्न सक्दैनथे । त्यस वेला नेपाली समाजमा 'कालको औषधी छैन, हुकुमको जबाफ छैन' भन्ने उक्ति नै चलेको थियो । त्यसै वेला भारतमा त्यहाँको अङ्ग्रेजी शासन विरुद्ध विद्रोह भयो । सो विद्रोह दबाउन लखन थापा पनि भारत पठाइएका थिए । लखन थापालाई यो कुरा मन परेन । त्यसैले उनले नेपाली सेनाका जागिर छाडी आफ्नो घर गए । उनले गोरखाको बुङ्कोटमा एउटा किल्ला र सोही किल्लामा मनकामनाको मन्दिर निर्माण गरे । उनले आफूलाई मनकामनाले जङ्गबहादुरको अत्याचार अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्ने आदेश दिएको भनेर घोषणा गरे । लखन थापाको स्वभाव, धार्मिक विचार, तार्किक क्षमता जस्ता गुणले गर्दा जङ्गबहादुरको विरुद्धमा एउटा समूह तयार भयो । सो समूहले वि.सं. १९३२ मा लखन थापालाई प्रधानमन्त्री र जयसिंह चुमीलाई सेनापति घोषणा गऱ्यो । यो कुरा थाहा पाएपछि काठमाडौँबाट एउटा फौज गोरखा गयो । लखन थापाको फौजले पनि केही समय काठमाडौँबाट गएको फौजसँग बहादुरीपूर्वक युद्ध गऱ्यो । अन्त्यमा लखन थापाका पक्षका मानिस पक्राउ परे । लखन थापा र उनका सहयोगीलाई उनीहरूकै किल्ला परिसरको मनकामना मन्दिर अगाडि वि.सं. १९३३ फागुन

२ गते झुन्ड्याएर मृत्युदण्ड दिइयो । लखन थापाको नेतृत्वमा भएको विद्रोह नै राणातन्त्र विरुद्धको पहिलो विद्रोह थियो । लखन थापाले गर्दा जनताले जङ्गबहादुरका करतुत थाहा पाए । जसले जनतामा चेतनाको विकास भयो ।

## गङ्गालाल श्रेष्ठ



गङ्गालाल श्रेष्ठको जन्म वि.सं. १९७५ मा रामेछाप जिल्लाको भँगेरी भन्ने गाउँमा भएको थियो । उनको पिताको नाम भक्तलाल र माताको नाम मोहनीकुमारी थियो । सुरुको समयमा यिनले भारतको कलकत्ता गई अध्ययन गरेका थिए तर पछि भने दरबार स्कुलबाट प्रथम श्रेणीमा मेट्रिक पास गरे । त्यसपछि त्रिचन्द्र कलेजमा भर्ना भए । देशमा राणाहरूको अत्याचार उनलाई मन परेको थिएन । उनी देशमा परिवर्तन ल्याई जनताका अधिकार स्थापित गर्न चाहन्थे । यसै सिलसिलमा दशरथ चन्दसँग उनको भेट भयो । त्यसपछि यिनी नेपाल प्रजा परिषद्को सदस्य बनेर राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापनका लागि सक्रिय रूपमा लागे । नेपाल प्रजा परिषद्ले देशमा राणा विरोधी गतिविधि सञ्चालन गऱ्यो । राणाहरूले गङ्गालाललाई गिरफ्तार गरे । राणाहरू यिनलाई माफी मगाउन चाहन्थे । उनलाई आफ्नो ज्यानभन्दा देश र जनता महत्त्वपूर्ण लाग्यो । त्यसैले माफी मागेनन् । वि.सं. १९९७ माघ १५ गते राती शोभाभगवती मन्दिरनजिकै गोली हानेर मृत्युदण्ड दिइयो । उनी हाम्रासामु अमर छन् । गङ्गालालका कारणले गर्दा हामीले प्रजातन्त्र प्राप्त गरेका छौँ । अतः उनी हाम्रो प्रेरणाका स्रोत हुन् ।

## दशरथ चन्द



दशरथ चन्दको जन्म वि.सं. १९६० मा बैतडी जिल्लाको बास्कोट भन्ने गाउँमा भएको थियो । उनका बुबाको नाम शेरबहादुर र आमाको नाम ओजकुमारी थियो । उनको बाल्यकालको केही समय गाउँमै बित्यो । पछि प्राथमिक शिक्षाका लागि भारतको कुमाउँ पठाइयो । कुमाउँबाट प्राथमिक शिक्षा पूरा गरेपछि उनले बनारसबाट इन्टरमिडियट पास गरे । दशरथ चन्द सानैदेखि समाज सुधारमा चासो राख्ने गर्थे ।

बनारसमा रहेका वेला यिनले "काशी प्रचारिणी समिति" मा काम गरेका थिए । उनी भारतीय स्वतन्त्रता आन्दोलनमा पनि सहभागी भए । भारतमा बस्दा पनि उनले नेपालको विषयमा सोचिरहेका हुन्थे । त्यसैले बनारसमा बसिरहेका नेपाली विद्यार्थीलाई राणा शासनको विरुद्धमा सङ्गठित गरे । बनारसमा रहेका वेला दशरथ चन्दको सम्पर्क धर्मभक्त माथेमा र टङ्कप्रसाद आचार्यसँग बढ्दै गयो । त्यसपछि काठमाडौँ आई उनीहरूसँग मिलेर "नेपाल प्रजा परिषद्" को स्थापना गरे । त्यस वेला नेपालमा पत्रपत्रिका प्रकाशित हुँदैनथे । उनले भारतबाट निस्कने पत्रिकामा "सेवासिंह" को नामबाट राणा विरोधी लेख छपाउँथे ।

राणाको विरोध गरेको आरोपमा यिनलाई गिरफ्तार गरे । गङ्गालाललाई जस्तै यिनलाई पनि राणाहरूले माफी माग्न दबाब दिएका थिए । तर दशरथ चन्दले अत्याचारीको अगाडि माफी मागेर बाँच्नुभन्दा देशको लागि मर्नु नै उचित सम्झिए । यिनलाइ पनि गङ्गालालसँगै वि.सं. १९९७ माघ १५ गते राती शोभाभगवतीनजिकै गोली हानी मृत्यदण्ड दिइयो ।

## शुक्रराज शास्त्री



शुक्रराज शास्त्रीको जन्म वि.सं. १९५० भारतको बनारसमा भएको हो । उनका पिताको नाम माधवराज र माताको नाम रत्नमाया हो । उनका पिता माधवराज जोशीलाई राणाहरूको विरोध गरेको आरोपमा देश निकाला गरिएको थियो । यिनको पुर्ख्यौली घर ललितपुरमा थियो । शुक्रराज शास्त्रीले प्रारम्भिक शिक्षा गुरुकुलबाट प्राप्त गरेका थिए । त्यसपछि यिनले पञ्जाब विश्वविद्यालयबाट शास्त्रीसम्मको अध्ययन पूरा गरेका थिए । यिनले नेपालको झलक, सत्यार्थ प्रकाश, संस्कृत प्रदीप, सत्य कल्पना, ब्राह्मणसूक्त, स्वर्गको द्वार आदि किताब लेखेका थिए । उनले संस्कृत, नेपाली, अङ्ग्रेजी, नेवारी, बङ्गाली र हिन्दी भाषासमेत जानेका थिए । शुक्रराज शास्त्रीलाई सानैदेखि अत्याचार मन पर्दैनथ्यो । उनी समाज सुधार गर्न चाहन्थे । त्यसैले भारतमा बस्दा त्यहाँका समाज सुधारक नेतासँग भेटघाट गरी छलफल गर्थे । शुक्रराज शास्त्री "नेपाली नागरिक अधिकार समिति" सँग आबद्ध भए । नागरिक अधिकार समितिको गठन प्रवचनका माध्यमबाट जनचेतना जगाउनका लागि भएको थियो । उनले गीताको प्रवचन दिँदै नेपाली नागरिकलाई राणा शासनको बिरुद्ध सचेत गराए । यो कुरा राणालाई मन परेको थिएन । त्यसैले राणाले उनलाई दण्ड दिने अवसर खोजिरहेका थिए । एक पटक काठमाडौँको इन्द्रचोकमा गीताको महत्त्वका विषयमा प्रवचन दिँदै थिए । त्यसैखबत राणाले

उनलाई गिरफ्तार गरे । उनलाई राणाहरूले विभिन्न प्रलोभन दिई आत्मसमर्पण गर्न दबाब दिएका थिए । तर उनले प्रजातन्त्रका खातिर कुनै पनि प्रलोभन स्वीकार गरेनन् । राणा शासन विरोधी अभियानमा लागेको आरोपमा उनलाई वि.सं. १९९७ माघ १० गते राति काठमाडौँको टेकु पचलीमा रहेको खरीको बोटमा झुन्ड्याएर मृत्युदण्ड दिइयो ।

## धर्मभक्त माथेमा



धर्मभक्त माथेमाको जन्म वि.सं. १९६५ मा काठमाडौँमा भएको थियो । यिनका पिताको नाम आदिभक्त र माताको नाम चन्द्रकुमारीदेवी थियो । यिनका पिता सरकारी जागिरे भएकाले उनले शिक्षाको महत्त्व बुझेका थिए । त्यसैले धर्मभक्तलाई अध्ययनका लागि दार्जिलिङ पठाए । पछि उनलाई थप शिक्षाको लागि कलकत्ता पठाइयो । धर्मभक्त शारीरिक व्यायाम गर्ने र शरीर राम्रो बनाउने कुरामा निकै ध्यान दिन्थे । उनले भारतमा हुने शारीरिक सुगठनका प्रतियोगितामा समेत भाग लिन्थे । उनी भारतमा बस्दा त्यहाँ अङ्ग्रेजको शासन थियो । अङ्ग्रेजले भारतीय जनतामाथि अत्याचार गरेकाले भारतीय जनताले अङ्ग्रेज विरोधी अभियानसमेत चलाएका थिए । धर्मभक्त पनि केही समय अङ्ग्रेज विरोधी आन्दोलनमा लागे । भारतमा अध्ययन गरिसकेपछि उनी नेपाल फर्किए । त्यसपछि राजा त्रिभुवन र केही राणालाई व्यायाम सिकाउन थाले । व्यायाम शिक्षक भएको हुनाले धर्मभक्त दरबार गइरहनुपर्थ्यो । यसले गर्दा यिनको र राजा त्रिभुवनको प्रत्यक्ष सम्पर्क भयो । धर्मभक्तबाट राजा त्रिभुवनले पनि राणाहरूको खराब कार्यका विषयमा जानकारी पाए । धर्मभक्त नेपाल प्रजा परिषद्का संस्थापकमध्ये एक हुन् । प्रजा परिषद्ले गर्ने हरेक क्रियाकलापमा यिनी सक्रिय सहभागी भएका थिए । राणाहरूको विरोध गरेको अभियोगमा धर्मभक्तलाई गिरफ्तार गरे । यिनलाई राणाहरूले वि.सं. १९९७ माघ १३ गते राति काठमाडौँ सिफलमा झुन्ड्याएर मृत्युदण्ड दिए ।

हामी सबैले सहिदलाई आत्मादेखि नै सम्मान गरौँ । देशमा प्रजातन्त्र र गणतन्त्रको स्थापना गर्नका लागि ज्ञातअज्ञात सहिदको योगदान रहेको छ । हामीले सहिदले देखाएको मार्गदर्शनलाई पछ्याउनुपर्छ ।

## क्रियाकलाप

१. हामीले सहिदको सम्मान गर्न के गर्नुपर्ला, साथीसँग छलफल गरेर लेख्नुहोस् ।

२. विभिन्न समयमा सहादत प्राप्त गर्ने व्यक्तित्त्वका विषयमा खोजी गर्नुहोस् र तलको जस्तै तालिका बनाई विवरण भर्नुहोस् :

| क्र.स. | सहिदको नाम | जन्मस्थान | जन्ममिति | योगदान |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

३. तपाइँले सपनामा कुनै सहिदलाई भेट्नुभयो भने कस्ता कुरा सोध्नुहुन्छ, कुनै पाँच प्रश्न बनाई साथीसँग छलफल गर्नुहोस् ।

## अभ्यास

१. राणा शासनको किन विरोध गरिएको होला ?

२. नेपालमा प्रजातन्त्रको स्थापना गर्नमा लखन थापाले कसरी योगदान दिएका छन् ?

३. सहिद भनेर कस्ता व्यक्तिलाई भनिन्छ ?

४. सहिदबाट हामीले कस्तो प्रेरणा पाउन सक्छौँ, छोटकरीमा लेख्नुहोस् ।

५. धर्मभक्त माथेमाले प्रजातन्त्र प्राप्तिका लागि पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।

# ९ लोकतान्त्रिक गणतन्त्र र यसका उपलब्धिहरू

**सुरुचि र करण आठ कक्षाका विद्यार्थी हुन् । उनीहरू विद्यालय जान लागेका वेला 'लोकतान्त्रिक गणतन्त्रको रक्षा गरौँ' भन्ने नारा लेखिएको पोस्टर बाटामा देखे । त्यसपछि उनीहरूले यही विषयमा छलफल गर्न लागे ।**

सुरुचि : करण हेर त, लोकतान्त्रिक गणतन्त्रसम्बन्धी पोस्टर रहेछ ।

करण : मैले पनि देखेँ सुरुचि । वैशाख ११ गते लोकतन्त्र दिवस पर्छ । सोही दिवस मनाउनका लागि यो पोस्टर टाँसिएको होला ।

सुरुचि : अब हामी पनि यही विषयमा छलफल गर्दै जाऊँ न ।

करण : सुरुचि, उता हेर त । रुबी गुरुआमा पनि आउँदै हुनुहुन्छ । पर्खेर सँगै जाऊँ ।

सुरुचि : हुन्छ नि । लोकतान्त्रिक गणतन्त्रका विषयमा छलफल गर्दै जाउँला ।

करण र सुरुचि : नमस्कार गुरुआमा ।

गुरुआमा : नमस्ते, के कुरा गर्दै हुनुहुन्छ ?

करण : गुरुआमा, हामी त लोकतान्त्रिक गणतन्त्रका विषयमा कुरा गर्दै छौँ । हजुरसँग यही विषयमा कुरा गर्दै जानका लागि हजुरलाई पर्खेका हौँ ।

गुरुआमा : ठिक छ । तपाईंहरू भन्नसक्नुहुन्छ, लोकतन्त्र भनेको के हो ?

सुरुचि : लोकतन्त्र भनेको एक प्रकारको राजनीतिक व्यवस्था हो । यसमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिको सहमतिका आधारमा देशको शासन सञ्चालन हुन्छ ।

करण : यो व्यवस्थामा जनप्रतिनिधिले देशमा आवश्यक पर्ने नीति निर्धारण गर्छन् । होइन र गुरुआमा ?

गुरुआमा : तपाईंहरू दुबै जनाले भनेको कुरा ठिक हो । लोकतन्त्रमा सबै समान हुन्छन्, सबैले समान अवसर पाउँछन् । अर्को शब्दमा भन्नुपर्दा लोकतन्त्र भनेको जनताद्वारा जनताका लागि जनताको शासन हो ।

सुरुचि : गुरुआमा, लोकतन्त्र भनेको त बुझियो । अब गणतन्त्रका विषयमा पनि कुरा गरौँ न ।

करण : गणतन्त्र भनेको पनि राजनीतिक व्यवस्था होइन र गुरुआमा ?

गुरुआमा : हो करण, गणतन्त्र जनताका छोराछोरी राष्ट्र प्रमुख हुन सक्ने व्यवस्था हो । देशका शासक जनप्रतिनिधि हुनुपर्ने, जनप्रतिनिधिले देशका नीति नियम बनाउने, जनताका अधिकार सुरक्षित रहने र आवधिक निर्वाचन हुने राजनीतिक प्रणाली नै लोकतान्त्रिक गणतन्त्र हो ।

करण : मैले पनि कुरा बुझेँ । गणतन्त्रमा राजा नरहने रहेछन् ।

गुरुआमा : तपाईंले सही कुरा गर्नुभयो । राजतन्त्रमा कुनै पनि व्यक्ति जन्मका आधारमा राष्ट्रको प्रमुख बन्छन् । कुनै पनि व्यक्ति जन्मका आधारमा देशको सर्वोच्च पदमा पुग्दा त ऊ निरङ्कुश पनि बन्न सक्छ नि ।

सुरुचि : राजाको निरङ्कुश शासनको कारण नै नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो त, गुरुआमा ?

गुरुआमा : हो नि, वि.सं. २०६५ जेष्ठ १५ गते नेपालमा गणतन्त्रको स्थापना भएको हो । यस व्यवस्थालाई संस्थागत गर्नका लागि वि.सं. २०७२ आश्विन ३ गते नेपालको संविधान पनि जारी भयो ।

करण : सोही संविधानका आधारमा नेपालको पुनःसंरचना गरी देशलाई सात प्रदेशमा विभाजन गरिएको होइन र ?

गुरुआमा : हो, देशमा २ जिल्ला थप गरी ७७ जिल्ला बनाइयो । गाउँपालिका र नगरपालिका गरी जम्मा ७५३ स्थानीय तह गठन गरियो ।

करण : लोकतान्त्रिक गणतन्त्रको के महत्त्व छ त मिस ?

गुरुआमा : लोकतान्त्रिक गणतन्त्रमा नागरिकका अधिकार र स्वतन्त्रताको रक्षा हुन्छ । सामाजिक न्याय, समानता र स्वतन्त्रताको संरक्षण लोकतान्त्रिक गणतन्त्रमा सम्भव हुन्छ । सामाजिक रूपले पछि परेका वर्गलाई मूलधारमा ल्याउनका लागि पनि लोकतान्त्रिक गणतन्त्र आवश्यक पर्छ । लोकतान्त्रिक गणतन्त्रमा समतालाई प्राथमिकतामा राखिन्छ । देशले बनाउने नीति नियम समानता र समतामा आधारित हुन्छन् । यस व्यवस्थामा हरेक जाति, भाषा, धर्म, वर्ग तथा सम्प्रदायका मानिसले आफ्नो पहिचान पाउन सक्छन् । योग्यता र क्षमताका आधारमा नागरिकलाई जिम्मेवारी दिइन्छ । लोकतान्त्रिक गणतन्त्रमा देश समृद्ध बन्ने प्रशस्त सम्भावना रहन्छ । नागरिकको सशक्तीकरण हुन्छ तर यसका चुनौती पनि छन् ।

सुरुचि : लोकतान्त्रिक गणतन्त्रका चुनौती के के छन् त गुरुआमा ?

गुरुआमा : राजनीतिक स्थिरता कायम गर्नु, सबै वर्ग, क्षेत्र, जात, जाति तथा समुदायले आफ्नो पहिचान स्थापित गर्नु लोकतन्त्रका चुनौती हुन् । त्यस्तै दलहरूले भूमिकामा निष्पक्षता कायम गर्नु, भ्रष्टाचारलाई नियन्त्रण गर्नु, नागरिकका यथोचित मागलाई सम्बोधन गर्नुसमेत लोकतान्त्रिक गणतन्त्रका चुनौती हुन् ।

सुरुचि : लोकतान्त्रिक गणतन्त्रका चुनौती हटाउन सकेमा मात्र यो व्यवस्था बलियो हुने रहेछ । यो व्यवस्थालाई सबल र प्रभावकारी बनाउन त सबै नागरिकको योगदान आवश्यक पर्ने रहेछ होइन त गुरुआमा ?

गुरुआमा : तपाईंले सही कुरा गर्नुभयो । लोकतान्त्रिक गणतन्त्र विकास गर्न लोकतान्त्रिक आचरणको विकास गर्नुपर्छ । यसलाई जीवन पद्धतिका रूपमा आत्मसात् गर्न सके यसलाई संस्थागत गर्न सकिन्छ ।

## क्रियाकलाप

१. **लोकतान्त्रिक गणतन्त्रको महत्त्व झल्काउने पोस्टर बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।**

२. **'लोकतान्त्रिक गणतन्त्रका सम्भावना र चुनौती' विषयमा कक्षामा वक्तृत्वकलाको आयोजना गर्नुहोस् ।**

३. **कस्ता क्रियाकलाप गरेमा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत बनाउन सकिएला, कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **नेपालमा लोकतन्त्र दिवस किन मनाइन्छ ?**

२. **लोकतन्त्रमा देशको शासन कसरी सञ्चालन गरिन्छ, लेख्नुहोस् ।**

३. **लोकतान्त्रिक गणतन्त्रका विशेषता लेख्नुहोस् ।**

४. **तपाईँलाई लोकतान्त्रिक गणतन्त्र किन मन पर्छ, कारण दिई आफ्ना विचारलाई पुष्टि गर्नुहोस् ।**

५. **राजतन्त्र र गणतन्त्रबिचका भिन्नता लेख्नुहोस् ।**

# ६ ग्रिस र रोमको सभ्यता

शिक्षकले कक्षाका विद्यार्थीलाई ग्रिस र रोमको सभ्यताका विषयमा विभिन्न विवरण सङ्कलन गरेर आउन भन्नुभएको थियो । सुमनले यस विषयमा कसरी विवरण पाउने भनेर अलमल परेका थिए । उनका बुबाले इन्टरनेटमा खोज्ने सल्लाह दिनुभयो । उनले इन्टरनेटमा मानव सभ्यताका विभिन्न विवरण खोजी गरे ।

हाम्रा पुर्खाले विगतमा पुऱ्याएका योगदानका कारण मानव सभ्यता अहिलेको अवस्थासम्म आइपुगेको हो । विगतदेखि वर्तमानसम्म मानिसले सिर्जना गरेका सबै कुराको समष्टीगत स्वरूप सभ्यता हो । भाषा, गीत सङ्गीत, भवन, सडक, कला, ज्ञान आदि मानव सभ्यताका पक्ष हुन् । सिन्धु उपत्यकाको सभ्यता, बेबिलोनिया/मेसोपोटामियाको सभ्यता, नाइल नदी/मिश्रको सभ्यता, ह्वाङहो सभ्यता, याङजेक्याङ सभ्यता, रोमको सभ्यता, ग्रिसको सभ्यता आदि केही प्राचीन मानव सभ्यता हुन् ।

यति कुरा आफ्नो कापीमा सारेपछि सुमन अड्किए । उनले ग्रिक र रोमको सभ्यताका विषयमा जान्न खोजेका थिए तर यससम्बन्धी विषयवस्तु देखेनन् । निलो अक्षरमा लेखिएका 'ग्रिक र रोमको सभ्यता' मा थिचे । त्यहाँ ग्रिक र रोमको सभ्यता सम्बन्धमा जानकारी दिइएको थियो । उनले सो जानकारी पढेर निम्न लिखित कुरा लेखे ।

युनानी सभ्यताको नामले समेत चिनिने ग्रिक सभ्यताको विकास युरोपको ग्रिसमा भएको हो । यो सभ्यता ई.पू. १२ औँ शताब्दीबाट विकसित भई ई.पू. ८ औँ शताब्दीसम्म कायम रहेको थियो । यस कालमा यहाँ नगर राज्यहरू थिए । तिनीहरूलाई "पोलिस स्टेट" भनिन्थ्यो । तिनीहरूमा स्पार्टा र एथेन्स प्रमुख थिए । यहाँका नगर राज्यहरूबिचमा आपसी मित्रता थिएन । तिनीहरूका बिचमा आपसी मेलमिलाप कायम होओस् भनेर ओलम्पिक खेलको सुरुआत गरिएको थियो । यो स्थान तीनतिरबाट समुद्रले घेरिएको हुनाले यहाँका मानिस जलयातायातको प्रयोग गरी विभिन्न स्थानको सजिलै भ्रमण गर्थे ।

स्पार्टामा कुलीन वंशीय निरङ्कुश शासन पद्धति थियो भने एथेन्समा प्रजातान्त्रिक व्यवस्था थियो । एथेन्समा संविधानको निर्माणसमेत गरिएको थियो र देशको शासन चलाउनका लागि लोकसभा तथा परिषद् रहने व्यवस्था थियो । लोकसभामा जननिर्वाचित प्रतिनिधिहरू रहन्थे भने परिषद्मा कुलीन तथा भूमिपति वर्गका मनोनित सदस्य रहन्थे । यसप्रकार एथेन्सबाटै संसद्को पनि थालनी भएको मानिन्छ ।

साहित्य र दर्शनको क्षेत्रमा पनि ग्रिसका नगर राज्यहरूले प्रगति गरेका थिए । होमर ग्रिस साहित्यका महाकवि हुन् । उनले "ओडिसी" र "इलियड" भन्ने महाकाव्य लेखेका थिए । यी कृति पूर्वीय साहित्यका रामायण र महाभारत जस्तै प्रसिद्ध छन् । हेसोइड अर्का महान् कवि हुन् । त्यस्तै एस्काइलस र युरिपिडिज त्यस कालका नाटककार थिए । हेरोडोटस्ले "पर्सियन वार" को इतिहास लेखे । उनलाई "इतिहासका पिता" भनेर चिनिन्छ । सुकरात, प्लेटो र अरस्तु त्यहाँका प्रसिद्ध दार्शनिक हुन् । उनीहरूले प्रतिपादन गरेका दर्शनका सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक र महत्त्वपूर्ण छन् ।

सुकरातले कुनै पनि कुरालाई अपव्याख्या गरेर होइन प्रमाणका आधारमा प्रमाणित गरिनुपर्छ भन्थे । तर शासकलाई यो कुरा मन नपरेकाले युवाहरूलाई धर्मको विरोधमा भड्काएको आरोपमा उनलाई विष खुवाइयो । उनले विष पिउने वेलामा "आफूलाई, म तिम्रो तरिकाबाट बाँच्नुभन्दा आफ्नो तरिकाबाट बोलेर मर्नु उचित सम्झन्छु" भनेका थिए । सुकरातका चेला प्लेटोले "रिपब्लिक" भन्ने किताब लेखेर जनचेतना फैलाए । प्लेटोका चेला अरस्तुले विज्ञान, तर्कशास्त्र तथा दर्शनशास्त्रका माध्यमबाट जनचेतना फैलाए ।

यस सभ्यतामा मूर्तिकला र वास्तुकलाको पनि राम्रो विकास भएको मानिन्छ । एथिनादेवीको मूर्ति तथा ओलम्पियाको जियस देवताको मूर्ति त्यस वेलाका मूर्तिकलाका प्रमुख नमुना थिए । पार्थेनियन मन्दिर वास्तुकलाको उत्कृष्ट नमुना थियो ।

ग्रिक सभ्यताको विषयमा जानकारी पाएपछि सुमन निकै खुसी भए र उनले रोमन सभ्यताको विषयमा खोजी गरे । उनले त्यहाँ भेटेका कुरालाई यसरी प्रस्तुत गरे ।

ग्रिस सभ्यता कमजोर भएपछि रोमको सभ्यताको विकास भएको कारणले गर्दा यसलाई ग्रिस सभ्यताको निरन्तरता समेत भनिन्छ । ई.पू. ७५३ मा रोमुलस र रोमस नाम गरेका जुम्ल्याहा दाजुभाइले हालको इटलीमा रोम नगरको स्थापना गरेका हुन् । हाल यो टाइबर नदीको किनारमा रहेको छ । प्राचीन रोममा इट्रस्कन (Etruscan) जातिको शासन थियो र पछि ल्याटिन जातिले इट्रस्कन जातिलाई परास्त गरी गणतन्त्रको स्थापना गऱ्यो । हालका इटली, स्पेन, जर्मनी, फ्रान्स, ग्रिस, मिश्र (Egypt) तथा मेसोपोटामिया आदि रोमको साम्राज्यभित्र पर्थे ।

रोमको समाजमा दुई वर्ग थिए । पहिलो वर्गमा कुलीनहरू पर्थे । यिनीहरूलाई राज्यले विशेषाधिकार प्रदान गरेको थियो । दोस्रो वर्गमा सर्वसाधारण पर्थे । यस वर्गका मानिस श्रमजीवी र दासहरू थिए । उनीहरू अधिकारविहीन थिए । उनीहरूमाथि राज्यले नराम्रो

व्यवहार गर्थ्यो । रोमन साम्राज्यमा सबैभन्दा उपल्लो तहमा सम्राट् रहन्थे । सिनेट र एसेम्ली (Senate and Assembly) ले साम्राज्यको शासन चलाउन सम्राट्लाई सहयोग गर्थे ।

रोमन साम्राज्यमा विस्तारका क्रममा विभिन्न योद्धाको उदय भयो । त्यसमध्येमा एक जना जुलियस सिजर थिए । उनले आफ्नो साम्राज्यमा विकास निर्माण र सुधारका कार्य गरेका थिए । तर उनलाई अप्रजातान्त्रिक शासकको आरोपमा सिनेटका दुई सदस्यले हत्या गरे । जुलियस सिजरको हत्यापछि त्यहाँ सम्राटको शासन चल्न थाल्यो । सम्राट् अगस्ट सिजरको शासनकालमा रोममा अत्यधिक विकास भएकाले उनको शासनकाललाई रोमको इतिहासमा स्वर्ण युग भनिन्छ ।

यति कुराले मात्र सुमनको चित्त बुझेन । उनलाई प्राचीन ग्रिक र रोमन सभ्यताका प्रभावहरू जान्न मन लाग्यो । त्यसैले उनले थप खोजी गरी निम्नलिखित कुराको टिपोट गरे ।

(क) साहित्य र इतिहास लेखनको थालनी यिनै सभ्यताको योगदान हो ।

(ख) मूर्तिकला तथा वास्तुकलाको विकासमा प्राचीन ग्रिक र रोमन सभ्यताको योगदान रहेको छ ।

(ग) प्रजातन्त्र, गणतन्त्र, स्वतन्त्रता, नागरिकता, संविधान, मौलिक हक आदि जस्ता अवधारणाको विकास यिनै सभ्यताबाट भएको हो ।

(घ) निर्वाचनको थालनी रोमबाट भएको हो ।

(ङ) ओलम्पिक खेलको थालनी र अन्य खेलको विकास पनि यही सभ्यताको प्रभाव हो ।

## क्रियाकलाप

१. **एटलस हेरेर ग्रिक र रोमन सभ्यताको विकास भएका स्थान पत्ता लगाउनुहोस् ।**

२. **प्राचीन ग्रिकका नगर राज्यहरूका बिचमा मेलमिलाप नहुनुका कारण के के हालान् ? अहिलका कतिपय देशका बिचमा पनि मेलमिलाप छैन, यस्तो किन भएको होला, छलफल गरेर लेख्नुहोस् ।**

३. **प्राचीन ग्रिक र रोमको राजनीतिक अवस्था र वर्तमान नेपालको राजनीतिक अवस्थाबिच तुलना गरी चार्टपेपरमा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. सभ्यता भनेको के हो, उदाहरण दिएर लेख्नुहोस् ।

२. प्राचीन ग्रिकका नगर राज्यहरूले आपसी सम्बन्ध विस्तार गर्न के गरेका थिए ?

३. प्राचीन रोमका मानिसले विभिन्न स्थानका विषयमा अरूले भन्दा धेरै जानकारी पाउनुको कारण के होला ?

४. प्राचीन ग्रिक र रोमन सभ्यताले हालको विश्वमा पारेका प्रभाव लेख्नुहोस् ।

५. प्राचीन ग्रिकको साहित्य र कलाको विषयमा चर्चा गर्नुहोस् ।

६. 'ग्रिकलाई दर्शनको जननी भनिन्छ ।' यो भनाइसँग किन सहमत हुनुहुन्छ, सहमतिका बुँदा प्रस्तुत गर्नुहोस् ।

# ८ सिन्धु उपत्यकाको सभ्यता



सुमिना पत्रकार हुन् । उनी प्राचीन तथा पुरातात्त्विक वस्तुको खोज गर्नका लागि विश्वका विभिन्न मुलुकमा जाने गर्छिन् । आज उनले पाकिस्तानबाट सिन्धु उपत्यकाको सभ्यताको विषयमा टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिरहेकी छन् । उनको प्रस्तुति यस्तो छ ।

नमस्कार दर्शकवृन्द, तपाइँहरूले अहिले देखिरहनुभएको यो स्थान हालको पाकिस्तानमा पर्छ । यो सिन्धु नदी हो । यस स्थानमा प्राचीनकालमा मानव सभ्यताको विकास भएको थियो । सिन्धु नदीको किनारमा विकास भएको मानव सभ्यतालाई सिन्धु उपत्यकाको सभ्यता भनेर चिनिन्छ । यसलाई सिन्धुघाटीको सभ्यता पनि भनिन्छ । कुनै प्रकारको प्राकृतिक प्रकोपले यो सभ्यता नष्ट भएको हुन सक्ने अनुमान गरिएको छ ।

यहाँ मोहेन्जोदाडो र हरप्पा नामका दुईओटा ठाउँको उत्खनन गरिएको थियो । मोहेन्जोदाडो सिन्धु नदी र हरप्पा रावी नदीको किनारमा रहेका स्थान हुन् । यी दुबै स्थानमा व्यवस्थित रूपले नगरहरू विकसित भएका थिए । त्यहाँ गल्ली, नाली, स्नानगृह, सभागृह तथा अन्य भवन बनेका थिए । यी स्थानमा पाकेको इँटले बनाइएका दुई तले घर थिए । यहाँका यी दुबै नगरमा ढल निकासको व्यवस्थासमेत भएको थियो ।

यी दुबै स्थानमा बस्ने मानिसले लगाउने लुगा ऊनी र सुतीका हुन्थे । महिला र पुरुष दुबैले लामो कपाल पाल्ने यहाँको चलन थियो । महिलाले सुन, चाँदी, तामा आदिका गहना

लगाउँथे । यहाँका मानिसको खाना यहीँकै उत्पादनमा भर पर्थ्यो । यस स्थानमा गहुँ, जौ, खरबुजा, खजुर आदिको उत्पादन हुन्थ्यो । यहाँका मानिसले माछा र मासु पनि खान्थे । विभिन्न प्रकारका खेलबाट नै उनीहरूले मनोरञ्जन प्राप्त गर्थे ।

आदरणीय दर्शकहरू

यस सभ्यताका मानिसले मूर्ति पूजा गर्ने गर्थे । उत्खनन गर्दा केही मूर्ति पाइएका हुनाले यो कुरा प्रमाणित हुन्छ । यहाँका मानिस प्रकृतिका समेत पुजारी थिए । उनीहरूले विभिन्न प्रकारका जनावरको पनि पूजा गर्थे । सर्प, परेवा, बाख्रा, गोरु आदि जनावर सिन्धु उपत्यकाका मानिसले पूजा गर्ने प्राणी हुन् । कुनै मानिसको मृत्यु भएमा सो लासलाई नदी किनारमा लगेर दाहसंस्कार गर्ने परम्परा रहेको बुझिएको छ । लासलाई गाडेर वा जलाएर दाहसंस्कार गरिन्थ्यो ।

यस उपत्यकामा कलाकारिताको प्रचुर विकास भएको थियो । त्यसैले यहाँका मानिसको एउटा पेसा कलाकारिता थियो । त्यस्तै इँट, भवन, मूर्ति, भाँडाकुँडा, गरगहना आदि बनाउने काम पनि यहाँका मानिसको अर्को पेसा थियो । खेतीपाती, पशुपालन, लुगा बुन्ने तथा समुद्रपार व्यापार जस्ता काममा पनि मानिस सक्रिय रूपमा सहाभागी थिए । यस स्थानको उत्खनन गर्दा विभिन्न किसिमका गहना, देवीदेवताका मूर्ति, त्रिशूलसमेत पाइएका हुनाले यहाँका मानिसको आर्थिक अवस्था राम्रो थियो भन्ने बुझिन्छ । यहाँ लिङ्गका आधारमा कामको पनि विभाजन भएको थियो । महिलाले कपडा बुन्थे भने पुरुषले खेती, पशुपालन र व्यापार गर्ने गर्थे । यहाँ माटाका केही मुद्रा पनि पाइएका छन् ।

यस सभ्यताका केही प्रभाव अहिलेसम्म रहेका छन् । नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान आदि मुलुकमा सिन्धु सभ्यताको प्रभाव रहेको छ । यी मुलुकको व्यापार तथा कला सिन्धु उपत्यकाको सभ्यताबाट नै थालनी भएको भन्न सकिन्छ । यी मुलुकमा हाल पनि ऊनी र सुतीकै लुगाको प्रयोग हुन्छ । मूर्ति बनाउने कलाको थालनी सिन्धु उपत्यकाको सभ्यताबाट भएको हो । हाल यी मुलुकमा मूर्ति पूजा गरिन्छ । सिन्धु उपत्यकाका मानिसले प्रकृतिको पूजा गर्थे । हाल पनि यी मुलुकमा प्रकृतिको पूजा हुन्छ । यो सभ्यतामा लासलाई नदीको किनारमा लगेर जलाउने वा गाड्ने गरिन्थ्यो । हाल पनि सो परम्परा कायम नै रहेको छ । यसरी वर्तमानमा अभ्यासमा रहेका धेरै सामाजिक मूल्य र संस्कारलाई सिन्धु उपत्यका सभ्यताको निरन्तरताका रूपमा लिन सकिन्छ ।

ल त आदरणीय दर्शकहरू आजको यो सामग्री प्रस्तुतिसँगै यहाँहरूसँग बिदा हुन चाहन्छु । थप जानकारीका लागि हाम्रो टेलिभिजन हेर्दै गर्नुहोला, नमस्कार ।

## क्रियाकलाप

१. सिन्धु उपत्यकाको सभ्यतामा भएका कस्ता कुरा आज पनि निरन्तर रूपमा चलिरहेका छन्, कागजमा ठुला अक्षरमा लखेर कक्षामा टाँस्नुहोस् ।

२. सिन्धु उपत्यकाको सभ्यता विकास भएका स्थानमा हाल कुन कुन स्थान पर्दा रहेछन्, नक्सामा हेरेर पत्ता लगाउनुहोस् र कापीमा लख्नुहोस् ।

## अभ्यास

१. सिन्धु उपत्यकाको सभ्यता कहिले र कहाँ विकास भएको थियो, छोटकरीमा लेख्नुहोस् ।

२. सिन्धु उपत्यकाको सभ्यतामा नगरहरूको विकास कसरी भएको थियो ?

३. सिन्धु उपत्यकाको सभ्यतामा रहेका मानिसको जनजीवन र वर्तमान नेपालका मानिसको जनजीवनसँग तुलना गर्नुहोस ।

४. सिन्धु उपत्यकाका मानिसको धार्मिक विश्वासको चर्चा गर्नुहोस् ।

# ८

# पुनर्जागरण र यसको प्रभाव

**श्री नेपाल माध्यमिक विद्यालय, अमलेखगन्जका आठ कक्षाका विद्यार्थीले शैक्षिक प्रदर्शनीको आयोजना गरेका छन् । सो प्रदर्शनी हेर्नका लागि विभिन्न विद्यालयका विद्यार्थी र अभिभावकलाई समेत निमन्त्रणा गरिएको छ । करिना पनि सोही प्रदर्शनी हेर्न गएकी छन् । हेर्दै जाँदा उनलाई पुनर्जागरणसम्बन्धी विषयवस्तु निकै मन पर्‍यो । उनले एउटा चार्ट पढिन् ।**

(क) पुनर्जागरण भन्ने शब्द पुनः र जागरण भन्ने दुई शब्द मिलेर बनेको छ ।

(ख) पुनः को अर्थ फेरि र जागरणको अर्थ उठ्नु, ब्युँझनु वा जाग्नु हो ।

(ग) प्राचीनकालमा युरोपमा शिक्षा, संस्कृति, कला, सभ्यता र भाषाको विकास भएको थियो ।


(घ) छैटौँ शताब्दीदेखि तेरौँ शताब्दीसम्म अन्धविश्वास र धार्मिक कट्टरताका कारण नागरिकका अधिकार हनन हुनुका साथै सभ्यता र समुन्नतिमा ह्रास आएको थियो ।

(ङ) चौधौँ शताब्दीदेखि पुनः आफ्नो प्राचीनकालीन शिक्षा संस्कृति, कला, वैज्ञानिक खोजी हुन थाल्यो ।

(च) यही समयदेखि नयाँ नयाँ खोज तथा आविष्कार भए र ज्ञानको पुनर्जन्म भयो ।

(छ) यसैलाई पुनर्जागरण भनियो ।

*यो चार्ट हेरेपछि करिनालाई पुनर्जागरणको अर्थ, पुनर्जागरण हुनुभन्दा पहिलाको युरोपको अवस्था र पुनर्जागरणको थालनीका विषयमा जानकारी भयो । त्यसपछि उनले अर्को चार्ट हेरिन् । त्यसमा पुनर्जागरणका कारण लेखेको थियो । करिनाले आफ्नो कापीमा पुनर्जागरणका कारण टिपिन् ।*



त्यसपछि उनले अर्को चार्ट हेरिन् ।

**पुनर्जागरणले ल्याएका परिवर्तन**

*(क) अन्धविश्वासको अन्त्य*

*(ख) तर्क र प्रमाणमा विश्वास*

*(ग) वैज्ञानिक खोज र आविष्कार*

*(घ) पोप र पादरीको प्रशंसा भएका साहित्य रचनाको अन्त्य*

*(ङ) साहित्यमा स्वतन्त्र अभिव्यक्तिलाई प्राथमिकता*

*(च) ग्रिक र ल्याटिन भाषामा साहित्य सिर्जना*

*(छ) भौगोलिक क्षेत्रको खोजी*

*(ज) कलाको विकास*

प्रदर्शनी हेर्दै जाँदा करिनाले प्रदर्शनीमा बसेकी सिर्जनालाई भेटिन् । सिर्जनाले करिनालाई पुनर्जागरण सम्बन्धमा थप जानकारी दिइन् । करिनालाई विज्ञान, प्रविधि र अन्वेषणमा निकै रुचि छ । त्यसैले उनले पुनर्जागरण कालको विज्ञान, प्रविधि र अन्वेषणका विषयमा सिर्जनासँग जिज्ञासा राखिन् । सिर्जनाले अर्को चार्टपेपर देखाइन् । त्यसमा यस्तो लेखिएको थियो ।

**कलामा पुनर्जागरण**

(क) बहुमुखी प्रतिभाका धनी कलाकार लियोनार्दो दा भिन्चीले विश्व प्रसिद्ध चित्र "मोनालिसा" बनाए । यस चित्रमा सौन्दर्य, सजीवता र भावुकता प्रस्ट पाइन्छ ।

(ख) माइकेल एन्जेलो र राफेल पुनर्जागरण कालका अन्य प्रसिद्ध चित्रकार हुन् ।

(ग) त्यस समयका मूर्तिकारमा गिवर्टी प्रमुख मानिन्छन् । उनले फ्लोरेन्स भन्ने स्थानमा रहेको गिर्जाघरका लागि ढोका बनाए । यो ढोका पित्तलको थियो । यो ढोका निकै कलात्मक भएकाले यसलाई "स्वर्गको द्वार" समेत भनिएको छ ।

(घ) वास्तुकलाको क्षेत्रमा कलाकार ब्रुन्लेस्कीले महत्त्वपूर्ण योगदान दिएका छन् । यिनले डोम अफ फ्लोरेन्स क्याथेड्रल (गुम्बज आकारको फ्लोरेन्स गिर्जाघर) को निर्माण गरेका थिए ।

**साहित्यमा पुनर्जागरण**

(क) इटालियन कवि दाँतेले डिभाइन कमेडी नामको.महाकाव्य लेखे । यसमा पोप, पादरी र सामन्तहरूका खराब कार्यको चर्चा भएको छ ।

(ख) इरासमसले 'द प्रेज अफ द फुल्ली' भन्ने महाकाव्य लेखे । यसमार्फत उनले समाजको अन्धविश्वास र सामाजिक कुरीति विरुद्ध जनचेतना फैलाए ।

(ग) कवि स्पेन्सरले काव्य साहित्यमा आधुनिकता भित्र्याए । उनले पनि कवितामार्फत जनचेतना फैलाए ।

**विज्ञान, प्रविधिमा पुनर्जागरण**

(क) यस कालका वैज्ञानिकमा निकोलस कोपर्निकस, गिलवर्ट, ग्यालिलियो र न्युटन निकै प्रसिद्ध छन् ।

(ख) सूर्य घुम्दैन । पृथ्वी र अन्य ग्रहले सूर्यको परिक्रमा गर्छन् भन्ने सिद्धान्त निकोलस कोपर्निकसले प्रतिपादन गरेका हुन् ।

(ग) केप्लर र निपियर जस्ता गणितज्ञको योगदान महत्त्वपूर्ण रह्यो ।

(घ) केप्लरले कोपर्निकसको सिद्धान्तलाई गणितीय आधारमा प्रमाणित गरे ।

(ङ) ग्यालिलियोले दूरबिनको आविष्कार गरे भने न्युटनले गुरुत्वाकर्षणको सिद्धान्त प्रतिपादन गरे ।

(च) कोलम्बसले अमेरिका, भास्को डी गामाले भारत र मार्कोपोलोले चीन पत्ता लगाए ।

## क्रियाकलाप

१. **पुनर्जागरण कालमा नेपालको कलाको अवस्था कस्तो थियो । नेपालको मध्यकालीन इतिहाससम्बन्धी विभिन्न सामग्रीको अध्ययन गरी लेख्नुहोस् र साथीलाई पढ्न दिनुहोस् ।**

२. **युरोपमा भएको पुनर्जागरणले कस्तो क्षेत्रमा परिवर्तन ल्यायो, सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. पुनर्जागरणमा कुन कुन कलाकारले कसरी योगदान दिए, तलको तालिकामा कलाकारको नाम र योगदान तयार गरी साथीलाई देखाउनुहोस् :

| क्र.स. | कलाकारको नाम | योगदान |
|---|---|---|
| | | |

## अभ्यास

१. पुनर्जागरणको अर्थ लेख्नुहोस् ।

२. पुनर्जागरण हुनुभन्दा पहिला युरोपको अवस्था कस्तो थियो, चर्चा गर्नुहोस् ।

३. पुनर्जागरणको थालनी कसरी भएको हो, लेख्नुहोस् ।

४. पुनर्जागरण नभएको भए के हुन्थ्यो होला, चर्चा गर्नुहोस् ।

५. पुनर्जागरण कालमा विज्ञान र अन्वेषणका क्षेत्रमा कस्ता उपलब्धि भएका थिए ?

६. पुनर्जागरण कालमा सिर्जना गरिएका साहित्यिक कृतिहरूको चर्चा गर्नुहोस् ।

एकाइ
६

# हाम्रो आर्थिक क्रियाकलाप

## सिकाइ उपलब्धि

१. मौद्रिक कारोवारको अवधारणा बताई यसको व्यावहारिक प्रयोग गर्न

२. नेपालका वित्तीय संस्थाको परिचय यी संस्थाहरूबाट प्राप्त गर्ने सेवाहरूको पहिचान गर्न

३. नेपालका पर्यटन उद्योगको वर्तमान अवस्था, महत्त्व बताउन र पर्यटन व्यवसायमार्फत रोजगार प्रवर्धनका उपायहरू खोजी गर्न

४. वैदेशिक रोजगारीको परिचय, चुनौती र अवसर पहिचान गर्न

५. नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था र महत्त्व बताउन

# १ मौद्रिक कारोबार

प्राचीन समयमा मानिसको आवश्यकता सीमित थिए । उनीहरू आफूलाई आवश्यक पर्ने वस्तु आफैँ उत्पादन गर्थे । आफूसँग बढी भएका सामान अरूलाई दिएर आफूलाई आवश्यक पर्ने वस्तु लिने गर्थे ।

यसरी वस्तुसँग साटासाट गरेर आफ्ना आवश्यकता पूरा गर्ने कार्यलाई वस्तु विनिमय भनिन्छ । मानिसका आवश्यकता बढ्दै गए । वस्तु विनिमय प्रक्रियाबाट दैनिक व्यवहार चलाउन कठिन हुन थाल्यो । वस्तुको उचित मूल्य निर्धारणमा समस्या देखा पर्दै गए । नाशवान् प्राकृतिका वस्तुहरू विभाजन गर्न कठिनाइ भयो । वस्तु साटासाट गर्न व्यक्तिबिच आवश्यकताको दोहोरो मेल हुन कठिनाइ भयो । धन सम्पत्ति सञ्चित गर्न असुविधा उत्पन्न भयो । भविष्यमा भुक्तानी गर्ने गरी वर्तमानमा आवश्यकता पूरा गर्नसमेत समस्या उत्पन्न भयो । वस्तु विनिमय प्रणालीमा देखा परेका समस्या समाधानका लागि विभिन्न विकल्पको खोजी भयो । विकासको क्रमसँगै सबैलाई सर्वस्वीकार्य हुने वस्तुका रूपमा मुद्रा प्रचलनमा आयो । सबैभन्दा पहिला धातु मुद्राको प्रचलन आयो । सुन, चाँदी, तामा,

### भिमबहादुरका कथा

*भीमबहादुरको घर नदी किनारको बेँसीमा छ । उहाँ कृषि कार्य गर्नुहुन्छ । केही वर्ष अगिसम्म उहाँ असार महिनामा खेत रोपाइँ सकेर तरकारी विशेष गरी आलु लिनका लागि आफूले चामल खुर्सानीलगायतका सामान लिएर एक दिन हिँडेर माथि लेक जानुहुन्थ्यो । लेकमा उहाँले चामल तथा खुर्सानीसँग आलु साटेर घर लिएर आउनुहुन्थ्यो । लेकबाट पनि मानिसहरू आलु, मुला, सागलगायत विभिन्न तरकारी लिएर बेँसीतर्फ आउँथे र अन्नसँग तरकारी साटेर लैजाने गर्थे । यसरी वस्तुहरू साटासाट गरेर आफ्ना आवश्यकता पूरा गर्थे । अहिले सबै क्षेत्रमा यातायातको सुविधा विस्तार भएको छ । यातायातको माध्यमबाट आवश्यक वस्तु माथि लेकसम्म पुग्न थालेको छ । उक्त क्षेत्रमा उत्पादन भएका आलुलगायतका अन्य सामानहरू बेचबिखन गर्न सजिलो भएको छ । त्यसैले अहिले भीमबहादुरलाई पहिले जस्तो सामान लिएर आलु लिनका लागि लेकतर्फ जानुपर्दैन । लेकमा उत्पादन भएको आलु बजारसम्म आइपुग्छ । उनी बजारमा गएर आफूलाई आवश्यक परेको सामान पैसा तिरेर खरिद गर्छन् । आफूसँग भएको वस्तुहरू बजारमा लगेर बेच्छन् । अहिले सम्पूर्ण आर्थिक कारोबार मुद्राको माध्यमबाट हुन्छ । उनको छोरा काठमाडौँमा पढ्छन् । उनी अहिले सामान किन्न, क्याम्पसको फी पनि विद्युतीय माध्यमबाट भुक्तानी गर्छन् । त्यो कुरा घरमा सुनाउँदा बुबा हिजो र आजको दिन सम्झेर दङ्ग पर्नुहुन्छ । आफूले दुःख गरेर छोराछोरीलाई यतिको बनाएकामा गर्व पनि गर्नुहुन्छ ।*

पित्तल जस्ता धातुबाट बनेको मुद्रालाई धातुमुद्रा भनिन्छ । धातुमुद्राको प्रचलनपछि कागजी मुद्रा प्रचलनमा आयो । कागजी मुद्रा धातु मुद्राको तुलनामा एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न सजिलो भएको छ । नेपालमा पनि वि.सं. २००२ बाट कागजी मुद्रा प्रचलनमा आएको हो । नेपालमा हाल विभिन्न दरका कागजी नोटहरू प्रचलनमा छन् । वर्तमान समयमा मुद्राको सट्टामा चेक, बैङ्क ड्राफ्ट, ए.टी.एम. कार्ड, अनलाइन भुक्तानी आदिबाट आर्थिक कारोबार गर्न सकिन्छ । मुद्राका माध्यमबाट गरिने आर्थिक कारोबारलाई मौद्रिक कारोबार भनिन्छ । मुद्रा छाप्ने अधिकार केन्द्रीय बैङ्कलाई हुन्छ । नेपालमा नेपाल राष्ट्र बैङ्कले केन्द्रीय बैङ्कका रूपमा मुद्रा छाप्ने काम गर्छ ।

मौद्रिक कारोबारका माध्यमबाट आफूलाई आवश्यक सामान खरिद गर्न सकिन्छ । आफूले वस्तु बिक्री गरेर मुद्रा आर्जन गर्न सकिन्छ । आफूसँग भएको सम्पत्ति वित्तीय संस्थामा सुरक्षित रूपमा राख्न सहयोग पुग्छ । आफूलाई आवश्यक पर्ने सेवा सुविधा सजिलै उपभोग गर्न सकिन्छ । कसैसँग ऋण लिन र दिन सहयोग पुग्छ । विकासका पूर्वाधारहरू निर्माण गर्न सहयोग पुग्छ । उधारो कारोबार गरी आवश्यकता पूरा गर्नसमेत सहयोग पुग्छ ।

## क्रियाकलाप

१. **तपाईँको समुदायमा मौद्रिक कारोबार हुने र नहुने क्रियाकलाप खोजी गरी लेख्नुहोस् ।**

२. **भीमबहादुरको जस्तै वस्तु विनिमयसम्बन्धी वा मौद्रिक कारोबारसम्बन्धी पत्रपत्रिकामा छापिएका कुनै समाचार सङ्कलन गर्न भनिएकामा मनिषा र उनका साथीहरूले कुनै पत्रिकामा छापिएको समाचारको कटिङ खोजी गरी कक्षामा प्रस्तुत गरे । उनीहरूले सङ्कलन गरेको समाचार पढौँ र सोधिएका प्रश्नको उत्तर दिऔँ ।**

# अझै सामान साटासाट



**धनकुटा**

महालक्ष्मी नगरपालिका, ३ डाँडागाउँकी लक्ष्मी बस्नेत खोर्सानी बोकेर महालक्ष्मी नपा, ४ चानुवास्थित हाटडाँडामा साप्ताहिक रूपमा लाग्ने बुधबारे हाटिया भर्न आएकी थिइन् । उनले आफूले ल्याएको खुर्सानीसँग स्कुस साटिन् । उनीसँगै आएका अन्य साथीहरूमध्ये कोहीले बन्दाकोपीसँग स्कुस साटे भने कोहीले स्कुससँग बयर साटे । त्यस्तै भोजपुरको जरायोटारदेखि लामपाते सुर्ती बिक्री गर्न आएकी सुस्मा राईले एक मुठा सुर्तीसँग एक काइयो केरा साटिन् ।

परापूर्वकालदेखि लाग्दै आइरहेको यस बुधबारे हटियामा अहिले पनि वस्तु विनिमय प्रचलन कायम छ । हटिया भर्न आउने प्रायः किसानले यहाँ आफूसँग भएको कृषिजन्य वस्तुसँग अन्य वस्तु साटासाट गर्ने गर्छन् । वस्तु विनिमय प्रचलन अन्य स्थानका हाटबजारमा हराउँदै गइरहे पनि यस हटियामा कायम नै रहेको डाँडागाउँकी लक्ष्मी बस्नेतले बताइन् । बुधबारे हटिया भर्न थालेको २५/३० वर्ष भइसक्यो । तर वस्तु विनिमय चलन हराउन नसकेको उनी बताउँछिन् । उनका अनुसार पहिले धेरै वस्तु साटासाट गर्ने चलन थियो । अहिले भने कम हन थालेको छ तर चलन नहराएको उनले बताइन् । वस्तु विनिमयका कारण औल (बेँसी) मा फलेको उत्पादन लेकका किसानले खान पाउँछन् भने लेकमा फलेको उत्पादन औलका किसानले खान पाउँछन् ।

यहाँ हटिया भर्न आउने किसानले मूल्याङ्कन वस्तुको आधारमा गर्छन् । साटासाट गर्दा वस्तुअनुसार बराबरीमा भाग लगाउने गर्छन् । हाट भर्न आएका किसान आफूले ल्याएको तरकारी डुलाउँदै आफूलाई चाहिने सामान खोज्दै साट्छन् । विशेष गरी यहाँको प्रचलन भोजपुरको जरायोटारबाट लामपाते सुर्ती ढाकरमा बोकेर हाट भर्न आउने बासिन्दाले महालक्ष्मी नगरपालिकाको डाँडागाउँ, चानुवाका माथिल्लो भेगका किसानसँग तरकारी साट्ने गर्छन् ।

वस्तु विनियमको चलन मुद्राको कारोबार सुरु हुनुभन्दा अगिको प्रचलन हो । आफूले जानेदेखि नै चानुवा क्षेत्रभरि लाग्ने यो एकमात्र हटियामा वस्तु विनिमय प्रचलन अहिले पनि चलिरहेको महालक्ष्मी नगरपालिका, ४ का वडाध्यक्ष सूत्रबहादुर बुढाथोकीले बताए । बहुदलीय व्यवस्था हुनुपूर्व चानुवामा प्रत्येक महिनाको १५ गते हटिया लाग्थ्यो ।

*अन्नपूर्ण पोष्ट पत्रिकाबाट साभार*

**प्रश्नहरू**

(क) समाचारमा के कस्ता वस्तु विनिमयको चर्चा गरिएको छ ?

(ख) तपाईंको समुदायमा वस्तु विनियमको चलन छ, छैन, छ भने कुन कुन वस्तु विनिमय गरिन्छ ?

(ग) वस्तु विनिमय र मुद्रा विनिमयमध्ये तपाईंलाई कुन सजिलो लाग्छ र किन ?

३. **नेपाली नोटको जतन गर्नका लागि के के गर्नुपर्ला, साथीहरूसँग छलफल गरी लेख्नुहोस् ।**

४. **तपाईँको परिवारमा अनलाइन भुक्तानी अभ्यास गरिएको छ कि छैन, परिवारका सदस्यलाई सोधी प्राप्त जानकारी कक्षामा सुनाउनुहोस् ।**

## अभ्यास

१. **वस्तु विनिमय भन्नाले के बुझिन्छ, उदाहरणसहित लेख्नुहोस् ।**

२. **वस्तु विनिमय प्रणालीका के कस्ता कठिनाइहरू थिए, उल्लेख गर्नुहोस् ।**

३. **मौद्रिक कारोबार भनेको के हो ?**

४. **आर्थिक क्रियाकलापमा मौद्रिक कारोबार महत्त्वपूर्ण हुन्छ पुष्टि गर्नुहोस् ।**

# २ नेपालका वित्तीय संस्थाहरू

नेपालमा वित्तीय संस्था सम्बन्धमा आजको कक्षामा स्रोतव्यक्तिका रूपमा आउनुभएका स्थानीय बैङ्कका प्रतिनिधि मीनाक्षी पटेल र विद्यार्थीबिच भएको छलफलको केही अंश तल प्रस्तुत गरिएको छ :

स्रोतव्यक्ति : विद्यार्थी भाइबहिनी, आजको कक्षामा हामी वित्तीय संस्थाका बारेमा छलफल गर्छौं । तपाईंहरूको समुदायमा कुन कुन वित्तीय संस्थाहरू छन् ? नाम भन्न सक्नुहुन्छ ?

नुरुल हक : हाम्रा गाउँमा सहकारी र राष्ट्रिय वाणिज्य बैङ्क रहेको छ, म्याडम ।

प्रेक्षा : हाम्रा गाउँमा त साना किसान सहकारी संस्था रहेको छ, म्याडम ।

स्रोतव्यक्ति : तपाईंहरूले कति राम्रो उदाहरण दिनुभयो । वित्तीय संस्था भनेको के हो ? कसैले भन्न सक्नुहुन्छ ?

नुरुल हक : वित्तीय संस्था भनेको रुपियाँ पैसाको कारोबार गर्ने संस्था होला जस्तो लाग्छ, म्याडम ।

स्रोतव्यक्ति : तपाईंले ठिक भन्नुभयो, आर्थिक कारोबार वा मुद्राको कारोबार गर्ने संस्थालाई वित्तीय संस्था भनिन्छ । नेपालमा वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी, लघुवित्त कम्पनीहरू र सहकारीलगायतका वित्तीय संस्थाहरू छन् ।

प्रतीक नकर्मी : वित्तीय संस्थाबाट हामीले के के सेवा प्राप्त गर्न सक्छौं, म्याडम ।

स्रोतव्यक्ति : हामीसँग भएको रकम वित्तीय संस्थामा बचत गर्न सकिन्छ । यसबाट हामीले ब्याज पनि प्राप्त गर्छौं । त्यसै गरी वित्तीय संस्थाबाट हामीले आवश्यक परेको समयमा ऋण लिन सक्छौं । उक्त रकम हामीले उद्योग व्यवसाय सञ्चालन गर्न, घरजग्गा किन्नलगायत विभिन्न काममा उपयोग गर्न सक्छौं । वित्तीय संस्थाबाट लिएको ऋण हामीले उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्छ । आफूले लिएको ऋण तोकिएको समयमा नै तिर्नुपर्छ ।

वित्तीय संस्थाले विदेशी मुद्रा सटहीका कार्य गर्नुका साथै कुनै व्यक्ति वा संस्थाको आर्थिक कारोबारमा जमानी बस्नुपर्ने भएमा जमानीसमेत बस्छन् । वित्तीय संस्थाले हामीसँग भएका बहुमूल्य सामान सुरक्षित साथ राख्नका लागि लकर सुविधा पनि उपलब्ध गराउँछन् । प्रविधिको विकास सँगसँगै वित्तीय संस्थाले SMS Banking, अनलाइन सेवा, Credit Card, ATM कार्डलगायत अन्य सुविधासमेत उपलब्ध गराउँदै आएका छन् ।

एलिजा शाह : वित्तीय संस्थामार्फत पैसा पठाउन पनि सकिन्छ नि, हैन र म्याडम ।

स्रोतव्यक्ति : हो, तपाईंले ठिक भन्नुभयो । वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले वित्तीय संस्थाका माध्यमबाट विप्रेषण (रेमिटेन्स) पठाउने गर्छन् । रेमिटेन्स वित्तीय संस्थाबाट पठाउनुपर्छ । यो सुरक्षित र भरपर्दो पनि हुन्छ ।

## क्रियाकलाप

**१. तपाईँको समुदाय वा स्थानीय तहमा रहेको वित्तीय संस्थाको विवरण सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

**२. वित्तीय संस्थामा खाता खोल्दा के कस्ता प्रक्रिया पूरा गर्नुपर्छ, अभिभावक वा वित्तीय संस्थाका प्रतिनिधिलाई साधी उक्त विवरण कक्षामा साथीलाई सुनाउनुहोस् ।**

**३. ATM (ए.टी.एम.) का राम्रा पक्षहरू र कमजोर पक्ष खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

**१. वित्तीय संस्था भन्नाले के बुझिन्छ ?**

**२. वित्तीय संस्थाबाट हामीले लिन सक्ने सेवाहरू उल्लेख गर्नुहोस् ।**

**३. साहु महाजनबाट भन्दा वित्तीय संस्थाबाट ऋण लिनु उपयुक्त हुन्छ, किन ?**

# ३ नेपालमा पर्यटन








नेपालको पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न चित्र फोटो र भिडियो क्लिपको प्रदर्शन गर्दै शिक्षकले पाठको सुरुआत गर्नुभयो । मानिस धार्मिक, व्यावसायिक, मनोरञ्जनलगायत विभिन्न उद्देश्यले एक स्थानबाट अर्को स्थानमा जाने गर्छन् । त्यसरी एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । पर्यटक आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । पर्यटकलाई विभिन्न किसिमका वस्तु तथा सेवा आवश्यक पर्छ । पर्यटकलाई आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गराउने व्यवसायलाई पर्यटन उद्योग भनिन्छ । होटल रेस्टुरेन्ट, ट्रेकिङ, ट्राभल एजेन्सी, र्‍याफटिङ, नेपाली हस्तकलाका सामानको उत्पादन आदि पर्यटन उद्योगका उदाहरण हुन् ।

शिक्षकले पर्यटन उद्योगको परिचयपश्चात् विद्यार्थीको विभिन्न समूह निर्माण गर्नुभयो । विद्यार्थीको समूहलाई आवश्यक सन्दर्भ सामग्री अध्ययन गर्न दिनुभयो । विद्यार्थी समूहले तयार गरेको समूह कार्यलाई चार्टमा टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुभयो । उनीहरूको प्रस्तुति अध्ययन गरौँ है त ।

### समूहको नामः र्‍याटिङ समूह

**शीर्षक : नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था**

(क) हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक गन्तव्य, मौलिक सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा पर्यटन क्षेत्रका आधार हुन् ।

(ख) राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा पर्यटन क्षेत्रलाई विकास गर्ने नीति रहेको छ ।

(ग) बाह्य पर्यटकलाई भित्र्याएर पर्याप्त आर्थिक लाभ लिन सकिन्छ ।

(घ) नेपालको कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान २.७ प्रतिशत रहेको छ ।

(ङ) यस क्षेत्रबाट प्रत्यक्ष रूपमा करिब २ लाख व्यक्तिले रोजगार प्राप्त गरेका छन् ।

(च) सन् २०२२ मा पर्यटकको नेपालमा औसत बसाइ १३.१ दिन रहेको छ ।

वार्षिक पर्यटक आगमन सङ्ख्या, बसाइ अवधि र उनीहरूले गर्ने खर्चमा वृद्धि हुन सक्यो भने नेपालीको आम्दानी वृद्धि हुन मदत पुग्छ ।

## समूहको नाम: पदयात्रा समूह

**शीर्षक : नेपालमा पर्यटन उद्योगको महत्त्व**

(क) पर्यटन उद्योगबाट विदेशी मुद्रा आर्जन हुन्छ ।

(ख) पर्यटकले विभिन्न वस्तु खरिद गर्नाले व्यापार वृद्धि हुन्छ ।

(ग) भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्छ ।

(घ) नेपालका घरेलु उद्योगको विकासमा टेवा पुग्छ ।

(ङ) नेपाली कला र संस्कृतिको संरक्षणमा सहयोग पुग्छ ।

(च) विश्वमा नेपालको प्रचार प्रसार हुन्छ ।

(छ) नेपालमा रोजगारीको अवसर प्राप्त हुन्छ ।

पर्यटन उद्योगको विकास गर्न सकेमा रोजगारी सिर्जना, उद्योग क्षेत्रको विकास भई देशको आर्थिक समृद्धि हुन्छ भन्ने निचोड हाम्रो समूहको रहेको छ ।

## समूहको नाम: पर्वतारोहण समूह

**शीर्षक : पर्यटन उद्योगका समस्या र समाधानका उपायहरू**

**समस्याहरू**

(क) कतिपय पर्यटकीय क्षेत्रमा उच्चस्तरको होटल तथा लजको सुविधामा कमी छ ।

(ख) धार्मिक तथा सांस्कृतिक सम्पदाको उचित संरक्षणको अभाव रहेको छ ।

(ग) पर्यटकका लागि आवश्यक विभिन्न वस्तु तथा सुविधाको अभाव छ ।

(घ) पर्यटकीय क्षेत्रको प्रचार प्रसारको कमी छ ।

(ङ) दक्ष प्रथप्रदर्शक पर्याप्त मात्रामा नहुनु ।

(च) पर्याप्त मात्रामा मनोरञ्जनका साधनको कमी छ ।

(छ) यातायात र सञ्चारको सुविधा कमी छ ।

**समाधान**

(क) उच्चस्तरको होटल तथा लजको व्यवस्था गर्नुपर्छ ।

(ख) धार्मिक तथा सांस्कृतिक सम्पदाको उचित संरक्षण गर्नुपर्छ ।

(ग) पर्यटन क्षेत्रको उचित व्यवस्थापन गर्नुपर्छ ।

(घ) पर्यटन क्षेत्रको विज्ञापन र प्रचार प्रसारमा जोड दिनुपर्छ ।

(ङ) दक्ष पथप्रदर्शकको व्यवस्था गर्नुपर्छ ।

(च) मनोरञ्जनका साधनहरूको व्यवस्था गर्नुपर्छ ।

विद्यार्थीको समूह कार्यको प्रस्तुतिपश्चात् शिक्षकले विद्यार्थीलाई धन्यवाद दिनुभयो र निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुभयो :

रोजगार प्रवर्धन गर्न पर्यटन उद्योगको महत्त्वपूर्ण भूमिका रहेको छ । होटल तथा लजको व्यवस्था, पर्यटकका लागि आवश्यक वस्तुको उत्पादन गरी रोजगारी सिर्जना गर्न सकिन्छ । त्यस्तै दक्ष पथप्रदर्शक र पर्यटकीय पूर्वाधारको विकासबाट रोजगारी सिर्जना हुन्छ । आफ्नो क्षेत्रका परम्परागत कला तथा संस्कृतिको माध्यमबाट पर्यटक आकर्षण गर्न सकिन्छ । साथै पर्यटन उद्योगबाट रोजगार प्रवर्धन गर्न आफ्नो क्षेत्रमा पर्यटनसँग सम्बन्धित व्यवसायहरू सिर्जना र प्रवर्धन गर्नुपर्छ । यसरी पर्यटन क्षेत्रबाट नेपालमा प्रशस्त मात्रमा रोजगार प्रवर्धन गर्न सकिने सम्भावना रहेको छ ।

## क्रियाकलाप

१. तपाईँको समुदायमा कस्ता पर्यटन उद्योगहरू रहेका छन्, तिनीहरूमध्ये कुनै एकको छोटकरीमा उल्लेख गर्नुहोस् ।

२. तपाईँको गाउँपालिका/नगरपालिकाले पर्यटन क्षेत्रको विकासका लागि के के कार्यहरू गर्दै आएका छन्, सोधखोज गरी लेख्नुहोस् ।

३. नेपालमा पर्यटन क्षेत्रको विकासका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्छ, समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. नेपालको नक्सा निर्माण गरी उक्त नक्सामा प्रत्येक प्रदेशमा रहेका कम्तीमा दुई दुई ओटा पर्यटकीय स्थलहरू भर्नुहोस् ।

## अभ्यास

१. पर्यटन उद्योग भनेको के हो ?

२. नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था उल्लेख गर्नुहोस् ।

३. नेपालमा पर्यटन उद्योगको महत्त्व सूचीबद्ध गर्नुहोस् ।

४. नेपालमा पर्यटन क्षेत्रका के कस्ता समस्या रहेका छन् ? ती समस्या समाधानका उपाय उल्लेख गर्नुहोस् ।

५. 'पर्यटन व्यवसाय रोजगार प्रवर्धनको प्रमुख आधार' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

६. नेपालमा पर्यटन उद्योगका के कस्ता सम्भावना छन्, उल्लेख गर्नुहोस् ।

# ४ वैदेशिक व्यापार

हामी आफैँले उत्पादन गरेका वस्तुबाट मात्र आफ्ना आवश्यकता पूरा गर्न सक्दैनौँ । हामीलाई आवश्यक पर्ने वस्तुहरू खरिद गर्छौं र हामीले उत्पादन गरेर बढी भएका वस्तु बिक्री गर्छौं । यसरी वस्तु तथा सेवाको खरिदबिक्री गर्ने कार्यलाई व्यापार भनिन्छ । वस्तु तथा सेवाको खरिदबिक्री गरिने स्थानका आधारमा व्यापारलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा विभाजन गरिन्छ । आफ्नो देशको भौगोलिक सिमानाभित्र सीमित भएर गरिने व्यापारलाई आन्तरिक व्यापार भनिन्छ । देशका विभिन्न भागमा उत्पादन भएका वस्तुहरू एक स्थानबाट अर्को स्थानमा पुऱ्याउनु आन्तरिक व्यापार हो । आन्तरिक व्यापार देशको सिमानाभित्र मात्र सीमित हुन्छ । कुनै देशमा उत्पादन भएका वस्तु तथा सेवाहरू एक देश र अर्को देशबिच आदानप्रदान/खरिदबिक्री गर्ने कार्यलाई वैदेशिक व्यापार भनिन्छ । नेपालमा उत्पादन भएका चिया, गलैँचा, जडीबुटीलगायतका वस्तुहरू विदेश निर्यात गर्नु र अन्य देशबाट पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक सामान, तयारी पोसाकलगायतका वस्तु आयात गर्नु वैदेशिक व्यापार हो । वैदेशिक व्यापार देशको सिमानाभन्दा बाहिर हुन्छ । यस प्रकारको व्यापारमा विदेशी मुद्राको प्रयोग हुन्छ । वैदेशिक व्यापारमा भन्सार महसुल लाग्छ ।

## नेपालमा वैदेशिक व्यापारको वर्तमान अवस्था

नेपालको वैदेशिक व्यापारको ठुलो हिस्सा भारतसँग हुने गरेको छ । वैदेशिक व्यापारको दोस्रो ठुलो हिस्सा चीनसँग रहेको छ । भारत र चीनबाहेक विश्वका अन्य मुलुकसँग पनि व्यापार वृद्धि हुँदै गएको छ । नेपालले गलैँचा, ऊनका कपडा, जडीबुटी, चिया, अलैँची, कफी, पस्मिना, हस्तकलाका सामानहरू निर्यात गर्छ । नेपालले पेट्रोलियम पदार्थ, सवारीसाधन, औषधी, सञ्चारका साधन, सुन, चाँदीलगायतका सामान आयात गर्छ ।

## वैदेशिक व्यापारको महत्त्व

वैदेशिक व्यापारका माध्यमबाट रोजगारीका अवसर वृद्धि हुन्छन् । देशमा उत्पादन गर्न नसकिने वस्तुहरू आयात गरी आधारभूत आवश्यकता पूरा गर्न सकिन्छ । आफ्नो देशमा उत्पादन भएका वस्तुहरू विदेश निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । देशको राजस्व सङ्कलनमा वृद्धि हुन्छ । औद्योगिक क्षेत्रको विकास हुन्छ । देशमा उपलब्ध कच्चा

पदार्थको सदुपयोग हुनुका साथै स्वदेशी उत्पादनको बजार विस्तार हुन्छ । वैदेशिक व्यापारले देशको व्यापारलाई विश्व बजारसम्म जोड्ने काम गर्छ ।

## नेपालको वैदेशिक व्यापारका समस्या र समाधानका उपायहरू

नेपालले वैदेशिक व्यापारका क्षेत्रमा विभिन्न समस्या भोगिरहेको छ । उपभोग्य तथा विलासी वस्तुको आयात उच्च हुनु, पेट्रोलियम पदार्थको उच्च आयात हुनु वैदेशिक व्यापारको प्रमुख समस्या हो । त्यसै गरी कृषि क्षेत्रलाई औद्योगीकरण र व्यावसायीकरण गर्न नसक्दा कृषिजन्य वस्तुको आयात बढ्दै जानु पनि वैदेशिक व्यापारसँग सम्बन्धित समस्या हुन् । औद्योगिक लगानीभन्दा आयात व्यापारमा व्यावसायिक आकर्षण बढ्दै जानु, कच्चा पदार्थ र अर्धप्रशोधित वस्तुको निर्यात सस्तो दरमा गर्नुपर्ने र तिनै वस्तुबाट निर्मित महङ्गा सामान आयात गर्नुपर्ने कारण वैदेशिक व्यापारमा समस्या सिर्जना भएका छन् । देशगत र वस्तुगत व्यापार विविधीकरण गर्न नसक्नु र नेपाली उद्योगले उत्पादन गरेको वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुनुले नेपालको आयात बढी र निर्यात कम भइरहेको छ । जसलाई पनि वैदेशिक व्यापारको मूलभूत समस्याका रूपमा लिन सकिन्छ ।

वैदेशिक व्यापारका क्षेत्रमा देखिएका समस्या समाधानका लागि वैदेशिक व्यापारको प्रवर्धनमा जोड दिनुपर्छ । यसका लागि उपभोग्य तथा विलासी वस्तुको आयात घटाउनुपर्छ । पेट्रोलियम पदार्थको सट्टा वैकल्पिक ऊर्जाका रूपमा विद्युतीय ऊर्जा प्रयोग गर्नुपर्छ । कृषिक्षेत्रमा औद्योगिकीकरण र व्यावसायीकरण गरी कृषिजन्य वस्तुको आयातलाई नियन्त्रण गर्नुपर्छ । देशगत र वस्तुगत व्यापार विविधीकरणमा जोड दिनुपर्छ । कच्चा पदार्थ र अप्रशोधित वस्तु निर्यात गर्नुका साथै तयारी वस्तुको निर्यात समेत बढाउनुपर्छ । स्वदेशी उद्योगले उत्पादन गरेका वस्तुहरूको गुणस्तर वृद्धि गर्नुपर्छ ।

## क्रियाकलाप

१. **स्वदेशमा उत्पादित वस्तुहरूको वैदेशिक व्यापार वृद्धि गर्न के के उपाय अवलम्बन गर्न सकिन्छ, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको घरनजिकको कुनै पसलमा गएर उक्त पसलमा भएका स्वदेशी तथा विदेशबाट आयात गरिएका वस्तुहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. व्यापारको परिचय दिनुहोस् ।

२. आन्तरिक व्यापार र वैदेशिक व्यापारबिच भिन्नता छुट्याउनुहोस् ।

३. नेपालमा वैदेशिक व्यापारको महत्त्व उल्लेख गर्नुहोस् ।

४. नेपालले वैदेशिक व्यापारमा के के समस्याहरू भोग्नु परेको छ, सूची तयार गर्नुहोस् ।

५. नेपालमा खेतीयोग्य जमिन बाँझो छ, दैनिक उपयोग्य वस्तुमा पनि परनिर्भरता बढेको छ, यस्तो अवस्थामा स्वदेशी उत्पादन वृद्धि गरी उपभोग्य वस्तुमा आत्मनिर्भर भई निर्यात बढाउन के के गर्न सकिन्छ, सुझाव प्रस्तुत गर्नुहोस् ।

# ९ वैदेशिक रोजगारी

## वैदेशिक रोजगारी सम्बन्धमा जेनीले आफ्नी बहिनी आस्मालाई गरेको इमेलको नमुना

*To: nepal2080@gmail.com*

**Sub: नेपालको वैदेशिक रोजगारीका चुनौती र अवसर**

प्यारी बहिनी आस्मा
असीम माया

यहाँ मलगायत परिवारमा सबैलाई आराम छ । मैले हिजो तिमीले पठाएको इमेल पाएँ । उक्त इमेलबाट तिमी पनि आरामै रहेको जानकारी पाउँदा खुसीको सीमा रहेन । तिमी पढ्न सहर गएदेखि सम्पर्क कमै भएको थियो । तिमीले कक्षामा अर्को हप्ता नेपालमा वैदशिक रोजगार सम्बन्धमा प्रस्तुति गर्न सोसम्बन्धी विषयवस्तु इमेल गर्न भनेकी थियौ । त्यसैले नेपालको वैदेशिक राजेगारीका चुनौती र अवसरका बारेमा जानकारी दिँदै इमेल पठाएकी छु । मैले पठाएको विषयवस्तुले तिम्रो प्रस्तुतिलाई सहज बनाउने अपेक्षा गरेकी छु ।

रोजगारीका लागि एक देशका व्यक्ति अर्को देशमा गएर काम गर्नुलाई वैदेशिक रोजगारी भनिन्छ । नेपालमा रोजगारीको अवसर प्राप्त नहुँदा नेपालीहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् । नेपाली श्रम बजारमा रोजगारीका अवसरलाई व्यवस्थित गर्न सकिएको छैन । नेपालबाट हरेक दिन करिब १५०० भन्दा बढी नेपाली रोजगारीका लागि बिदेसिने गरेका छन् । आफ्नो योग्यताअनुसारको काम र पारिश्रमिक नपाउनु, व्यापार व्यवसाय गर्ने उपयुक्त वातावरण नहुनु, उद्योगधन्दाको प्रर्याप्त विकास नहुनु आदि कारणले नेपाली वैदेशिक रोजगारीमा जान बाध्य छन् । वैदेशिक रोजगारीले विप्रेषण (Remittance) मार्फत विदेशी मुद्रा प्राप्त भएको छ ।

हुन त विदेशमा सिकेका सिप र प्रविधि नेपालमा भित्रिन थालेको छ । यसले गर्दा नेपालीहरूको जीवनस्तरमा सुधार पनि ल्याएको छ । गरिबी निवारणमा सहयोग पुगेको छ । विभिन्न देशहरूसँग सम्बन्ध विस्तार भएको छ तर वैदेशिक रोजगारीका क्षेत्रमा नेपालले विभिन्न चुनौतीहरू सामना गरिरहनुपरेको छ ।

अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार सिपयुक्त श्रमशक्तिको विकास गर्नु हाम्रो मुख्य चुनौती हो । वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको सुरक्षा पनि अर्को चुनौतीको विषय रहेको छ । साथै वैदेशिक रोजगारीबाट सिर्जित जोखिमहरू कम गर्नु, वैदेशिक रोजगारबाट प्राप्त पुँजी, ज्ञान, सिप र प्रविधिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु, वैदेशिक रोजगारीमा हुने ठगीको नियन्त्रण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

प्यारी बहिनी, वैदेशिक रोजगारीका चुनौती मात्र होइन यसका अवसर पनि धेरै छन् । राज्यले प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई प्राथमिकता दिनु, श्रम तथा रोजगारसम्बन्धी कानुन जारी हुनु वैदेशिक रोजगारीलाई अवसरका रूपमा लिनुपर्छ । निःशुल्क टिकट र भिसा कार्यान्वयनमा आउनु, विभिन्न देशसँग द्विपक्षीय श्रम सम्झौता हुनुका साथै वैदेशिक रोजगारबाट पुँजी, ज्ञान, सिप र प्रविधि नेपालमा भित्रिनु पनि थप अवसर हुन् । वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई ऋण सुविधाको उपलब्ध गराउने व्यवस्थाले उनीहरू व्यावसायिक कृषि तथा पशुपालनमा आकर्षित भएका छन् । मैले यो छोटो इमेलबाट धेरै कुरा बताउन सकिन नै । बाँकी अर्को इमेलमा फेरि पठाउने वाचा गर्दै अहिले यतिमै टुङ्ग्याउँछु ।

तिम्री प्यारी दिदी
जोनी

## क्रियाकलाप

१. **तपाईँको समुदायबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको विवरण सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् र प्राप्त तथ्यका आधारमा निष्कर्षसमेत प्रस्तुत गर्नुहोस् ।**

| **वैदेशिक रोजगारीमा जाने व्यक्तिको नाम** | **गएको देश** | **काम** | **प्राप्त रकमको उपयोग** |
|---|---|---|---|
| | | | |

२. **नेपालबाट हरेक दिन ठुला सङ्ख्यामा युवाहरू रोजगारीका लागि बिदेसिएका छन् । प्रत्येक दिन यति धेरै सङ्ख्यामा नेपाली युवा विदेश जानुको कारण र यसलाई नियन्त्रण गर्न अपनाउनुपर्ने उपायहरू जोडी जोडीमा छलफल गरी निष्कर्ष कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

३. 'वैदेशिक रोजगारीभन्दा स्वदेशमा नै स्वरोजगार गर्नु राम्रो हो' भन्ने विषयमा कक्षामा वादविवाद प्रतियोगिता आयोजना गर्नुहोस् ।

## अभ्यास

१. वैदेशिक रोजगार भनेको के हो ?

२. वैदेशिक रोजगारीका महत्त्व उल्लेख गर्नुहोस् ।

३. वैदेशिक रोजगारीका प्रभाव समावेश गरी संवाद तयार गर्नुहोस् ।

४. 'वैदेशिक रोजगारी नेपालका लागि चुनौतीपूर्ण छ' आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ।

५. वैदेशिक रोजगारीमा नेपालका लागि के के अवसरहरू छन्, बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

६. नेपालीले विदेशमा भोग्नु परेका समस्या समाधान गर्नका लागि वैदेशिक रोजगार विभागलाइ लेख्ने चिठीको नमुना लेख्नुहोस् ।

एकाइ
७

# हाम्रो पृथ्वी

## सिकाइ उपलब्धि

१. पृथ्वीको दैनिक र वार्षिक गतिले मानव जीवनमा पार्ने प्रभाव बताउन

२. मौसम र हावापानीको परिचय दिई हावापानीमा परिवर्तन ल्याउने तत्त्व उल्लेख गर्न

३. जलवायु परिवर्तनका असर न्यूनीकरणका उपाय खोजी गर्न

४. नेपालको अन्तर्राष्ट्रिय सिमाना पहिचान गरी छिमेकी देशहरूको सामान्य परिचय र सम्बन्ध उल्लेख गर्न


५. नेपालमा घट्ने विपत्का घटना र जोखिमको न्यूनीकरणका उपायको पहिचान र अभ्यास गर्न

६. नेपालको नक्सा बनाउन र नक्सामा भौगोलिक तथ्य भर्न

# १ पृथ्वीको दैनिक र वार्षिक गति

सूर्य, चन्द्र, तारा र अन्य ग्रह पूर्वमा उदाएर पश्चिममा अस्ताउँछन् । यस्तो देखेर पहिलेका मानिसले 'पृथ्वी स्थिर छ । सूर्य, चन्द्र, तारा र अन्य ग्रह यसको वरिपरि घुम्छन् ।' भन्ने विश्वास गर्थे । तर वैज्ञानिकहरूले 'सूर्य स्थिर छ । पृथ्वी, चन्द्र र अन्य ग्रह यसको वरिपरि घुम्छन् ।' भन्ने कुरा प्रमाणित गरे । पृथ्वीका दैनिक र वार्षिक गति हुन्छन् । पृथ्वीको दैनिक गतिलाई परिभ्रमण भनिन्छ भने वार्षिक गतिलाई परिक्रमण भनिन्छ ।

## पृथ्वीको दैनिक गति (परिभ्रमण)




पृथ्वी आफ्नो अक्षमा पश्चिमबाट पूर्वतर्फ घुम्ने गतिलाई यसको दैनिक गति वा परिभ्रमण भनिन्छ । पृथ्वीलाई आफ्नो अक्षमा एक चक्कर घुम्नलाई करिब २३ घण्टा ५६ मिनेट लाग्छ । यसैलाई सालाखाला २४ घण्टाको एक दिन मानिन्छ । पृथ्वीको उत्तरी र दक्षिणी बिन्दुलाई उत्तरी र दक्षिणी ध्रुव भनिन्छ । पृथ्वीको ध्रुवीय भागहरू थेप्चिएका र मध्य भाग फुकेको छ । यो मध्यभागबाट पूर्वपश्चिम फैलिएको काल्पनिक रेखा जान्छ । जसलाई भूमध्यरेखा भनिन्छ । यस रेखाले पृथ्वीलाई उत्तरी र दक्षिणी गोलार्धमा विभाजन गर्छ । पृथ्वीको दैनिक गति भूमध्यरेखामा बढी हुन्छ । भूमध्यरेखादेखि जति जति उत्तर वा दक्षिणतिर गयो यसको गति उति उति कम हुँदै जान्छ । ध्रुवमा भने यसको गति करिब शून्य जस्तै हुन्छ ।

## दैनिक गतिका प्रभाव

१. पृथ्वीको दैनिक गतिका कारणले गर्दा दिन र रात हुन्छ । पृथ्वी गोलो भएको हुनाले यसको आधा भागमा मात्र सूर्यको प्रकाश पर्छ । सूर्यको प्रकाश परेका भागमा दिन हुन्छ भने प्रकाश नपरेका भागमा रात हुन्छ ।

२. पृथ्वीका सबै स्थानको समय एकैनासको हुँदैन । पृथ्वीको परिभ्रमणका कारणले गर्दा पूर्वको समय चाँडो र पश्चिमको समय ढिलो हुन्छ ।

३. पृथ्वीको परिभ्रमणका कारणले गर्दा यसको ध्रुवीय खण्ड थेप्चिएको र भूमध्यरेखीय खण्ड फुकेको छ ।

४. पृथ्वीको परिभ्रमणका कारणले गर्दा सूर्य पूर्वमा उदाउँछ । यही सूर्यलाई हेरेर हामीले विभिन्न स्थानका दिशा थाहा पाउन सक्छौँ ।

५. पृथ्वीको परिभ्रमणका कारणले गर्दा सूर्य, चन्द्र र तारा पूर्वमा उदाएर पश्चिममा अस्ताएका देखिन्छन् ।

## पृथ्वीको वार्षिक गति (परिक्रमण)

पृथ्वी आफ्नो कक्षमा सूर्यको वरिपरि घुम्छ । यही गति पृथ्वीको वार्षिक गति हो । पृथ्वी सूर्यको वरिपरि घुम्ने काल्पनिक बाटोलाई कक्ष भनिन्छ । यो अण्डाकार रहेको छ । पृथ्वी आफ्नो अक्षमा ६६.५ डिग्रीको कोणमा ढल्केको छ । पृथ्वीको अक्ष यसको कक्षमा सधैँ एकै दिशातर्फ फर्केको हुन्छ । पृथ्वीले आफ्नो कक्षमा सूर्यको वरिपरि घुम्नका लागि ३६५ दिन ५ घण्टा ४८ मिनेट र ४६ सेकेन्ड लाग्छ । ३६५ दिनको एक वर्ष मानिन्छ र बाँकी रहेको ५ घण्टा ४८ मिनेट र ४६ सेकेन्डलाई हिसाब गरी प्रत्येक ४ वर्षमा १ दिन थपिन्छ । यसप्रकार प्रत्येक ४ वर्षमा १ दिन थप हुन गई ३६६ दिनको १ वर्ष बन्छ । यसलाई अधिक वर्ष भनिन्छ ।

## वार्षिक गतिका प्रभाव

१. **दिन र रातका लम्बाइमा फरक पर्नु :** पृथ्वीको वार्षिक गतिका कारणले गर्दा विभिन्न स्थानको दिन र रातको लम्बाइ फरक पर्न जान्छ । पृथ्वी आफ्नो कक्षमा परिक्रमण गर्दा कुनै वेला सूर्यको किरण भूमध्यरेखामा सिधा पर्न जान्छ भने कहिले उत्तरी र दक्षिणी गोलार्धमा सिधा पर्छ । सूर्यको किरण उत्तरी गोलार्धमा सिधा पर्दा उत्तरी गोलार्धमा दिन लामो र रात छोटो हुन्छ । दक्षिणी गोलार्धमा सूर्यको किरण सिधा परेको समयमा भने दक्षिणी गोलार्धमा दिन लामो र रात छोटो हुन्छ । वर्षको दुई पटक सूर्यको किरण भूमध्यरेखामा सिधा पर्दा विश्वभरि नै दिन र रातको लम्बाइ बराबर हुन्छ ।

२. **महिना र वर्ष हुनु :** पृथ्वीले सूर्यको परिक्रमण गर्ने समयका आधारमा महिना र वर्ष निर्धारण गरिएको हुन्छ । औसतमा ३० दिनको एक महिना र ३६५ दिनको एक वर्ष हुन्छ ।

३. **तारासहरू बिलाउनु र देखिनु :** पृथ्वीको परिक्रमणका कारणले आकाशका तारा बर्सैभरि एकै स्थानमा देखिँदैनन् । पहिले देखिएका तारा हराउँदै जान्छन् । नयाँ तारा देखिँदै जान्छन् । पुनः एक वर्षको समयपछि पहिलेका तारा पहिलेकै स्थानमा देखिन्छन् ।

४. **सूर्य र चन्द्रग्रहण लाग्नु :** पृथ्वीले आफ्नो कक्षमा सूर्यको वरिपरि परिक्रमण गर्दा सूर्य, चन्द्रमा र पृथ्वी एउटै सिधा रेखामा पर्न जान्छन् । यही क्रममा जब सूर्य र पृथ्वीको बिचमा चन्द्रमा पर्छ, त्यस बखत चन्द्रमाको छाया पृथ्वीमा पर्न गई सूर्यको केही भाग छेकिन्छ । यसरी सूर्यग्रहण लाग्छ । त्यस्तै चन्द्रमा र पृथ्वीको परिक्रमणको सिलसिलामा सूर्य र चन्द्रमा बिचमा पृथ्वी पर्न जान्छ । यस बखत पृथ्वीको छाया चन्द्रमामा पर्छ । यसलाई हामी चन्द्रग्रहण भन्छौँ ।

६. **ऋतु परिवर्तन हुनु :** पृथ्वीको परिक्रमणका कारणले गर्दा ऋतु परिवर्तन भइरहन्छन् । डिसेम्बर २२ बाट सूर्यको किरण दक्षिणबाट भूमध्यरेखातिर आउने गर्छ । मार्च २१ मा सूर्यको किरण भूमध्यरेखामा सिधा पर्छ र बिस्तारै उत्तरतर्फ सर्दै जान्छ । त्यस्तै जुन २१ मा सूर्यको किरण कर्कटरेखामा सिधा पर्छ र त्यसपछि सूर्यको किरण उत्तरी गोलार्धबाट भूमध्यरेखातिर सर्दै जान्छ । सेप्टेम्बर २३ मा भूमध्यरेखामा सिधा पर्छ । यसरी पृथ्वीको परिक्रमणका कारणले गर्दा ऋतु परिवर्तन हुन्छ ।

## क्रियाकलाप

१. टेबुलमा ग्लोब राख्नुहोस् । त्यसपछि एकातर्फ टर्चलाइट वा बत्ती बाल्नुहोस् र सो ग्लोबलाई बायाँबाट दायाँतर्फ घुमाउनुहोस् । तपाईँले के अनुमान गर्नुभयो, साथीसँग छलफल गरेर लेख्नुहोस् ।

२. पृथ्वीको वार्षिक गति देखाउने चित्र चार्टपेपरमा बनाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । सबैभन्दा राम्रा तीनओटा चित्र छानेर कक्षाको बोर्डमा टाँस्नुहोस् ।

३. ग्रहण कसरी लाग्छ, ग्रहण हेर्नुहुँदैन भन्नुको कारण के होला, शिक्षकसँग छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

१. सूर्य पूर्वमा उदाएर पश्चिममा अस्ताउनुको कारण के हो ?

२. अक्ष र कक्षबिच के भिन्नता रहेको छ, छोटकरीमा लेख्नुहोस् ।

३. पृथ्वीको दैनिक गति (परिभ्रमण) को प्रभावको सूची बनाउनुहोस् ।

४. पुस महिनामा आकाशमा देखिने तारा साउन महिनामा किन नदेखिएका होलान् ?

५. पृथ्वीको वार्षिक गति/परिक्रमणको परिचय दिँदै यसका असरको सूची बनाउनुहोस् ।

# २ मौसम र हावापानी

## मौसम


हामी वातावरण र वायुमण्डलमा फेरबदल भएको अनुभव गर्छौं । एउटै समयमा कुनै पनि दुई स्थानको वायुमण्डलको अवस्था र वातावरण एकै प्रकारको हुँदैन । एक ठाउँमा वर्षा हुँदा अर्को ठाउँमा घाम लागेको हुन सक्छ भने अन्य स्थानमा बादल लागेको पनि हुन सक्छ । त्यसै गरी कुनै एक स्थानमा दिनभरिको वायुमण्डलको अवस्था र वातावरण पनि एकै प्रकारको हुँदैन । एकछिन अगि घाम चर्केको स्थानमा एकछिनमा बादल लाग्न वा वर्षा हुन सक्छ । वायुमण्डल र वातावरणको यही अवस्थालाई मौसम भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कुनै स्थानको वायुमण्डलको तापक्रम, हावाको चाप, बादल र वर्षाको अवस्थालाई मौसम भनिन्छ । यो स्थायी र निश्चित हुँदैन ।

## हावापानी

हावापानी भनेको लामो समय र ठुलो स्थानको वायुमण्डलको अवस्था हो । यसलाई कुनै स्थानको वर्षभरिको मौसमको औसत अवस्था भनेर पनि बुझिन्छ । नेपालमा प्रत्येक दिन मौसम फेरिन्छ तर यहाँको हावापानी भने फेरिँदैन । नेपालको हावापानी मनसुनी हावापानी हो । यो हावापानीमा ग्रीष्म ऋतुमा गर्मी र वर्षा हुन्छ । त्यस्तै गरी हिउँद ऋतुमा ठन्डा र कम वर्षा हुन्छ । त्यसैले हिउँद सुक्खा हुन्छ । ग्रीष्म ऋतुमा हरेक दिन मौसमी अवस्थामा फेरबदल भइरहन्छ तर औसत तापक्रम, औसत वर्षा, वायुको आर्द्रता हरेक वर्ष उस्तै हुन्छ । हावापानी मौसम जस्तो क्षण क्षणमा परिवर्तन हुँदैन । यो लामो अवधिमा मात्र फेरिन्छ । यसलाई जलवायु पनि भनिन्छ ।


## हावापानीमा परिवर्तन ल्याउने तत्त्वहरू

पृथ्वीका सबै स्थानको हावापानी एकै प्रकारको छैन । विभिन्न स्थानको हावापानी फरक फरक प्रकारको हुन्छ । यसरी हावापानीमा परिवर्तन ल्याउने विभिन्न तत्त्वले भूमिका खेल्छन् । ती तत्त्वमध्ये केही तत्त्व यसप्रकार रहेका छन् ।




**अक्षांश :** भूमध्यरेखाबाट उत्तर वा दक्षिणतर्फको क्षेत्रमा सूर्यको किरण छड्के पर्छ । त्यसैले

भूमध्यरेखाबाट जति उत्तर वा दक्षिणतर्फको क्षेत्रमा तापक्रम घट्दै जान्छ । भूमध्यरेखीय क्षेत्रमा सधैँभरि सूर्यको किरण सिधा पर्ने भएकाले त्यहाँ बर्सैभरि गर्मी हुन्छ । यसरी अक्षांशका आधारमा हावापानीको अवस्था निर्धारण गरिन्छ ।



**उचाइ :** जति जति जमिनको उचाइ बढ्दै गयो त्यति त्यति वायुको घनत्व घट्दै जान्छ । कम उचाइमा वायुको घनत्व बढी हुन्छ । सतहको वायुमण्डल बाक्लो हुन्छ र यहाँको वायुमण्डलमा धुलाका कणसमेत हुन्छन् । बढी घनत्व भएको बाक्लो वायुमण्डलले सूर्यको तापलाई बढी सोस्न सक्छ । उच्च क्षेत्रमा हावाका कण थोरै पातला हुन्छन् । यिनीहरू सूर्यको तापलाई धेरै सोसेर राख्न सक्दैनन् । त्यसैले कम उचाइमा गर्मी हुन्छ । जति जति उचाइ बढ्दै गयो उति उति तापक्रम घट्दै जान्छ ।

**सामुद्रिक दुरी :** पानी ढिलो तातेर बिस्तारै सेलाउँछ भने जमिन पानीको तुलनामा चाँडै तातेर चाँडै सेलाउँछ । दिउँसोको समयमा जमिन र समुद्रमा सूर्यको ताप बराबर मात्रामा परे पनि जमिन समुद्रभन्दा तातो हुन्छ । जमिन तात्दा यहाँको हावा पनि तातेर माथितिर जान्छ । यसै बखत समुद्रको चिसो हावा जमिनतिर बहन्छ । जसले गर्दा जमिनमा शीतल हुन्छ भने समुद्रको नजिकका स्थानमा पर्याप्त वर्षा हुन्छ र गर्मी कम हुन्छ । त्यहाँको तापक्रम र हावापानी सुरम्य प्रकारको हुन्छ । रातको समयमा जमिन सेलाएर यहाँको तापक्रम कम हुन्छ तर समुद्र न्यानो नै हुन्छ । समुद्रको न्यानो वायुको प्रभावले गर्दा रातमा समुद्रको नजिकका स्थान पनि प्रायः न्यानो नै हुन्छन् । समुद्रदेखि टाढाका क्षेत्रमा भने समुद्रको वायुको प्रभाव कम पर्ने हुनाले दिनमा ज्यादै गर्मी र रातमा ज्यादै जाडो हुन्छ र कम वर्षा हुन्छ ।

**सामुद्रिक धार :** समुद्रमा नियमित रूपमा निश्चित दिशा भई बग्ने पानीको बहाबलाई सामुद्रिक धार भनिन्छ । यस्ता धार चिसो र न्यानो गरी दुई प्रकारका हुन्छन् । न्यानो धार बहने क्षेत्र न्यानो हुन्छ भने चिसो धार बहने क्षेत्रमा जाडो हुन्छ ।

**पहाड/पर्वतको उपस्थिति :** पर्वतको उपस्थितिले पनि कुनै पनि स्थानको हावापानीमा प्रभाव पार्छ । नेपालका उच्च पहाड र पर्वतले हिउँद्मा उत्तरबाट बग्ने चिसो वायुलाई रोकेर नेपालमा धेरै चिसो हुन दिँदैनन् भने ग्रीष्ममा हिन्द महासागरबाट जलवाष्पयुक्त मनसुनी वायुलाई रोकेर नेपालमा वर्षा गराउँछन् । यसले गर्दा नेपालको हावापानी सुरम्य प्रकारको हुन गएको छ ।

**जङ्गल :** घना जङ्गल भएका ठाउँमा आद्रता बढी भई वर्षा हुन्छ । जङ्गलले नजिकका स्थानको वायुमण्डललाई स्वच्छ राख्छ र गर्मी समयमा चिसो हावा दिन्छ । यसरी जङ्गलले पनि हावापानीमा प्रभाव पारेको हुन्छ ।

जमिनको ढाल : जमिनको ढालले पनि कुनै स्थानको हावापानीमा प्रभाव पार्छ । सूर्यको सम्मुख पर्ने ढालको हावापानी न्यानो हुन्छ । त्यसै गरी विमुख पर्ने ढालको हावापानी प्रायः चिसो र सुक्खा किसिमको हुन्छ ।

**माटो :** कुनै स्थानको हावापानीमा माटाले पनि प्रभाव पार्छ । चाम्रो र लेसिलो माटामा पानीको मात्रा हुने भएकाले त्यस्तो माटो भएको स्थानमा शीतल र ओसिलो हावापानी पाइन्छ । बलौटे माटाले पानीलाई सोसेर राख्न नसक्ने हुनाले ती स्थानको हावापानी सुक्खा प्रकारको हुन्छ ।

## क्रियाकलाप

१. **तपाईंको बसोबास रहेको स्थानमा कुन प्रकारका हावापानी पाइन्छ ? त्यस स्थानको हावापानीमा कुन कुन तत्त्वको प्रभाव रहको छ, साथीसँग छलफल गरेर लेख्नुहोस् ।**

२. **आफ्नो बसोबास रहेको स्थानको दिनभरिको मौसमी अवस्थाको अवलोकन गर्नुहोस् । तपाईंले कस्तो मौसमी अवस्थाको अनुभव गर्नुभयो, साथीलाई सुनाउनुहोस् ।**

३. **तपाईंले आफ्नो बसोबास रहेको स्थानको एक हप्तासम्मको तापक्रम र वर्षाको औसत तथ्याङ्क सङ्कलन गरी सो तथ्याङ्कलाई रेखाचित्रमा देखाउनुहोस् ।**

## अभ्यास

१. **मौसम भनेको के हो ?**

२. **कुनै पनि स्थानको हावापानीमा के कस्ता तत्त्वले प्रभाव पार्छन्, सूची तयार गर्नुहोस् ।**

३. **कुनै स्थानको मौसम दिनभरि एकै प्रकारको किन नभएको होला, कारण दिएर लेख्नुहोस् ।**

४. **आफ्नो कापीमा तालिका बनाई मौसम र हावापानीबिचका भिन्नता लेख्नुहोस् ।**

५. **उचाइले कुनै पनि स्थानको तापक्रममा कसरी प्रभाव पार्छ, चित्र बनाई चर्चा गर्नुहोस् ।**

६. **तराई र पहाडको तापक्रम किन एकै प्रकारको नभएको होला ?**

७. **नेपालको हावापानीमा प्रभाव पार्ने तत्त्वको सूची बनाउनुहोस् ।**

# ३ जलवायु परिवर्तन

पुसको महिना भए पनि हेटौँडामा पोहोरको जति जाडो थिएन । चक्र आफ्नी आमासँग मावल जान लागेका थिए । फर्पिङ पुगेपछि चक्रले उत्तरतर्फ हेरे । गणेश हिमाल र लाङटाङ हिमालमा पहिला पहिला जस्तो हिउँ थिएन । त्यसैले चक्रलाई पोहोरपरारका हिमाल यिनै हुन् कि होइनन् जस्तो लाग्यो । 'हेर्नुहोस् त आमा, गत वर्ष यहाँबाट देखिने हिमाल त अहिले अर्कै छन् नि ! किन यस्ता भएका हुन् ?' चक्रले आश्चर्य मान्दै सोधे । आमा पनि हिमालतिर हेर्दै टोलाउनुभयो । 'हो त नि । हिमालको हिउँ पग्लेछ । यो जलवायु परिवर्तनको असर हो ।' आमाले भन्नुभयो ।

'जलवायु परिवर्तन भनेको चाहिँ के हो नि, आमा ?' चक्रले सोधे ।



आमाले भन्नुभयो, 'पृथ्वीको वातावरण मानव, जीवजन्तु, बोटबिरुवा र भौगोलिक प्रणालीको अनुकूल हुनुपर्छ । विभिन्न कारणले गर्दा वातावरण मानव, जीवजन्तु, वनस्पति तथा भौगोलिक प्रणालीको प्रतिकूल हुन जान्छ । यसरी पारिस्थितिक प्रणालीमा आउने असन्तुलन नै जलवायु परिवर्तन हो । जलवायु परिवर्तन र मौसम परिवर्तन एउटै कुरा होइन । मौसम परिवर्तन क्षणिक कुरा हो तर जलवायु परिवर्तन दीर्घकालीन कुरा हो । जलवायु परिवर्तनको दीर्घकालीन असर पर्छ ।'

आमाको कुरा सुनेर चक्रले फेरि जिज्ञासा राखे, 'जलवायु परिवर्तनले के असर पार्छ त ?'

'हिमालको हिउँ बेसमयमा पग्लनु, कुनै स्थानको तापक्रम बढ्नु, चैत वैशाखमा फुल्नुपर्ने गुराँस र अन्य फूल सो समयभन्दा पहिला नै फुल्नु, मनसुनी वर्षा हुनुपर्ने समयमा नभएर सोभन्दा अगाडि वा पछाडि हुनु, हिउँदमा गर्मी हुनु, ग्रीष्ममा जाडो हुनु, कतै धेरै वर्षा हुनु त कतै वर्षा नहुनु आदि जलवायु परिवर्तनका असर हुन् । जलवायु परिवर्तनका कारणले गर्दा तराईमा शीतलहर चल्न थालेको छ । तराईमा पनि चिसो हुनु तथा हिमाली क्षेत्रमा अधिक वर्षा हुनु पनि जलवायु परिवर्तनको असर हो ।'

'जलवायु परिवर्तनका कारणले गर्दा औलो तथा झाडाबान्तालगायत रोगव्याधी र महामारीको प्रकोप बढ्छ । नेपालका हिमालमा ताप वृद्धि भई हिउँ पग्लन थालेको छ र हिउँको मात्रा कम भएको छ । केही वर्षपछि हिमालमा हिउँको मात्रा अझै कम भएर चट्टान मात्र बाँकी रहने खतरा बढेको छ । हिमालको हिउँ पग्लँदा हिमाली र पहाडी क्षेत्रको वातावरणमा मात्र प्रभाव पर्ने होइन, यसले गर्दा नदीमा पानीको मात्रा बढ्न जान्छ । नदीमा बाढी आउँछ र नदी किनार बस्ती तथा मलिला जमिन डुबाउँछ । पहाडी क्षेत्रमा पहिराको समेत प्रकोप बढ्छ । जलवायु परिवर्तनका कारणले समुद्रमा पनि प्रभाव पर्छ । समुद्रमा पानीको मात्रा बढ्न जाँदा किनारका बस्ती डुब्ने सम्भावना हुन्छ । माल्दिभ्सलगायत कतिपय टापुदेशको अस्तित्व नै समाप्त हुने खतरा छ । जलवायु परिवर्तनका कारण पानीका मूल सुक्ने, विभिन्न रोग लाग्ने आदि नकारात्मक असर हुने गर्छ ।'

आमाको लामो वृतान्तलाई रोक्दै चक्रले जलवायु परिवर्तनका कारण के के हुन्, प्रस्ट पार्न आमालाई भने ।

'जलवायु परिवर्तनका विभिन्न कारण रहेका छन् । यसको प्रमुख कारण वायुमण्डलमा कार्बनडाइअक्साइड र कार्बनमनोअक्साइड जस्ता ग्यासको मात्रा बढ्नु हो । यी ग्यासको वृद्धि हुँदा पृथ्वीमा हरितगृह प्रभाव बढ्न जान्छ । जब पृथ्वीको तापक्रम बढ्छ तब पृथ्वीको जलवायुमा असन्तुलन हुन्छ । वास्तवमा मानव गतिविधि नै जलवायु परिवर्तनका कारण हुन् ।'

'जलवायु परिवर्तनका असरलाई कसरी कम गर्न सकिन्छ त, आमा' चक्रले फेरि प्रश्न गरे ।

'जलवायु परिवर्तन न्यूनीकरण गरेर वायुमण्डलमा सन्तुलन कायम गर्नका लागि मानिसले प्राकृतिक स्रोतसाधनको प्रयोगमा अनुशासन अपनाउनुपर्छ । जलवायु परिवर्तन नियन्त्रण गर्नका लागि हामी सबैले आफ्नो आफ्नो क्षेत्रबाट योगदान दिन सक्छौँ । पृथ्वीमा तापक्रम बढाउने ग्यास उत्पादनमा कमी गर्न सकिन्छ । नाङ्गा डाँडामा वृक्षरोपण गर्नुपर्छ । पानीका मुहान र स्रोतको संरक्षण गर्नुपर्छ । विद्युतीय सवारी साधनको प्रयोगमा जोड दिनुपर्छ । पेट्रोलियम ऊर्जाको सट्टा जलविद्युत् र सौर्य ऊर्जाको प्रयोग गर्नुपर्छ ।'

## क्रियाकलाप

१. **तपाईँको बसोबास रहेको स्थानमा जलवायु परिवर्तनका कारण कस्तो असर परेको छ, तपाईँको परिवार वा समुदायका ज्येष्ठ नागरिकसँग छलफल गरेर लेख्नुहोस् ।**

२. **पेट्रोल, डिजेल जस्ता ऊर्जाको प्रयोग हुनुभन्दा पहिला पृथ्वीको जलवायु कस्तो थियो होला, कापीमा लखेर साथीलाई देखाउनुहोस् ।**

३. **जलवायु परिवर्तन नियन्त्रण गर्नका लागि तपाईँ कसरी योगदान दिन सक्नुहुन्छ, आफ्ना विचारलाई चार्टमा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **जलवायु परिवर्तन भनेको के हो ?**

२. **जलवायु परिवर्तनका कारण के के होलान्, उल्लेख गर्नुहोस् ।**

३. **जलवायु परिवर्तनका असर बुँदागत रूपमा लेख्नुहोस् ।**

४. **जलवायु परिवर्तनका असर न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस् ।**

## सामुदायिक कार्य

आफ्नो समुदायका विभिन्न ठाउँको अवलोकन गरी ती ठाउँमा जलवायु परिवर्तनले पारेका असर खोजी गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# ४ नेपालका छिमेकी देशहरू

नेपाल दक्षिण एसियामा रहेको एउटा भूपरिवेष्टित देश हो । यसको पूर्व, पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीन रहेका छन् । यीबाहेक नेपालका छिमेकी देशमा पाकिस्तान, बङ्गलादेश, भुटान आदि रहेका छन् । नेपालले विभिन्न मुलुकसँग कूटनीतिक र दौत्य सम्बन्ध स्थापना गरेको छ । भारत र चीन नेपालका सिमाना जोडिएका छिमेकी मुलुक हुन् । नेपाल र यी मुलुकका बिचको आपसी सम्बन्ध सङ्क्षेपमा चर्चा गरौँ ।

## (क) नेपाल भारत सम्बन्ध

नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारत रहेको छ । भारतको सिमाना पाकिस्तान, चीन, भुटान, बङ्गलादेश र म्यानमारसँग जोडिएको छ । यसको ठुलो क्षेत्र हिन्द महासागरसँग जोडिएको छ ।




नेपाल र भारतको सम्बन्ध निकै पुरानो हो । प्राचीनकालदेखि यी मुलुकका बिचमा धार्मिक, सांस्कृतिक तथा व्यापारिक सम्बन्ध रहेको पाइन्छ । प्राचीनकालमा नेपालकी छोरी सीताको विवाह अयोध्याका राजा दशरथका छोरा रामसँग भएको थियो । नेपालमा सिद्धार्थ गौतमले भारतको बोधगयामा तपस्या गरी बुद्धत्व प्राप्त गरेका थिए । त्यसैले भारतका सम्राट् अशोक नेपाल भ्रमण गरी लुम्बिनीमा स्तम्भ खडा गरेको इतिहास छ । त्यसबखत नेपालमा उत्पादित सामान, जस्तै : खुकुरी, तामाका भाँडाकुँडा, राडीपाखी, कस्तुरीको बिना भारतमा प्रख्यात थिए । भारतबाट कपडा, शृङ्गारका सामान आयात गरिन्थ्यो । नेपाल र भारत सहयोगको निरन्तरता प्राचीनकालदेखि हालसम्म पनि कायम छ ।

नेपाल र भारत दुवै मुलुकले आपसी हितका लागि योगदान दिएका छन् । भारत लामो समयसम्म अङ्ग्रेजको अधीनमा थियो । भारतमा अङ्ग्रेज विरोधी आन्दोलन चलिरहेका बखतमा नेपाली नेतासमेत सो आन्दोलनमा सहभागी भएका थिए । नेपालमा पनि

लोकतन्त्र र गणतन्त्रको स्थापना गर्नका लागि भारतको प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग रहेको छ ।

नेपालमा आइपर्ने विभिन्न समस्यामा भारतले सहयोग गर्दै आइरहेको छ । वि.सं. २०७२ को महाभूकम्पका समयमा भारतले नेपाललाई आर्थिक तथा प्राविधिक सहयोग गरेको थियो । नेपालका भूकम्प पीडितलाई खाना, औषधी, लत्ताकपडा तथा आवासको समेत व्यवस्था गरेको थियो । त्यसै गरी कोभिड-१९ को समयमा पनि भारतले नेपालमा कोरोना विरुद्धको कोभिसिल्ड खोप अनुदान सहयोग गरेको थियो । त्यस्तै भारतको गुजरातमा सन् २००१ मा गएको भूकम्पमा नेपालले आर्थिक सहयोग गरेको थियो ।

भारतका नागरिकले नेपालका प्राविधिक तथा व्यापारिक क्षेत्रमा काम गरेर सहयोग गरिरहेका छन् भने ठुलो सङ्ख्यामा नेपालीले पनि भारतमा रोजगारी प्राप्त गरेका छन् । नेपाली युवा भारतीय सेनामा कार्यरत छन् । भारतको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षामा समेत नेपालको योगदान रहेको छ ।

नेपाल र भारत दुबै दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) का सदस्य हुन् । नेपाल र भारतका उच्च पदस्थ व्यक्तिले समेत एक अर्को मुलुकको औपचारिक भ्रमण गर्ने गरेका छन् । नेपालको जलस्रोतलाई सामूहिक हितमा समेत प्रयोग गर्न सकिने कुरा दुईपक्षीय भेटघाटमा छलफल भएको छ । त्रिभुवन राजपथ, सिद्धार्थ राजमार्ग, हुलाकी राजमार्ग, वीर अस्पताल निर्माण, पेट्रोलियम पाइप लाइन विस्तार, बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानलगायत विभिन्न विकास निर्माणका कार्यमा भारतले सहयोग पुऱ्याएको छ । यसरी भारतले नेपालको शिक्षा, स्वास्थ्य, यातायात तथा अन्य क्षेत्रमा समेत सहयोग गरेको छ ।

## (ख) नेपाल चीन सम्बन्ध




चीन नेपालको उत्तरी छिमेकी मुलुक हो । यो देशको सिमाना जापान, कोरिया, मङ्गोलिया, रुस, काजकिस्तान, नेपाल, भारत, म्यानमार आदि मुलुकसँग जोडिएको छ । यसको राजधानी बेइजिङमा छ ।

नेपाल र चीनको सम्बन्ध निकै प्राचीन हो । स्वयम्भू पुराणमा काठमाडौँ उपत्यकाको पानी सुकाएर यसलाई बस्तीयोग्य बनाउनका लागि चीनबाट मञ्जुश्री नेपाल आएको

उल्लेख छ । त्यस्तै प्राचीनकालमा चिनियाँ यात्री हुयान साङले नेपालको यात्रा गरेका थिए । नेपालकी राजकुमारी भृकुटीको विवाह तिब्बतका सम्राट् स्रङचङ गम्पोसँग भएको थियो । नेपालको इतिहासको मध्यकालमा अरनिकोलगायत नेपाली कलाकार टोली चीन गएका थिए । यही टोलीले चीनमा प्यागोडा शैलीको वास्तुकलाको विकास गरेको थियो । नेपाल एकीकरणपश्चात् पनि नेपालले तिब्बतका लागि मुद्रा कुँदाउने काम गर्थे ।

नेपाल र चीनका बिचमा दौत्य सम्बन्ध वि.सं. २०१२ मा कायम भएको हो । यस सम्बन्धपछि नेपाल र चीनका राष्ट्र प्रमुख तथा सरकार प्रमुखले भ्रमणको आदानप्रदान गरिरहेका छन् । यस्ता उच्चस्तरीय भ्रमणको समयमा आपसी हितका विषयमा छलफल हुने गरेका छन् । चीनले नेपालको विकासमा समेत योगदान दिँदै आएको छ । यी दुई मुलुकका बिचमा व्यापारिक सम्बन्ध रहेको छ । नेपालले चीनबाट प्रशस्त सामान आयात गर्छ । भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, हरिसिद्धि इँट तथा टायल उद्योग, हेटौँडा सिमेन्ट कारखाना आदिको स्थापना र निर्माण चिनियाँ सहयोगमा भएको हो । काठमाडौँमा ट्रली बस सेवा सञ्चालन गर्नसमेत चीनले सहयोग गरेको थियो । काठमाडौँको चक्रपथ निर्माण तथा यसको स्तरोन्नतिको काम पनि चिनियाँ सहयोगमा भएको हो ।

नेपालका विभिन्न राजमार्गको निर्माण गर्नसमेत चीन सरकारको सहयोग रहेको छ । पृथ्वीराजमार्ग, गोरखा नारायणघाट मार्ग, भूपि शेरचन राजमार्ग आदि पनि चिनियाँ सहयोगमा निर्माण भएका हुन् । स्वास्थ्य क्षेत्रमा पनि चीनको योगदान रहेको छ । बीपी कोइराला क्यान्सर अस्पताल, भरतपुर अस्पताल तथा निजामती अस्पतालको निर्माण पनि चिनियाँ सहयोगमा भएको हो । सुनकोसी जलविद्युत् परियोजना, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र आदिको निर्माण पनि चीनको सहयोगमा भएको हो । बर्सेनि नेपाली विद्यार्थीले चीनबाट उच्च शिक्षासमेत प्राप्त गर्ने गरेका छन् ।

## क्रियाकलाप

१. एटलसमा हेरेर भारत र चीनका अवस्थिति र ती देशसँग सिमाना जोडिएका देशको नाम लेख्नुहोस् ।

२. तपाइँ आफ्नो बसोबास रहेको स्थानबाट मोटर चढेर अन्यन्त्र जानुभएको होला । तपाइँ कुन कुन राजमार्गमा यात्रा गर्नुभयो र ती राजमार्ग कुन कुन देशको सहयोगमा बनेका रहेछन्, साथीसँग छलफल गरेर लेख्नुहोस् ।

## अभ्यास

१. नेपाल भारतका बिच प्राचीनकालदेखि कुन कुन क्षेत्रमा सम्बन्ध रहँदै आएको छ, उल्लेख गर्नुहोस् ।

२. नेपालले भारतको राजनीति र सुरक्षामा कसरी सहयोग पुऱ्याएको छ ?


३. नेपाल र भारतको सम्बन्ध द्विपक्षीय छ । उदाहरण दिएर पुष्टि गर्नुहोस् ।

४. नेपालले चीनलाई कुन कुन क्षेत्रमा सहयोग पुऱ्याएको थियो, उदाहरण दिनुहोस् ।

५. वैवाहिक सम्बन्ध र कलाकारको आदानप्रदानले दुई देशको सम्बन्ध कसरी सुधार गर्छ, भृकुटीको विवाह र अरनिकोको चीन यात्राको प्रसङ्ग दिएर पुष्टि गर्नुहोस् ।

# ९ सार्क राष्ट्रहरू र नेपाल

## सार्कको परिचय र उद्देश्य




दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) क्षेत्रीय सङ्गठन हो । आसियान, युरोपेली आर्थिक समुदाय, अफ्रिकी एकता सङ्घ आदि क्षेत्रीय सङ्गठनका उदाहरण हुन् । आपसी समस्या समाधानमा सामूहिक पहल गर्न र आपसमा मित्रता कायम गर्न यस्ता सङ्गठनको स्थापना हुन्छ । सन् १९८५ डिसेम्बर ७ र ८ मा बङ्गलादेशको ढाकामा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, भुटान, श्रीलङ्का र माल्दिभ्सका राष्ट्र प्रमुखको सम्मेलनले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना गरेको थियो । अफगानिस्तान पनि समेटिएपछि सार्कको सदस्य सङ्ख्या आठ पुगेको छ । दक्षिण एसियाका जनताको हितलाई अभिवृद्धि, जीवनस्तरमा सुधार तथा एकअर्का राष्ट्रका समस्याप्रति पारस्परिक विश्वास र समझदारी कायम राख्नु सार्कका मुख्य उद्देश्य हुन् ।

## सार्क मुलुक र नेपालसँगको सम्बन्ध

### बङ्गलादेश

बङ्गलादेश दक्षिण एसियाको उत्तरपूर्व क्षेत्रमा पर्ने देश हो । यस देशको पूर्वमा भारतको त्रिपुरा, मिजोरम राज्य र म्यानमार पर्छ । यसको पश्चिममा भारतको पश्चिम बङ्गाल राज्य पर्छ । उत्तरमा भारतको आसाम र पश्चिम बङ्गालको केही भाग पर्छ भने दक्षिणमा बङ्गालको खाडी अवस्थित छ । बङ्गलादेश विश्वको धेरै जनसङ्ख्या भएको मुलुकमा पर्छ । यो एक मुस्लिम राज्य हो । यहाँ करिब ९०% मुसलमान र करिब १०% हिन्दुको सङ्ख्या रहेको छ । यसको राजधानी ढाका हो । यसको क्षेत्रफल १,४३,९९८ वर्ग किमि रहेको छ ।

यहाँका मानिसले बङ्गाली भाषा बोल्छन् । बङ्गलादेशको अधिकांश भूभाग समथर भए तापनि यहाँ कहीँ ससाना पहाड, कतै नदीले बनाएका समथर भूभाग र तटीय मैदानी भाग रहेका छन् । बङ्गलादेशमा मनसुनी हावापानी पाइन्छ । ग्रीष्ममा गर्मी र हिउँदको तापक्रम चिसो हुन्छ । ग्रीष्ममा समुद्रमा आउने आँधीले तटीय क्षेत्रमा नोक्सानी पुऱ्याउँछ । यहाँका मानिसका मुख्य पेसा कृषि र मत्स्य व्यवसाय हुन् । व्यापार र पर्यटनको पनि विकास हुँदै गइरहेको छ ।

नेपाल र बङ्गलादेशको कूटनीतिक सम्बन्ध सन् १९७२ अप्रिल ८ (वि.सं. २०२८ चैत्र २६) स्थापित भएको हो । नेपालबाट विभिन्न सागसब्जी, मसुरो, अदुवा, फलफूल आदि बङ्गलादेश निर्यात गरिन्छ फलफूलको जुस, अन्न, कागज, कपडा, औषधीजन्य कच्चा पदार्थ, रासायनिक मल, तेलहन आदि आयात गरिन्छ । बङ्गलादेशमा नेपाली विद्यार्थी छात्रवृत्तिमा अध्ययन गर्न जाने गरेका छन् । समय समयमा हुने राष्ट्र प्रमुख र दुई देशका सरकारी अधिकारीको उच्चस्तरीय भ्रमणले पनि दुई देशबिचको सम्बन्ध प्रगाढ बनाएको छ ।

## पाकिस्तान

पाकिस्तान क्षेत्रफलका आधारमा सार्कको दोस्रो ठुलो देश हो । यसको क्षेत्रफल ८,८१,९१३ वर्ग किलोमिटर रहेको छ । यो देशको पूर्वमा भारत, पश्चिममा अफगानिस्तान र इरान, उत्तरमा चीन र दक्षिणमा अरब सागर पर्छन् । वर्तमान पाकिस्तान अङ्ग्रेजको शासनकालमा भारतको एक भाग थियो । यसको स्थापना सन् १९४७ मा भएको हो । यो देशको राजधानी इस्लामाबाद हो । सन् १९७१ मा भएको गृहयुद्धका कारण पूर्वी पाकिस्तान टुक्रिएर बङ्गलादेशको निर्माण भयो । भौगोलिक रूपले पाकिस्तान विभिन्न छ प्रदेशमा विभाजित छ । उत्तरी उच्च हिमाली क्षेत्र, पश्चिमी पहाडी क्षेत्र, बलुचिस्तान उच्च समस्थली, पतोहार उच्च भूमि, पन्जाबको मैदान र सिन्ध मैदान यहाँका विविध भौगोलिक क्षेत्र हुन् । विश्वको दोस्रो उच्च शिखर गड्विन अस्टिन (के२) र नवौँ उच्च शिखर नाङ्गा पर्वत पनि पाकिस्तानमा पर्छन् ।

यहाँका अधिकांश मानिस इस्लाम धर्म मान्छन् र केही सङ्ख्यामा हिन्दु पनि रहेका छन् । पाकिस्तानमा भाषिक विविधता रहेको छ । उर्दु यहाँको राष्ट्रिय भाषा हो । बलोची, ब्रोची, पास्तो, पन्जाबी, सिन्धी आदि यहाँ बोलिने अन्य भाषा हुन् । यहाँका मानिसको मूल पेसा कृषि हो । पर्यटन र व्यापार यहाँका अन्य आर्थिक क्रियाकलाप हुन् । नेपाल र पाकिस्तानका बिचमा सन् १९६० मार्च २० (वि.सं. २०१६ चैत्र ७) मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । नेपालले पाकिस्तानमा चिया, मफ्लर, अलैँची, मुसुराको दाल, जडीबुटी आदि

सामान निर्यात गर्छ भने मसला, ओखर, विभिन्न उपकरण औषधी आदि आयात गर्छ । दुबै देशका राष्ट्र प्रमुख तथा उच्च सरकारी अधिकारीको भ्रमणले दुई देशबिचको सम्बन्ध सुमधुर बनाएको छ ।

## भुटान

भुटान दक्षिण एसियाको उत्तर पूर्वी भागमा रहेको छ । यो एक भूपरिवेष्टित राष्ट्र हो । यसको पूर्व, पश्चिम र दक्षिणमा भारत पर्छ भने उत्तरमा चीन पर्छ । यो देशको राजधानी थिम्पु हो । भुटानलाई भौगोलिक रूपले तीन भागमा विभाजन गरिन्छ । यसको उत्तरी क्षेत्रमा उच्च हिमाली प्रदेश पर्छ भने मध्य क्षेत्रमा मध्य हिमाली क्षेत्र पर्छ । भुटानको दक्षिणमा भने मैदानी भाग रहेको छ । यसको क्षेत्रफल ३८,३९४ वर्ग किमि रहेको छ । भुटान मनसुनी क्षेत्रमा परे पनि यहाँको हावापानीमा एकरूपता पाइँदैन । सार्क राष्ट्रमध्ये राजतन्त्र रहेको एक मात्र देश भुटान हो । यहाँ भुटिया (ड्लोप), नेपाली र सार्चोप गरी तीन जातिको बसोबास रहेको छ । यहाँका मुख्य धर्म बौद्ध र हिन्दु धर्म हुन् । यहाँका मानिसले जोङ्खा, नेपाली र अन्य भाषा बोल्छन् । कृषि, व्यापार, पर्यटन, पशुपालन आदि भुटानका मुख्य आर्थिक क्रियाकलाप हुन् । नेपाल र भुटानका बिचमा सन् १९८३ जुन (वि.सं. २०४० जेठ २०) मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । नेपालबाट मूर्तिकलाका सामान, साबुन, गार्मेन्ट, विद्युतीय सामग्री भुटानमा निर्यात गरिन्छ भने सिमेन्ट, कोइला आदि सामान आयात गरिन्छ । भुटान र नेपालबिच हुने उच्चस्तरीय भ्रमणले दुई देशबिचको सम्बन्धमा नयाँ आयाम थपेको छ ।

## श्रीलङ्का

श्रीलङ्का हिन्द महासागरमा रहेको टापु देश हो । यसको राजधानी कोलम्बो हो । यस मुलुकको कुल क्षेत्रफल ६५,६१० वर्ग किमि रहेको छ । यो भारतको मूल भूमिबाट जम्मा ६० किमि दक्षिणमा अवस्थित छ । यसको उत्तर पूर्वदिशामा बङ्गालको खाडी पर्छ । यसको उत्तरपश्चिम दिशामा अरब सागर र दक्षिणपश्चिम दिशामा माल्दिभ्स पर्छन् । श्रीलङ्काको जनसङ्ख्याको ठुलो हिस्सा सिँहाली, तामिल र मुस्लिम जातिको रहेको छ । यहाँका अधिकांश मानिस बौद्ध धर्म मान्छन् । हिन्दु, मुस्लिम र क्रिस्चियनहरूको सङ्ख्या उल्लेख्य रहेको छ । सिँहाली र तामिल यहाँ बोलिने मुख्य भाषा हुन् ।

श्रीलङ्काको भौगोलिक अवस्थालाई मुख्यतः मध्य उच्चभूमि, मैदानी क्षेत्र र तटीय क्षेत्र गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

श्रीलङ्काको हावापानी निकै गर्मी प्रकारको छ र यहाँ प्रायः वर्षा भइरहन्छ । यहाँका मानिसले मत्स्य व्यवसाय तथा कृषि गर्छन् । यहाँको मूल आयस्रोत भने पर्यटन हो । नेपाल र श्रीलङ्काका बिचमा १९५७ जुलाई १ मा (वि.सं. २०१४ असार १८) कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । श्रीलङ्का र नेपालबिच सांस्कृतिक सम्बन्ध सुमधुर रहेको छ । श्रीलङ्काबाट नेपालले कोइला, सिसा, रसायन तथा मेसिनरी सामान आयात गर्छ भने ऊन, ऊनबाट बनेका सामान, तयारी पोसाक आदि निर्यात गर्छ ।

### माल्दिभ्स

हिन्द महासागरीय क्षेत्रमा रहेको माल्दिभ्स करिब १२०० ओटा टापु मिलेर बनेको छ । यी टापु धेरै अग्ला छैनन् । यी टापुको तटीय क्षेत्र समुद्रबाट करिब ६ फिटमाथि रहेको छ । यसको राजधानी माले हो । यो करिब ९,००० वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको छ । समुद्रको प्रभावले गर्दा यहाँ प्रायः वर्षा भइरहने हुनाले हावापानी सुरम्य प्रकारको छ । यो मुस्लिम राष्ट्र हो । यहाँको मूल भाषा माल्दिभियन हो । यसलाई दिवेही भाषा पनि भनिन्छ । अरेबिक, हिन्दी र अङ्ग्रेजी भाषा पनि यहाँ बोलिन्छन् । १६ औँ शताब्दीको सुरुआतदेखि विभिन्न मुलुकले यसलाई आफ्नो उपनिवेश बनाउन थाले । सन् १९७६ मा अङ्ग्रेजबाट स्वतन्त्रता पायो । यहाँको अर्थतन्त्र पर्यटन, मत्स्य व्यवसाय, डुङ्गा निर्माण तथा मर्मत कार्यमा निर्भर रहेको छ । यसमा प्रायः द्विप समूह रहेका छन् । नेपाल र माल्दिभ्सका बिचमा १९८० को अगस्ट १ (वि.सं. २०३७ साउन १७) मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । नेपाली रोजगारीका सिलसिलामा माल्दिभ्स जाने गरेका छन् । समय समयमा हुने उच्चस्तरीय भ्रमणले दुई देशबिचको सम्बन्ध सुमधुर बनाउन मदत पुऱ्याएको छ ।

### अफगानिस्तान

अफगानिस्तान पनि सार्कको एक भूपरिवेष्टित राष्ट्र हो । यसको क्षेत्रफल ६,५२,८६० वर्ग किमि रहेको छ । यसको राजधानी काबुल हो । अफगानिस्तानमा भौगोलिक रूपले विविधता रहेको छ । उब्जाउ उपत्यका, गहिरा गल्छी, मरुभूमि, उच्चसमस्थली, मैदानी तथा हिमाली क्षेत्र यहाँ रहेका छन् । यहाँ हिउँदमा निकै चिसो हुन्छ भने ग्रीष्ममा न्यानो हुन्छ । जुलाई र सेप्टेम्बर महिनामा मनसुनी वायुका कारणले गर्दा यहाँ वर्षा हुन्छ । यहाँ बसोबास गर्ने प्रायः सबै मानिसले मुस्लिम धर्म मान्छन् । यहाँ जातीय विविधता रहेको पाइन्छ । यहाँ पस्तुन, ताजिक, हजारा, उज्बेक, चाहार आइमक, तुर्कमेन आदि जातिका मानिस बसोबास गर्छन् । यी मानिसले बोल्ने भाषामा पनि विविधता रहेको छ । यहाँका धेरै मानिसले बोल्ने

र कार्यालयमा प्रयोग हुने भाषा पुस्तुन र पर्सियन (दारी) हुन् । दार्दिक, बालोची, तुर्किक, उज्बेक आदि यहाँ बोलिने अन्य भाषा हुन् । नेपाल र अफगानिस्तानका बिचमा १ जुलाई १९६१ (वि.सं. २०१८ असार १७) मा दौत्य सम्बन्ध स्थापना भएको हो ।

## क्रियाकलाप

१. **आफ्नो कापीमा सार्कको नक्सा बनाई त्यहाँ रहेका देश र तिनीहरूको राजधानी देखाउनुहोस् ।**

२. **पत्रपत्रिकामा सार्क राष्ट्रसम्बन्धी विभिन्न समाचार आइरहेका हुन्छन् । ती समाचार सङ्कलन गरी कक्षाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।**

३. **विभिन्न स्रोतको अध्ययन गरी सार्क सदस्य देशमा हालसालै घटेको सामाजिक, आर्थिक र राजनीतिक घटनाको विवरण तयार पारी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **आफ्नो कापीमा सार्कको प्रतीक चिह्न बनाउनुहोस् र यसको व्याख्या गर्नुहोस् ।**

२. **सार्कलाई किन क्षेत्रीय सङ्गठन भनिएको हो ?**

३. **सार्कको स्थापनाका उद्देश्य के के थिए, सूची बनाउनुहोस् ।**

४. **आफ्नो कापीमा तालिका बनाई सार्कसम्बन्धी विभिन्न जानकारी दिनुहोस् ।**

| क्र.स. | देशको नाम | राजधानी | क्षेत्रफल | आर्थिक क्रियाकलाप | धर्म | भाषा | नेपालसँग सम्बन्ध स्थापना भएको मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

# ६ विपत् व्यवस्थापन

विपत् भनेको मानव समुदायलाई प्रभावित गराउने अवस्था हो । यस्तो अवस्थालाई मानिस आफैँले तत्काल समाधान वा नियन्त्रण गर्न सक्दैन । यस्ता घटना अप्रत्यासित र दुःखद् हुन्छन्, जस्तै : डढेलो, बाढीपहिरो, डुबान, महामारी, चट्याङ, भूकम्प आदि । कतिपय विपत् मानिसका कारणले गर्दा पनि सिर्जना हुन्छन् भने केही विपत् प्राकृतिक कारणले गर्दा सिर्जना हुन्छन् । मानवीय गतिविधिले गर्दा सिर्जना भएका विपत् मानव सिर्जित विपत् हुन् भने प्रकृतिबाट सिर्जना भएका विपत् प्राकृतिक विपत् हुन् । प्राकृतिक विपत्लाई मानिसले रोक्न सक्दैनन् । मानिसले यसबाट हुन सक्ने क्षति घटाउन भने सक्छ ।

मानिसले विभिन्न समयमा विभिन्न प्रकारका विपत्को सामना गर्नुपर्छ । विपत्ले विभिन्न प्रकारका क्षति निम्त्याउँछ । विपत्का कारणले गर्दा मानव सभ्यता माथि नै नकारात्मक प्रभाव पर्छ । विपत्का कारणले जनधनको क्षति हुन्छ भने कैयौँ मानिसको अङ्गभङ्ग पनि हुन्छ । यसरी मानिस अपाङ्गसमेत बन्छन् । विपत्ले मानिसको ज्यानसमेत जान सक्छ । विपत्का कारणले जनजीवन तहसनहस हुन गई त्रासको वातावरण सिर्जना हुन्छ ।

यस्तो क्षति घटाउनका लागि गरिने विभिन्न प्रकारका क्रियाकलापलाई विपत् व्यवस्थापन भनिन्छ । विपत् व्यवस्थापनका कार्य तीन चरणमा गरिन्छन् । विपत् आइलाग्नुभन्दा अगाडि गरिने विपत् व्यवस्थापन कार्यलाई विपत् पूर्वतयारी भनिन्छ । भविष्यमा कुनै प्रकारको विपत् आउन सक्छ भनेर तयारी अवस्थामा बस्नु विपत् पूर्वतयारी हो । यस चरणमा भविष्यमा कुन प्रकारका विपत् आउलान् भन्ने कुराको अनुमान गरी ती विपत् व्यवस्थापन गर्ने योजना बनाइन्छ । विपत् पूर्वतयारी गर्दा केही औषधी, तयारी खाना, पानी तथा अन्य कुरा साँचेर राख्नुपर्छ र सुरक्षित हुनका लागि पूर्वअभ्यास पनि गर्नुपर्छ । विपत् पूर्वतयारीका लागि विभिन्न विपत्सम्बन्धी सचेतनामूलक कार्यक्रमको सञ्चालन, भौतिक संरचनालाई विपत् प्रतिरोधी बनाउने, विपत्का सम्भाव्य जोखिम क्षेत्र पहिचान गर्ने जस्ता कार्य गर्नुपर्छ ।

दोस्रो अवस्थालाई विपत्को अवस्था भनिन्छ । विपत् भइरहेको अवस्थामा नआत्तिईकन सुरक्षित स्थानमा पुग्नुपर्छ । आफू सुरक्षित स्थानमा जाने वेलामा अरूलाई कुनै प्रकारको बाधा पुऱ्याउनुहुँदैन । हराएका मानिसको खोजी गर्ने, घाइतेलाई उपचार गर्ने तथा उद्धार गर्ने कार्य यस चरणमा पर्छन् । विपत् व्यवस्थापनको अन्तिम चरण भनेको विपत्पछिको चरण हो । यस चरणमा विपत्सम्बन्धी आवश्यक सूचना दिने काम गरिन्छ । विपत्पछि कतै

विभिन्न प्रकारले मानिसलाई तर्साउने, चोरी गर्ने र अन्य आपराधिक गतिविधि गर्ने मानिस सक्रिय हुन सक्छन् । यस चरणमा त्यस्ता कार्यको नियन्त्रण गरिन्छ । त्यसै गरी राहत वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउने एवम् मनोसामाजिक परामर्श दिने कार्य पनि यही चरणमा पर्छन् । विपत् प्रभावितलाई पुनर्वासको व्यवस्था गर्ने कार्य पनि विपत्पश्चात् गरिन्छ । जुन विपत् व्यवस्थापनको महत्त्वपूर्ण कार्य हो । विपत् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ । स्थानीय सरकारले विपत् पूर्वतयारी, उद्धार, राहत वितरण र पुनःस्थापना जस्ता कार्यमा सहयोग गर्छ । प्रदेश सरकारले पनि आफ्नो कानुनी र संस्थागत प्रबन्धद्वारा विपत् व्यवस्थापनमा भूमिका खेल्दै आइरहेको छ ।

## विपत् व्यवस्थापनमा प्रदेश सरकारको भूमिका

प्रदेश सरकार देशको जिम्मेवार संस्था हो । त्यसैले प्रदेश सरकारको विपत् व्यवस्थापनमा महत्त्वपूर्ण योगदान रहेको हुन्छ । विपत् व्यवस्थापनमा प्रदेश सरकारको भूमिकालाई यसप्रकार अध्ययन गर्न सकिन्छ :

(क) विपत् जोखिम न्यूनीकरणका लागि लगानीकर्ता आकर्षित गर्ने

(ख) विपत् अनुमान गरी सम्बन्धित सरोकारवालालाई सूचना गर्ने

(ग) विपत्बाट प्रभावित भएका वा प्रभावित हुन सक्ने समुदायमा स्वास्थ्य, शिक्षालगायत पूर्वाधारको व्यवस्था गर्ने

(घ) विपत् प्रभावित समुदायको आयआर्जन, सामाजिक सुरक्षा, खानेपानी तथा सरसफाइ तथा जीविकोपार्जनका विविध पक्षको व्यवस्था मिलाउने

(ङ) विपत् प्रभावित व्यक्ति वा समुदायका लागि स्वरोजगारीका अवसर सिर्जना गर्ने

(च) एम्बुलेन्स, वारुणयन्त्र, रक्तसञ्चार सेवा, अस्पताललगायत क्षेत्रको व्यवस्था गर्ने

(छ) सडक दुर्घटना न्यूनीकरणका लागि चेतना बढाउने र सडक पूर्वाधार निर्माण गर्ने

(ज) पुराना भवन, तथा सम्पदाको संरक्षण र मर्मत सम्भार गर्ने

(झ) विद्यालय भवनलाई व्यवस्थित र सुरक्षित बनाउने

(ञ) सार्वजनिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउने

(ट) खुला स्थानको पहिचान तथा आवश्यक पूर्वाधार विकास, गोदाम घर, सुरक्षित आपत्कालीन आश्रय स्थल, आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन

(ठ) खुला स्थानको पहिचान गर्ने त्यस्ता स्थानमा आवश्यक पूर्वाधार बनाउने

(ड) विभिन्न प्रकारका विपत् विरुद्ध पूर्वचेतावनी प्रणालीको विकास गर्ने आदि

## विपत् व्यवस्थापनमा नेपाल रेडक्रस सोसाइटी र अन्य सङ्घसंस्थाको भूमिका

(क) विपत् व्यवस्थापनसम्बन्धी पूर्वाभ्यास गराउने

(ख) ग्रामीण तथा सहरी क्षेत्रमा विपत् जोखिम न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रम गर्ने

(ग) विपत् जोखिमबाट सुरक्षित भवन निर्माणमा प्राविधिक सहयोग गर्ने

(घ) विपत् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने

(ङ) प्राथमिक उपचार तालिम चलाउने

(च) विपत्को अवस्थामा उद्धार र त्यसपछि राहत कार्य गर्ने

## क्रियाकलाप

१. **तलको विषयवस्तु पढ्नुहोस् र जबाफ दिनुहोस् :**

**प्रदेश राजपत्र**

मधेश प्रदेश, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) जनकपुरधाम, असोज २६ गते, २०७५ साल (अतिरिक्ताङ्क १४)

**भाग १**

**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

मधेश प्रदेशको विपत् व्यवस्थापन गर्न बनेको ऐन, २०७५

४. समितिको काम कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) विपत् व्यवस्थापन सम्बन्धमा प्रदेशको मुख्य जिम्मेवार निकायको रूपमा कार्य गर्ने

(ख) नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भूमण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भूउपयोग र विभिन्न प्रकोप तथा विपत्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने

(ग) प्रदेश तथा स्थानीय तहलाई विपत् व्यवस्थापनसम्बन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने

(घ) विपत् व्यवस्थापनसम्बन्धी कार्यमा सरकारी क्षेत्र, निजी क्षेत्र र स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरूका कार्यमा समन्वय एवम् सहजीकरण गर्ने

(ङ) प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज उद्धार तथा राहत प्रदान गर्ने गराउने

(च) विपत्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपत् प्रभावित वासिन्दाको जिउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने

(छ) विपत् पीडित तथा प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, फ्लाइङ, स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयम्सेवक, प्राविधिकलगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने गराउने

(ज) विपत्का घटनापश्चात् सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्धार समूह एवम् प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने गराउने

(झ) विपत् व्यवस्थापनका क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय द्विपक्षीय एवम् बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने

(ञ) विपत् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपत् व्यवस्थापनसम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण समयमै गर्ने गराउने

(ट) प्रदेशअन्तर्गतका विभिन्न निकायलगायत अन्य संस्थालाई विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने

(ठ) विपत् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने गराउने

(क) माथि दिइएको राजपत्र कुन प्रदेशले कहिले प्रकाशित गरेको हो ?

(ख) यो राजपत्र केसँग सम्बन्धित छ ?

(ग) विपत् व्यवस्थापनमा प्रदेश सरकारको भूमिकाका सम्बन्धमा पाठमा लेखिएका कुरा र राजपत्रमा लेखिएका कुरामा के के समानता छन् ?

२. **दिइएको घटना अध्ययन गरौँ :**

असारको अन्तिम साता सुखिया गाउँमा बाढी पसेर १६ घर बगायो । घरसँगै खाद्यान्न, चौपाया तथा लत्ताकपडा पनि बाढीले बगायो । दिनको समयमा बाढी आएकाले मान्छे भने सुरक्षित नै थिए । यो प्राकृतिक विपत्मा परी घरविहीन भएका परिवार नजिकैको विद्यालयमा आश्रय लिन बाध्य भए । बाढीपीडित दाताले दिएका खाद्यान्न र लत्ताकपडाले दुःखले दिनरात गुजारा गर्न थाले । बालबालिकाको पढ्ने सामग्री पनि बाढीले बगाएकाले उनीहरूले पढ्न लेख्न पाएका थिएनन् । उनीहरूले न समयमा पेटभरी खाना खान पाएका थिए न सजिलोसँग सुत्न नै । विद्यालयमा आउने पानीको पाइप पनि बाढीले बगाएकाले बाढीपीडितले सफा खानेपानी पिउन पाएका थिएनन् । गर्मीको समय भएकाले सर्पको टोकाइबाट बच्न उत्तिकै समस्या थियो । केही दिनपछि विपत्मा परेकामा स्वास्थ्य समस्या देखिन थाल्यो । ज्वरो, झाडापखला, आउँ आदिले धेरै जना बिरामी परे ।

यस्ता घटना बढ्दै गएको थाहा पाएपछि गाउँपालिका र स्थानीय सङ्घसंस्थाको पहलमा स्वास्थ्य जाँच तथा उपचार गराइयो । सुरक्षित बसोबासका लागि घर निर्माण गरियो । स्थानीय खानेपानी उपभोक्ता समितिले प्रत्येक घरमा धारा पनि जडान गरिदिए । हाल स्थानीय पालिकाले विपत् जोखिम क्षेत्र पहिचान गरी निरोधात्मक कार्य पनि सुरु गरेको छ । यसै गरी बाढीबाट प्रभावित बालबालिकालाई पुनः पाठ्यसामग्री उपलब्ध गराइएको छ । विद्यालयमा पठनपाठन सुरु भएपछि बालबालिका विपत्को त्रास भुलेर पढ्न जान थालेका छन् । विपत्को पूर्वतयारी र विपत् व्यवस्थापनको उचित जागरण नभएकाले भौतिक क्षति बढी भएको स्थानीयले समीक्षा गरी निष्कर्ष निकालेका थिए ।

**छलफलका लागि प्रश्न**

(क) बाढीले के कति क्षति पुऱ्याएको थियो ?

(ख) विपत्ले स्थानीयको जीवनमा कस्तो असर देखा पऱ्यो ?

(ग) विपत्को पूर्वतयारी भएको भए के हुन सक्थ्यो, कारण दिनुहोस् ।

(घ) विपत्बाट प्रभावित मानिस कसरी पूर्व अवस्थामा फर्किए ?

३. **विपत् जोखिम घटाउनका लागि विद्यार्थीले कसरी योगदान दिन सक्छन्, छलफल गरेर बुँदामा लेख्नुहोस् ।**

४. **विपत् व्यवस्थापनमा सङ्घसंस्थाको योगदानको सम्बन्धमा कक्षामा आफ्ना विचार राख्नुहोस् ।**

## अभ्यास

१. **विपत् भनेको के हो ?**

२. **तपाईँको समुदायमा कस्ता कस्ता विपत् हुन सक्छन्, सूची बनाउनुहोस् ।**

३. **विपत्ले गर्दा कस्ता परिणाम भोग्नुपर्ला, चर्चा गर्नुहोस् ।**

४. **विपत्का चरणको चर्चा गर्नुहोस् ।**

५. **विपत्को समयमा के के सावधानी अपनाउनुपर्छ, चर्चा गर्नुहोस् ।**

# ८ नक्सा तथा प्रयोगात्मक कार्य

पृथ्वीको कुनै ठाउँ वा क्षेत्रलाई निश्चित नापका आधारमा बनाइएको आकृतिलाई नै नक्सा भनिन्छ । नक्सा कागज, कपडा वा अन्य कुनै पनि प्रकारको समतल सतहमा बनाइन्छ । सामान्यतः नक्सा भौतिक र राजनीतिक गरी दुई किसिमका हुन्छन् । भौतिक नक्साले पृथ्वीमा रहेका विभिन्न किसिमका प्राकृतिक तथ्यहरू देखाउँछ भने राजनीतिक नक्साले मानव निर्मित तथ्यलाई देखाउँछ । नक्साका माध्यमबाट विभिन्न प्रकारका सूचना प्राप्त गर्न सकिन्छ । कहाँ कुन प्रकारका प्राकृतिक स्रोत र साधन छन् भन्ने तथ्य नक्सा हेरेर थाहा पाउन सकिन्छ । नक्साले अस्पताल, नदी, ताल, विद्यालय, सडक आदिका बारेमा पनि जानकारी दिन्छ । अतः नक्सा ज्ञानको स्रोत हो भन्न सकिन्छ ।

## नक्सामा प्रयोग हुने भौगोलिक सङ्केत

नक्सामा विभिन्न प्रकारका रङ तथा सङ्केतको प्रयोग गरिएको हुन्छ । नक्सामा संसारभरी नै प्रायः एकै किसिमका रङ तथा सङ्केतको प्रयोग गरिएको हुन्छ । नक्सामा हिमाल, नहर, रेलमार्ग, केबलकार, नदी, ताल, विद्यालय, सडक तथा भन्ज्याङ जस्ता तथ्यलाई एकै किसिमका सङ्केतको प्रयोग गरिन्छ । यस्ता सङ्केतलाई भौगोलिक सङ्केत भनिन्छ । त्यसै गरी निलो रङले जलाशय, हरियोले मैदानी भाग, खैरोले पहाड, सेतोले हिमाल र पहेँलोले उच्च समस्थली देखाउँछ । नक्सामा प्रयोग हुने केही सङ्केतलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| तथ्यहरू | भौगोलिक सङ्केतहरू | तथ्यहरू | भौगोलिक सङ्केतहरू |
|---|---|---|---|
| १. नदी |  | २. ताल |  |
| ३. टाकुरा |  | ४. सडक |  |
| ५. भन्ज्याङ |  | ६. पुल |  |
| ७. मन्दिर |  | ८. पहाडी शृङ्खला |  |


## नेपालको नक्सा निर्माण

नक्सा बनाउने धेरै विधि छन् । आफ्नो अभ्यास र अनुकूलतानुसार विभिन्न प्रकारका विधि प्रयोग गरेर नक्सा निर्माण गरिन्छ । हिजोआज कम्प्युटरको प्रयोग गरेर पनि नक्सा बनाइन्छ । कम्प्युटरको प्रयोग गरेर नक्सा बनाउनका लागि भौगोलिक सूचना प्रणाली (Geographic Information System) प्रयोग पनि गरिन्छ । हातले नक्सा बनाउनका लागि विभिन्न प्रकारका विधि प्रयोग हुन्छन् । तीमध्ये ट्रेसिङ विधि (Tracing Method), कार्बन विधि (Carbon Method), स्वतन्त्र नक्साङ्कन विधि (Free-hand Method) आदिको प्रयोग हुन्छ ।

हातले नेपालको नक्सा बनाउने विभिन्न विधिमध्येमा स्वतन्त्र नक्साङ्कन विधि एक हो । यस विधिमा जालीदार रेखाचित्र बनाएर नक्सा बनाउँदा अझै सजिलो हुन्छ । यस विधिअनुसार नक्सा बनाउने तरिका तल प्रस्तुत गरिएको छ । यसरी तल दिइएको विधिलाई निरन्तरता दिई नेपालको नक्सा बनाउने अभ्यास गरेको खण्डमा नेपालको आकारप्रकार मिल्ने किसिमको नक्सा बनाउन सकिन्छ । यसका लागि पेन्सिल, रुलर, इरेजर, आधार नक्सा आदि चाहिन्छ ।


## नेपालको नक्सा बनाउने तरिका

१. यस विधिद्वारा नक्सा बनाउँदा तल चित्रमा देखाइए जस्तै १२ सेमि चौडाइ र २० सेमि लम्बाइ भएको एउटा आयत बनाउनुहोस् । त्यसलाई चित्रमा देखाए जस्तै गरी विभिन्न नापमा विभाजन गर्नुहोस् ।





*चित्र न. (क)*

२.	चित्रमा देखाए जस्तै चिह्न लगाउनुहोस् ।





*चित्र न. (ख)*

३.	चित्रमा देखाए जस्तै गरी चिह्न लगाएको स्थानमा आकार बनाउनुहोस् :





*चित्र न. (ग)*

४.	नेपालको नक्सा भित्र र बाहिर गएको सिमानालाई स्मरण गर्दै आकारलाई जोड्नुहोस् । अब नेपालको नक्सा तयार भयो ।




*चित्र न. (घ)*

५. **चित्रमा देखाए जस्तै नेपालको नक्सामा उत्तर दिशा सङ्केत गर्नुहोस् । त्यसपछि नक्साभित्रका रेखा मेट्नुहोस् :**




नेपालको नक्सा बनाउने यो अभ्यास धेरै पटक गरेपछि राम्रो नक्सा बनाउन सकिन्छ ।

## क्रियाकलाप

१. आफ्नो कक्षामा नक्सामा प्रयोग हुने विभिन्न प्रकारका सङ्केत बनाउने प्रतियोगिता राख्नुहोस् । तपाईँहरूले बनाएका सङ्केतमध्ये सबैभन्दा राम्रो बनाउने साथीलाई पुरस्कार दिनुहोस् ।

२. विभिन्न सङ्केतको प्रयोग गरी आफ्नो वरिपरिका विभिन्न स्थान देखाउने नक्सा बनाई (सडक, मन्दिर, रुखबिरुवा, भवन, चउर, पुल आदि ।) कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास


१. नक्सा भनेको के हो ?

२. नक्सा कति प्रकारका हुन्छन् ?

३. नक्सा बनाउन के के कुराको आवश्यकता पर्छ ?

४. परम्परागत चिह्न भन्नाले के बुझिन्छ ?

५. पाठमा दिइएको तरिकाले नेपालको नक्सा बनाई त्यसमा उचित सङ्केतको प्रयोग गरी उदाहरणमा दिइए जस्तै गरी तलका तथ्य भर्नुहोस् ।




गण्डकी नदी, घोडाघोडी ताल, ढोरपाटन सिकार आरक्षण, जानकी मन्दिर, कफी उत्पादन हुने क्षेत्र, विराटनगर, जुगल हिमाल, लुम्बिनी, महेन्द्र राजमार्ग, रोल्पा, कन्काई नदी, माइपोखरी, खप्तड राष्ट्रिय निकुञ्ज, चन्दननाथ मन्दिर, कपास उत्पादन हुने क्षेत्र, नेपालगन्ज, धौलागिरी हिमाल, गढीमाई, कर्णाली राजमार्ग, जिरी

एकाइ

८

# जनसङ्ख्या र यसको व्यवस्थापन

## सिकाइ उपलब्धि

१. जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू पहिचान गर्न

२. नेपालको जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभावको वर्णन गर्न

३. नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व तुलना गर्न


४. नेपालमा बसाइँसराइका कारण र प्रभाव पहिचान गर्न

# १ जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू

दिइएका जिल्लाको जनसङ्ख्याको अवस्था अध्ययन गर्नुहोस् र त्यहाँको जनसङ्ख्या परिवर्तन हुनुका कारण के के होलान्, अनुमान गर्नुहोस् ।

| जिल्ला | २०६८ को जनगणनाअनुसार जनसङ्ख्या | २०७८ को जनगणनाअनुसार जनसङ्ख्या |
|---|---|---|
| भक्तपुर | ३,०४६५१ | ४,३२,१३२ |
| रामेछाप | २०२६४६ | १,७०,३०२ |

जनसङ्ख्या परिवर्तन भइरहन्छ । यो लामो समयसम्म स्थिर रहँदैन । जनसङ्ख्या परिवर्तन हुनुमा विभिन्न तत्त्वले भूमिका खेलेका हुन्छन् । जन्म, मृत्यु र बसाइँसराइ जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू हुन् । जन्म र मृत्यु जनसङ्ख्या परितर्वनका प्राकृतिक निर्धारक तत्त्व हुन् ।




## (क) जन्म

कुनै ठाउँमा जीवित शिशुको जन्म हुँदा सो ठाउँको जनसङ्ख्या वृद्धि हुन्छ । जनसङ्ख्या वृद्धि हुँदा सो ठाउँको जनसङ्ख्याको आकार र बनोटमा परिवर्तन आउँछ । जन्मलाई विभिन्न पक्षले प्रभाव पारिरहेको हुन्छ । विवाहको उमेर, वंशाणुगत गुण, चेतना स्तर, रोजगारी, हावापानी, परम्परागत मूल्यमान्यता, पौष्टिक तत्त्व जस्ता विभिन्न तत्त्वहरूले जन्मलाई प्रभावित गर्छन् ।

## (ख) मृत्यु

कुनै ठाउँमा मानिसको मृत्यु हुँदा सो ठाउँको जनसङ्ख्या घट्छ । यसले जनसङ्ख्याको आकार, बनोट र वृद्धिदरलाई प्रभाव पार्छ । मृत्युलाई पनि विभिन्न तत्त्वले प्रभाव

पारेको हुन्छ । रोगव्याधी, कुपोषण, स्वास्थ्य सुविधा, प्राकृतिक प्रकोप, महामारी, हिंसा, दुर्घटना, पेसा जस्ता विविध पक्षले मृत्युलाई प्रभावित गर्छ ।

### (ग) बसाइँसराइ

जनसङ्ख्या परिवर्तनलाई प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व बसाइँसराइ हो । यसले बसाइँ सर्ने व्यक्तिले बसाइँ छोडेको स्थान (उद्गम स्थल) र बसाइँ सरी गएको स्थान (गन्तव्य स्थल) दुबै ठाउँको जनसङ्ख्यालाई प्रभाव पारेको हुन्छ । बसाइँसराइको उद्गम स्थलमा जनसङ्ख्या घट्छ भने गन्तव्य स्थलको जनसङ्ख्या बढ्छ । यसका कारण जनसङ्ख्यामा परिवर्तन आउँछ । बसाइँसराइको कारण भविष्यमा हुने जनसङ्ख्या परिवर्तन यस्तै हुन्छ भनेर अनुमान गर्न कठिन हुन्छ । बसाइँसराइलाई आर्थिक, शैक्षिक, रोजगारीको अवस्था, राजनीतिक अवस्था, सामाजिक अवस्था, भौगोलिक अवस्था जस्ता विभिन्न तत्त्वले प्रभाव पारेको हुन्छ ।

## जन्म, मृत्यु र बसाइँसराइको मापन

कुनै पनि देशको जनसङ्ख्या परिवर्तनमा तीनओटा जनसाङ्ख्यिक घटना जन्म, मृत्यु र बसाइँसराइको महत्त्वपूर्ण भूमिका हुन्छ । यी जनसाङ्ख्यिक घटनाहरू निरन्तर चलिरहन्छन् । जन्म, मृत्यु र बसाइँसराइलाई भिन्न तरिकाले मापन गरिन्छ । यसलाई मापन गर्न निश्चित ठाउँको मध्य वर्षको जनसङ्ख्याको आवश्यकता पर्छ ।

### (क) जन्मदरको मापन

जन्मदरका विभिन्न मापक छन् ती मापकलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**कोरा जन्मदरका मापन**

यो जन्मलाई मापन गर्ने सरल तरिका हो । यो दर निकाल्नका लागि कुनै खास स्थलको निश्चित वर्षमा जीवित जन्मेका शिशुहरूको जन्मसङ्ख्या र त्यसै वर्षको मध्य वर्षको जनसङ्ख्या आवश्यक पर्छ ।

$$\text{कोरा जन्मदर} = \frac{\text{कुनै वर्षमा जीवित जन्मेका शिशुको सङ्ख्या}}{\text{मध्य वर्षको जनसङ्ख्या}} \times १०००$$

उदाहरणका लागि सन् २०२१ को जनगणनाअनुसार त्यस वर्षको कुनै स्थानमा जीवित जन्मेका शिशुको सङ्ख्या ३१०० र उक्त स्थानको मध्य वर्षको कुल जनसङ्ख्या २२००००

सन् २०२१ को कोरा जन्मदर यसरी निकालिन्छ,

$$\text{कोरा जन्मदर} = \frac{३१००}{२२००००} \times १००० = १४.०९ \text{ प्रति हजार}$$

तसर्थ सन् २०२१ मा उक्त स्थानमा प्रति १००० जनसङ्ख्यामा लगभग १४ जना शिशुको जन्म भएको रहेछ ।

**उमेरअनुसारका जन्मदर (Age-specific birth rate) :**

जन्मदर सबै उमेर समूहमा एकै किसिमको नभई फरक फरक हुन्छ । कुनै खास समूहका एक हजार महिलाले एक वर्षभित्र जन्माएका शिशुहरूको सङ्ख्यालाई उमेरअनुसारको जन्मदर भनिन्छ । महिलाहरूको सामान्यतया २० वर्षदेखि २९ वर्ष उमेर समूहमा जन्मदर उच्च भएको पाइन्छ । त्यसपछि जन्मदर क्रमशः घट्दै जान्छ । यसको गणना गर्दा प्रजनन योग्य महिलालाई पाँच पाँच वर्ष अन्तरालको उमेर समूहमा राखिन्छ । उमेरअनुसारको जन्मदर निम्नानुसार गणना गरिन्छ :

$$\text{उमेरअनुसारको जन्मदर} = \frac{\text{एक वर्षभित्र कुनै उमेर समूहका महिलाले जन्माएका शिशुको सङ्ख्या}}{\text{सोही वर्षको मध्यमा उक्त उमेर समूहका महिलाको सङ्ख्या}} = \times १०००$$

## (ख) मृत्युदरको मापन

**कोरा मृत्युदरको मापन**

यो कोरा जन्मदर जस्तै मृत्यु मापन गर्ने सरल तरिका हो । यसले कुनै पनि स्थानको अनुमानित मृत्युदर देखाउँछ । यसको मापन गर्न कुनै निश्चित स्थानको निश्चित वर्षमा मृत्यु भएका मानिसको सङ्ख्या र मध्य वर्षको जनसङ्ख्या आवश्यक पर्छ ।

$$\text{कोरा मृत्युदर} = \frac{\text{कुनै एक वर्षभित्र मृत्यु हुनेको सङ्ख्या}}{\text{त्यसै वर्षको मध्य वर्षको जनसङ्ख्या}} \times १०००$$

उदाहरणका लागि सन् २०२१ मा कुनै स्थानको मृत्यु सङ्ख्या ३४०० र मध्य वर्षको कुल जनसङ्ख्या २५०००० थियो भने सन् २०२१ को कोरा मृत्युदर यसरी निकालिन्छ ।

$$\text{मृत्युदर} = \frac{३४००}{२५००००} \times १००० = १३.६$$

तसर्थ सन् २०२१ मा उक्त स्थानमा प्रति १००० जनसङ्ख्यामा लगभग १४ जना मानिसको मृत्यु भएको रहेछ ।

**शिशु मृत्युदर (Infant Mortality Rate) :** कुनै क्षेत्रमा एक वर्षभित्र प्रति हजार जीवित जन्मेका शिशुहरूमध्ये एक वर्षभन्दा कम उमेरमा मृत्यु हुने शिशुहरूको सङ्ख्यालाई शिशु मृत्यृदर भनिन्छ । शिशु मृत्युदरलाई निम्नानुसार मापन गरिन्छ :

$$\text{शिशु मृत्युदर} = \frac{\text{एक वर्षको उमेर समूहभित्रको मृत्यु सङ्ख्या}}{\text{उक्त अवधिको जन्म सङ्ख्या}} \times १०००$$

### (ग) बसाइँसराइको मापन

**आप्रवास दर (In-migration Rate) :** कुनै क्षेत्रमा एक वर्षभित्र बाहिरबाट बसाइँ सरेर आउने व्यक्ति (In-migrants) को सङ्ख्यालाई सोही अवधिको उक्त स्थानको मध्य वर्षको जनसङ्ख्याले भाग गरी १००० ले गुणन गरेर आप्रवास दरको गणना गरिन्छ । यसको गणना गर्न निम्नलिखित सूत्रको प्रयोग गरिन्छ :

$$\text{आप्रवासन दर } Mi = \frac{\text{कुनै स्थानमा कुनै एक वर्षभित्र बाहिरबाट बसाइँ सरेर आएको सङ्ख्या}}{\text{उक्त क्षेत्रको सोही अवधिको मध्य वर्षको जनसङ्ख्या}} \times १०००$$

**उत्प्रवास दर (Out-migration Rate) :** उत्प्रवास दरको गणना गर्न कुनै निश्चित क्षेत्रबाट एक वर्षको अवधिभित्र बाहिर बसाइँ सरी जाने व्यक्तिहरूको सङ्ख्यालाई सोही अवधिको उक्त स्थानको मध्य वर्षको जनसङ्ख्याले भाग गरी आएको सङ्ख्यालाई १००० ले गुणन गर्नुपर्छ । यसको गणना गर्न निम्नलिखित सूत्रको प्रयोग गरिन्छ :

$$\text{उत्प्रवासन दर } Mo = \frac{\text{कुनै स्थानबाट कुनै एक वर्षभित्र बाहिर बसाइँ सरेर गएको सङ्ख्या}}{\text{उक्त क्षेत्रको सोही अवधिको मध्य वर्षको जनसङ्ख्या}} \times १०००$$


**जनसङ्ख्या दोब्बर हुन लाग्ने समय**

नेपालमा जनगणना प्रत्येक १०/१० वर्षमा गरिन्छ । जनगणना गर्दा वार्षिक जनसङ्ख्या वृद्धिदर पनि निकालिन्छ । वार्षिक जनसङ्ख्या वृद्धिदरका आधारमा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय निकालिन्छ । जनसङ्ख्या दोब्बर हुन लाग्ने समय अगिल्लो जनगणनाको कुल जनसङ्ख्या र वार्षिक वृद्धिदरका आधारमा निकालिन्छ ।

जनगणनाका आधारमा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय तलको तालिका र रेखाचित्रमा प्रस्तुत गरिएको छ :

| जनगणना वर्ष | जनसङ्ख्या | वार्षिक वृद्धिदर | दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|
| सन् १९८१ | १५०२२८३९ | २.६२ | २६ वर्ष |
| सन् १९९१ | १८४९१०९७ | २.०८ | ३४ वर्ष |
| सन् २००१ | २३१५१४२३ | २.२५ | ३१ वर्ष |
| सन् २०११ | २६४९४५०४ | १.३५ | ५२ वर्ष |
| सन् २०२१ | २९१६४५७८ | ०.९२ | ७६ वर्ष |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*



माथिको तालिकाअनुसार प्रत्येक जनगणनामा जनसङ्ख्या थपिँदै गएको देखिन्छ । नेपालमा सन् १९८१ मा वार्षिक जनसङ्ख्या वृद्धिदर २.६२ हुँदा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय २६ वर्ष थियो भने सन् २०२१ मा वार्षिक जनसङ्ख्या वृद्धिदर ०.९२ हुँदा दोब्बर हुन लाग्ने समय ७६ वर्ष पुगेको छ ।

## क्रियाकलाप

१. **तीन समूहमा विभाजन हुनुहोस् । एउटा समूहले जन्म, दोस्रो समूहले मृत्यु र तेस्रो समूहले बसाइँसराइले आफ्नो समुदायमा पारेको प्रभाव खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालको जनसङ्ख्याको आधारमा वार्षिक वृद्धिदर र जनसङ्ख्या दोब्बर हुन लाग्ने समयको प्रवृत्ति विश्लेषण गर्नुहोस् ।**

## अभ्यास

१. **बसाइँसराइ भनेको के हो ?**

२. **कोरा जन्मदर कसरी निकालिन्छ ?**

३. **मृत्युले जनसङ्ख्या परिवर्तनमा कसरी प्रभाव पार्छ ?**

४. **बसाइँसराइलाई प्रभाव पार्ने तत्त्वहरू के के हुन ?**

५. **जन्म, मृत्यु र बसाइँसराइलाई किन जनसङ्ख्याका निर्धारक तत्त्व भनिएको हो, उल्लेख गर्नुहोस् ।**

## सामुदायिक कार्य

स्थानीय वडा कार्यालयमा गई पछिल्लो एक वर्षको जन्मदर्ता सङ्ख्या, मृत्युदर्ता सङ्ख्या र बसाइँसराइ गरेर जाने र आउनेको विवरण सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

# २ नेपालको जनसङ्ख्या

## नेपालको जनसङ्ख्याको बनोट


कुनै पनि देशको जनसङ्ख्याको बनोट भन्नाले उमेर, लिङ्ग, जातजाति, धर्म, पेसा मातृभाषाअनुसार जनसङ्ख्याको अवस्थालाई बुझाउँछ । कुनै पनि देशको जनसङ्ख्याको विविध अवस्थाको अध्ययन र विश्लेषण गर्न जनसङ्ख्याको बनोटले सजिलो बनाएको हुन्छ । जनसङ्ख्याको बनोटका आधारमा नीति तर्जुमा गर्न तथा योजना बनाउन मदत पुग्छ ।


### (क) लिङ्गअनुसार जनसङ्ख्याको बनोट

लिङ्ग मानव विकासको जैविक विशेषता हो । कुनै पनि देशको महिला पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरू कति छन् भन्नेबारे अध्ययन गर्नका लागि लिङ्गअनुसार जनसङ्ख्याको बनोट पनि महत्त्वपूर्ण रहेको छ । नेपालको जनगणना वि.सं. २०६८ र वि.सं. २०७८ अनुसार नेपालको लिङ्गअनुसारको जनसङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका** १. नेपालको लिङ्गअनुसारको जनसङ्ख्या बनोट प्रतिशतमा, जनगणना २०६८ र २०७८

| | जनगणना २०६८ | | जनगणना २०७८ | |
|---|---|---|---|---|
| लिङ्ग | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| पुरुष | १,२८,४९,०४१ | ४८.४९ | १,४२,५३,५५१ | ४८.९८ |
| महिला | १,३६,४५,४६३ | ५१.५० | १,४९,११,०२७ | ५१.०२ |
| जम्मा | २,६४,९४,५०४ | १०० | २,९१,६४,५७८ | १०० |



नेपालको जनगणना २०७८ को नतिजाअनुसार कुल जनसङ्ख्याको ४८.९८ प्रतिशत पुरुषको रहेको र कुल जनसङ्ख्याको ५१.०२ प्रतिशत महिलाको रहेको पाइएको छ । त्यस्तै नेपालको जनगणना २०६८ अनुसार कुल जनसङ्ख्याको ४८.४९ प्रतिशत पुरुषको रहेको र कुल जनसङ्ख्याको ५१.५० प्रतिशत महिलाको रहेको पाइएको छ। यसरी हेर्दा दुबै जनगणनामा महिलाको सङ्ख्याभन्दा पुरुषको सङ्ख्या कम रहेको देखिन्छ । तर पछिल्लो जनगणनामा महिला जनसङ्ख्याको प्रतिशत पहिलाको भन्दा घटेको देखिन्छ ।

### (ख) साक्षरताका आधारमा जनसङ्ख्याको बनोट


शिक्षा समाज विकास र मानव विकासको महत्त्वपूर्ण आधार हो । शिक्षा समाज विकासको आधारका रूपमा लिइन्छ । शैक्षिक स्तरअनुसार जनसङ्ख्याको बनोटको अध्ययन गर्दा साक्षरता स्तरको अध्ययन गरिन्छ । साक्षरताका आधारमा नेपालको जनसङ्ख्या बनोटको तथ्याङ्कलाई तल प्रस्तुत गरिएको छ :

**तालिका २. वि.सं. २०७८ को जनगणनाअनुसार साक्षरता प्रतिशत**

| | क्षेत्र | पुरुष | महिला | कुल |
|---|---|---|---|---|
| बसोबासका आधारमा | सहर क्षेत्र | ८५.४ | ७१.९ | ७८.५ |
| | ग्रामीण क्षेत्र | ७९.८ | ६४.४ | ७१.९ |
| भौगोलिक क्षेत्र | हिमाल | ८१.१ | ६४.८ | ७२.८ |
| | पहाड | ८७.९ | ७४.३ | ८०.९ |
| | तराई | ८०.५ | ६६.१ | ७३.१ |
| | नेपाल | ८३.६ | ६९.४ | ७६.२ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

नेपालमा महिलाको भन्दा पुरुषको साक्षरता प्रतिशत धेरै रहेको छ। माथिको तालिकामा वि.सं. २०७८ को जनगणनाअनुसार पुरुष साक्षरता ८३.६ प्रतिशत र महिला साक्षरता ६९.४ प्रतिशत रहेको छ । समग्र नेपालको साक्षरता प्रतिशत ७६.२ रहेको छ । बसोबासका आधारमा हेर्दा सहरी क्षेत्रमा बसोबास गर्नेहरू समग्रमा ७८.५ प्रतिशत साक्षर छन् । ग्रामीण क्षेत्रको साक्षरता ७१.९ प्रतिशत रहेको छ ।




## जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव

जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा प्रभाव पार्छ । जनसङ्ख्याको बनोटले सामाजिक जनजीवनमा प्रभाव पार्ने पक्षहरू धेरै छन् । आफ्नो लैङ्गिक, जातिगत र भाषिक पहिचान स्थापित गर्छ । आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षणमा चासो बढ्छ । राज्यले विभिन्न जाति, भाषा र लैङ्गिक सवालका नीति तथा कार्यक्रम तर्जुमा गर्न आधार तयार हुन्छ । समाजमा रहेका महिला र पुरुषअनुसारको जनसाङ्ख्यिक बनोटका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरियो भने स्रोतको पनि उपयुक्त प्रयोग हुन्छ भने सबैको समुचित विकास हुँदै जान्छ । यदि पुरुषको तुलनामा महिलाको सङ्ख्या धेरै रहेको छ तर नीति तथा कार्यक्रम पुरुषलाई मात्र लक्षित गरेर तर्जुमा गरियो भने लाभग्राही थोरै भएका कारणले कार्यक्रमको प्रभावकारिता पनि कम हुन्छ ।

**उमेरअनुसारको जनसङ्ख्या बनोट (प्रतिशत)**

| उमेर समूह | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|
| ०-१४ | ३९.३५ | ३४.९१ | २७.८३ |
| १५-५९ | ५४.१५ | ५६.९६ | ६१.९६ |
| ६० वर्षमाथि | ६.५० | ८.१३ | १०.२१ |

जनसङ्ख्याको बनोटले आर्थिक रूपमा पनि प्रभाव पार्छ । देशमा सक्रिय जनसङ्ख्या बढी हुँदा काम गर्ने जनशक्ति पर्याप्त हुन्छ । यसले गर्दा विकास निर्माणका काम तीव्र हुन जान्छ । स्वरोजगारको अवसर वृद्धि हुन्छ । यसको ठिक विपरीत आश्रित जनसङ्ख्या बढी हुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता क्षेत्रमा राज्यले लगानी बढाउनुपर्ने हुन्छ । साक्षरताको बनोटका आधारमा पनि राज्यलाई आफ्ना नीति योजनाहरू तर्जुमा

गर्न आधार प्राप्त हुन्छ । कम साक्षर भएको क्षेत्र पहिचान गरी सो क्षेत्रमा शिक्षा र साक्षरताका लागि लगानी बढाउन, बढी साक्षर भएका क्षेत्र र समुदायका लागि रोजगारीका अवसर वृद्धि गर्न मदत गर्छ । पेसागत जनसङ्ख्या बनोटका आधारमा कुन पेसामा राज्यले कति र कसरी लगानी गर्ने, अनुदान र ऋण के कसरी उपलब्ध गराउने आदि निर्णय गर्न पनि आधार प्रदान गर्छ ।

## क्रियाकलाप

१. **जनगणना २०६८ र २०७८ अनुसार सहरी र ग्रामीण जनसङ्ख्याको तुलनात्मक अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालको जनसङ्ख्याको लैङ्गिक बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव कस्ता कस्ता होलान्, समूहमा छलफल गरी तालिकामा देखाउनुहोस् ।**

## अभ्यास

१. **जनसङ्ख्याको बनोट भनेको के हो ?**

२. **नेपालको जनगणना २०७८ अनुसार लैङ्गिक बनोट कस्तो रहेको छ ?**

३. **नेपालको जनसङ्ख्याको साक्षरताको बनोटको व्याख्या गर्नुहोस् ।**

४. **जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।**

# ३ नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व

## नेपालको जनसङ्ख्याको वितरण


सामान्यतया जनसङ्ख्या वितरण भन्नाले कुनै देशको भौगोलिक बनावट र प्रशासनिक क्षेत्रका आधारमा कहाँ कस्तो र कति जनसङ्ख्या रहेको छ भन्ने बुझिन्छ । जनसङ्ख्या वितरणलाई आर्थिक, सामाजिक र भौगोलिक पक्षले प्रभाव पारेको हुन्छ । स्रोत र साधनको उपलब्धता तथा भौगोलिक रूपमा सुगम तथा पर्याप्त मात्रामा विकासका पूर्वाधार भएको स्थानमा जनसङ्ख्या उच्च हुन्छ । सेवा सुविधाको अभाव, भौगोलिक विकटता र रोजगारीको अवसरको कमी भएका स्थानमा जनसङ्ख्या कम भएको पाइन्छ । नेपालको भौगोलिक क्षेत्र तथा प्रदेशअनुसार जनसङ्ख्या वितरणमा विविधता रहेको छ ।

### (क) भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या विवरण

नेपाललाई भौगोलिक दृष्टिले तीन भागमा विभाजन गरिएको छ । वि.सं. २०७८ को जनगणनाअनुसार भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणलाई तल तालिकामा देखाइएको छ :

**नेपालमा भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण (प्रतिशत) सन् २०७८**

| क्र.स. | भौगोलिक क्षेत्र | जनसङ्ख्या (प्रतिशत) |
|---|---|---|
| १. | हिमाली क्षेत्र | ६.०८ |
| २. | पहाडी क्षेत्र | ४०.३१ |
| ३. | तराई क्षेत्र | ५३.६१ |
| | जम्मा | १०० |




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*


माथिको तालिका र चार्टमा मा वि.सं. २०७८ को जनगणनाअनुसार विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको विवरण देखाइएको छ । यसमा तराईमा सबैभन्दा

बढी ५३.६१ प्रतिशत मानिसको बसोबास देखिन्छ । पहाडी क्षेत्रमा ४०.३१ प्रतिशत मानिसको बसोबास रहेको छ भने हिमाली क्षेत्रमा ६.०८ प्रतिशत मानिसको बसोबास रहेको पाइन्छ ।

**विभिन्न समयको जनगणनाअनुसार भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको तुलना (प्रतिशतमा)**

| क्षेत्र | जनसङ्ख्या (%) (२०४८) | जनसङ्ख्या (%) (२०५८) | जनसङ्ख्या(%) (२०६८) | जनसङ्ख्या (%) (२०७८) |
|---|---|---|---|---|
| हिमाल | ७.८ | ७.३ | ६.७३ | ६.०८ |
| पहाड | ४५.५ | ४४.३ | ४३.०१ | ४०.३१ |
| तराई | ४६.७ | ४८.४ | ५०.२७ | ५३.६१ |
| कुल | १०० | १०० | १०० | १०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*




माथिको तालिका र रेखाचित्रअनुसार पछिल्ला जनगणनामा हिमाली र पहाडी क्षेत्रको जनसङ्ख्या क्रमश: घट्दै गइरहेको देखिन्छ भने तराई क्षेत्रको जनसङ्ख्या बढ्दै गएको देखिन्छ । हिमाली तथा पहाडी क्षेत्रमा जनसङ्ख्या वितरण कम हुनाका मुख्य कारणमा भौगोलिक विकटता, यातायात तथा सञ्चार सुविधाको अभाव, कृषियोग्य भूमिको अभाव रहेका छन् भने तराई क्षेत्रमा कृषि योग्य भूमिको उपलब्धता र विकासको पूर्वाधारको उपलब्धताको कारणले जनसङ्ख्या बढिरहेको छ ।


## (ख) सहरी र ग्रामीण क्षेत्रअनुसार जनसङ्ख्या विवरण

भौगोलिक सुगमता र आवश्यक पूर्वाधारको विकास भएको ठाउँ तथा सहरी क्षेत्र भनी परिभाषित गरिएको भूभागलाई सहरी क्षेत्र भनिन्छ । भौगोलिक विकटता आवश्यक पूर्वाधारहरूको विकास नभएको ठाउँ तथा ग्रामीण क्षेत्र भनी परिभाषित गरिएको भूभागलाई ग्रामीण क्षेत्र भनिन्छ । नेपालमा नगरपालिकाले ओगटेको भूभागलाई सहरी क्षेत्र भनिन्छ भने गाउँपालिकाले ओगटेको भूभागलाई ग्रामीण क्षेत्र भनिन्छ । वि.सं. २०७२ पछि भएको देशको पुनर्संरचनाअनुसार नेपालमा रहेका ७५३ स्थानीय तहमध्ये ४६० गाउँपालिकालाई ग्रामीण क्षेत्र र २९३ नगरपालिकालाई सहरी क्षेत्र भनिन्छ । सन् २०२१ को जनगणनाको तथ्याङ्कका आधारमा ग्रामीण तथा सहरी क्षेत्रअनुसारको जनसङ्ख्या वितरणलाई तालिकामा देखाइएको छ :

**नेपालमा ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या (प्रतिशत) वितरण**

| विवरण | २०५८ | | २०६८ | | २०७८ | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | % | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | % |
| ग्रामीण क्षेत्र | १,६७,९५,३७८ | ८६.१ | २,१९७०६८४ | ८२.९ | ९८६७७९० | ३३.८३ |
| सहरी क्षेत्र | १७,०११८१ | १३.९ | ४५२३८२० | १७.१ | १९२९६७८८ | ६६.१७ |
| जम्मा | १,८४,९१,०९७ | १०० | २,६४,९४,५०४ | १०० | २,९१,६४,५७८ | १०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*




माथिको तालिकामा जनगणना २०५८, २०६८ र २०७८ को तथ्याङ्कका आधारमा ग्रामीण तथा सहरी क्षेत्रको जनसङ्ख्या बनोटलाई देखाइएको छ । उक्त तालिकाका आधारमा जनगणना २०५८ र २०६८ तुलनामा २०७८ मा ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा जनसङ्ख्या प्रतिशत बढेको देखिन्छ ।

## (ग) प्रदेशअनुसार जनसङ्ख्या वितरण

नेपालको संविधानअनुसार नेपालमा सातओटा प्रदेश रहेका छन् । ती प्रदेशहरूको जनसङ्ख्या वितरणमा पनि समानता छैन । प्रदेशअनुसार जनसङ्ख्या वितरणलाई तल तालिकामा देखाइएको छ :

**नेपालमा प्रदेशअनुसार जनसङ्ख्या वितरण** (प्रतिशत)

| क्र.स. | प्रदेश | क्षेत्रफल प्रतिशत | जनसङ्ख्या प्रतिशत २०६८ | जनसङ्ख्या प्रतिशत २०७८ |
|---|---|---|---|---|
| १. | कोसी प्रदेश | १७.६ | १७.१२ | १७.०१ |
| २. | मधेस प्रदेश | ६.६ | २०.४० | २०.९७ |
| ३. | बागमती प्रदेश | १३.८ | २०.८७ | २०.९७ |
| ४. | गण्डकी प्रदेश | १४.६ | ९.०७ | ८.४६ |
| ५. | लुम्बिनी प्रदेश | १५.१ | १६.९८ | १७.५६ |
| ६. | कर्णाली प्रदेश | १९.० | ५.९३ | ५.७९ |
| ७. | सुदूरपश्चिम प्रदेश | १३.३ | ९.६३ | ९.२४ |
|  | जम्मा | १००.० | १०० | १००.०० |




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*


माथिको चार्ट र तालिकामा वि.सं. २०६८ र २०७८ मा गरिएको जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा प्रदेशको जनसङ्ख्या वितरण देखाइएको छ । उक्त तालिकाअनुसार जनगणना २०६८ मा भन्दा २०७८ मा मधेस प्रदेश, बागमती र लुम्बिनी प्रदेशको जनसङ्ख्या बढेको देखिन्छ भने कोसी प्रदेश, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको जनसङ्ख्या घटेको देखिन्छ ।

### जनघनत्व

प्रतिवर्ग कि.मि. क्षेत्रफलमा बसोबास गर्ने जनसाङ्ख्यिक अनुपातलाई जनघनत्व भनिन्छ । यसले सामान्यतया कुनै खास क्षेत्रको जनसङ्ख्या र सोही क्षेत्रको क्षेत्रफलको अनुपातलाई बुझाउँछ । यसबाट कुनै पनि ठाउँमा बसोबास गर्ने मानिसको सघनता कस्तो छ भन्ने कुराको जानकारी हुन्छ ।

**तालिका ३ : नेपालको जनघनत्वको अवस्था, वि.सं. २०३८–२०७८**

| जनगणना वर्ष | जनघनत्व |
|---|---|
| २०३८ | १०२.०१ |
| २०४८ | १२५.६३ |
| २०५८ | १५७.३० |
| २०६८ | १८०.०० |
| २०७८ | १९८.०० |




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकाअनुसार नेपालको जनघनत्व प्रत्येक जनगणनामा बढ्दै गएको देखिएको छ । जसमा वि.सं. २०३८ को जनगणनाअनुसार नेपालको जनघनत्व प्रति वर्ग कि.मि. १०२ रहेको थियो । ३० वर्षपछिको जनगणना वि.सं. २०६८ मा प्रति वर्ग कि.मि. क्षेत्रफलमा १८० रहेको थियो । त्यस्तै वि.सं. २०७८ को जनगणनाअनुसार जनघनत्व १९८ रहेको छ ।

## क्रियाकलाप

१. **जनगणना २०६८ र २०७८ को प्रदेशअनुसारको जनसङ्ख्या वितरण दिइएको छ । उक्त प्रतिशतलाई स्तम्भ चित्रमा प्रस्तुत गर्दै दुईओटा जनगणनाको तथ्याङ्कको तुलनात्मक विश्लेषण गर्नुहोस् ।**

२. **वि.सं. २०७८ को जनगणनामा आधारित भई भौगोलिक क्षेत्रअनुसारको तथ्याङ्क प्रतिशतलाई वृतचित्रमा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **जनसङ्ख्या वितरण भनेको के हो ?**

२. **भौगोलिक क्षेत्रअनुसार सबैभन्दा धेरै जनसङ्ख्या कहाँ रहेको छ, यस्तो किन भएको होला, उल्लेख गर्नुहोस् ।**

३. **जनघनत्व भनेको के हो ? जनघनत्व बढ्दै जाँदा कस्तो प्रभाव पर्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

४. **गण्डकी प्रदेशमा जनसङ्ख्या प्रतिशत घट्नु र लुम्बिनी प्रदेशमा जनसङ्ख्या बढ्नुका कारण के हुन सक्छन्, उल्लेख गर्नुहोस् ।**

# ४ नेपालमा बसाइँसराइ

म कक्षा ८ मा पढ्दा आफू जन्मिएको गाउँ घुम्न गएको थिएँ । हामीहरू सानैमा बसाइँ सरेर स्याङ्जाबाट सुर्खेत आएको कुरा मैले आमाबाट थाहा पाएको थिएँ । मलाई आफू जन्मेको ठाउँ कस्तो होला भन्ने कुतूहलता थियो । बुबासँग सुर्खेतबाट रात्रि बस चढेर स्याङ्जा पुतलीबजारसम्मका लागि यात्रा तय गऱ्यौँ । मैले शिक्षकले कक्षामा पढाउनुभएको बसाइँसराइका बारेमा सम्झँदै गएँ ।

मानिस बसोबास गरिरहेको ठाउँ छोडी वा जन्मिएको ठाउँबाट बसोबासका लागि अन्यन्त्र जानुलाई सामान्यतया बसाइँसराइ भनिन्छ । बसाइँसराइ आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् ।

देशभित्र नै एक स्थानदेखि अर्को स्थानमा बसाइँ सरेर जाने प्रक्रिया आन्तरिक बसाइँसराइ हो । हामीहरू देशको सिमानाभित्र नै बसाइँ सरेर गएकाले यसलाई आन्तरिक बसाइँसराइ भनिन्छ । बसाइँसराइले छोडेर जान लागेको ठाउँमा जनसङ्ख्या घटाउँछ भने गन्तव्य स्थानको जनसङ्ख्या बढाउने गर्छ ।

एक देशबाट अर्को देशमा हुने बसाइँसराइ बाह्य बसाइँसराइ हो । मैले चिसापानी बजारको रोहित र विवेक काकालाई सम्झेँ । उहाँहरू अध्ययन र रोजगारीका लागि विदेश गई उतै बसाइँ सर्नुभएको थियो । बाह्य बसाइँसराइले छोडेर जाने देशको जनसङ्ख्या घट्छ भने जाने देशको जनसङ्ख्या बढ्छ ।

हामी भोलिपल्ट बिहान ६ बजे पुतलीबजार पुग्यौँ । त्यहाँबाट बिरुवा जाने गाडी चढेर बिरुवा पुग्यौँ । त्यसपछि हिँडेर मेरो जन्म ठाउँ जानुपर्ने थियो । म बुबाको घरि अगि घरि पछि गर्दै हिँड्दै थिए । बाटामा भेटिएका धेरै मानिससँग बुबा बोल्दै हिँड्नुभयो । मैले पनि सबैलाई नमस्कार गर्दै हिड्दै थिएँ । मनमा लाग्यो बुबाले यति धेरै मानिस चिन्नुभएको रहेछ । सहरमा भिडभाड, कोलाहल र व्यस्त जीवनशैली थियो । त्यहाँ गाडीको बाक्लो लाइन र कर्कस आवाज, धुवाँ धुलाको दैनिकी । तर गाउँको दैनिकी फरक थियो । गाउँमा धेरै घरमा मानिस थिएनन् । खेतबारी बाँझै थिए । मैले यहाँका मानिस किन बसाइँ गएका होलान् भनी बुबालाई सोधेँ । उहाँले यहाँका मानिस बसाइँ सर्नुका कारण भन्दै जानुभयो ।

"बसाइँ सरेर जाने सबैको बसाइँसराइको कारण एउटै हुँदैन । व्यक्तिअनुसार, ठाउँअनुसार बसाइँ सर्नुपर्ने कारणहरू पनि फरक फरक हुन सक्छन् । यहाँका मानिस बालबालिकाको

राम्रो शिक्षाको अवसरका लागि, रोजगारीका लागि उपयुक्त अवसर, स्वास्थ्यमा पहुँच र सहजता, प्राकृतिक विपत्तिको जोखिम आदि कारणले बसाइँ सरेका छन् । आफन्त तथा नातागोताका मानिस बसोबास गरिरहेका ठाउँमा उनीहरूले बोलाएर जानेहरू पनि धेरै छन् । त्यस्तै हामी नै हेर न, काका जानुभएकाले हामी पनि सुर्खेत गएका हौँ ।"

हामी विद्यालयनजिक पुग्यौ । मेरो बुबाले त्यही पढ्नु भएको रहेछ । त्यस वेला विद्यार्थी धेरै नै थिए रे तर अहिले त्यस विद्यालयमा विद्यार्थी थोरै थिए । विद्यार्थी सङ्ख्या कम भएकाले नजिकको अर्को विद्यालयमा गाभिने कुरा भइरहेको रहेछ ।

हामी हाम्रो पुर्ख्यौली गाउँनजिकै आफन्तको घरमा बास बस्यौँ । बुबा काकाहरूसँग कुरा गर्न थाल्नुभयो । म हजुरआमासँग कुरा गर्न थाले । उहाँले आफ्नो गाउँको अवस्था यसरी बताउनुभयो ।

"तिमी त्यो पारीको गाउँमा जन्मेका हौ । त्यो गाउँ सानो, सुन्दर, शान्त र रमणीय छ । गाउँमा मेलमिलाप, सहयोग र सहकार्यको राम्रो अभ्यास थियो । त्यहाँका बासिन्दाहरू बिस्तारै सुविधाको खोजीमा बसाइँसराइ गरेर सहर तथा तराईतिर जान थाले । मेरो जेठो छोरा जागिर जान पोखरा गयो र उतै घर बनाएर बस्न थालेको छ । कान्छो छोरो पढ्न भनेर अस्ट्रेलिया गएको उतै बसोबास गरेर बस्यो । तीनचार वर्षमा मात्र घर आउँछ । आठदश जना छिमेकका छोराहरू वैदेशिक रोजगारीमा गएका छन । बुहारीहरू वालिङ र पुतलीबजारतिर बस्छन् । छोराहरू वैदेशिक रोजगारीमा गएका छन् । बाआमा पनि कति त छोरा र बुहारीसँग उतै बसेका छन् । अहिले कतिपय घरमा त वृद्धवृद्धा मात्रै छन् । खेतबारीमा काम गर्ने मानिस पाउन पनि गारो हुन थालेको छ । खेतबारी बाँझिएको देख्दा विरक्त लाग्छ नानी । गाउँमा विकासका काम गर्न पनि बाहिरकै मान्छे आएको देख्छु । सडक बनाउन, कुलो खन्न, सामुदायिक भवन बनाउन पनि बाहिरकै मानिस आएका छन् ।"

म थाकेको हुनाले हजुरआमाका कुरा सुन्दासुन्दै निदाएछु । भोलिपल्ट बिहान उठ्दा सबैले आफ्ना आफ्ना काम गरिरहनुभएको थियो । हामी दिनभरि गाउँ घुम्न गएका थियौँ । गाउँ डुल्दा कैयौँ पटक बुबाका आँखा रसाएका देखेँ । जन्मेको गाउँमा टेक्दा बुबाको मुहारमा ऊर्जा पनि प्रस्ट देखिएको थियो । काका, ठुलोबुबा, हजुरबुबा, आमा, काकी सबैसँग हाँसेर खुलेर बोलेको देखेँ जुन सुर्खेतमा मैले बुबाको मुहारमा कहिल्यै देखेको थिइनँ ।

मनमा लाग्यो, बसाइँसराइले सामाजिक आर्थिक, राजनीतिक, सांस्कृतिक, जनसाङ्ख्यिक, वातावरणीय तथा मनोवैज्ञानिक प्रभाव पार्ने रहेछ । उद्गमस्थलको प्राकृतिक स्रोतसाधनको सदुपयोग कम हुने, जमिन बाँझो बन्न पुग्ने, प्रयोग भइरहेका विद्यालय, स्वास्थ्यचौकी पनि

बिस्तारै प्रयोग विहीन बन्दै जाने, राज्यले लगानी गरेका भौतिक संरचना पनि भत्किएर तहसनहस हुने जस्ता विभिन्न क्षति गर्ने रहेछ । कुनै कुनै ठाउँमा बस्ती शून्य जस्तै पनि बन्ने गरेको देखिन्छ ।

बसाइँसराइले गन्तव्य स्थानमा पनि प्रभाव पारेको हुन्छ । बस्ती बाक्लो हुदै जाँदा धारा पानी, बिजुली बाटो, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत कुराको प्रयोगमा नै कठिनाइको सामना गर्नुपर्ने हुन्छ । सामाजिक अवस्था पनि कतिपय अवस्थामा खल्बलिन सक्छ । चोरी, हत्या, हिंसा, ठगी जस्ता अपराध बढ्ने जोखिम पनि उत्तिकै बढेर जान्छ । सेवा प्रवाहमा समेत ढिलासुस्ती हुन्छ ।

मेरा मनमा अनेक कुरा खेल्दै गर्दा बुबाले भन्नुभयो, “जाउँ सुत्न ढिलो भइसक्यो । भोलि बिहान छिट्टै जानुपर्छ ।” म झसङ्ङ भए ।

## क्रियाकलाप

**१. तपाइँको कक्षामा भएका कतिपय साथी बसाइँसराइ गरी आउनुभएको होला । कक्षामा छलफल गरी तलको तालिका पूरा गर्नुहोस् :**

| साथीका नाम | उद्गम स्थान | गन्तव्य स्थान | बसाइँ सर्नुका कारण |
|---|---|---|---|
| | | | |

**२. बसाइँसराइका कारण तपाइँको गाउँघरमा परेको प्रभाव समेटी सहरमा बस्ने साथीलाई लेख्ने चिठीको नमुना तयार गर्नुहोस् ।**

## अभ्यास

**१. बसाइँसराइ भनेको के हो ?**

**२. बसाइँसराइका कारण के के हुन् ?**

**३. बसाइँसराइले उद्गम स्थानमा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ?**

**४. बसाइँसराइले गन्तव्य स्थानमा कस्तो प्रभाव पार्छ, व्याख्या गर्नुहोस् ।**

## परियोजना कार्य

तपाइँको समुदायमा बसाइँसराइले पारेको प्रभाव सम्बन्धमा सोधखोज गरी प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ ९

# अन्तर्राष्ट्रिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि

## सिकाइ उपलब्धि

१. कूटनीतिक नियोगको परिचय दिई यिनका कार्य बताउन

२. बिमस्टेक (BIMSTEC) को परिचय दिई यसबाट नेपालले प्राप्त गरेका उपलब्धि बताउन

३. संयुक्त राष्ट्रसङ्घ (UNO) को परिचय दिई संयुक्त राष्ट्रसङ्घ र नेपालबिचको सम्बन्ध तथा सहयोग बताउन

४. नेपालमा साइबर अपराधको अवस्था बोध गर्न र यससम्बन्धी कानुनी प्रावधान सम्बन्धमा सचेत रहन

५. समसमायिक गतिविधि र घटनासँग परिचित भई यसले मानव जीवनमा पारेको प्रभाव बताउन

# १ कूटनीतिक नियोग

राष्ट्र राष्ट्रबिचको राजनीतिक सम्बन्ध वा त्यस्तो सम्बन्ध दक्षतापूर्वक सञ्चालन गर्ने नीति नै कूटनीति हो । यसका माध्यमबाट प्रत्येक देशले आफ्नो राष्ट्रहितका उद्देश्यले काम गर्ने गर्छन् । अन्तर्राष्ट्रिय सम्बन्धलाई विकास एवम् विस्तार गर्न र आपसी सहयोग आदानप्रदान गर्न औपचारिक रूपमा देशको प्रतिनिधित्व गरेर अर्को देशमा स्थापित संस्थालाई कूटनीतिक नियोग भनिन्छ । कूटनीतिक सम्बन्ध स्थापित भएका देशसँग सहकार्य गरी आफ्ना दूतावासहरू पनि राख्ने गरेको छ । विकास साझेदार मुलुक, शक्तिराष्ट्र, श्रम गन्तव्य मुलुकमा नेपालका दूतावास रहेका छन् ।

***नेपाली नियोग :*** ***नेपाली नियोग भन्नाले विदेशस्थित नेपाली राजदूतावास, संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास तथा वाणिज्य दूतावास, नेपाली अवैतनिक महावाणिज्य दूतावास वा अवैतनिक वाणिज्य दूतावास र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका निकाय सम्झनुपर्छ ।***

***विदेशी नियोग :*** ***विदेशी नियोग भन्नाले नेपालस्थित विदेशी राजदूतावास, नियोग, महावाणिज्य दूतावास, वाणिज्य दूतावास, सम्पर्क कार्यालय, अवैतनिक महावाणिज्य दूतावास वा अवैतनिक वाणिज्य दूतावासलाई जनाउँछ ।***

कूटनीतिक नियोगले त्यो देशमा रहेका आफ्ना देशका नागरिकको सुरक्षालगायत अन्य आवश्यक सहयोग उपलब्ध गराउँछ । दुई देशका बिचमा आपसी सन्धिसम्झौता हुने क्रममा छलफल अगाडि बढाउने कार्य पनि यसले गर्छ । दुई देशका सरकार प्रमुख, राष्ट्र प्रमुख वा उच्च पदस्थ व्यक्तिहरूको भ्रमणमा आवश्यक समन्वय गर्ने, एक देशले राखेको प्रस्तावउपर आफ्नो देशको धारणा सार्वजनिक गर्ने जस्ता महत्त्वपूर्ण काम कूटनीतिक नियोगको हुने गर्छ । यसले अर्को देशमा रहेर कार्य गर्दा कूटनीतिक मर्यादा कायम राख्नुपर्छ ।

## (क) राजदूतावास

छिमेकी राष्ट्र वा मित्र राष्ट्रहरूले नेपालमा दूतावास राखेर दुई देशको हितका लागि काम गरिरहेका छन् भने नेपालले पनि विभिन देशमा दूतावास राखेर काम गरिरहेको

छ । राजदूतावासले विदेशमा रहेका कामदारहरूको समस्या समाधानका लागि गन्तव्य मुलुकका सम्बद्ध मन्त्रालयसँग समन्वय गरी काम गरिरहेका छन् । आप्रवासी नेपाली कामदारहरूको अधिकार संरक्षणका लागि कूटनीतिक पहल गर्ने, समझदारीपत्र तथा श्रम सम्झौताका लागि गन्तव्य मुलुकका अधिकारीहरूसँग छलफल तथा परामर्श, कामदारहरूलाई स्वदेश फिर्ता गराउने जस्ता कार्यहरू राजदूतावासमार्फत हुने गर्छन् ।

### (ख) महावाणिज्य दूतावास

कूटनीतिक नियोगका रूपमा महावाणिज्य दूतावास पनि रहने गर्छ । यसले विदेशी भूमिमा नेपालको प्रतिनिधित्व गरेर काम गरेको हुन्छ । यसले दुई देशबिचको व्यापार सम्बन्धलाई व्यवस्थित गर्ने काम गर्छ । व्यापारमा आउने अवरोधलाई हटाउन सहजीकरण गर्छ । आयात निर्यातलाई सहज बनाउन पहल गर्छ ।

### (ग) संयुक्त राष्ट्रसङ्घ स्थायी नियोग

देशको हक हितका लागि विभिन्न देशमा रहेका संयुक्त राष्ट्रसङ्घका स्थायी नियोगहरूले काम गरिरहेका छन् । यी नियोगले नेपालको प्रतिनिधित्व गर्दै पञ्चशीलको सिद्धान्तमा आधारित भएर विश्व शान्तिका लागि काम गरिरहेका छन् ।

### (घ) कन्सुलर सेवा विभाग

कन्सुलर सेवा भन्नाले विदेशमा रहेका नेपालीहरूको हकहितको सुरक्षा, उद्धार, क्षतिपूर्तिको पहल, कन्सुलर प्रमाणीकरण विदेशी नियोग तथा कूटनीतिक पदाधिकारीलाई प्रदान गरिने सुविधा तथा उन्मुक्ति, नेपाल सरकारको मनोनयनमा विदेश भ्रमण गर्ने पदाधिकारीका लागि सम्बन्धित देशको प्रवेशाज्ञाका लागि सिफारिस गर्नेलगायतका कार्यलाई बुझाउँछ । कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढङ्गले सम्पादन गर्न परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो ।

यस विभागबाट प्रदान गरिने सेवाहरू सरल, सहज र प्रभावकारी बनाउन अनलाइन सेवा पनि प्रदान गरेको छ । त्यसैगरी विदेशमा भएका आफ्ना आफन्तहरू समस्यामा परेमा, घाइते भएमा उद्धार गरी नेपाल झिकाउन, कुनै कारणवश मृत्यु भएमा शव झिकाउने, खोजतलास र उद्धार गर्ने शैक्षिक प्रमाणपत्र प्रमाणीकरण, पुलिस क्लिरेनस जस्ता विभिन्न सेवा कन्सुलर कार्यालयबाट दिने वा लिने गरिन्छ ।

विदेशमा विभिन्न पेसा व्यवसाय गरी बसेका नेपाली नागरिकलाई आवश्यक पर्ने कानुनी सहयोग, क्षतिपूर्ति तथा बिमा रकम कानुनी हकदारलाई दिलाउने प्रक्रिया, अलपत्र परेका नेपालीको उद्धार जस्ता कार्यहरू सम्पादन गर्नका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगसँग समन्वय गर्ने कार्य कन्सुलर सेवा विभागअन्तर्गत पर्छन् ।

## क्रियाकलाप

**विद्यालयको पुस्तकालयमा जानुहोस् । पुस्तकालयमा प्राप्त पुस्तक, पत्रपत्रिका तथा अन्य सामग्रीमा विभिन्न कूटनीतिक नियोगका बारेमा लेखिएका विषयवस्तु र राष्ट्रिय दैनिक पत्रिकामा पछिल्ला समसामयिक कूटनीतिक विषयवस्तु अध्ययन गरी कूटनीतिक नियोगका काम र यसको आवश्यकताका विषयमा लेख तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **कूटनीतिक नियोग भनेको के हो ?**

२. **राजदूतावासले के के काम गर्छ, उल्लेख गर्नुहोस् ।**

३. **कन्सुलर सेवा विभागका कार्य उल्लेख गर्नुहोस् ।**

# २ बिमस्टेक र नेपाल




बङ्गालको खाडीका नजिकका तथा यसबाट प्रभावित दक्षिण तथा दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको क्षेत्रीय सङ्गठनको नाम बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास हो । यो हालसम्मको सबैभन्दा कान्छो क्षेत्रीय सङ्गठन हो । यसलाई अङ्ग्रेजीमा Bay of Bengal initiative for multi-sectoral technical and economic co-operation (BIMSTEC) भनिन्छ । यसको स्थापना सन् १९९७ मा भएको हो । बैठकको अध्यक्षता अङ्ग्रेजी अल्फाबेटअनुसार पालैपालो गर्ने गर्छन् । यसको पहिलो शिखर सम्मेलन थाइल्यान्डको राजधानी बैङ्ककमा सम्पन्न भएको थियो ।

यसका सदस्य राष्ट्रहरूमा नेपाल, भारत, म्यानमार, श्रीलङ्का, थाइल्यान्ड, भुटान र बङ्गलादेश पर्छन् । सार्कका सदस्य राष्ट्रमध्ये पाँचओटा बिमस्टेकअन्तर्गत पर्छन् । यस क्षेत्रीय सङ्गठनको उद्देश्य व्यापार, लगानी, पर्यटन, उर्जा, यातायात, सञ्चार, मानव संसाधन, कृषि, शिक्षा, स्वास्थ्य, निर्माण, जलवायु परिवर्तनलगायतका विभिन्न क्षेत्रमा सहयोग लिने र दिने रहेको छ । बिमस्टेकका प्रमुख उद्देश्य निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) सदस्य मुलुकबिच विकासका गतिविधि सञ्चालन गर्ने

(ख) प्राविधिक सहयोग आदानप्रदान गरी दक्षता एवम् कार्यकुशलता बढाउने

(ग) प्रतिस्पर्धात्मक वातावरणका माध्यमबाट लगानी आकर्षण बढाउने

(घ) सुपथ मूल्यमा गुणस्तरीय सामानको उत्पादन गर्ने

बिमस्टेकका मुख्य सहयोगको क्षेत्र तोकेको छ । यसलाई तलको तालिकामा उल्लेख गरिएको छ :

| **सहयोगका क्षेत्र** | **संयोजक मुलुक** |
|---|---|
| १. व्यापार र लगानी | बङ्गलादेश |
| २ उर्जा | म्यान्मार |
| ३. यातायात र सञ्चार | भारत |
| ४. पर्यटन | भारत |
| ५. प्रविधि | श्रीलङ्का |
| ६ मत्स्यपालन | थाइल्यान्ड |

### बिमस्टेकबाट नेपालले प्राप्त गरेका उपलब्धि

नेपाल एक भूपरिवेष्टित मुलुक भएकाले समुद्रसँगको प्रत्यक्ष पहुँच रहेको छैन । बिमस्टेक सदस्य मुलुकको हैसियतले नेपालले समुद्री मार्ग प्रयोग गरी देशको पारवहन क्षमता बढाउन सक्छ । यसले सामुद्रिक मार्ग प्रयोग गरी विश्व बजारसँग वस्तु तथा सेवा आयात तथा निर्यात गर्न सहज वातावरण बनेको छ । नेपालमा गौतम बुद्धको जन्म भएकाले म्यानमार, भुटान, थाइल्यान्ड, श्रीलङ्का जस्ता बौद्ध धर्मावलम्बीहरू धेरै भएका देशबाट पर्यटक आर्कषण गरी पर्यटक प्रवर्धन गर्न सकिने छ र आर्थिक विकास टेवामा पुऱ्याउन मदत पुग्ने छ । नेपालले व्यापार विस्तार गर्न, जलस्रोत र पर्यटनमा लगानी वातावरण वृद्धि गर्न, यातायात क्षेत्रको विकासमा मदत लिन, विद्युत् उत्पादन गरी निर्यात गर्दै व्यापार घाटा कम गर्न यसको उपयोग गर्न सक्छ । बिमस्टेकबाट नेपाललाई प्राप्त भएका फाइदा निम्नानुसार रहेका छन् :

(क) सहज रूपले विश्व बजारमा पहुँच वृद्धि भएको

(ख) सदस्य राष्ट्रबाट वैदेशिक लगानी भित्र्याउने वातावरण तयार भएको

(ग) पर्यटन प्रवर्धन गरी आर्थिक विकासको आधार तयार हुँदै भएको

(घ) वस्तु र सेवाको उपयुक्त मूल्य कायम हुन गई उत्पादक र उपभोक्ता दुबैको हित अभिवृद्धि भएको

(ङ) विभिन्न मुलुकमा उत्पादन भएका गुणस्तरीय वस्तु तथा सेवाको सहज उपलब्धता सुनिश्चित भएको

## क्रियाकलाप

**बिमस्टेकबाट नेपालले लिनसक्ने फाइदा सम्बन्धमा कक्षाकोठामा छलफल गरी पालैपालो आफूले जानका विषयवस्तु प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **बिमस्टेकको स्थापना कहिले भएको थियो ?**

२. **बिमस्टेकका मुख्य सहयोगका क्षेत्रहरू कुन कुन हुन्, बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**


३. **बिमस्टेक स्थापना गर्नुका उद्देश्य उल्लेख गर्नुहोस् ।**

४. **बिमस्टेकको सदस्य भएको नाताले नेपालले अधिकतम फाइदा लिन के के गर्नुपर्ला, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

# ३ संयुक्त राष्ट्रसङ्घ

UNITED NATIONS

संयुक्त राष्ट्रसङ्घ एउटा अन्तर्राष्ट्रिय सङ्गठन हो । यसको स्थापना सन् १९४५ अक्टोबर २४ मा भएको हो । विश्वभरि संयुक्त राष्ट्रसङ्घको हालको सदस्यता सङ्ख्या १९३ रहेको छ । कुनै पनि नयाँ राष्ट्रले संयुक्त राष्ट्रसङ्घको सदस्यता लिन चाहेमा सुरक्षा परिषद्मा पाँच स्थायी सदस्यलगायत नौ सदस्यको निर्णयको सिफरिस चाहिन्छ । सो सिफारिसका आधारमा महासभाको दुईतिहाइ बहुमतद्वारा सदस्यता प्रदान गरिन्छ । संयुक्त राष्ट्रसङ्घमा दुई प्रकारका सदस्यता रहने गरेको छ । तिनीहरू (क) प्रारम्भिक सदस्य (५१ ओटा राष्ट्र) (ख) बडापत्रअनुसार सदस्यता पाउने राष्ट्र (१४१ राष्ट्र) रहेका छन् । विश्वभरिका छओटा भाषालाई संयुक्त राष्ट्रसङ्घले मान्यता दिएको छ जसमा अङ्ग्रेजी, रुसी, चिनियाँ, स्पेनिस, फ्रेन्च र अरबी पर्छन् ।



संयुक्त राष्ट्रसङ्घका उद्देश्य निम्नानुसार छन् :

(क) अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्ने

(ख) सदस्य राष्ट्रहरूका बिच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा विश्व शान्ति मजबुत पार्न अन्य समुचित कदम चल्ने

(ग) अन्तर्राष्ट्रिय आर्थिक सामाजिक, सांस्कृतिक वा मानवीय समस्या समाधान गर्ने तथा जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नराखी सबैको मौलिक हक एवम् मानव अधिकारप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने

(घ) यी सामूहिक उद्देश्य प्राप्तिका लागि गरिने राष्ट्रहरूका कामकारबाहीमा समन्वय ल्याउन एउटा केन्द्रका रूपमा सङ्घलाई सङ्गठित बनाउने

## संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो । सन् १९५५ डिसेम्बर १४ मा नेपालले यसको सदस्यता प्राप्त गरेको हो । नेपालले यसको बडापत्रमा हस्ताक्षर गरेको छ । सोही कारणले नेपाल संयुक्त राष्ट्रसङ्घको अनुरोधमा सधैँ सहकार्य गरिरहेको छ ।

संयुक्त राष्ट्रसङ्घमा नेपालले विश्व शान्ति कायम गर्न ठुलो योगदान पुऱ्याएको छ । वातावरणसम्बन्धी पृथ्वी शिखर सम्मेलनमा सक्रियताका साथ भाग लिएर आफ्नो धारणा राखेको छ । विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा सक्रिय सहभागिता र आफ्ना विचार प्रस्तुत गरेको छ । विश्वमा नेपालले स्वतन्त्र छवि कायम गर्दै आएको छ । विश्व शान्ति कायम गर्न विभिन्न देशमा शान्ति सेना पठाएर योगदान गरेको छ । नेपालले आतङ्कवाद विरुद्ध संयुक्त राष्ट्रसङ्घसँग काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । सुरक्षा परिषद्को सदस्य भई विश्वमा शान्ति सुरक्षा कायम गर्न योगदान पुऱ्याएको छ । सन् १९८८ मा विश्व निःशस्त्रीकरण अभियानअन्तर्गत संयुक्त राष्ट्रसङ्घीय छैटौँ सम्मेलनको उपाध्यक्ष भई योगदान गरेको छ ।

नेपालमा संयुक्त राष्ट्रसङ्घको मर्मअनुरूप मानव अधिकारको रक्षा गर्न र मानव अधिकारसम्बन्धी विभिन्न कार्यक्रम गर्न तथा अनुगमन गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगलाई एक स्वायत्त निकायका रूपमा स्थापना गरिएको छ । नेपालले बहुपक्षीय विकासका लागि दिगो विकासका लक्ष्यलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । नेपालमा संयुक्त राष्ट्रसङ्घका अङ्गका रूपमा विभिन्न निकायले काम गरिरहेका छन् ।

UNDP संयुक्त राष्ट्रिय विकास कार्यक्रम, संयुक्त राष्ट्र सङ्घीय बालकोष (UNICEF), संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO), विश्व स्वास्थ्य सङ्गठन (WHO), विश्व खाद्य सङ्गठन (FAO), युनेस्को (UNESCO) जस्ता संयुक्त राष्ट्रसङ्घका निकायहरू विकास साझेदारका रूपमा काम गरिरहेका छन् ।

नेपालको शान्ति प्रक्रिया तथा द्वन्द्व व्यवस्थापनमा संयुक्त राष्ट्रसङ्घको भूमिका महत्त्वपूर्ण रहेको थियो । परिवार नियोजन, शरणार्थी व्यवस्थापन कार्यक्रम, पोलियो उन्मूलन कार्यक्रम, महिला तथा किशोरी शिक्षा, वनपैदावर संरक्षण, वातावरण संरक्षण, मलेरिया उन्मूलन, जस्ता विभिन्न कार्यक्रममा आर्थिक सहयोग गरिरहेको छ । संयुक्त राष्ट्रसङ्घले वि.सं. २०६२/२०६३ को शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन अनमिनमार्फत भूमिका निर्वाह गरेको थियो । नेपालमा वि.सं. २०७२ को भूकम्पपश्चात् पनि मानवीय सहयोग तथा पुनःनिर्माणका क्षेत्रमा यसले धेरै काम गरेको छ । नेपाल पनि संयुक्त राष्ट्रसङ्घको सक्रिय सदस्य राष्ट्रका रूपमा निरन्तर कार्य गरिरहेको छ ।

संयुक्त राष्ट्रसङ्घले बुद्ध जयन्तीलाई शान्ति दिवसका रूपमा मनाउँदै आइरहेको छ । विश्वभरि महामारीका रूपमा फैलिएको कोभिड-१९ को रोकथामका लागि पनि विश्व स्वास्थ्य सङ्गठनले नेपालका लागि स्वास्थ्य सूचना तथा खोप सहयोग गरेको छ । नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यका नाताले जहिले पनि साम्राज्यवादको उन्मूलन र उपनिवेशवादको अन्त्यका लागि पहल तथा विस्तारवाद, नव उपनिवेशवाद, हस्तक्षेप आदिको विरोध गर्दै आएको छ ।

## क्रियाकलाप

१. **कक्षाकोठामा भएका विद्यार्थी विभिन्न समूहमा विभाजन हुनुहोस् । निम्नानुसारका विषयमध्ये कुनै एक विषयमा छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् :**

(क) नेपालले संयुक्त राष्ट्रसङ्घमा गरेको योगदान

(ख) नेपालले संयुक्त राष्ट्रसङ्घबाट प्राप्त गरेको सहयोग

२. **कक्षाका विद्यार्थी सम्मिलित भई संयुक्त राष्ट्रसङ्घको महासभा बैठक बसेको भूमिका अभिनय गर्नुहोस् ।**

## अभ्यास

१. संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भएको थियो, मिति उल्लेख गर्नुहोस् ।

२. नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता कहिले प्राप्त गरेको थियो ?

३. संयुक्त राष्ट्रसङ्घले कतिओटा भाषालाई कामकाजको भाषाका रूपमा प्रयोग गर्ने गरेको छ, ती कुन कुन हुन्, उल्लेख गर्नुहोस् ।

४. संयुक्त राष्ट्रसङ्घका अङ्गहरू कतिओटा छन्, ती कुन कुन हुन्, सूची तयार पार्नुहोस् ।

५. संयुक्त राष्ट्रसङ्घ र नेपालको सम्बन्धका बारेमा एक लेख तयार पार्नुहोस् ।

# ४ साइबर अपराध

साइबर अपराध विद्युतीय सञ्चार माध्यमबाट गरिने अपराध हो । यस्ता अपराधमा कम्प्युटर, कम्प्युटर नेटवर्क तथा उपकरणको प्रयोग गरी गरिने गैरकानुनी कार्य पर्छन् । सूचना प्रविधिको विकाससँगै विकसित भएको यो अपराध सामाजिक सञ्जालका माध्यमबाट हाल बढी प्रयोगमा आएको पाइन्छ । फेसबुक, मेसेन्जर, टिकटक, युट्युबलगायतका सामाजिक सञ्जालमा कसैको इच्छा विपरीतको भिडियो, फोटो, मानिसको आवाज आदिको सक्कल वा नक्कलका रूपमा दुरुपयोग गरी व्यक्तिको मान, मर्यादा, प्रतिष्ठा, इज्जतमा असर पार्ने कार्य भइरहेको पाइन्छ । साइबर अपराधमा निम्नानुसारका क्रियाकलाप पर्छन् :

(क) कसैको फेसबुक एकाउन्ट ह्याक गरी वा नक्कली खाता (Fake ID) बाट निजको नजिकको साथीभाइसँग पैसा माग्ने

(ख) इमेल तथा मेसेन्जरमा चिट्ठा परेको प्रलोभन देखाई ठगी गर्ने

(ग) अनलाइन चिनजान भएका साथीहरूले उपहार पठाइदिएका छन् भनी प्रलोभनमा पारी ठगी गर्ने

(घ) सस्तोमा अनलाइन सामान बिक्रीमा राखी पैसा पठाएपछि सामान नपठाई ठगी गर्ने

(ङ) अनलाइन गेमको रिचार्ज गरिदिन्छु भनी पासवर्ड तथा पैसा मागी ठगी गर्ने

(च) अश्लील फोटो, भिडियोमार्फत व्यक्तिहरूसँग ब्ल्याकमेल गर्ने

(छ) सामाजिक सञ्जालमार्फत अरूलाई अपमान गर्ने, गाली बेइज्जत गर्ने

(ज) सामाजिक सञ्जालमा फोटोहरू इडिट गरी अरुलाई अपमान, बेइज्जत गर्ने

### साइबर अपराध नियन्त्रणका लागि नेपालमा भएको विद्यमान व्यवस्था

साइबर अपराध नियन्त्रणका लागि नेपालमा कानुनी र संस्थागत व्यवस्थाहरू भएका छन् । कानुनी व्यवस्थामा विद्युतीय कारोबार ऐन, २०६३ र विद्युतीय कारोबार नियमावली, २०६४ जारी भएका छन् । त्यस्तै सूचना प्रविधि न्यायाधीकरण (कार्यविधि) नियमावली, २०६४ ले पनि साइबर अपराध नियन्त्रणमा भूमिका खेलेको छ । विद्युतीय कारोबार ऐन,

२०६३ ले सामाजिक सञ्जाल फेसबुक, मेसेन्जर, टिकटक, युट्युब आदिको दुरुपयोग गरी अपराधजन्य कार्य, जस्तै : नैतिकतामा आँच आउने, घृणा, द्वेष, सामाजिक सद्भाव बिगार्ने, महिलालाई जिस्क्याउने, अपमान गर्ने जस्ता अमर्यादित कार्य गरेमा रु. एक लाखसम्म जरिवाना, पाँच वर्षसम्म कैद वा दुबै सजाय हुने व्यवस्था गरेको छ । त्यस्तै साइबर अपराध नियन्त्रणमा संस्थागत व्यवस्थाअन्तर्गत साइबर अपराधसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गर्न प्रहरी प्रधान कार्यालयमा साइबर ब्युरोको स्थापना गरिएको छ ।

*साइबर अपराधको उजुरी गर्ने निकाय र प्रक्रिया*

1. *केन्द्रीय साइबर ब्युरो, भोटाहिटी काठमाडौँमा स्थानीय जिल्ला प्रहरी कार्यालय वा स्वयम् उपस्थित भएर निवेदन दिन सकिन्छ ।*
2. *त्यस्तै सङ्घीय प्रहरी इकाइ कार्यालय, साइबर सेल (सातओटै प्रदेशमा, नजिकको प्रहरी कार्यालयमार्फत उजुरी दिन सकिन्छ ।*
3. *महानरीय प्रहरी अपराध अनुसन्धान महाशाखा, साइबर क्राइम युनिट, टेकु काठमाडौँमा पनि उजुरी दिन सकिन्छ ।*
4. *घटना भएको थाहा भएको मितिले ३५ दिनभित्र उजुरी दिनुपर्ने छ ।*
5. *उजुरी दिँदा पीडितको निवेदन/जाहेरी दरखास्त (पीडक पहिचान भइसकेको अवस्थामा पीडित स्वयम् उपस्थित भई दिनुपर्ने छ ।)*
6. *निवेदनको साथमा पीडकको URL/ link तथा अन्य सबुद प्रमाणको स्क्रिनसट तथा कलर प्रिन्टेड कपी पेस गर्नुपर्ने हुन्छ ।*
7. *नेपाल सरकारबाट वितरण परिचयपत्र (नागरिकता वा सवारी साधन परिचय पत्र वा राहदानी वा मतदाता परिचयपत्र) को फोटोकपी वा स्क्यान कपी पनि आवश्यक हुन्छ ।*

## साइबर अपराध विरुद्धको सचेतना

(क) सामाजिक सञ्जालमार्फत आएका चिट्ठा, उपहार र नगद आदिको प्रलोभनले ठगीमा पर्ने कुरामा सचेत रहने

(ख) अरूलाई अप्रिय हुने फोटो र भिडियो नबनाउने

(ग) यस्ता फोटो, भिडियो, म्यासेज इलेक्टोनिक माध्यमबाट प्रचार नगर्ने

(घ) आफूले प्रयोग गर्ने कम्प्युटर, कम्प्युटर उपकरण र सामाजिक सञ्जालको पासवर्ड अरूलाई नदिने

(ङ) आफू विश्वस्त नभईकन अनलाइन माध्यमबाट रकम नपठाउने

(च) अनलाइन किनमेल गर्दा सामान प्राप्त भएपछि मात्र भुक्तानी दिने

(छ) सामाजिक सञ्जालमा आफू रहेको ठाउँ, समय आदि खुलाएर पोस्ट नगर्ने

(ज) सामाजिक सञ्जालमा मात्र चिनजान भएका साथीसँग धेरै नजिक नहुने

## क्रियाकलाप

१. **दिइएको सूचना र तथ्याङ्कको अध्ययन गरी सोधिएका प्रश्नको जवाफ दिनुहोस् :**

**प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो, भोटाहिटी काठमाडौँ**

### अनुरोध

विगत केही समयदेखि विभिन्न व्यक्ति तथा समूहले प्रविधिको दुरुपयोग गरी YouTube, TikTok लगायतका सामाजिक सञ्जालमा गम्भीर प्रकृतिका अपराधको अनुसन्धान कार्यलाई समेत प्रभावित पार्ने उद्देश्यबाट भ्रामक एवम् झुटा क्याप्सन राखी भिडियो तथा तस्बिरहरू अपलोड गरी समाजमा उत्तेजना एवम् अफवाह फैलाउने, सामाजिक सद्भावमा खलल पुऱ्याउने, पीडितको गोपनीयताको हक हनन गर्दै निजको सामाजिक एवम् मानसिक स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउने किसिमका प्रवृत्ति देखिएको हुँदा त्यस्ता क्रियाकलापहरू विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अन्तर्गतको कसुरमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा सूचित गर्दै यस्ता प्रकारका गतिविधि नगर्नु हुन सम्पूर्णमा साइबर ब्युरो अनुरोध गर्छ ।

*स्रोतः साइबर ब्युरो, भोटाहिटी काठमाडौँ*

**प्रश्नहरू**

(क) साइबर अपराधसम्बन्धी सुनुवाइ गर्ने कार्यालय कहाँ रहेको छ, नामसमेत प्रस्तुत गर्नुहोस् ।

(ख) प्रहरी प्रधान कार्यालय साइबर ब्युरोले सर्वसाधारणलाई कस्तो कार्य नगर्न अनुरोध गरेको छ ?

२. **साइबर अपराधसम्बन्धी विभिन्न पत्रिकामा छापिएका समाचार सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।**

३. **साइबर अपराधबाट बच्न तपाईँ के भूमिका खेल्न सक्नुहुन्छ, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **साइबर अपराध भनेको के हो ?**

२. **साइबर अपराधमा के कस्ता अपराधहरू पर्छन् ?**

३. **साइबर अपराधको उजुरी कहाँ कहाँ गर्न सकिन्छ ?**

४. **साइबर अपराधका लागि नेपालमा के के कानुनी प्रबन्ध गरिएका छन् ।**

# ९ समसामयिक घटना

**दिइएको समाचार अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

## विश्वकप फुटबल




विश्वकप फुटबलको बाइसौँ संस्करण सन् २०२२ नोभेम्बर २० देखि डिसेम्बर १८ सम्म एसियाली राष्ट्र कतारमा सम्पन्न भएको छ । यो फिफाको सदस्य सङ्घको पुरुष राष्ट्रिय टोलीहरूद्वारा प्रतिस्पर्धा गरिने अन्तर्राष्ट्रिय प्रतियोगिता हो । बत्तिसओटा टिम सहभागी उक्त प्रतियोगितामा अर्जेन्टिना प्रथम भई विश्व कपको उपाधी जित्न सफल रह्यो भने फ्रान्स उपविजेताका रूपमा रह्यो । यस प्रतियोगितामा पहिलोचोटि अफ्रिकन टिम मोरक्को सेमीफाइनलमा प्रवेश गरेको थियो । यस प्रतियोगितामा फ्रान्सका खेलाडी एम्वाप्पेले गोल्डेन बुट र अर्जेन्टिनाका गोलकिपर इमार्टिनेजले गोल्डन ग्लोब्स प्राप्त गरेका थिए ।

## देशैभरि डेङ्गुको सङ्क्रमण तीव्र

काठमाडौँ, भदौ २० गते । मनाङ र हुम्लाबाहेक ७५ जिल्लामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । काठमाडौँ उपत्यकाका दुई जिल्ला ललितपुर र काठमाडौँमा सबैभन्दा बढी डेङ्गु सङ्क्रमित पुष्टि भएको छ । ललितपुरमा कतिपय परिवारका सम्पूर्ण सदस्यलाई नै डेङ्गु पुष्टि भएको छ ।



भर्खरै दक्षिणपूर्वी एसियासम्बन्धी मामिला हेर्ने विश्व स्वास्थ्य सङ्गठनको एउटा टोलीले काठमाडौँका विभिन्न स्थानको अवलोकन गर्दा डेङ्गु रोग सार्ने एडिस जातिको लामखुट्टेको फुल र लार्भा प्रशस्त भेटिएको जानकारी दिए । डेङ्गु रोग फैलाउने लामखुट्टेले सफा पानीमा फुल पार्ने हुँदा मनसुन र उक्त अवधि सकिएको एक महिनासम्म उच्च जोखिम हुने विज्ञहरू बताउँछन् । त्यसैगरी लामखुट्टेले सबैभन्दा मन पराउने टायर भएकाले टायरलाई जथाभावी राख्न नहुने तथा लामखुट्टे काटेका बाँसमा पनि बस्ने र फुल पार्ने भएकाले त्यसमा पनि सावधानी अपनाउनुपर्ने विज्ञहरू बताउँछन् ।

लामखुट्टे मार्ने धूप बाल्दैमा त्यसबाट बच्न सकिँदैन । यसबाट बच्न सधैँ झुल टाँगेर सुत्ने गर्नुपर्छ । खुला स्थानमा पानी जम्मा नगर्ने वा जम्मा हुन नदिने, पानी छोपेर राख्ने, सकेसम्म फिक्का सेतो रङको शरीर ढाक्ने पहिरन लगाउने, लामखुट्टेको टोकाइबाट बचाउने मलम प्रयोग गर्नुपर्छ भनी विज्ञले सुझावसमेत दिनुभयो ।

## क्रियाकलाप

१. **समसामयिक घटनासम्बन्धी समाचार, लेख आदि सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा घटेका समसामयिक घटनासँग सम्बन्धित रही समाचारको एउटा नमुना तयार पार्नुहोस् ।**

३. **समसामयिक विषयवस्तुसँग सम्बन्धित रही कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।**

## अभ्यास

१. **समसामयिक घटना भनेको के हो ?**

२. **विश्व कप फुटबल २०२२ को विजेता र उपविजेता देशको नाम लेख्नुहोस् ।**

३. **समसामयिक घटनाको जानकारी विद्यार्थीलाई किन हुनुपर्छ ?**